३०१

# भक्तपुर

मासिक

Bhaktapur Monthly

असोज २०७८

ISSN 2705-4454



## देशघाती एमसीसी सम्झौता खारेज गर !

- एमसीसीको विरोध सडकदेखि सदनसम्म
- 'एमसीसी खारेज नभएसम्म जिल्ला जिल्लामा नेमकिपाको विरोध जारी रहन्छ'
- हाडा बिजुक्छेँहरूको इतिहास : एक चर्चा
- दशैं : समाजशास्त्रीय र मानवशास्त्रीय विश्लेषण
- किम इल सङको संस्मरणः शताब्दीका साथ
- सम्मानित सांस्कृतिक गुरुहरूको परिचय
- पायाः न्ह्याकेगु–खड्ग जात्रा
- वडाध्यक्षको डायरीबाट
- कृषिमा रोगकीरा परीक्षणको आवश्यकता
- भक्तपुर नपाका गतिविधि




विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नपाले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा नगरका २० जना सांस्कृतिक गुरूहरूलाई सम्मान तथा स्थानीय पथप्रदर्शकहरूलाई प्रमाणपत्र वितरण गर्‍यो । प्रमुख अतिथि, नपा प्रमुख-उपप्रमुखलगायत यस वर्ष सम्मानित सांस्कृतिक गुरूहरू । (आश्विन ११ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{#*✭cÆ !!✭g];⁄!$!✭lj–;⁄@)&*c;f]h✭A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**‘हरेक मानिसको नैतिक कामहरूले मानव समाजको समस्या हल गर्नमा बल पुऱ्याउँछ ।’ – जिन ज्याक रूसो**

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) एमसीसीको विरोध सडकदेखि सदनसम्म | – | ३ |
| २) एमसीसी खारेज नभएसम्म जिल्ला जिल्लामा नेमकिपाको विरोध जारी रहन्छ’ | सुनिल प्रजापति | १२ |
| ३) एमसीसी सम्झौताका साथै साम्राज्यवादका ज्यावलहरूविरुद्ध सङ्घर्ष जारी राखौँ ! | यशराज | २१ |
| ४) खेल सकिनु अगावै सोचौँ | – | २३ |
| ५) के विचार सानो र ठूलो हुन्छ र ? | विवेक | २५ |
| ६) हाडा बिजुक्छेँहरूको इतिहास : एक चर्चा | ओम धौभडेल | २७ |
| ७) दशैँ : समाजशास्त्रीय र मानवशास्त्रीय विश्लेषण | राजेन्द्रबहादुर कायष्ठ | ३० |
| ८) किम इल सङको संस्मरण : शताब्दीका साथ (११) | अनु. नीरज | ३४ |
| ९) पायाः न्ह्याकेगु –खड्ग जात्रा | डा.वीरेन्द्रप्रसाद कायस्थ | ३९ |
| १०) बल र धन हुँदैमा परिवारको सदस्यलाई पेल्न पाइँदैन | कुशल | ४१ |
| ११) यसरी पुनर्निर्माण हुँदैछ भक्तपुरको ‘रानीपोखरी’ | रेणु त्वानाबासु | ४४ |
| १२) कृषिमा रोगकीरा परीक्षणको आवश्यकता | सबिन ख्याजू | ४६ |
| १३) इतिहासकै सबभन्दा दुःखदायी साल : सन् ५३६ | नाति कवां | ४९ |
| १४) भक्तपुरका केही पुस्तकालय परिचय | सुरेन्द्र दुवाल, रविन्द्रप्रसाद कुसी र कृष्णप्रसाद सुवाल | ५१ |
| १५) कोभिड युनिट र हामी | सम्झना प्रेमी | ५६ |
| १६) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ६० |
| १७) भक्तपुर नगरपालिकाको गतिविधि | – | ६८ |
| १८) विविध समाचार | – | ९१ |
| १९) लिनेलाई भन्दा दिनेलाई चटारो (सम्पादकको पृष्ठ) | – | ११६ |

**साथमा** – आफन्तीको कथा-४८/ बसिबियाँलो-५९/ नेपालमा कोरोना-१०७/ विश्वमा कोभिड-१०८/ २७ वर्ष काम लाग्ने क्यालेन्डर-११०/ हाम्रो स्वास्थ्य-१११/केटाकेटीको लागि-११२/ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (२३) -११३/ SKETCHES FROM NIPAL–Henry Ambros Oldfield (64) – ११४/ रंगीन पृष्ठ-क-घ





# एमसीसीको विरोध सडकदेखि सदनसम्म





## एमसीसी सम्झौता हिन्द–प्रशान्त रणनीतिअन्तर्गतको सैन्य गठवन्धन नै हो

### मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौता खारेज गर !

नेपालमा मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौताको सर्वत्र विरोध भइरहेको छ । विसं २०७४ भदौ २९ गते (सन् २०१७ सेप्टेम्बर १४) नेपाली काङ्ग्रेसका शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारका अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र संयुक्त राज्य अमेरिकाको सरकारी निगम मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का कार्यकारी प्रमुख जोनाथन जी नाशबीच वासिङ्टनमा मिलेनियम च्यालेन्ज कम्प्याक्ट अर्थात् 'एमसीसी' सम्झौता भएको थियो । माओवादीका बाबुराम भट्टराईको तत्कालीन सरकारले त्यो सम्झौताको सम्भाव्यता अध्ययन गरेको थियो । माओवादीका प्रम बाबुराम भट्टराईले एमसीसी सम्झौताको आधार तयार गरेका थिए । त्यसपछिका सबै प्रमहरूले एमसीसी सम्झौतालाई अगाडि बढाए ।

एमसीसी सम्झौतामा एमसीसी अमेरिकाले नेपाल सरकारलाई विद्युत् प्रशारण लाइन विस्तार र सडक सुधार योजनाको लागि पाँच वर्षमा ५० करोड अमेरिकी डलर उपलब्ध गराउने भनिएको छ । उक्त योजनाको लागि नेपाल सरकारले १३ करोड अमेरिकी डलर थप्नु पर्नेछ । नेकाको देउवा सरकारले गरेको एमसीसी सम्झौता प्रतिनिधिसभाबाट पारित गराउन ओली–दाहाल नेतृत्वको सरकारले २०७६ असार ३० गते सङ्घीय संसद्को सचिवालयमा दर्ता गराएको थियो ।

### सम्झौता : अमेरिकाको सैन्य गठबन्धन

सन् २०१९ नोभेम्बर ४ मा अमेरिकी विदेश विभागबाट प्रकाशित 'हिन्द–प्रशान्त अवधारणा' (इन्डो प्यासिफिक भिजन) मा 'एमसीसी' सम्झौताको बजेट अमेरिकाको हिन्द–प्रशान्त रणनीति (आईपीएस) अन्तर्गतको नै भएको उल्लेख छ । यसकारण, नेपाली जनतामाझ

MILLENNIUM
CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

'एमसीसी' सम्झौताको विरोध बढेको हो । उक्त 'अवधारणा' मा अमेरिकाका पूर्वराष्ट्रपति ट्रम्पले सन् २०१७ नोभेम्बरमा भियतनाम भ्रमणको बेला हिन्द-प्रशान्त रणनीतिको खाका सार्वजनिक गरेको र यस क्षेत्रमा अमेरिकी सैन्य नेतृत्व स्थापित गर्ने तथा अमेरिकालाई संसारकै पहिलो सैन्य शक्ति बनाउने बताएको उल्लेख छ । त्यसबेला अमेरिकी राष्ट्रपति ट्रम्पले भनेका थिए - 'हिन्द-प्रशान्त क्षेत्रका देशहरूको मित्रता, साझेदारी र सैन्य गठबन्धन धेरै पछिसम्मको लागि आवश्यक छ ।' यसरी 'आईपीएस' अमेरिकी रणनीतिअन्तर्गतको सैन्य गठबन्धन पुष्टि हुन्छ ।

सन् २०१९ जनवरी ११ मा हिन्द-प्रशान्त क्षेत्रका सैन्य कमान्डर एडमिरल फिलिप डेभिड्सन् नेपाल आएर नेपालका प्रम, रक्षामन्त्री, प्रमुख प्रतिपक्ष दलका नेतालगायतसँग भेटी नेपाली सेनाको तालिम केन्द्र पाँचखाल पुगेका थिए । के नेपालको सुरक्षाका सबै जानकारी विदेशी सैन्य अधिकारीलाई दिन मिल्छ ?

सन् २०१९ मे १४ मा नेपाल आएका अमेरिकी विदेश सहायकमन्त्री डेभिड जे रेन्जले हिन्द-प्रशान्त रणनीतिबाट नेपाललाई पनि फाइदा पुग्ने बताएका थिए । फाइदाको लागि नेपाल के अमेरिकी नेतृत्वको सैन्य गठबन्धनमा संलग्न हुन मिल्छ ?

अमेरिकाको रक्षा विभागद्वारा सन् २०१९ जून १ मा प्रकाशित 'हिन्द-प्रशान्त रणनीति (आईपीएस) प्रतिवेदन' मा हिन्द-प्रशान्त क्षेत्रका १२ ओटा देशसँग अमेरिकाको सैनिक साझेदारी विस्तार हुने र आईपीएस 'सैनिक सहकार्य' तथा यसको 'एसियामा मुख्य साझेदार भारत' भनी स्पष्ट लेखिएको छ भने नेपाल र श्रीलङ्का सन् २०१९ मा आईपीएसको नयाँ साझेदार सदस्य हुने उल्लेख छ । तर, आईपीएस सैन्य गठबन्धन भएकै कारण श्रीलङ्काले एमसीसीसँगको सम्झौता स्थगित गरेको छ । के नेपाल सरकारलाई यसबारे जानकारी छैन ? के नेपालको कूटनीति यति बेखबर छ ?

संरा अमेरिकी उक्त प्रतिवेदनमा अमेरिकाले संसारको ७० भन्दा बढी देशमा आठ सय बढी सैन्य अखडा राखेको, भारतको विशाखापटनमसम्म अमेरिकी जलसेना तैनाथ गरेको, हाल जापानमा ५४ हजार र दक्षिण कोरियामा २८ हजार ५०० अमेरिकी सेना राखेको, ६७ वर्षदेखि प्रजग कोरियाविरुद्ध अमेरिका, जापान र दक्षिण कोरियाको संयुक्त युद्ध अभ्यास भइरहेको, हिन्द-प्रशान्त क्षेत्रमा ९० ओटा युद्ध अभ्यासमा ३ लाख ७५ हजार अमेरिकी सेना संलग्न रहेको उल्लेख छ ।

संरा अमेरिकाको सहयोग पाएका दक्षिण कोरिया, जापान, इराक, लिबिया, सिङ्गापुर, कतार, फिलिपिन्स, साउदी अरबलगायत देशमा आज अमेरिकी सेना परेड खेल्दै छ । यो सम्झौता कार्यान्वयनसँगै नेपालका ठाउँठाउँमा अमेरिकी सेना तैनाथ गरिनेछ ।

सन् २०१९ सेप्टेम्बरमा नेपालका निम्ति पूर्वअमेरिकी राजदूत न्यान्डी बेरीले हिन्द-प्रशान्त क्षेत्रमा अमेरिकी सरकारले गर्ने सबै काम हिन्द-प्रशान्त रणनीतिअन्तर्गत पर्ने बताएका थिए । के नेपाल सरकारले एमसीसी आईपीएसअन्तर्गतको होइन भनी झूटो बोल्न मिल्छ ?

नेपालमा यो सम्झौताको विरोध बढ्दै गएपछि नेपालको लागि अमेरिकी राजदूत न्यान्डी बेरीले सन् २०२० फेब्रुअरी १९ मा स्पष्टीकरण दिए- 'यो सम्झौता हिन्द-प्रशान्त रणनीति (आईपीएस) होइन, एमसीसी र आईपीएसबीच फरक छ । नेपालको संसद् यो सम्झौतालाई अस्वीकार गर्न स्वतन्त्र छ ।' तर, उक्त प्रतिवेदनमा सन् २००४ देखि नै एमसीसीमार्फत हिन्द-प्रशान्त क्षेत्रका देशहरूलाई अमेरिकाले सहयोग गरिरहेको उल्लेख छ । यसले पूर्वराजदूत बेरीको भनाइ गलत साबित गर्छ ।

यसअघि सन् २०१८ फेब्रुअरी २५ मा नेपाल आएका दक्षिण र दक्षिणपूर्वी एसियाका निम्ति अमेरिकी विदेश सहायक रक्षामन्त्री जोसेफ एच फेल्टरले नेपालका पूर्वरक्षामन्त्री ईश्वर पोखरेलसँग सैनिक सहकार्य बलियो बनाउन चाहेको बताएका थिए । यसको अर्थ नेपाललाई अमेरिकाले आफ्नो नेतृत्वको हिन्द-प्रशान्त सैन्य गठबन्धनमा संलग्न गराउने नियत राखेकै हो ।

सन् २०१८ अगस्त महिनामा दक्षिण र मध्यएसियाका निम्ति अमेरिकी विदेश सहायक राज्यमन्त्री एलिस जी वेल्सले भियतनाममा भएको हिन्दमहासागर सम्मेलनमा हिन्द-प्रशान्त रणनीतिमा संलग्न भएबापत एमसीसीअन्तर्गत नेपाललाई ५० करोड अमेरिकी डलर सहयोग हुने खुलासा गरेका थिए । यसले पनि एमसीसी सम्झौता आईपीएसअन्तर्गतको सैन्य गठबन्धन प्रमाणित गर्छ ।

सन् २०१८ डिसेम्बर १८ का दिन पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले वासिङ्टनमा अमेरिकी विदेशमन्त्री माइकेल आर पोम्पेओसँग ५० करोड डलरको एमसीसी सम्झौता, हिन्द-प्रशान्त रणनीति र प्रजग कोरियाविरुद्धको नाकाबन्दीबारे

छलफल गरेका थिए । यो यथार्थ नेपालस्थित अमेरिकी दूतावासको वेबसाइटमा प्रकाशित छ । तर, शासक दलका नेताहरूले एमसीसी सम्झौता हिन्द–प्रशान्त रणनीतिअन्तर्गत नभएको दोहोऱ्याउँदै ढाकछोप गर्दै छन् । अमेरिकी प्रभाव र दबाबमै नेपाल सरकारले प्रजग कोरियाको लगानी एवम् कामदार नेपालबाट फिर्ता पठाएको हो ।

उक्त अमेरिकी प्रतिवेदनमा प्रजग कोरियामाथि 'दुष्ट' र 'सीमा तस्कर' को आरोप लगाइएको छ भने चीनविरुद्ध श्रीलङ्का, बङ्गलादेश र माल्दिभ्स, ल्याटिन अमेरिका र यूरोपलगायत देशलाई उक्साइएको छ । सारमा उक्त प्रतिवेदन, अमेरिकी सरकारको गतिविधि र एमसीसी सम्झौता हिन्द–प्रशान्त क्षेत्रलगायत संसारमा आतङ्क, हत्या र युद्धको स्थिति ल्याउनेतर्फ उन्मुख छ ।

नेपाल सरकारले अमेरिकी सेनामार्फत काम गर्नुपर्ने यो सम्झौता देशघाती नै हो । यो सम्झौता संसद्बाट अनुमोदन गर्नु अमेरिकी नेतृत्वको हिन्द–प्रशान्त सैन्य गठबन्धनमा नेपाल संलग्न हुनु नै हो । संयुक्त राष्ट्र सङ्घको बडापत्रअनुसार यो सम्झौता असंलग्नताको सिद्धान्तविपरीत छ । यसकारण, यो सम्झौतालाई नेपालको संसद्ले अनुमोदन गर्नु हुँदैन, खारेज गर्नुपर्दछ । तर, केही जलविद्युत् माफिया र देशघातीहरू यो सम्झौता अनुमोदन गराउन दुरुत्साहन गर्दै छन् ।

## सम्झौता : सार्वभौमिकतामाथि हस्तक्षेप

यो सम्झौताको अनुसूची ५ (क) मा नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजनामात्रै छनोट गर्नुपर्ने र त्यस्तो योजनामा भारत सरकारको समर्थन हुनुपर्ने उल्लेख छ । यही प्रावधानअनुसार भारतले नेपालको जलविद्युत् कब्जा गर्न आफ्नो स्वार्थका लागि संरा अमेरिकामार्फत नेपालसँग यो सम्झौता अघि बढाएको देखिन्छ ।

यो सम्झौताबमोजिम अमेरिकी सहयोगको ७० प्रतिशत रकम भारतको सिमानासम्म विद्युत् प्रसारण लाइन विस्तारमा खर्च गरिनेछ । यतिबेला भारतले नेपालको जलविद्युत् मलेसिया, सिङ्गापुरलगायत देशमा बेच्ने तयारी गरिरहेको छ । यसरी अमेरिका एवम् भारतको प्रभावमा नेपाल सरकारले देशको सार्वभौमिकतामा घात पुग्ने सम्झौता गरेको छ ।

सम्झौताको धारा ७ मा यो सम्झौता र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता नै लागु हुने उल्लेख छ । नेपालको कानुनभन्दा यो सम्झौता कसरी बलियो हुनसक्छ ? यो सम्झौतालाई संसद्बाट अनुमोदन गराउनु नेपालको सार्वभौमिकतामाथि अमेरिकी तथा भारतीय हस्तक्षेप स्वीकार गर्नु हो । यसकारण, नेपालको हितविपरीतको एमसीसी सम्झौता खारेज गराउन नेपाल मजदुर किसान पार्टी नेपाली जनतासँगै सडक र सदनमा सङ्घर्ष गर्दै छ ।

एमसीसी सम्झौतामा नेपाल सरकारले नै गठन गरेको मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए), नेपाल कार्यालयलाई सरकारले केही भन्न नपाउने उल्लेख गरिएको छ । नेपाल सरकारले आफ्नो हात आफैले बाँध्ने काम किन गर्दै छ ? यो प्रावधान पनि नेपालको सार्वभौमिकतामाथि अमेरिकी हस्तक्षेप हो । एमसीए नेपालको सञ्चालक समितिको सदस्य सचिव पदमा अमेरिकी दलाल एवम् जलविद्युत् माफिया नै नियुक्त गरिएको 'दूधको साक्षी बिरालो' जस्तै हो । एमसीसी सम्झौतालाई हिन्द–प्रशान्त क्षेत्रको सैन्य गठबन्धन नभएको अमेरिकी अधिकारीहरूको दाबी 'बाघले शाकाहारी' दाबी गरेजस्तै हो । सञ्चालक समितिका अध्यक्ष एवम् अर्थसचिव मधुकुमार मरासिनी, सदस्यहरू मधुप्रसाद भेटवाल, केशवकुमार शर्मा, कुलमान घिसिङ, कुमार पाण्डे (प्रतिनिधि, निजी क्षेत्र), गोपाल खनाल (प्रतिनिधि, नागरिक समाज) र सदस्य सचिव खड्गबहादुर विष्टलाई देशघाती एमसीसी सम्झौताको पछि नलाग्न नेपाली जनताको तर्फबाट हामी खबरदारी गराउँदछौँ ।

एमसीसी सम्झौता अघि नबढाउन नेपाल सरकार र अमेरिकी सरकार दुवैलाई नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ खबरदारी गर्दछौँ । नेमकिपाले यो देशघाती सम्झौता खारेज गराउन विसं २०७६ फागुन १३ गते मङ्गलबार काठमाडौँ, रत्नपार्कबाट विरोध जुलुससहित महाराजगञ्जस्थित अमेरिकी राजदूतावासमार्फत तत्कालीन अमेरिकी राष्ट्रपति ट्रम्पलाई विरोधपत्र दिएको यहाँ उल्लेखनीय छ । यो सम्झौता खारेज गराउन देशभक्त एवम् न्यायप्रेमी मजदुर, किसान, महिला, युवा, विद्यार्थी, प्राध्यापक, शिक्षक, कर्मचारी, बुद्धिजीवी, उद्योगी–व्यापारी सबै सडकमा ओर्लेर आवाज उठाउन नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ हार्दिक अपिल गर्दछौँ ।

*(नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले देशहित विपरीतको अमेरिकी सहस्राब्दी चुनौती परियोजना (एमसीसी) को विरोधमा २०७८ भाद्र २१ गते प्रकाशित संयुक्त वक्तव्य)*

# एमसीसी खारेजी माग गर्दै काठमाडौंमा युवा-विद्यार्थीको प्रदर्शन : प्रहरी दमन-दर्जनौं घाइते

देश हितविपरीतको एमसीसी परियोजनाको विरोधमा सोमबार राजधानीमा नेपाल मजदुर किसान पार्टीका जनवर्गीय सङ्गठनहरू नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घको आयोजनामा भाद्र २१ गते जुलुस र सभा भयो ।




शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले दमन गर्दा दर्जनभन्दा बढी युवा-विद्यार्थी कार्यकर्ता घाइते भएका छन् । त्रिवि शिक्षण अस्पतालको पश्चिममा अवस्थित गल्लीमा प्रदर्शनकारीहरूमाथि प्रहरीले लाठी चार्ज गर्दा युवा कार्यकर्ता कृष्णप्रसाद दुमरू गम्भीर घाइते हुनुभएको छ । प्रहरीले उहाँको टाउकोमा लाठी प्रहार गर्दा टाउको फुटेको छ । उहाँको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

त्यस्तै, प्रहरी दमनमा परी भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखा, युवाहरू कृष्णप्रसाद कोजू, जगतराम धुख्वा, रत्ना चवाल, श्यामकृष्ण बासुकला, रामेश्वर रानामगर, दिनेश विक, रोनित त्वायनालगायत घाइते हुनुभएको छ ।

रत्नपार्क, शान्तिबाटिकाबाट सुरु भएको जुलुस असन, ज्याठा, ठमेल, सामाखुशी हुँदै अमेरिकी राजदूतावासतिर जाने क्रममा कान्ति बाल अस्पतालको पश्चिम गल्ली (कान्ति ओरालो) मा पुग्दा प्रहरीले दमन गरेको थियो । शान्तिपूर्वक नाराबाजीसहित अघि बढिरहेको जुलुसलाई प्रहरीले पटक-पटक रोक्ने प्रयास गरेको थियो । प्रहरीको पटक-पटकको अवरोध छिचोल्दै प्रदर्शनकारीहरू अघि बढेका थिए ।

प्रदर्शनकारी र प्रहरीको मुठभेडपछि सोही स्थानमा




विरोध सभा गरिएको थियो । सभामा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय संयोजक **प्रकाश गुरूङ**ले एमसीसी सम्झौताविरुद्ध आयोजित देशभक्त र साम्राज्यवादविरोधी जनताको जुलुसमाथि प्रहरी दमनको भर्त्सना गर्नुभयो ।

एमसीसी परियोजना संरा अमेरिकी हिन्द-प्रशान्त सैन्य रणनीति (आईपीएस) कै हिस्सा भएको स्पष्ट पार्नुहुँदै अध्यक्ष गुरूङले नेपालका लागि अमेरिकी राजदूत ऱ्यान्डी बेरीले सन् २०१९ मा दिएको अन्तर्वार्तामा एमसीसी आईपीएसकै हिस्सा भएको बताएको तर नेपाली जनताको व्यापक विरोधपछि कुरा फेर्नुले पनि यो सम्झौतामा साम्राज्यवादी स्वार्थ निहीत भएको प्रस्ट हुने उल्लेख गर्नुभयो ।

उहाँले नेपाली जनताको भावनाविपरीत देउवा र



माधव नेपालको सरकारले एमसीसी पारित गरे ती देशघातीहरूलाई नेपाली जनताले सजाय दिने बताउनुभयो ।

'संरा अमेरिकी साम्राज्यवाद समयमै नसच्चिए फेरि

पनि भियतनाम र अफगानिस्तानको नियति भोग्नुपर्नेछ', अध्यक्ष गुरूङले भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका **मिनबहादुर बाटा**ले दार्चुला जिल्लामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले तुइन खुस्काउँदा नेपाली युवा जयसिंह धामी बेपत्ता भएको हप्तौं बितिसक्दा पनि नेपाल सरकारले दोषीमाथि कारबाही गर्न कूटनीतिक दबाब नदिएकोमा विरोध जनाउनुभयो ।

उहाँले एमसीसी परियोजनाले नेपाललाई साम्राज्यवादको



क्रिडास्थल बनाउने चर्चा गर्नुहुँदै छिमेकी देश चीनलाई घेराबन्दी गर्ने सैनिक लक्ष्यका साथ संरा अमेरिकाले नेपालमा एमसीसी परियोजना लागु गर्न खोजेको बताउनुभयो । संरा अमेरिकी साम्राज्यवादले संसारको कुनै पनि देशमा शान्ति र स्थायित्व देख्न नसकेको चर्चा गर्नुहुँदै उहाँले साम्राज्यवादविरोधी सङ्घर्षमा युवा-विद्यार्थीहरू सधैँ सक्रिय हुने बताउनुभयो ।

शान्तिबाटिकामा जुलुस सुरु गर्नुअघि आयोजित कार्यक्रममा नेक्राविसङ्घका सहसंयोजक **सुरेश परियार** र सचिव **रमेश प्रजापति**लगायतले बोल्नुभएको थियो ।

शान्तिपूर्ण प्रदर्शनमा उत्रेका प्रदर्शनकारीमाथिको दमन पञ्चायती दमन भुलाउने खालको भएको जुलुसमा सहभागी एक प्रदर्शनकारीले बताए ।

देउवा-प्रचण्ड-माधव नेपालको गठबन्धन सरकारले देशभक्त नेपाली जनतामाथि दमन गरेर साम्राज्यवाद र विस्तारवादलाई खुसी बनाउन खोजेको उनले उल्लेख गरे ।

जुलुसमा संरा अमेरिकी साम्राज्यवाद मुर्दावाद, एमसीसी सम्झौता खारेज गर, जयसिंह धामीका हत्यारालाई कारबाही गर, भारतीय विस्तारवाद मुर्दावाद, अमेरिकी सैन्य अखडा बन्द गर, जलविद्युतका माफियाहरू होसियारलगायत नारा लगाइएको थियो ।

प्रदर्शन सकेर आ-आफ्नो गन्तव्यतिर जाँदै गरेका प्रदर्शनकारीहरू सवार गाडीलाई समेत प्रहरीले बानेश्वर चोकमा रोकेको थियो । प्रदर्शनकारीहरूले प्रहरी रवैयाको विरोध गर्दै त्यहाँ पनि नाराबाजी गरेपछि मात्र छोडेको थियो ।

# नेमकिपाद्वारा प्रहरी दमनको निन्दा

नेमकिपाका सचिव प्रेम सुवालले शान्तिपूर्ण प्रदर्शनमाथि भएको प्रहरी दमनको निन्दा गर्दै भदौ २१ गते जारी प्रेस वक्तव्य

## प्रेस वक्तव्य

सरकारको गलत कामको विरोध गर्नु जनताको संवैधानिक अधिकार हो । नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको संयुक्त आयोजनामा २०७८ भाद्र २१ गते देशघाती एमसीसी सम्झौता खारेजीको मागसहित काठमाडौंमा जुलुस र सभा भयो । जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई विरोध प्रदर्शनबारे अगाडि नै लिखित जानकारी गराइएको थियो ।

प्रहरीले शान्तिपूर्ण प्रदर्शनलाई छेकेपछि पार्टीका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई, पार्टी केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वलगायत नेताहरूले खटिएका प्रहरी नायब उपरीक्षकसँग समन्वय गरी विरोध सभा शुरु गर्न लागेको बेला प्रहरीले प्रदर्शनकारीमाथि अचानक लाठी प्रहार गऱ्यो । गृह प्रशासनको प्रहरी लाठी प्रहारमा भक्तपुरका कृष्णप्रसाद दुमरुको टाउकोमा गम्भीर चोट लागेको र हाल उहाँको शिक्षण अस्पताल महाराजगंजमा उपचार भइरहेको छ । शान्तिपूर्ण प्रदर्शनमा सहभागी लक्ष्मीप्रसाद ह्यौंमिखा, कृष्णप्रसाद कोजू, रामेश्वर रानामगर, दिनेश विक, श्याम बासुकला, जगतराम धुख्वा, रोनित त्वायनालगायत दर्जनौं घाइते हुनु भएको छ ।

शान्तिपूर्ण विरोध प्रदर्शनमा लाठी प्रहार गरी प्रदर्शनकारीहरूको टाउको फोड्ने गृह प्रशासनको नेपाल मजदुर किसान पार्टी विरोध एवम् निन्दा गर्दछ । शान्तिपूर्ण प्रदर्शनमा प्रहरी दमन गराउने गृह प्रशासनका अधिकारीहरूमाथि कारबाही गर्न हामी माग गर्दछौं । एशियामा युद्ध थोप्ने र नेपालमा पनि अमेरिकी सैन्य अखडा राख्ने नियतसहित अगाडि बढाइएको एमसीसी सम्झौता अविलम्ब खारेज गर्न हामी पुनः जोड दिन्छौं । शान्तिपूर्ण प्रदर्शन गर्ने जनताको अधिकार हनन् नगर्न देउवा सरकारलाई हामी खबरदारी गराउन चाहन्छौं । देशघाती एमसीसी सम्झौता खारेजीको सङ्घर्षमा साथ दिन सम्पूर्ण नेपाली जनतालाई हामी पुनः आह्वान गर्दछौं ।

# एमसीसी सदनबाट पारित भए देश उपनिवेशमा परिणत हुने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले एमसीसी सम्झौता संसदनबाट पारित भएमा नेपाल अफगानिस्तान बन्ने खतरा रहेको बताउनुभएको छ ।

भक्तपुर काण्डको विरोध एवम् भर्त्सना गर्दै भाद्र २१ गते ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङले संयुक्तरूपमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष रोहितले एमसीसी संरा अमेरिकाको हिन्द–प्रशान्त सैन्य रणनीतिअन्तर्गत आएको परियोजना भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'एमसीसी पारित भए भोलि जे पनि हुनसक्छ । संरा अमेरिकाले सेना पनि ल्याउनसक्छ । श्रीलङ्काले एमसीसीलाई अस्वीकार गर्‍यो, नेपालले पनि त्यस्तै गर्नुपर्छ ।'

अध्यक्ष रोहितले एमसीसी सदनबाट पारित भए देश उपनिवेशमा परिणत हुने र भारतसमेत प्रभावित हुने धारणा राख्नुभयो । उहाँले दुई सय वर्षसम्म बेलायतको उपनिवेश भएर पनि भारत वैचारिकरूपमा अझै स्वतन्त्र हुननसकेको विचार राख्नुभयो । उहाँले एमसीसी चीनविरुद्ध लक्षित रहेको स्पष्ट पार्नुभयो ।

अध्यक्ष रोहितले नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईले मृत्युदण्डको प्रावधान हटाएको उल्लेख गर्नुहुँदै देशको सार्वभौमिकतामा आँच आउने काम गर्ने जो कसैलाई मृत्युदण्डको व्यवस्था गर्नुपर्ने तर्क गर्नुभयो । नेमकिपाले पूँजीवादी व्यवस्थाविरुद्ध लड्ने तर व्यक्तिगतरूपमा कसैसँग बदला नलिने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वर्ग रहेसम्म वर्गसङ्घर्ष रहिरहने भन्नुहुँदै नेमकिपाका अग्रजहरू जनतालाई सचेत पार्न सदा क्रियाशील रहेको उल्लेख गर्नुभयो । उहाँले जनताको इमानदारीपूर्वक सेवा गर्दै आएका नेमकिपाका नेता तथा कार्यकर्तालाई षड्यन्त्रमा फसाएको उल्लेख गर्नुहुँदै षड्यन्त्रकारी पञ्चायती व्यवस्था आफैं ढलेको बताउनुभयो ।

केन्द्रीय सदस्य प्रजापतिले एमसीसीको नाममा आउने ५० करोड डलरमा देशको सार्वभौमिकता बेच्नु गलत भएको भन्नुहुँदै भक्तपुर नगरपालिकासँग जर्मनी सरकारले सम्पदा पुनःनिर्माणको नाममा एमसीसीजस्तै सम्झौता गराउन खोजेको तर भनपाले देशको स्वाभिमानसँग जोडिएका विषयमा सशर्त सम्झौता नगरेको स्पष्ट पार्नुभयो ।

नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईले नेमकिपाले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोधमा सङ्घर्ष गर्दै आएको भन्नुहुँदै नेमकिपाविरूद्ध भक्तपुर काण्डजस्ता षड्यन्त्र फेरि पनि हुनसक्ने धारणा राख्नुभयो । उहाँले भक्तपुर काण्डमा शिक्षा क्षेत्रसमेत नराम्ररी प्रभावित भएको स्पष्ट पार्नुभयो ।




कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, प्राध्यापक डाक्टर राजुभाइ त्यात र कलेजका कर्मचारी राजन जतिले भक्तपुर काण्डको भर्त्सनामा मन्तव्य राख्नुभएको थियो ।

**संसद्मा विरोध**

# विश्वमा अशान्ति मच्चाउने एमसीसी सम्झौता



नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले एमसीसी सम्झौता थाहा पाइकन विष खानुजस्तै हुने उल्लेख गर्नुभयो ।

प्रतिनिधिसभाको भदौ २५ गतेको बैठकमा प्रमुख प्रतिपक्षी एमालेको अवरोध भइरहेको अवस्थामा आफ्नो आर्थिक अध्यादेश २०७८ को अस्वीकार पेश गर्न सहज नहुनेतर्फ सभामुख अग्नी सापकोटाको ध्यानाकर्षण गराउनुहुँदै सांसद सुवालले अमेरिकी साम्राज्यवादले बाँकी संसारलाई दुःख दिइरहेको उल्लेख गर्नुभयो ।

एमसीसी सम्झौताबारे अमेरिकी अधिकारीहरूको हिन्द–प्रशान्त सैन्य गठबन्धन नभएको सय थरीको भनाइमा फस्न नहुने उल्लेख गर्नुहुँदै सांसद सुवालले बुढो बाघले सुनको चुरा देखाएर शिकार गर्ने कथाबारे चर्चा गर्नुभयो । उहाँले एमसीसीको विरोधमा भदौ २१ गते भएको शान्तिपूर्ण जुलुस र सभामा गृह प्रशासनले नेमकिपाका कार्यकर्ताहरूमाथि लाठी प्रहार गरी दर्जनौँ कार्यकर्ता घाइते बनाएको अमेरिकी सरकारलाई खुशी पार्न किन होइन भनी प्रश्न राख्नुभयो ।

उहाँले भन्नुभयो, 'अमेरिकामा गोरा प्रहरीले कालो वर्णका जर्ज फ्लोयडको घाँटी थिचेर हत्या गरेपछि ह्वाइट हाउस अगाडि पुगेको जनआक्रोसदेखि तर्सेका तत्कालीन राष्ट्रपति ट्रम्प बङ्करमा लुकेका थिए । दक्षिण भारत पुगेका भारतका प्रम मोदीलाई हरेकपल्ट कालो झन्डासहित विरोध हुन्छ । शान्तिपूर्ण विरोध प्रदर्शनलाई दबाएकी भारतीय प्रम इन्दिरा गान्धीलाई नाकैमा थप्पड हानिएको थियो ।'

'एमसीसी सम्झौताको विरोधमा नेमकिपाले गत वर्ष नै काठमाडौँस्थित अमेरिकी राजदूतावास अगाडि शान्तिपूर्ण प्रदर्शन र राजदूतावासमार्फत तत्कालीन राष्ट्रपति ट्रम्पलाई सम्झौता खारेज गर्न पत्र पठाएका थियौँ', उहाँले भन्नुभयो ।

उहाँले सचेत गराउनु भयो, 'अमेरिकी नियोग एमसीसीका उपाध्यक्ष फातिमा सुमार शासक दलका नेताहरूलाई एमसीसी सम्झौता संसद्बाट अनुमोदन गराउन दबाब दिन काठमाडौँ आएकी थिइन् । प्रम देउवाले पूर्ववर्ती ओली सरकारको अध्यादेश बजेटलाई जस्ताको तस्तै पारित गरेर एमालेसहितको सहमतिमा एमसीसी सम्झौता पारित गर्ने तयारी गर्दै छन् । नेपाली काङ्ग्रेसको ललिपपमा एमाले फस्नु हुँदैन ।'

सांसद सुवालले अगाडि भन्नुभयो, 'एमसीसी सम्झौता पारित गर्न खोज्ने नेताहरू अफगानिस्तानका राष्ट्रपतिजस्तै चाँडै देश छाडेर भाग्नुपर्ने दिन आउने छ । यसकारण अमेरिकी सैन्य गठबन्धनसँग सम्बन्धित एमसीसी सम्झौता खारेज गर्न गराउन नेपाली जनता र देशको पक्षमा उभिन सम्पूर्ण सांसदहरूमा आग्रह गर्दछु ।'

प्रतिनिधिसभाको बैठकमा प्रमुख प्रतिपक्षी एमालेको अवरोध भइरहँदा 'राष्ट्र ऋण उठाउने अध्यादेश २०७८' को अस्वीकार पेश गर्न सहज नहुनेतर्फ सभामुख अग्नी सापकोटाको ध्यानाकर्षण गराउनुहुँदै सांसद सुवालले एमसीसी सम्झौता हिन्द–प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य गठबन्धन नै भएकोमा जोड दिनुभयो । माओवादीका प्रम बाबुराम भट्टराईले यो सम्झौताको आधार तयार गरेपछिका प्रमहरूले यसलाई अघि बढाएकोमा उहाँले विरोध गर्नुभयो ।

उहाँले भन्नुभयो, 'एमसीसी सम्झौताले एसियामा युद्ध थोप्ने छ भने विश्वमै अशान्ति मच्चाउने छ । अमेरिकाले एसियालाई हतियार बेच्ने थलो बनाउने छ । एमसीसी सम्झौता सैन्य गठबन्धन नभएको अमेरिकी अधिकारीहरूको दाबी 'बाघले शाकाहारी' दाबी गरेजस्तै हो अर्थात् मिति नाघेको खाद्यान्न अर्थात विषालु भइसकेको खाद्यान्नमा रिलेबलिङ गर्नुजस्तै हो ।'

उहाँले भन्नुभयो, 'अहिले हिन्द–प्रशान्त क्षेत्रमा ३ लाख ७५ हजार अमेरिकी सेना तैनाथ गरिएको छ । एमसीसी सम्झौता संसद्बाट अनुमोदन गरिएपछि नेपालमा पनि अमेरिकी सैन्य अखडा हुने छ । नेपाल अमेरिकी नवउपनिवेश बन्ने छ । आर्थिक सहयोग र शान्तिको नाउँमा अमेरिका पुगेको देश ध्वस्त भएको पछिल्लो उदाहरण अफगानिस्तान हो ।'

प्रतिनिधिसभाको बैठकमा प्रमुख प्रतिपक्षी एमालेको अवरोध भइरहेको अवस्थामा आफ्नो विनियोजन अध्यादेश २०७८ को अस्वीकार पेश गर्न सहज नहुनेतर्फ सभामुख अग्नी सापकोटाको

ध्यानाकर्षण गराउँदै सांसद सुवालले शेयर कारोवारमा मूल्य घटेको समाचार आयो । अर्थमन्त्रीले राष्ट्र बैंक्तको गभर्नरलाई फोन गर्नुभयो । फेरी शेयरको मूल्य बढ्यो । के अर्थमन्त्रीको फोनले शेयरको मूल्य बढ्छ ? भनी प्रश्न गर्नुभयो ।

शान्तिपूर्ण जुलुसमा भाग लिएका हाम्रा युवा–विद्यार्थी कार्यकर्ताहरूको टाउको फोड्ने गृह प्रशासनमाथि छानबिन गरी कारबाही हुनु आवश्यक भएको उल्लेख गर्नुहुँदै उहाँले एमसीसी सम्झौताको विरोधमा शान्तिपूर्ण रूपमा जुलुस गर्न नपाउने के यो राणा शासन हो ? के यो पञ्चायती व्यवस्था हो ? भनी प्रश्न गर्नुभयो ।

# देशघाती एमसीसी सम्झौताको विरोधमा जुलस तथा सभा

देशको सार्वभौमिकताविरुद्ध रहेको राष्ट्रघाती एमसीसी सम्झौता र परियोजनाको विरोधमा नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुरको आयोजनामा भदौ २३ गते विरोध जुलुस तथा कोणसभा सम्पन्न भयो ।




हजारौँ युवा–विद्यार्थी र जनताको सहभागिता रहेको जुलुस कमलविनायक चोकबाट सुरु भई च्याम्हासिंह, सूर्यमढी, दत्तात्रय, गोलमढी, सुकुलढोका, टौमढी, राममन्दिर हुँदै सूर्यविनायक चोकमा पुगी कोणसभामा परिणत भएको थियो । जुलुसमा देशघाती एमसीसी सम्झौता – खारेज गर, एमसीसीका मतियारहरू – होशियार, वैदेशिक हस्तक्षेप – बन्द गर, जलविद्युत् माफियाहरू – होशियार, अमेरिकी साम्राज्यवाद – मुर्दावाद, एसियालाई युद्धभूमि बनाउन दिँदैनौँ, सम्पूर्ण देशभक्त जनता एक होऔँ, जयसिंहका हत्याराहरूलाई कारबाही गर, भारतीय विस्तारवाद मुर्दावाद, नेपाल मजदुर किसान पार्टी जिन्दावाद आदि नाराका लगाइएका थिए ।

कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य **उकेश कवां**ले देशको सार्वभौमिकताविरुद्ध रहेको एमसीसी सम्झौता संसद्बाट पारित गरेमा वर्तमान सरकार र गठबन्धनमा रहेका पार्टीहरू जनतासामु राष्ट्रघातीका रूपमा नाङ्गिनेछन् भन्नुभयो ।

परियोजनाको सुरक्षा या कुनै पनि बहानामा अमेरिकी सेना नेपालमा आउने र बस्ने प्रावधानलाई नेपाली जनताले स्वीकार नगर्ने बताउनुहुँदै उहाँले सम्झौता पारित भएपछि अमेरिकी सेना नेपाल आउने, छिमेकी समाजवादी देश चीनविरुद्धका गतिविधिलाई तीव्र बनाउने र नेपाललाई युद्धभूमि बनाउन सक्ने खतरा रहेको बताउनुभयो ।

केन्द्रीय सदस्य उकेश कवांले अमेरिकी सेना जुन–जुन देशमा प्रवेश गरेका छन्, त्यो–त्यो देशमा आतङ्क मच्चाएको र युद्ध भई ध्वस्त भएको उदाहरण प्रस्तुत गर्नुहुँदै राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता रक्षाको लागि एमसीसी सम्झौता खारेज हुनुपर्नेमा जोड दिनुभयो ।



नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सचिव **रमेश प्रजापति**ले काठमाडौँमा देशघाती एमसीसीको विरोधमा उत्रेका युवा–विद्यार्थी कार्यकर्ताहरूमाथि प्रहरी प्रशासनले गरेको दमनको भर्त्सना गर्नुभयो । देशको सार्वभौमिकता रक्षाको लागि देशभक्त प्रहरी पनि लाग्नुपर्ने उल्लेख गर्नुहुँदै उहाँले देशभक्त आन्दोलनकारीलाई दबाउने होइन, आन्दोलनमा सहयोग गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष **मिनबहादुर बाटा**ले एमसीसी सम्झौता र परियोजनाको नाममा शासक दलहरूले देशलाई साम्राज्यवादको युद्धभूमि र नेपाली जनतालाई विदेशीको दास बनाउन खोजेको बताउनुभयो । नेपाल इतिहासमा अहिलेसम्म कहिले पनि कुनै देश र साम्राज्यको उपनिवेश नबनेको र भविष्यमा पनि बन्न नदिन सम्पूर्ण देशभक्त जनतालाई एमसीसी सम्झौताको विरोधमा आन्दोलित हुन उहाँले आह्वान गर्नुभयो ।

नेक्रायुसङ्घ भक्तपुर जिल्ला समितिका **रमेश वैद्य**ले पनि जनभावनाविपरीत एमसीसी सम्झौता गर्ने र संसद्बाट

पारित गर्ने पार्टीहरूलाई जनताले सजाय गर्ने बताउनुभयो ।

जुलुस सुरु हुनुअगाडि कमलविनायक चोकमा भएको कोणसभामा नेक्रायुसङ्घका **श्यामकृष्ण खत्री**, **गोपालसुन्दर गोसाई** र नेक्राविसङ्घका **किरण गोसाई**ले पनि एमसीसीको खारेजीको माग गर्नुभएको थियो ।

एमसीसीको विरोधमा नेमकिपा र यसका जनवर्गीय सङ्गठनको आयोजनामा देशका विभिन्न जिल्ला, नगर र गाउँमा जुलुस र सभाहरू भएका छन् ।

एमसीसीविरुद्ध विभिन्न जिल्लामा भएका केही प्रदर्शनहरू 'श्रमिक' साप्ताहिकबाट







नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

प्रमुख प्रजापतिको रेडियो खुला आकाससँगको वार्ता

# ‘एमसीसी खारेज नभएसम्म जिल्ला जिल्लामा नेमकिपाको विरोध जारी रहन्छ’

● सुनिल प्रजापति–प्रमुख, भक्तपुर नपा

**☐ जुम्ला पुग्नुभएको छ। कस्तो लागिरहेको छ जुम्ला ?**

जुम्लालाई कर्णाली प्रदेशका अन्य कतिपय जिल्लाहरूको तुलनामा अहिले राम्रो र सुविधा भएको ठाउँको रूपमा लिन सकिन्छ। यद्यपि सुविधा सम्पन्न सहरभन्दा भने जुम्ला विकास निर्माण र सुविधामा पछाडि नै छ। मौलिक संस्कृति, वातावरण र भौगोलिक हिसाबले सुन्दर र रमणीय ठाउँ हो जुम्ला।

**☐ एमसीसी सम्झौताबारे नेमकिपाको धारणा के छ ?**

एमसीसीको विषयमा नेमकिपाले जिल्ला जिल्लामा विरोधका कार्यक्रमहरू गरिरहेको छ। जुम्लामा पनि यसको विरोधमा कार्यक्रम भएको छ। एमसीसी सम्झौतामा भएका बुँदाहरूले देशलाई उपनिवेश बनाउने खतरा छ। हाम्रो देश स्वतन्त्र र स्वाभिमानी देश हो। एमसीसी सम्झौतामा भारतको सहमति लिने भन्ने बुँदा रहेछ। यस अर्थमा अमेरिकाले हाम्रो देशलाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न देशको रूपमा स्वीकार गरेको छैन। यो संसदबाट अनुमोदन भयोभने नेपाल अमेरिकाको उपनिवेश हुनेछ। हाम्रो पनि लगानी हुने त्यस सम्झौतामा हाम्रो कुनै सीप नचल्ने, सबै एमसीसीले भनेअनुसार नै गर्नुपर्ने खालका प्रावधान देशघाती छ। एमसीसीको अनुदान हिन्द प्रशान्त रणनीति (आइपिएस) अन्तर्गतको रहेको अमेरिकी पदाधिकारीहरूले पटक पटक सार्वजनिक गरेका छन्। एमसीसी संसदले अनुमोदन गरेको खण्डमा नेपाल अमेरिकी सैन्य गठबन्धनमा जानेछ र त्यो हाम्रो असंलग्न परराष्ट्रनीति विपरीत हुनेछ। आर्थिक सहयोगलाई हतियार बनाएर नेपाललाई अमेरिकी उपनिवेश बनाउने खतरा छ। अहिले सरकारमा गएका पार्टीहरू अमेरिकाको चाकडी गर्दैछन्, नेताहरू भारतको सामु लम्पसार छन्, आफू सरकारमा जानको निम्ति नेपाललाई अरू देशको उपनिवेश बनाउन तयार बनेका छन्। त्यसैले सचेत नागरिक, राजनीतिकर्मीले यसको विरोध गर्नुपर्छ भनी नेमकिपाले देशभर जनचेतना जगाउने अभियान सञ्चालन गरी एमसीसीको विरोध गरिरहेको छ। एमसीसी खारेज नभएसम्म नेमकिपाको विरोध जारी रहन्छ।

**☐ अब स्थानीय तहको कुरा गरौँ, भक्तपुर नपामा २०७४ सालको स्थानीय निकायको चुनावमा जारी घोषणापत्रअनुसार काम भएका छन् कि छैनन् ?**

नेमकिपाले २०७४ सालको निर्वाचनमा जनताको बीचमा जे जस्तो वचन दिएको थियो त्यसलाई हामी



जनप्रतिनिधिहरूले अक्षरसः पालना गर्दै आएका छौँ। जनताको बीचमा घोषणापत्रमार्फत गरेका अधिकाँश कामहरू सम्पन्न भइसकेका छन् भने कानूनी र प्राविधिक समस्या भएका केही कामहरू भने अझै गर्न सकेका छैनौँ।

**☐ कोरोनाले कस्तो प्रभाव पाऱ्यो स्थानीय तहलाई ?**

कोभिड महामारी विश्वभर फैलिएको छ। त्यसबाट भक्तपुर पनि अछुटो रहेन। हामीले जनताको जीवनलाई पहिलो प्राथमिकतामा राख्दै कोभिडबारे जनतालाई सचेत पार्ने, रोकथाम र नियन्त्रणका गतिविधिमा जोड दियौँ। अक्सिजनको अभावमा बिरामीहरूको ज्यान जान थालेपछि भक्तपुर नपाले २५ शय्याको एचडियु र ५० शय्याको साधारण गरी ७५ शय्याको ख्वप अस्पताल कोभिड युनिट सञ्चालन गऱ्यौँ। सरकारले ख्वप अस्पताललाई बिमावापत दिनु पर्ने रु ५ करोडभन्दा बढी पैसा भुक्तानी नदिए पछि आर्थिक समस्या देखियो र हामीले जनतासँग सहयोगको लागि आह्वान गऱ्यौँ। भक्तपुर नगरवासीहरूले एक महिनाभित्र साढे ६ करोड रुपैयाँ आर्थिक सहयोग गर्नुभयो। जनताको सहयोगमा अक्सिजन प्लान्ट निर्माण गरी नगरवासीहरूलाई निःशुल्क वितरण गरिरहेका छौँ।

**☐ कोभिड १९ बाट पीडित जनतालाई आर्थिक सहयोग भन्दा पनि रोजगारी दिने तपाईँहरूको अनुभव**

**सुनाउनुहोस् न ?**

कोभिडका बीच हामीले राहत वितरण गरेका थियौँ। २२ सय परिवारलाई ३।४ घण्टाभित्रै स्वयंसेवकहरूको सहयोगमा व्यवस्थित ढङ्गले राहत वितरण गऱ्यौँ। १ महिनापछि फेरि राहत दिनुपर्ने कुरा उठ्यो। त्यसबेला कोभिडका कारण विकास निर्माणका कामहरू ठप्प थियो। हामीले बनाइरहेका मन्दिर, आवास योजना, पुल निर्माण आदिमा कोभिड पीडित जनतालाई रोजगारी दिने सोच बनायौँ। त्यसैअनुरूप राहत आवश्यक मानिसहरूलाई नगरपालिकामा सम्पर्क गर्न आह्वान गऱ्यौँ। उहाँहरूलाई हामीले विभिन्न ठाउँमा काममा लगायौँ। हामीले उहाँहरूलाई रोजगारीको व्यवस्था गरेको कारण पछि राहतको समस्या भएन।

☐ **भक्तपुरलाई सांस्कृतिक नगर बनाउने तपाईंहरूको सोच र विदेशी सहयोगलाई कसरी लिनुभएको छ ?**

२०७२ सालको भूकम्पले १२० ओटाभन्दा बढी सम्पदा क्षतिग्रस्त भएको थियो। ती सम्पदामध्ये १० ओटा सम्पदाको लागि नेपाल सरकार र जर्मन सरकारबीच सम्पदा पुनःनिर्माणको निम्ति १ अर्ब २० करोड रुपैञा आर्थिक सहयोग गर्ने भएको थियो। हामीले सम्झौता अध्ययन गर्दा त्यसमा अहिलेको एमसीसी सम्झौतामा जस्तै लेखा परीक्षण उनीहरू आफैले गर्ने, उनीहरूकै कानूनबमोजिम उनीहरूकै देशमा मुद्दा चलाउने, डाइरेक्टर उनीहरूले नै नियुक्त गर्ने, उनीहरूको निर्देशनमा हामीले काम गर्नुपर्नेलगायतका बुँदा उल्लेख थियो। हामीले हाम्रो सार्वभौमिकता, स्वतन्त्रता, ऐन नियम, महालेखा परीक्षक हुँदाहुँदै त्यसरी काम गर्न नसक्ने बतायौँ। अर्थ मन्त्रालय र जर्मनी सरकारका प्रतिनिधिहरूले नेपाल सरकारले स्वीकार गरेको पैसा नगरपालिकाले लिनुपर्छ भनी दबाब दिन थाल्नुभयो। हामी सम्झौता परिमार्जन बिना त्यो सहयोग लिने पक्षमा थिएनौँ। त्यो रकम फिर्ता गयो। विदेशी सहयोग फिर्ता गए पनि जनताको सहयोगबाट **हामीले १०८ ओटा सम्पदा पुनःनिर्माण सम्पन्न गरिसकेका छौँ।** त्यस्तै निजी घरहरूको हकमा ४० प्रतिशत घर निर्माण सम्पन्न भइसकेको छ।

☐ **भक्तपुर नपाभित्र बाहिरका नागरिकले जग्गा किन्न नपाउने ऐन बनाउनुभएको छ। सर्वोच्चमा यसविरुद्ध मुद्दा पनि परेको थियो। के भन्नुहुन्छ यसबारे ?**

भक्तपुर विश्व सम्पदामा सूचिकृत सहरमध्ये एक हो। त्यहाँ दरबार स्क्वायर, टौमढी स्क्वायर, दत्तात्रय स्क्वायर आदि विश्व सम्पदामा सूचिकृत सम्पदाहरू छन्। ती सम्पदा बचाउनु नेपाल सरकार र स्थानीय जनताको आफ्नो कर्तव्य र जिम्मेवारी हो। नेपाल सरकारले ऐन कानुन बनाएर भए पनि यी सम्पदा बचाउनु पर्थ्यो। निजी क्षेत्रकाहरूले जथाभावी घरहरू बनाउन थालेपछि हाम्रो सांस्कृतिक सम्पदा समाप्त हुने देख्यौँ। हामीले भक्तपुरको मौलिकतालाई बचाई राख्न पुरानो सहरमा निर्माण हुने घरहरूको मोहडाको निम्ति चाहिने ईँटा, काठ र झिँगटीमा ३५ प्रतिशत अनुदान दिँदै आएका छौँ। सम्पदा संरक्षण गर्ने काममा जथाभावी मुद्दा पर्ने कुरा आएपछि हामीले छुट्टै ऐन बनाई सम्पदा बस्तीभित्र स्थानीयले बाहेक अरूले जग्गा खरिद–बिक्री गर्न नपाउने व्यवस्था गऱ्यौँ। बाहिरबाट आएकाहरूले यहाँका सम्पदाहरूको महत्त्व नबुझ्ने, जथाभावी आधुनिक र अग्ला घरहरू बनाउने खतरा हुन्छ। त्यसैले सम्पदा क्षेत्र बचाउन हामीले कडा कानुन बनाएरै अगाडि बढ्यौँ। सम्पदा र धरोहर भनेका सभ्यता संस्कृति विकासको चिनो भएकोले त्यसलाई कुनै पनि मूल्यमा जोगाउन चाहन्छौँ।

☐ **नेपालका अन्य जिल्लाको तुलनामा भक्तपुर साक्षरताको हिसाबले अग्रस्थानमा छ। तपाईंको विचारमा साक्षरता के हो ?**

सभ्य नागरिकमा सांस्कृतिक स्तर माथि उठेको हुनुपर्छ। आजभन्दा ३०।३५ वर्ष अगाडि भक्तपुर देशकै सबभन्दा शिक्षामा कमजोर, फोहोर र आर्थिक रूपमा पछाडि परेको जिल्लाको रूपमा परिचित थियो। भक्तपुर नपामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँज्यूले दुइ दशक अघि **'एक घर एक स्नातक'**को घोषणा गर्नुभयो। भक्तपुर नपाले त्यही समय ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज सञ्चालन गरी गुणस्तरीय शिक्षा प्रदान गऱ्यो। देशकै उत्कृष्ट कलेजमा हाम्रा कलेजहरू पर्छन्। आजसम्म आइपुग्दा एक घर एक स्नातक नाराले सार्थक रूप लिएको पाउन्छौँ। ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङले वर्षको ४३२ जना इन्जिनियर उत्पादन गरिरहेको छ। यसबोहक ख्वप कलेजमा एमए, एमबीएस, एमएससीलगायतका विषय पठनपाठन भइरहेको छ। शैक्षिक क्षेत्रमा भक्तपुर नगरपालिका अरूभन्दा फरक ढङ्गले अगाडि बढिरहेको छ। यसरी शिक्षामा एकदम ठूलो परिवर्तन आएको छ, जनताको राजनीतिक चेतनास्तर माथि उठेको छ। प्रमाणपत्रको आधारमा कोही व्यक्ति शिक्षित हुने भन्ने होइन उससँग राजनीतिक चेतना र सांस्कृतिक स्तर हुनुपर्दछ।

☐ **बाल विवाह, छाउपडीलगायतका कुसंस्कार अहिले पनि कर्णालीमा ब्याप्त छन्। भक्तपुर नपाको अवस्था कस्तो छ ?**

भक्तपुरमा पनि अन्धविश्वास तथा विभेदका कुराहरू नभएका होइनन्। हामीले स्नातक गरिसकेपछि मात्र विवाह गर्न विद्यार्थीहरूलाई उत्साहित गर्दै आएकाछौँ। परम्परादेखि चलिआएका कतिपय कुराहरू हामीले आवश्यकता ठानेर त्यसलाई निरन्तरता दिइँदै आएका छौँ। संस्कृति र संस्कार जोगाइराख्न हामीले यस्तो गरेको हो। शिक्षित हुँदैमा सबैजना सांस्कृतिक रूपमा अगाडि हुन्छन् भन्ने हुँदैन।

☐ **सङ्घीय सरकारले स्थानीय सरकारलाई कसरी हेरिरहेको छ ? स्वतन्त्र रूपमा छोडेको अवस्था छ कि नियन्त्रण गरेको छ ?**

सङ्घीयता भनेर अहिले जुन पार्टीले पहिलेदेखि भन्दै आए उनीहरूलाई 'नक्कली नागको सौखिन' भनेर भन्छौँ।

तिनीहरूले सङ्घीयताको वास्तविक मर्म र भावना बुझ्न सकेनन् । सङ्घीयताको अर्थ स्थानीय तहको स्वायत्तता हो, स्थानीय तहले स्वतन्त्र रूपमा काम गर्न पाउने वातावरण बनाउनु हो । तर सिंहदरबार र प्रदेश दरबारमा बस्नेहरू सङ्घीयताको नाममा एकात्मक राज्य सञ्चालन गर्न खोजिरहेका छन् । तिनीहरू एकात्मक मानसिकताबाट ग्रस्त छन् । शिक्षामा कक्षा १२ सम्मको सम्पूर्ण अधिकार स्थानीय तहलाई हुने संविधानको अनुसूचीमा स्पष्ट व्यवस्था छ । तर अहिले कक्षा ८ सम्म बाहेक सबै सङ्घले हेर्दैछ । कर्मचारीको नियुक्ति गर्ने कुरामा स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय तहलाई अधिकार दिएको थियो । अहिले त्यो अधिकार प्रदेश लोकसेवा आयोगलाई दिएको छ । स्थानीय तहले कर्मचारी राख्न नपाउने, प्रदेशले नियुक्ति गरेको कर्मचारीहरूको आधारमा काम लिने हो भने तिनीहरूले त्यहाँको स्थानीय समस्या बुझ्दैनन् । जागिरे मानसिकताले देश विकास सम्भव छैन ।

**☐ यहाँले सङ्घीयतालाई कसरी अर्थ्याउनु भएको छ ?**

प्रजातन्त्र बलियो बनाउन जनतालाई अधिकार सम्पन्न बनाउनुपर्छ । जनता बलियो भए प्रजातन्त्र बलियो हुन्छ । यो अर्थमा सम्पूर्ण स्थानीय तहको समस्या स्थानीय जनप्रतिनिधिले बुझ्छन् । सशर्त बजेट बढाइरहेको छ । योजना सिफारिस गर्ने स्थानीय निकाय, छनोट गर्ने केन्द्र सरकारले । यो प्रवृत्ति गलत छ । यो सङ्घीयता विपरीत एकात्मक सोच हो । पञ्चायत, बहुदलीय व्यवस्थामा जस्तै एउटा सिफारिस हुन्छ, योजना छनोट अर्को हुन्छ । स्थानीय समस्या नबुझेकाले योजना छनोट गर्नु भनेकै सङ्घीयता विरोधी हो । यो कुराको हामी आलोचना गर्छौं ।

**☐ ठेक्कामार्फत हुने काम र उपभोक्ता समितिमार्फत हुने काममा के अन्तर छ ?**

उपभोक्ता समितिले काम गर्दा संरचनामा अपनत्व हुन्छ, नगरपालिकाभित्र रहेका पैसा जनताकै हातहातमा पुग्छ र स्थानीयलाई रोजगारी हुन्छ । साथै मौलिकता जोगाइराख्न उनीहरूले हरदम प्रयत्न गर्छन् । यदि त्यही काम ठेकेदारलाई गरायो भने उसले नाफाको लागि काम गर्छ । हावाले पुल उडायो, पुल बनाएको ३ महिनाभित्र पुल बगायो आदि कुराहरू सुन्छौं । त्यहाँ धेरै भ्रष्टाचार हुन्छ । त्यसको अनुगमन गर्ने कोही हुँदैन । भक्तपुर नपाले पारदर्शी ढङ्गले जनताको सहयोगमा जनताको निगरानीमा सम्पदा पुनःनिर्माण गर्दै आइरहेको छ । भक्तपुरका अधिकांश मानिसहरू भक्तपुर नपाको कार्यशैलीबाट खुशी छन् ।

**☐ नेमकिपा अहिले कमजोर अवस्थामा छ भनेर विश्लेषण भइरहेको छ । तपाईं के भन्नुहुन्छ ?**

समाजवादी विचार भनेको कहिल्यै कमजोर हुँदैन । कम्युनिष्ट विचारधारा आज संसारभरका आधाभन्दा बढी जनताले अवलम्बन गरिरहेका छन् । त्यही विचारप्रति आबद्ध भएर अगाडि बढिरहेका छन् । नेमकिपाले सही विचार बोकिरहेको छ । संसारमा आजसम्म विकास भएको विचारमध्ये कम्युनिष्ट विचार नवीनत्तम विचार हो । हरेक पुरानो विचारलाई नयाँ विचारले विस्थापित गर्छ । अहिले हामी पूँजीवादी युगमा आइपुगेका छौं । किसानहरू क्रमशः मजदुरमा रूपान्तरित हुँदैछन् । किसानभन्दा मजदुरको सङ्ख्या क्रमशः बढिरहेको छ । जब मजदुरहरू राजनैतिक रूपले सचेत र सङ्गठित हुन्छन्, पूँजीपति वर्गको केही लाग्दैन । पूँजीवाद बिस्तारै समाप्त हुँदै जानेछ । पूँजीपतिहरूले अनेक खालका छलछामहरू गरिरहेका छन् । हाम्रो देशमा आफूलाई कम्युनिष्ट भन्ने दलमा कम्युनिष्टको क पनि बाँकी छैन । उनीहरू आफूलाई काङ्ग्रेस र रापप्राको पिछलग्गुको रूपमा काम गरिरहेको छन् । निजी क्षेत्रलाई प्राथमिकता दिने विचार नै पूँजीवादी विचार हो । त्यसको ठीक उल्टो धार भनेको समाजवादी विचार हो । विश्वविद्यालय तथा अन्य उत्पादनका साधनहरू राज्यको स्वामित्वमा आउनुपर्छ भन्ने विचार नेमकिपाले बोकेको छ । नेपाली काङ्ग्रेस, एमाले, माओवादीलगायतका विचारभन्दा नेमकिपा फरक विचार र सिद्धान्तको आधारमा अगाडि बढिरहेको छ । कम्युनिष्ट विचार लिएर अगाडि बढिरहेको छ । त्यसैले कसैले आफ्नो नाममा कम्युनिष्ट झुण्ड्याउँदैमा कम्युनिष्ट हुँदैन । उसको बोलीबाट होइन उसको व्यवहारको परिणामबाट मूल्याङ्कन गर्ने हो भने एमाले र माओवादीहरू कुनै हालतमा कम्युनिष्ट होइनन् । तिनीहरू पूँजीवादी पार्टी हुन् ।

**☐ नेमकिपाले देशको नेतृत्व गरेर जनताको सेवा कहिले गर्ने ?**

अहिले संसारभर पूँजीवादीहरूको बोलवाला चलिरहेको स्थिति छ । सधैं त्यो स्थिति रहँदैन । समयअनुसार यदि प्रगति गर्न सकेन भने साम्राज्यवादीहरू टिक्दैन र प्रगतिशील विचार अगाडि बढ्छ । त्यसलाई समाप्त गर्ने विचार भनेको समाजवादी विचार हो । शासन सत्तामा को बस्छ त्यो महत्त्वपूर्ण कुरा होइन । कसले के विचार बोक्छ त्यो महत्त्वपूर्ण कुरा हो । विचारले संसारलाई बदल्छ । त्यो संसारलाई बदल्ने समाजवादी विचार बोकेर नेमकिपा अगाडि बढ्दै छ । शासन सत्तामा जानेभन्दा पनि हामी जनताको सेवालाई प्राथमिकतामा राख्छौं । पूँजीवादी व्यवस्था भनेको फोहोर पोखरी हो । फोहोर पोखरीमा नुहाएर कोही पनि सफा हुन सक्दैनन् । पद र पैसाको निम्ति कार्यकर्ता लडिरहेका छन्, पार्टी फोडिरहेका छन् । तिनीहरू कुनै हिसाबले पनि कम्युनिष्ट होइनन् । निर्वाचन भनेको विचारको प्रतिस्पर्धा नभई पैसाको प्रतिस्पर्धा हुन गयो । हाम्रो पार्टी विचारमा कोही पार्टीभन्दा सानो छैन । चुनाव हार्नुभन्दा विचारमा हामी कहिल्यै सम्झौता गर्दैनौं ।

(नेमकिपा जुम्लाको १४औँ जिल्ला सम्मेलनमा भाग लिन जुम्ला पुग्नु भएका नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग रेडियो खुला आकासका प्रस्तोता मानबहादुर कुँवरले भाद्र २९ गते लिनुभएको अन्तरवार्ता सम्पादनसहित )

# एमसीसी सम्झौता : महाकाली सन्धि नदोहोरियोस्

एमसीसीका उपाध्यक्षको नेपाल भ्रमणसँगै अमेरिकी सहस्राब्दी चुनौती परियोजना (एमसीसी) पारित गर्न देउवा सरकारमाथि चर्को दबाब परेको छ। एमसीसी परियोजना नेपाल र नेपाली जनताको हितमा छैन भन्ने कुरा यतिञ्जेल घामजत्तिकै छर्लङ्ग भइसकेको छ। सुरु–सुरुमा यो परियोजनाको पक्षमा बोल्ने कथित बुद्धिजीवी, अर्थशास्त्री र विज्ञहरू पनि अहिले बोल्न सकिरहेका छैनन्।

सरकारले सुरुमा सकेसम्म सम्झौता नेपाली जनताबाट लुकाउने प्रयास गरेको थियो। देशको सार्वभौमिकता र स्वतन्त्रताको मुद्दामा सधैँ गम्भीर र संवदेनशील नेपाली जनता यो सम्झौताको विरोधमा उत्रने थाहा भएका शासक दलहरूले सकेसम्म लुकाएरै वा झुक्याएर सम्झौता पारित गर्न खोजेको थियो। नेपालका केही कथित बुद्धिजीवी, विज्ञ र अर्थशास्त्रीहरूलाई एमसीसीको पक्षमा बोल्न र लेख्न लगाएर यो परियोजना पारित गर्ने अवस्था सिर्जना गर्न शासक दलहरूले मिहिनेत गरेका थिए। तर, सूचना प्रविधिको युगमा सरकारले चाहेर पनि त्यो परियोजनाको वास्तविकता नेपाली जनताको आँखाबाट लुकाउन सकेन। परियोजनाका विभिन्न देशघाती मुद्दा उजागर भएसँगै व्यापक नेपाली जनता अहिले त्यसको विरोधमा छन्। केही करोड डलरको लोभमा देशको सार्वभौमिकता कमजोर हुने सम्झौता गर्न नहुने मत अहिले धेरै जनताको छ।

तर, नेपाली जनताको भलाइ र भावनाभन्दा विदेशी शक्तिहरूको आडमा टिकेका नेपालका शासक राजनीतिक दलहरू देशको हितलाई भन्दा विदेशी स्वार्थको सेवा गर्न लालायित छन्। सुरुमा एमसीसी परियोजनामा हस्ताक्षर गरेका तत्कालीन अर्थमन्त्री नेपाली काङ्ग्रेसका नेता ज्ञानेन्द्रबहादुर कार्की अहिले कानुनमन्त्री छन्। आफूले गरेको सम्झौता पारित गराउन अहिले उनीमाथि नैतिक दबाब पनि छ। साम्राज्यवादी शक्तिको सेवा र पक्षधरताको कारण यसअघि नै बदनाम शेरबहादुर देउवा नेतृत्वको सरकार यो सम्झौता पारित गर्ने पक्षमा छ। खासमा यो सरकारको जग र प्राणवायु नै एमसीसी परियोजनासँग जोडिएको छ। एमसीसी परियोजना पारित गर्न सहज हुने अपेक्षाअनुसार नै देउवा सरकार गठन भएको विश्लेषण घटनाक्रमले पुष्टि गरेको छ। देउवा सरकारले पूर्णता पनि नपाउँदै एमसीसीका उच्च अधिकारीको नेपाल भ्रमण र त्यही समयमा सम्झौता संसद्बाट पारित गर्ने सरकारको हतारो देख्दा यो दृश्य अझ प्रष्ट बनेको छ।

महाकाली सन्धि पारित गर्न देउवा सरकारले खेलेको घिनलाग्दो राजनीतिबारे नेपाली जनता जानकार छन्। महाकाली सन्धि पारित गर्दा ताका पनि देशमा समृद्धि र विकासको चर्चा चलेकै थियो। तर, सन्धि पारित भएको दुई दसकभन्दा लामो समय व्यतीत भइसक्दा पनि सो सम्झौताको विस्तृत परियोजना प्रतिवेदन पनि पारित हुन सकेको छैन। महाकाली सन्धिले न नेपाललाई विकास दियो, न समृद्धि नै। बरु सीमा नदीबाट नेपालले पाउँदै आएको पानी झन् झन् घट्दै गयो। नेपाली भूमि क्रमशः खुम्चिँदै गयो। यतिबेला फेरि देउवा प्रधानमन्त्री छन्। एमसीसी पारित गर्न पहल गर्दैगर्दा देउवा फेरि पनि राष्ट्रघातको टिका लगाउन आतुर भएको देखापर्छ। एक जना नेताले कति पटक देशघात गर्ने अनि नेपाली जनता कति पटक देशघात हेर्दै बस्ने ?

एमसीसीको प्रभाव महाकाली सन्धिभन्दा धेरै गुणा नकारात्मक र खतरनाक हुने अवस्था छ। एमसीसी सम्झौताले नेपाललाई शक्ति राष्ट्रहरूबीचको झगडामा कमजोर शिकार मात्र बनाउने छ। एमसीसी परियोजना संरा अमेरिकी सैनिक रणनीतिकै हिस्सा हो। त्यसकारण यसमा सामेल हुनुको अर्थ नेपाल पनि अमेरिकी सैनिक मोर्चामा सामेल हुनु हो। यसले नेपाललाई साम्राज्यवादी शक्तिको सैनिक क्रिडास्थलमा परिणत गर्नेछ। शासक दलहरूको स्वार्थको मिलनले यो सम्झौता रातारात पनि पारित गर्ने खतरा छ। त्यसको निम्ति नेपाली जनता सजगतापूर्वक सम्झौताको कडा प्रतिरोध गर्न अग्रसर बनौँ।

*सम्पादकीय, 'मजदुर' दैनिक*

# एमसीसी सम्झौताका केही बुँदा

एमसीसी सम्झौतामा सन् २०१७ सेप्टेम्बर १४ विहीबारका दिन संरा अमेरिकाको वाशिङटन डी.सी.मा मिलेनेयम च्यालेन्ज कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत (कामु) जोनाथन जी. नाश र नेपालको तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले हस्ताक्षर गरेका थिए।

यस सम्झौतामा धारा ८, अनुसूची ८, परिशिष्ट १२, पृष्ठ ७७ रहेकोमध्ये केही बुँदा पाठकहरूको जानकारीको लागि एमसीए नेपालको वेबसाइट (mcanp.org) बाट यहाँ दिइएको छ।

धारा २

दफा २.१ कार्यक्रम वित्तीय व्यवस्था. दफा ७.३ बमोजिम यो सम्झौता लागू भए पछि, यस सम्झौताका शर्तहरू बमोजिम एमसिसिले सरकारलाई पैतालिस करोड पन्चानब्बे लाख (४५,९५,००,०००) अमेरिकी डलर भन्दा बढी नहुने गरी (**"कार्यक्रम वित्तीय व्यवस्था"**) सरकारको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि रकम उपलब्ध गराउनेछ। कार्यक्रम वित्तीय व्यवस्थाको विनियोजन अनुसूची २ मा सामान्य रुपमा उल्लिखित छ।

दफा २.२ सम्झौता सिडिएफ.

(क) प्रस्तुत सम्झौतामा हस्ताक्षर भए पछि, एमसिसिले सरकारलाई यस सम्झौताका शर्तहरू बमोजिम दफा २.१ मा उल्लेख गरिएको कार्यक्रम वित्तीय व्यवस्थाका अतिरिक्त थप चार करोड पाँच लाख (४,०५,००,०००) अमेरिकी डलर भन्दा बढी नहुने गरी ("सम्झौता सिडिएफ") मिलेनियम च्यालेन्ज ऐन, २००३ को दफा ६०९ (छ), संशोधन समेत ("एमसिए ऐन") अन्तर्गत देहायका प्रयोजनको लागि एवं यस सम्झौता कार्यान्वयनलाई सहज बनाउन सरकारले उपयोग गर्ने गरी रकम उपलब्ध गराउनेछः

दफा २.५ ब्याज. एमसिसि वित्तीय व्यवस्थालाई कार्यक्रम प्रयोजनका लागि उपयोग गर्नु पूर्व उक्त एमसिसि वित्तीय व्यवस्थामा प्राप्त हुने कुनै पनि ब्याज वा अन्य आय कार्यक्रम कार्यान्वयन सम्झौता बमोजिम सरकारले एमसिसिलाई भुक्तानी दिने वा हस्तान्तरण गर्नेछ।

धारा २-८

(ग) दफा २.८(क) वा अनुसूची ७ मा उल्लेख भएको व्यवस्था विपरित कर भुक्तानी भएमा सरकारले अविलम्ब एमसिसि (वा एमसिसिले तोकेको अन्य पक्ष) लाई उक्त कर वापतको रकम अमेरिकी डलर वा नेपाली रूपैयाँमा सो बमोजिम कर भुक्तान भएको लिखित (एमसिसि वा एमसिए-नेपालबाट) सूचना सरकारले पाएको ३० दिन (वा पक्षहरू बीच लिखित रुपमा सहमति भएको अवधि) भित्र फिर्ता गर्नेछ। त्यस्तो रकम तोकिएको समयभित्र फिर्ता गर्न नसकेमा फिर्ता नगरिएको रकममा दफा ५.४ बमोजिम ब्याज लाग्ने छ।

(घ) सरकारले दफा २.८ (ग) अन्तर्गतको आफ्नो दायित्व परिपूर्तिका लागि एमसिसि वित्तीय व्यवस्था वा सो को प्रतिफल वा कार्यक्रमको सम्पत्ति प्रयोग गर्न पाउने छैन।

धारा ३

दफा ३.२ सरकारको जिम्मेवारी.

(क) कार्यक्रमको कार्यान्वयन पर्यवेक्षण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी सरकारको हुनेछ।

(ख) सरकारले एमसिसिको लिखित रुपमा पूर्व स्वीकृति लिई परियोजना तथा परियोजनाका क्रियाकलापहरूको कार्यान्वयनको व्यवस्थापन गर्ने, स्रोतको विनियोजन गर्ने तथा खरिद व्यवस्थापन गर्ने लगायतका सरकारको कार्यक्रम पर्यवेक्षण, व्यवस्थापन र कार्यान्वयन गर्ने अधिकार तथा दायित्व पूरा गर्न तथा कार्यक्रम कार्यान्वयन गर्ने उत्तरदायित्व भएको नेपालको मन्त्रिपरिषद्‌बाट जारी गरिएको गठन आदेशको माध्यमबाट स्थापित हुने एउटा निकाय तोक्नेछ। सो निकायलाई यसमा **"एमसिए-नेपाल"** भनी सम्बोधन गरिनेछ, र एमसिए-नेपाललाई सरकारको तर्फबाट कार्यक्रम सम्बन्धी क्रियाकलापका सम्बन्धमा सम्पूर्ण कार्य गर्ने अख्तियारी हुनेछ। सरकारले यसै सम्झौताबाट एमसिए-नेपाललाई मिति जुलाई २०, २०१६ को संशोधित र प्रतिस्थापित प्रारम्भिक अनुबन्धन सम्बन्धी प्राविधिक सहयोग अनुदान सम्झौता [Amended and Restated Initial Engagement Technical Assistance Grant Agreement, dated July 20, 2016] मा परिभाषित क्रियाकलापहरूको पर्यवेक्षण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने सरकारको अधिकार तथा जिम्मेवारी पूरा गर्न निर्दिष्ट गरेको छ। प्रस्तुत दफा ३.२ (ख) बमोजिम निकाय तोकेको कारणबाट सरकारले यस सम्झौता बमोजिम वा अन्य कुनै सम्बन्धित सम्झौता बमोजिम पूरा गर्नुपर्ने जिम्मेवारी वा दायित्वबाट उन्मुक्ति पाउने छैन र सोको लागि सरकार पूर्ण रुपमा उत्तरदायी रहनेछ। एमसिसिले दफा ३.२ (ख) बमोजिमको निकाय तोक्ने सम्बन्धमा यसै सम्झौता बमोजिम स्वीकृति तथा सहमति जनाएको छ।

(च) सरकारले आफ्नो तर्फबाट एमसिसिलाई बौद्धिक सम्पत्तिको कुनै अंश वा अंशहरू हाल ज्ञात भएको वा यस पश्चात विकसित हुने एमसिसिले उपयुक्त देखेको कुनै माध्यममा जुनसुकै प्रयोजन (उत्पादन, पुनः उत्पादन, प्रकाशन, परिवर्तन, प्रयोग, सञ्चय, रुपान्तरण वा उपलब्ध गराउने अधिकार समेत) का लागि अविच्छिन्न, अपरिवर्तनीय, रोयल्टीरहित, विश्वव्यापी, पूर्णरुपमा भुक्तान गरिएको, हस्तान्तरण गर्न सक्ने अधिकार तथा प्रयोग गर्न वा गरेको हुन अनुमति प्रदान गर्दछ ।

दफा ३.७ अभिलेख, लेखाङ्कन, आवृत प्रदायकहरू, पहुँच.

(क) सरकारी हिसाब (किताब) र अभिलेख. सरकारले सम्पूर्ण एमसिसि वित्तीय व्यवस्थाको उपयोग तथा कार्यक्रमको परिणाम तथा कार्यान्वयन प्रतिविम्बित गर्न पर्याप्त लेखाङ्कन सम्बन्धी हिसाब, अभिलेख, कागजपत्र र अन्य कार्यक्रम सम्बन्धी प्रमाणको अभिलेख (**"सम्झौता अभिलेखहरू"**) एमसिसि सन्तुष्ट हुने गरी राख्नु पर्नेछ तथा समेटिएका सम्पूर्ण प्रदायकहरूले सोही बमोजिम सम्झौता अभिलेख राख्ने सम्बन्धमा सुनिश्चित गर्न सर्वोत्तम प्रयत्न गर्नेछ । यसका अतिरिक्त, सरकारले एमसिसिको अनुरोधमा एमसिसिलाई यस्ता सम्झौता अभिलेखहरूको सक्कल वा प्रतिलिपि उपलब्ध गराउनेछ ।

(ख) लेखाङ्कन. सरकारले संयुक्त राज्यको प्रचलित सामान्यतया स्वीकृत लेखा सिद्धान्तहरू बमोजिम, वा सरकारले चाहेमा एमसिसिको लिखित पूर्व स्वीकृति लिएर, अन्य लेखा सिद्धान्तहरू, जस्तै (१) अन्तर्राष्ट्रिय लेखाङ्कन मानक बोर्डले निर्धारण गरेका, वा (२) नेपालमा प्रचलित लेखा सिद्धान्तहरू बमोजिम सम्झौता अभिलेखहरू राख्नेछ तथा समेटिएका सम्पूर्ण प्रदायकहरूले सोही बमोजिम सम्झौता अभिलेख राखेको सुनिश्चित गर्न सर्वोत्तम प्रयत्न गर्नेछ । सम्झौता अभिलेखहरू सम्झौता अवधि समाप्त भए पछि कम्तीमा पाँच वर्षसम्म वा कुनै मुद्दा, दावी वा लेखापरीक्षणको निष्कर्षको निरुपणका लागि वा प्रचलित कानूनको आवश्यकता बमोजिम सो भन्दा बढी समयसम्म सुरक्षित राख्नुपर्नेछ ।

(ग) पहुँच. एमसिसिले अनुरोध गरेमा, सरकारले, प्रत्येक मुनासिब समयमा, एमसिसिका आधिकारिक प्रतिनिधिहरू, एमसिसिका महानिरीक्षक (***"महानिरीक्षक"***), संयुक्त राज्य सरकारको अकाउन्टेबिलिटि कार्यालय, प्रस्तुत सम्झौतामा वा यस सम्झौतालाई अगाडि बढाउने सम्बन्धमा लेखा परीक्षण गर्न जिम्मेवारी पाएको कुनै पनि लेखापरीक्षक, र एमसिसि वा सरकारबाट कार्यक्रमको कुनै आँकलन, पुनरावलोकन वा मूल्याङ्कन गर्नका लागि नियुक्त गरिएको कुनै एजेन्ट वा प्रतिनिधिलाई, एमसिसि वित्तीय व्यवस्थाद्वारा आंशिक वा पूर्ण रुपमा वित्त उपलब्ध गराइएको सुविधा, सम्पत्ति, तथा क्रियाकलापहरूको लेखापरीक्षण, पुनरावलोकन, मूल्याङ्कन वा निरीक्षण गर्ने अनुमति दिने वा उपलब्ध गराउनेछ ।

दफा ३.८ लेखापरीक्षण, पुनरावलोकन.

(क) सराकारी लेखापरीक्षण. पक्षहरूले लिखित रुपमा अन्यथा सहमति गरेको अवस्थामा बाहेक, सरकारले प्रस्तुत सम्झौताको अवधिको अन्त्यसम्म कम्तीमा अर्धवार्षिक रुपमा, यस सम्झौतामा हस्ताक्षर भएदेखि सो पछिको सेप्टेम्बर ३० वा मार्च ३१, जुन अगाडि हुन्छ, सो समयावधि समावेश हुने गरी तथा सो पश्चात् सेप्टेम्बर ३० वा मार्च ३१ सम्मको प्रत्येक अर्ध वार्षिक अवधिको लागि एमसिसि वित्तीय व्यवस्थाको वित्तीय लेखापरीक्षण, गर्ने, वा गराउने छ । यसका अतिरिक्त, एमसिसिको अनुरोधमा, सरकारले उक्त लेखापरीक्षण एमसिसिले नियुक्त गरेको तथा महानिरीक्षकले स्वीकृत गरेको स्थानीय लेखापरीक्षकहरूको सूचीमा

सूचीकृत स्वतन्त्र लेखापरीक्षकबाट वा महानिरीक्षकले जारी तथा समय समयमा संशोधन गरेको एमसिसिका मिलेनियम च्यालेन्ज कर्पोरेसनका उत्तरदायी निकायहरूले वित्तीय लेखापरीक्षण सम्झौता गर्ने निर्देशिका (**"लेखा परीक्षण निर्देशिका"**) बमोजिम छनौट गरिएको संयुक्त राज्य अवस्थित मान्यता प्राप्त सार्वजनिक लेखाङ्कन गर्ने फर्मबाट भएको सुनिश्चित गर्नेछ । लेखापरीक्षण निर्देशिका बमोजिम तथा महानिरीक्षकको गुणस्तर प्रत्याभूति निरीक्षणको अधीनमा रही लेखापरीक्षण गरिनेछ । प्रत्येक लेखापरीक्षण सम्पन्न गरी उपयुक्त लेखापरीक्षण अवधि

समाप्त भएको बढीमा ९० दिनभित्र वा पक्षहरू बीच लिखित सहमति भए बमोजिमको अन्य अवधिभित्र एमसिसिलाई लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ। प्रस्तुत दफा ३.८ (क) मा उल्लेख भए बमोजिमको शर्तले नेपालको महालेखापरीक्षकको कार्यालयलाई एमसिए-नेपालको लेखापरीक्षण गर्न रोक लगाउने छैन।

(ख) अन्य निकायको लेखापरीक्षण. सरकारले (१) सरकार वा कुनै प्रदायक तथा संयुक्त राज्यको गैरनाफामूलक संस्था बीच हुने एमसिसिद्वारा वित्त उपलब्ध गराउने सम्झौताहरूमा त्यस्तो संयुक्त राज्यको गैरनाफामूलक संस्थाले संयुक्त राज्यको व्यवस्थापन तथा बजेट कार्यालयले जारी गरेको यूनिफर्म एडमिनिस्ट्रेटिभ रिक्वायरमेन्ट्स, कस्ट प्रिन्सिपल्स एण्ड अडिट रिक्वायरमेन्ट्स फर फेडरल अवार्ड्समा रहेका प्रचलित लेखापरीक्षण सम्बन्धी शर्तहरूको अधीनमा रही लेखापरीक्षण गराउने, (२) सरकार वा कुनै सेवा प्रदायक तथा संयुक्त राज्यको नाफामूलक संस्था बीच हुने एमसिसिद्वारा वित्त उपलब्ध गराउने सम्झौताहरूमा त्यस्तो संयुक्त राज्यको नाफामूलक संस्थाले, एमसिसि र सरकारले लिखित रुपमा अन्यथा सहमति गरेको अवस्थामा बाहेक, संयुक्त राज्यको सम्बद्ध सरकारी निकायबाट सरकारी बाट लेखापरीक्षण गराउने, तथा (३) सरकार वा कुनै सेवा प्रदायक तथा गैर संयुक्त राज्यमा समेटिएका प्रदायक बीच हुने एमसिसिद्वारा वित्त उपलब्ध गराउने सम्झौताहरूमो गैर संयुक्त राज्यमा समेटिएका प्रदायकले लेखापरीक्षण निर्देशिका बमोजिम लेखापरीक्षण गराउने शर्त उल्लेख भएको सुनिश्चित गर्नेछ।

दफा ६.३ बाझिएमा लागू हुने व्यवस्था.

(क) कुनै पनि अनुसूची तथा १ देखि ८ सम्मका धारा बाझिएमा वा परस्पर असङ्गत भएमा लागू हुने हदसम्म त्यस्तो धारा १-८ लागू हुनेछन्, वा

धारा ६ (ख) कार्यक्रमका सम्बन्धमा प्रस्तुत सम्झौता र अन्य कुनै सम्झौता बाझिएमा वा परस्पर असङ्गत भएमा प्रस्तुत सम्झौता लागू हुनेछ।

दफा ६.८ एमसिसिको हैसियत.

एमसिसि प्रस्तुत सम्झौताको कार्यान्वयनको लागि संयुक्त राज्य अमेरिकाको तर्फबाट कार्यरत संयुक्त राज्य अमेरिकाको सरकारी निगम हो। प्रस्तुत सम्झौता अन्तर्गत कुनै पनि क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हुने कुनै पनि हानि वा दावी प्रति एमसिसि तथा संयुक्त राज्य अमेरिकाले दायित्व वहन गर्दैन। सरकारले एमसिसि वा संयुक्त राज्य सरकार वा एमसिसि वा संयुक्त राज्य सरकारका कुनै वर्तमान वा निवर्तमान अधिकारी वा कर्मचारी विरुद्ध प्रस्तुत सम्झौता अन्तर्गतका क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हुन सक्ने कुनै पनि हानि, नोक्सानी, चोटपटक वा मृत्यु सम्बन्धी कुनै वा सम्पूर्ण दावीहरू परित्याग गरेको छ। सरकारले उल्लिखित कुनै पनि निकायका विरुद्ध त्यस्तो हानी, नोक्सानी, चोटपटक वा मृत्युका सम्बन्धमा कुनै प्रकारको दावी वा कानूनी प्रकृया अवलम्बन नगर्ने कुरामा सहमति जनाएको छ। प्रस्तुत सम्झौता अन्तर्गतका क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हुने कुनै हानि वा दावीका सम्बन्धमा एमसिसि तथा संयुक्त राज्य सरकार वा एमसिसि वा संयुक्त राज्य सरकारका कुनै वर्तमान वा भूतपूर्व अधिकारी वा कर्मचारीहरू नेपालका कुनै पनि अदालत तथा न्यायाधिकरणको क्षेत्राधिकारबाट उन्मुक्त रहने छन् भनी सरकारले सहमत भएको छ।

धारा ७

दफा ७.१ आन्तरिक शर्त. प्रस्तुत सम्झौता लागू गर्न आवश्यक आन्तरिक शर्तहरू पूरा गर्न सरकारले समयमै शुरुवात गर्नेछ। प्रस्तुत सम्झौता लागू भए पश्चात् प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ भन्ने पक्षहरूको बुझाई छ।

(२) एमसिसिलाई चित्त बुझ्ने ढाँचा तथा रुपमा नेपालको कानून तथा न्याय मन्त्री (वा एमसिसिलाई स्वीकार्य सरकारको अन्य कानूनी प्रतिनिधिले) सहिछाप गरेको कानूनी राय,

अनुसूची १-४

(ज) नीतिगत, कानूनी र नियामक सुधार

प्रस्तुत सम्झौताको दफा ८.१ को अतिरिक्त पक्षहरूले निम्नानुसारका नीतिगत, कानूनी, नियामक र संस्थागत सुधार एवं सरकारले परियोजनाको सहयोगमा गर्ने कार्यहरू पहिचान गरेका छन्। एमसिसि र सरकार विद्युत क्षेत्रको सुधारको लागि निम्नानुसार दुई वटा मुख्य आवश्यकताको सहमत भएका छन्: (१) एक स्वतन्त्र विद्युत क्षेत्र नियमकको संस्थापना, र (२) विद्युत क्षेत्रको नियमन गर्नको लागि नयाँ कानूनको निर्माण, जसले नियामक निकायलाई सो क्षेत्रका सञ्चालकहरूलाई इजाजतपत्र दिने, सञ्चालन प्रमाणपत्र दिने, सार्वजनिक हितको लागि दर तोक्ने र पारदर्शी रुपमा क्षेत्र सञ्चालनको लागि नियमहरू बनाउने सम्बन्धमा व्यवस्था गर्नेछ। नियामक निकाय स्थापना गर्ने र नियामकलाई उपयुक्त अधिकार प्रदान गर्ने कानूनको निर्माण भए पश्चात् मात्र प्रस्तावित नियामक र उर्जा मन्त्रालयलाई प्राविधिक सहयोग प्रदान गरिनेछ।

अनुसूची १ कार्यान्वयन ढाँचा

**१. एमसिए- नेपाल**

(क) संरचना र स्थापना

सरकारले मन्त्रिपरिषद्बाट एमसिए- नेपालको गठन आदेश पारित गरी सो आदेश नेपाल राजपत्रमा प्रकाशन गरी एमसिए-नेपाललाई एक विकास समितिको रुपमा स्थापना गर्नेछ। विकास समितिहरू स्वतन्त्र निकाय हुन् र नेपालमा सामान्यतया यस्ता समिति विभिन्न किसिमका परियोजना (विदेशी अनुदान र ऋणमा आधारित समेत) का लागि गठन गरिन्छन्। एमसिए-नेपाललाई निर्णय गर्ने पूर्ण स्वायत्तता हुनेछ: जस्तै: अन्य कुनै पक्षको समर्थन वा स्वीकृति विना नै निर्णय लिने: (१) आफ्नो नाममा सम्झौता गर्ने, (२) मुद्दा मामिला गर्ने (३) एमसिए-नेपालको नाममा बैंक खाता खोल्ने र सोही खाता मार्फत वित्तीय तथा बैंकिङ्ग कारोबार गर्ने,

(ग) व्यवस्थापन इकाई

निम्नानुसार व्याख्या गरिएको व्यवस्थापन इकाई सञ्चालक समितिप्रति जवाफदेही हुनेछ र सम्झौताको व्यवस्थापन तथा दैनिक क्रियाकलाप सञ्चालनको प्रमुख दायित्व व्यवस्थापन इकाईको हुनेछ।

कार्यकारी निर्देशक व्यवस्थापन इकाईको प्रमुख हुनेछ र प्रशासन निर्देशिका अनुसार पक्षहरू बीच सहमति भए अनुसार सञ्चालकहरू र अधिकृतहरू यसका सदस्य हुनेछन्। व्यवस्थापन इकाईको छनौट खुल्ला, प्रतियोगितात्मक र निष्पक्ष छनौट विधि मार्फत गरिनेछ र प्रत्येक नियुक्ति एमसिसिको नो अब्जेक्सनका आधारमा मात्र हुनेछ। व्यवस्थापन इकाईको काम, कर्तव्यलाई पूरा गर्न अधिकृतहरूलाई सहायता आवश्यक भएमा थप कर्मचारी नियुक्त गर्न सकिनेछ। थप पदहरूमा नियुक्ति आवश्यक भएमा एमसिए-नेपालले एमसिसिलाई लिखित जानकारी दिनेछ र एमसिसिको नो अब्जेक्सनका आधारमा मात्र नियुक्ति गरिनेछ।

अनुसूची २

**२. सरकारको योगदान.**

सरकारको योगदानमा जिन्सी तथा आर्थिक योगदान र उक्त आर्थिक सहयोग अन्तर्गतको दायित्वमा हुन आउने ऋण समावेश गरिएको छ। उक्त दायित्व अन्तर्गत सरकारले एमसिसि वित्तीय व्यवस्थाको सहायताको लागि बजेट छुट्याएको छ। सरकारको योगदानको रुपमा उपलब्ध हुने रकम अमेरिकी डलर १३०,०००,००० रहेको छ। प्रस्तुत सम्झौता लागू हुनु पूर्व र हस्ताक्षर भए पश्चात सरकारको तर्फबाट सहयोगको रुपमा उपलब्ध हुने रकम अमेरिकी डलर ४०,०००,००० रहेको छ र बाँकी रहेको रकम अमेरिकी डलर ९०,०००,००० भने

कार्यक्रमको प्रारम्भिक खर्च वितरण हुनु पूर्व र सम्झौता अवधिभर वितरण गरिनेछ। सरकारको योगदानमा खासगरी सरकारको सबै दायित्व र कर छुट सम्बन्धी व्यवस्था पर्दछ। सरकारको योगदानले सबै कानूनी प्रक्रिया र बजेट सम्बन्धी प्रक्रिया पूरा गर्नुपर्नेछ। उक्त रकम संसदबाट स्वीकृत वार्षिक बजेट अनुरुपको हुनुपर्नेछ। पक्षहरूले कार्यक्रम कार्यान्वयन सम्झौता वा अन्य पूरक सम्झौतामा सरकारको योगदानको आवश्यकता र प्रक्रिया तोकेको हुनुपर्नेछ। उक्त व्यवस्था एमसीसी वित्तीय व्यवस्थाको भुक्तानीका लागि शर्त हुन सक्नेछ।

## अनुसुची ५
## लागू हुनका लागि अतिरिक्त पूर्व शर्तहरू

प्रस्तुत सम्झौताका शर्तहरूलाई कार्यान्वयनमा ल्याउन निम्नानुसारका थप पूर्व शर्तहरू अनिवार्य रुपमा पालना गरिएको हुनुपर्दछ।

(क) सरकारले एमसिसिलाई सार र रुपमा चित्त बुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना पठाउँदा, भारत सरकारले सो योजनाको समर्थन गरेको हुनुपर्नेछ। त्यस्तो योजनाले (१) नयाँ बुटवल अन्तरसीमा गोरखपुर प्रसारण लाइन निर्माणको लागि आवश्यक प्रमुख वित्तीय तथा प्राविधिक कार्ययोजना र (२) सोको परिचालनका लागि आवश्यक सिद्धान्त समेटेको हुनुपर्ने,

(ख) सरकारले संघीय संसदमा विद्युतीय नियमन आयोग सम्बन्धी विधेयक पारित भएको वा विधेयक पारित गर्ने काममा एमसिसि सन्तुष्ट हुने गरी प्रगति भएको कुराको प्रमाण सरकारले एमसिसि समक्ष पेश गरेको हुनुपर्ने,

(ग) सम्झौता अन्त्य हुने मिति अगावै परियोजना सम्पन्न भएको सुनिश्चित गर्न नेपाल सरकारले जग्गा प्राप्ति, निर्माणस्थलमा पहुँच र वनक्षेत्र उपयोगको स्वीकृति सम्बन्धी सबै आवश्यक कार्य समयमै सम्पन्न भएको सुनिश्चित गर्न आवश्यक भएको भनी एमसिसिले पहिचान गरे बमोजिमका स्वीकृति, अनुमति र निर्णय दिइसकेको वा गरिसकेको लागि आवश्यक पर्ने स्वीकृति, ईजाजतपत्र आदि नेपाल सरकारले प्रदान गरिसकेको हुनुपर्ने,

(घ) सरकारले विद्युतीय प्रसारण परियोजनालाई राष्ट्रिय गौरवको परियोजनाको रुपमा तोकेको हुनुपर्ने।

**अनुसूची ७**

छुट दिइने कर तथा फिर्ता गरिने करहरू देहाय बमोजिम छन्:

| अनुसूची | कर | संयन्त्र (प्रणाली) |
|---|---|---|
| क | मु.अ.कर | छुट र फिर्ता |
| ख | भन्सार महसुल | छुट र फिर्ता |
| ग | अन्त:शुल्क | छुट र फिर्ता |
| घ | कर्पोरेट आयकर तथा श्रोतमा कर कट्टी | छुट |
| ङ | व्यक्तिगत आयकर | छुट |
| च | पेट्रोलियम कर | छुट र फिर्ता |
| छ | दूरसञ्चार सेवा कर | छुट र फिर्ता |
| ज | सम्पत्ति कर | छुट र फिर्ता |
| झ | सेवा कर | छुट र फिर्ता |
| ञ | अन्य राष्ट्रिय करहरू | छुट र फिर्ता |
| ट | स्थानीय कर | छुट र फिर्ता |

# एमसीसी सम्झौताका साथै साम्राज्यवादका ज्यावलहरुविरुद्ध सङ्घर्ष जारी राखौं !

**यशराज**

कुनैपनि देश राजनीतिक, सामाजिक तथा आर्थिकरूपमा कमजोर बन्दा उपनिवेशवादी, प्रभुत्ववादी तथा साम्राज्यवादी शक्तिको चलखेल, हस्तक्षेप, हैकम एवम् थिचोमिचो बढ्न थाल्छ । अशान्ति, अस्थिरता र अविकासको कारण देखाई साम्राज्यवादीहरू कमजोर देशहरूमा पस्छन् । नेपाल अहिले इतिहासकै अत्यन्त कमजोर स्थितिमा पुगेको नकार्न सकिन्न । नेपाल वैदेशिक ऋणको बोझले बेस्सरी थिचिएको छ । अत्यन्त कमजोर तथा लचकदार राजनीतिक नेतृत्व तथा गुट–उपगुटमा विभक्त शासक दलहरू नै आजको नेपालको यथार्थ हो ।

विश्व राजनीति पनि छिटोछिटो परिवर्तन हुँदै छ । अफगानिस्तानबाट 'विश्वशक्ति' संरा अमेरिका बीस वर्षपछि पूर्णरूपमा असफल भई भर्खरै भाग्यो । उसैको 'प्रतिस्पर्धी' चीन विश्वको उदाउँदो शक्ति बन्यो । संरा अमेरिकाले चारैतिरबाट चीनलाई घेर्ने नीतिलाई तीव्रता दिइरहेको पनि जगजाहेर छ । संरा अमेरिका शीतयुद्धकालीन मनस्थितिबाट माथि उठ्न नसकेको उसको व्यवहारबाट प्रस्ट बुझिन्छ । चीनविरुद्ध 'भारतीय कार्ड' फ्याँक्ने अमेरिकाको चाल त्यति नयाँ होइन । संरा अमेरिका भारतीय काँध चढेर अमेरिका हिन्द–प्रशान्त क्षेत्रमा प्रभुत्व जमाउने सपना देख्दै छ । यसबाट नेपाल कस्तो संवेदनशील मोडमा पुग्दै छ भन्ने अनुमान लगाउन सहज हुन्छ । यही अन्तर्राष्ट्रिय तथा क्षेत्रीय परिस्थितिमा संरा अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) लाई एसियामा केन्द्रित गर्दै छ । नेपाल र संरा अमेरिकी हिन्द प्रशान्त सैन्य रणनीतिअन्तर्गतको निकाय एमसीसीबीच २०१७ सेप्टेम्बर १४ मा ५० करोड अमेरिकी डलरको सहयोगसम्बन्धी सम्झौता भएको थियो । गैर सैन्य रणनीतिक 'बीआरआई' विरुद्ध सैन्य रणनैतिक उद्देश्यका साथ एमसीसी अगाडि सारिएकोबारे पनि विश्वमा बहस चल्दै छ । यतातर्फ पनि संवेदनशील नेपाली जनताले आँखा चिम्लिन मिल्दैन ।

**अमेरिकाभन्दा अमेरिकावादी !**

नेपालका राजनीतिक दलहरू 'एमसीसी' को विषयलाई लिएर पक्ष–विपक्षमा फेरि विभाजित भएका छन् । 'एमसीसी' का उपाध्यक्ष फातिमा सुमार २०७८ भाद्र २४ गते काठमाडौँ आइन् । शासक दलका नेताहरूको घरघर पुगेर संवाद गरिन् या दबाब दिइन् । धेरै सम्भावना छ, प्रलोभन देखाइन् । 'एमसीसी पारित हुनेमा ढुक्क' भई सुमार भाद्र २७ गते आइतबार अपरान्ह फिर्ता भइन् । उनको नेपाल भ्रमणले नेपाली राजनीतिमा हलचल मच्चायो । उनको भ्रमण हतार–हतारमा हुनुको उद्देश्य एमसीसीविरुद्ध नेपाली जनताको बढ्दो आक्रोश मत्थर पार्नु नै हो । साथै, यही भाद्र २९ गते सम्झौताले चार वर्ष नाघ्दै छ ! समयावधिको चापलाई ध्यानमा राखी पनि त्यो भ्रमण भएको नकार्न सकिन्न । हालै देउवा नेतृत्वको गठबन्धन सरकार निर्माण लगत्तै एमसीसी संसद्‌बाट पारित गर्ने प्रक्रिया तीव्र गतिमा अगाडि बढाइयो । वि.सं. २०७४ मा देउवाकै सरकार थियो, त्यसताका पनि एमसीसी सम्झौतापश्चात् पारित गर्ने प्रयास भएको थियो । त्यसपछि गठन भएको ओली सरकारले पनि प्रक्रिया अगाडि बढाएको थियो । नेपाल मजदुर किसान पार्टीले सडक र सदनमा त्यस सम्झौताको निरन्तर विरोध गर्दै आइरहेको छ । सचेत देशभक्त नेपाली जनता पनि देशघाती एमसीसी सम्झौताविरुद्ध सडकमा सङ्घर्षरत छन् ।

एमसीसीको पक्षमा विशेषगरी सत्ताधारी, सत्तालोभी, सत्ताका आसेपासे, पदका आकाङ्क्षी, संरा अमेरिकाको सहयोगमा सञ्चालित सङ्घ–संस्थाका जागिरे, एनजीओ–आईएनजीओका सञ्चालक, अमेरिकी कम्पनीमा आबद्ध व्यवसायी या व्यापारी, नेपाली भूमिलाई आफ्नै छिमेकीविरुद्ध प्रयोग गर्न दिन चाहने दुष्टहरू खुलमखुला लागेको प्रस्ट छ । तिनीहरू सोझासीधा नेपाली जनतालाई लोभ देखाउने प्रयास गर्दै छन् । नेपालीको गरीबी तथा पछौटेपनको फाइदा उठाउने बदनियतका साथ संरा अमेरिकी अधिकारीहरू आइरहेका भन्ने कुरा बुझ्न कठिन छैन । संरा अमेरिकाले नेपाललाई यतिबिघ्न दबाब दिन सक्नुको पछाडि बन्चरोको बीँड बन्न तयार नेपाली शासक वर्ग तथा तिनको मगन्ते प्रवृत्ति, दास मानसिकता तथा राजनीतिक स्वार्थ पूर्तिको अभिष्ट रहेको बुझ्न गाह्रो छैन । एमसीसी सम्झौतालाई तिनै दलाल वर्गले यो चरणसम्म पुऱ्याएका हुन् । तसर्थ, संरा अमेरिकी साम्राज्यवादको जति निन्दा, भर्त्सना तथा विरोध आवश्यक छ त्यति नै तिनका ज्यावलहरू तथा दलालहरूको पनि विरोध हुन आवश्यक छ । जनताको सङ्घर्ष ती साम्राज्यवादीका ज्यावल तथा दलालविरुद्ध लक्षित नभएसम्म नेपाली समाजले शान्ति र आनन्दको सास फेर्न नपाउने निश्चित छ ।

एमसीसीको विरोध गर्नेहरू 'ग्वाँज', 'गवाँर', 'अनपढ' भनी सर्वसाधारण नेपालीको अपमान गरिँदै छ । एमसीसी पारित भए 'दुई चार पैसाका लागि कसैले खाडीमा पसिना बगाउनु पर्दैन' जस्ता आश्वासन बाँड्दै छन् । एमसीसीको परियोजना कार्यान्वयनपछि गरिबीबाट मुक्ति मिल्ने सपना बाँड्ने निर्लज्ज पूर्व प्रधानमन्त्रीहरू पनि देखिए । एमसीसी फिर्ता गए नेपाल–अमेरिकाबीचको सम्बन्ध बिग्रिने र सम्बन्धमा दीर्घकालीन

असर पर्ने चेतावनी पनि दिँदै छन्। एमसीसी पारित नभए गठबन्धनको सरकार ढल्ने चेतावनीसमेत दिँदै छन्। यसरी एमसीसीका पक्षधरहरू डर, त्रास, धम्की, लोभ तथा आश्वासन देखाउँदै जसरी पनि पारित गर्ने उद्देश्यका साथ क्रियाशील छन्। एमसीसी पारित गर्न शासक दलहरूबीच मोलमोलाइ चलिरहेको र अमेरिकी बाइडेन प्रशासनलाई रिझाएर आशीर्वाद प्राप्त गर्ने होडबाजी भइरहेको व्यापक चर्चा छ। अचम्मको विषय त नेपाली शासक दल र तिनका नेताहरू आफू अमेरिकाको सबैभन्दा नजिक भएको प्रमाणित गर्न तँछाड मछाड गर्दै छन्। नेपाली जनतालाई चित्त बुझाउनतिर भन्दा पनि अमेरिकी प्रशासनको पाउ मोल्न तल्लिन देखिन्छन्। एक वरिष्ठ राजनीतिक विश्लेषकले शासक नेताहरूको वास्तविक चित्रण गर्दै भन्नुभयो– 'अमेरिकाभन्दा अमेरिकावादी !' नेपाल सरकारको गृह मन्त्रालयले लगातार दुईओटा चेतावनीयुक्त वक्तव्य निकाली एमसीसीको विरोधमा नउत्रिन र सडकमा आए दबाउने धम्की दिएबाट सरकारको वास्तविक मुहार उदाङ्गो भएको सर्वत्र चर्चा छ।

## एमसीसीको विरुद्ध जो निरन्तर सङ्घर्षरत छन्

नेपाली जनता बारम्बार आफ्नै शासकबाट ठगिए। कोशी, गण्डकीमा नराम्ररी ठगिएका नेपाली जनता पञ्चायतको अन्त्यपश्चात् आन्दोलनकारी शक्तिबाटै महाकाली सन्धि र त्यसपछि माथिल्लो कर्णालीमा फेरि ठगिए। ती सन्धि–सम्झौताको क्रममा पनि शासक नेताहरूले अनेकौँ आश्वासन दिएको जगजाहेर छ। तिनले भनेझैँ देशमा परिवर्तन कहिल्यै आएन। नेपाली जनतालाई धोका दिन तिनले पटक्कै अप्ठ्यारो मानेनन्। देशका महत्त्वपूर्ण नदी भारतीय शासक वर्गको पाउमा चढाएर तिनले अझै 'राष्ट्रभक्ति' को गीत गाइरहे !

अहिले आएर देशघाती महाकाली सन्धि गर्ने देउवा र उनका सहयोगीहरू एमसीसी पारित गर्न अर्को छलकपट गर्दै छन्। त्यो सम्झौता पारित गर्नकै निम्ति संसद्मा तेस्रो दल नेपाली काङ्ग्रेसका नेता देउवा नेतृत्वको गठबन्धन सरकार बनेको चर्चा सर्वत्र चलेकै छ। त्यसकारण, पनि यो पटक नेपाली कामदार जनता तथा देशभक्त नागरिकहरू सचेततापूर्वक आन्दोलनमा उत्रिरहेका छन्। 'पश्चिमा लाइन' को छवि भएका देउवालाई जबर्जस्त सत्तामा ल्याइनु, एमसीसी पारित गर्न हतारिनु, अमेरिकाको गतिविधि हवात्तै बढ्नु, विवाद नै नभएको उत्तरमा सीमा अध्ययन टोली खटाई हतारमा कार्य थालनी गर्नु आदिले नेपाली जनतालाई थप सशङ्कित बनाएको छ। उत्तरी सीमामा अनावश्यक विवाद सिर्जना गरेर वर्तमान गठबन्धन सरकारले आफ्नो मनोविज्ञान तथा पक्षधरता प्रस्ट पार्‍यो। देउवा कसलाई खुसी पार्न खोज्दै छन् भन्ने बुझ्न गाह्रो छैन। देशभक्त तथा साम्राज्यवादविरोधी नेपाली जनता एमसीसीको विरुद्ध सुरुदेखि नै सङ्घर्षमा छन्। नेपाललाई नव–उपनिवेश बनाउन नचाहने र बेलायती–भारतको दुईसय वर्षको औपनिवेशिक इतिहासबारे बुझेका नेपाली जनता एमसीसीको पचास अर्ब रुपैयाँका निम्ति अमेरिकी प्रभुत्व तथा दासता स्वीकार्न नहुने भन्दै एकजुट हुँदै छन्। संरा अमेरिकाको चरित्र, विदेशनीति, विश्व गतिविधि नजिकबाट नियालिरहेका नेपाली जनता अमेरिकाको अन्ध–समर्थन गर्न अस्वीकार गर्छन्।

अमेरिका के हो र को हो भन्ने बुझ्न टाढा पुग्नुपर्छ र ? एसियाली मुलुक इराक, अफगानिस्तानको दुरावस्था हेरे पुग्दैन ? लिबिया, सिरियामा के गर्‍यो उसले ? संसारसामु छर्लङ्ग छ। अमेरिका सहयोग, विकास, समृद्धि, प्रजातन्त्र, मानवअधिकारको आकर्षक नारा लगाउँदै स्वतन्त्र देशहरूमा पुग्छ तर निस्कँदा ध्वस्त पारेर निस्कन्छ। अर्को एसियाली मुलुक भियतनामबाट अमेरिका भागेको धेरै अगाडिको कुरा होइन ! के कोरियाको इतिहासले बताउँदैन अमेरिका के चाहन्छ ? भर्खरै चीनविरुद्ध अमेरिकाले व्यापार युद्ध छेडेको होइन ? नेपालजस्तो संवेदनशील भूभागका शासक तथा जनताले जुवाडे स्वभाव तथा लघुदृष्टि देखाए भविष्य के होला ? तसर्थ, एसियामा युद्ध थोपर्ने अमेरिकी नीतिको कुनैपनि सच्चा नेपालीले समर्थन जनाउन सक्दैन। तेस्रो विश्वयुद्धको भारी एसियालाई बोकाएर महाशक्तिको पगरी सुरक्षित राख्न खोज्नेको षड्यन्त्र नबुझ्नेलाई इतिहासले कहिल्यै माफी दिने छैन।

यी र यस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिबारे सुझबुझ भएकै आधारमा नेपाल मजदुर किसान पार्टी एमसीसी खारेजीको माग गर्दै छ। नेमकिपाको जोड देशको अस्तित्व तथा राष्ट्रिय स्वाभिमानको रक्षा हो। हरेक नेपालीले स्वतन्त्र र सार्वभौम अधिकारसहित बाँच्न पाऊन् भन्ने उद्देश्य नेमकिपाको हो। नेमकिपाले उपनिवेशवाद, साम्राज्यवाद तथा फासीवादविरुद्ध सङ्घर्षलाई चालु राख्नुको पछाडि कुनै निहित स्वार्थ छैन। सत्तालिप्साको त कुनै गन्ध समेत नभएकोबारे कुनै पुष्ट्याइँ आवश्यक नहोला ! एमसीसीले यो देशलाई अमेरिकाको उपनिवेश बनाउने यथार्थबारे नेमकिपा प्रस्ट छ। तसर्थ, नेमकिपा आन्दोलनमा छ।

त्यो आन्दोलन देश र जनताको दीर्घकालीन तथा व्यापक हितमा छ। तर, सरकार नेमकिपाको आन्दोलनमा बल प्रयोग गर्दै छ। गत भाद्र २१ गते काठमाडौँमा भएको जुलुस प्रदर्शनीमा प्रहरी हस्तक्षेप भयो। दजनौँ युवा कार्यकर्ताहरू घाइते भए। धरपकडको प्रयास पनि भयो। नेमकिपाका युवा कार्यकर्ताहरूको संयम तथा अनुशासनका कारण स्थितिले उग्र रूप लिन पाएन। गृहप्रशासन स्वयम् उत्तेजना फैलाउने कार्यमा लाग्नु रहस्यमय छ। धेरै प्रत्यक्षदर्शीले आक्रोश मिश्रित स्वरमा भने– 'विदेशी शक्ति प्रत्यक्ष देशभित्र नआउँदै त यो स्थिति छ भने भोलि त्यो आइहालेको खण्डमा के हुने होला ?' केही पर्यवेक्षकले भने– 'त्यो कस्तो अमेरिकी अनुदान हो, जुन ल्याउन नेपालीको टाउकै फुटाउनुपर्ने ? आर्थिक अनुदानको आवरणमा आउने सैन्य परियोजना भएकै कारण यति धेरै जबरजस्ती र बल प्रयोगको 'कास्टिङ' देखाइएको त होइन ? सबै सच्चा देशभक्त, जिम्मेवार तथा संवेदनशील नेपाली दाजुभाइ–दिदीबहिनीले बेलैमा सोचौँ ! शत्रु र मित्र चिनौँ !

स्रोत : 'श्रमिक' साप्ताहिक

# खेल सकिनु अगावै सोचौँ

'नेपालमा अमेरिकी सेना बस्ने कुरा एमसीसी सम्झौतामा कहाँ लेखिएको छ ?' प्रधानमन्त्री शेरबहादुर देउवाले यो साता आयोजित एउटा कार्यक्रममा सोधेका थिए । त्यसो त यो प्रश्न यसअघि नेपालकै केही बुद्धिजीवी, विज्ञ–विद्वान र पत्रकारहरूले पनि उठाएका थिए । अझ अघि सरेर कसै कसैले भनेका थिए– 'एमसीसीको 'ओरिजिनल कपी' नै नपढेकाहरू यसको विरोधमा उफ्रिरहेका छन् ।'

'एमसीसी सम्झौतामा अमेरिकी सेना राख्ने कुरा लेखिएको छैन भने किन सो सम्झौताको विरोध गर्नु ! कसैले दिन्छु भनेको पैसा किन फिर्ता पठाउनु !' यस्तो सोझो मनसाय पनि कहीँ कतै पोखिन्छ ।

एमसीसी सम्झौतामा नेपालमा अमेरिकी सेना राख्ने कुरा के कतै उल्लेख छ ? कसैले यो प्रश्न गरे, यसको एकै वाक्यमा दिन सकिने उत्तर हो – 'छैन ।' नेपालमा अमेरिकी सेना ल्याउने कुरा एमसीसी सम्झौतामा कहीँ पनि उल्लेख छैन । तर, सम्झौताका अनुच्छेद र वाक्यमा अमेरिकी सेना ल्याउने कुरा छैन भन्नुको अर्थ अमेरिकी सेना आउनै सक्दैन भन्ने होइन ।

पाठक ! आउनुस् यसबारे केही कुराकानी गरौँ ।

खासमा अमेरिका अहिलेसम्म कुनै पनि देशलाई ध्वस्त बनाउँछु भनेर कहीँ पनि गएको छैन । सन् २००१ को सेप्टेम्बर ११ को हमलापछि पनि अमेरिका अफगानिस्तानमा त्यो देशलाई ध्वस्त बनाउँछु भनेर गएको थिएन । उसले भनेको थियो, 'आतङ्कवाद सबैको लागि खतरा भयो । अमेरिकाजस्तो सुरक्षा व्यवस्था कडा भएको देशमा त आतङ्कवादीहरूले यस्तो भयानक हमला गरे भने अन्य देशको हालत के होला ! त्यसकारण, आतङ्कवादबाट संसारलाई जोगाउन यसको जरै उखेल्नुपर्छ । आतङ्कवादको गुँड अहिले अफगानिस्तानमा छ । त्यसकारण, अफगान भूमिबाट आतङ्कवादको जरा उखेल्न र त्यहाँका जनतालाई मानवअधिकार र प्रजातन्त्र दिन काबुल जाने हो ।'

त्यही कारण देखाउँदै संरा अमेरिका बीस वर्ष अफगानिस्तानमा बस्यो । बीस वर्ष बसेर पनि न उसले अफगानिस्तानमा प्रजातन्त्र दियो न त हिजो आफैले आतङ्कवादी भनेको तालिवानलाई नै समाप्त गर्नसक्यो । बरु, अहिले अफगानिस्तानमा तालिवानले आफ्नो बलियो जग बसालेको छ । अमेरिका हठात् फर्केपछि अमेरिकालाई स्वर्ग ठान्ने केही अफगान मानिसको बिल्लिबाठ भएको छ । आफ्नो घर, सम्पत्ति, जग्गा जमिन र सबैभन्दा महत्त्वपूर्ण कुरा आफ्नो देश छोडेर उनीहरू पनि भेडाबाखाजस्तै उद्धार विमानमा कोचिएर अमेरिका र अन्य देशमा भासिन बाध्य भएका छन् ।

अर्को उदाहरण हेरौँ । इराकी नेता सद्दाम हुस्सेनलाई उक्साएर कुवेतमाथि हमला गर्न लगाउने संरा अमेरिका नै थियो । तर, पछि सद्दाम हुस्सेनले संरा अमेरिकालाई आफूले भनेको मूल्यमा तेल दिन नमानेपछि 'इराकमा प्रजातन्त्र नभएको', 'मानवअधिकार हनन भएको', 'तानाशाही शासन लागु गरेको' जस्ता प्रचार गरियो । सद्दाम हुस्सेनसँग धेरै सङ्ख्यामा मानिसलाई एकैचोटि मार्न सक्ने आमविनाशकारी हतियार भएको भन्दै प्रचार गरियो । अनि त्यही बहानामा इराकमाथि पनि अमेरिकाले हमला गर्‍यो । बग्दाद हमला गर्नुअघि पनि अमेरिकी सेनाले त्यो देशलाई सिध्याउँछु भनेको थिएन । बरु, इराकमा प्रजातन्त्र भएन, मानवअधिकार भएन, सद्दाम हुस्सेनको तानाशाही चल्यो, ती सबै समस्याको 'जादुगरी छडी' ले समाधान गर्ने भन्दै त्यहाँ गएको थियो । तर, आज त्यो देशको अवस्था हिजोको अवस्थाभन्दा हजारौँ गुणा खराब भएको छ । त्यहाँ न समृद्धि छ, न मानवअधिकार छ, न विकास छ, न प्रजातन्त्र । छ त मात्र युद्ध, हिंसा, अस्थिरता, उपद्रव । त्यहाँका मानिसहरू हरेक दिन खतराको तरबार टाउकोमा झुन्ड्याएर हिँड्न बाध्य छन् ।

सन् १९५५ देखि १९७५ सम्म भियतनाममाथि अमेरिकी हमलाको उद्देश्य पनि भियतनाममा किटाणु र जीवाणु युद्ध गर्नु थिएन । भियतनामको माटोमा भूमिगत विस्फोटक धराप थाप्नु थिएन । अनि लाखौँ सङख्यामा पूर्वी एसियाली जनताको रगत बगाउनु थिएन । संसारबाट साम्यवादलाई पराजित गर्ने मूल लक्ष्य बोकेर अमेरिका त्यहाँ पुगेको थियो ।

अरू त अरू संरा अमेरिकाको नजिक रहेको क्युवालाई पनि उसले 'आतङ्कवादको कोक्रो' भन्न छोडेको थिएन । सैनिक शक्तिको तुलना गर्ने हो भने संरा अमेरिकाभन्दा क्युवा निकै कमजोर देश हो । प्राकृतिक स्रोत साधनको आधारमा पनि क्युवा उति सम्पन्न देश होइन । जनसङ्ख्याको आकार पनि निकै सानोमात्र छ । तथापि, क्युवा 'आतङ्कवादी देश' दरियो । विगत ६० वर्षदेखि त्यो देशलाई अमेरिकाले घाँटी अँठ्याइरहेको छ । क्युवाली नेता फिडेल क्यास्ट्रोलाई पनि उनीहरूले 'तानाशाह' भन्दै आएका छन् । अमेरिकाको आँखामा क्युवा र क्युवाली नेताहरूको दोष भनेको उनीहरूले वाशिङ्टनको कुरा नमान्नु हो । अथवा, वाशिङ्टनको चाकडी नगर्नु हो ।

यस्ता उदाहरण खोज्दै जाने हो भने जति पनि भेटाउन सकिन्छ । कम्तीमा एक सय वर्षको विश्व इतिहास पल्टाउने हो भने संसारका धेरै देशमा अझै पनि अमेरिकी बारुदको गन्ध सुँघ्न सकिन्छ । अझै पनि अमेरिकी गोलीले बगाएको रगत संसारका धेरै देशमा आलै छ । अमेरिकी बमले ध्वस्त बनाएका संरचनाहरूमा उम्रेको घाँस अझै उखेलिएको छैन ।

एमसीसी सम्झौतासँग यी सबै कुराको के लिनुदिनु छ ? पाठकको मनमा लाग्न सक्छ ।

एमसीसी सम्झौताले पनि नेपालमा पूर्वाधार विकास गर्ने कुरा गरेको छ । विद्युत् प्रसारण लाइन बनाउन नेपाललाई पछि तिर्नै नपर्ने र ब्याज पनि तिर्न नपर्ने सहयोग दिने बताएको छ । अमेरिकाले डलर दिने भनेपछि नेपालका शासक र उनकै

आसेपासे बुद्धिजीवीहरूले यो मौका छोड्न नहुने भन्दै छन् । नेपालमा विकास गर्न, आर्थिक समृद्धि हासिल गर्न र प्रगतिमा फड्को मार्न यो सम्झौतामा नेपाल लाग्नैपर्ने उनीहरूको तर्क हो । आफ्नो यस्तो तर्कप्रति विमति राख्नेहरूलाई उनीहरू फणा फैलाएर भन्दै छन्– गँवारहरू !

अमेरिका जुन देशमा गयो, विकास, आर्थिक समृद्धि र मानवअधिकारकै नाममा पस्यो । आजको संसारमा विकास, आर्थिक समृद्धि र मानवअधिकारको विपक्षमा उभिने देश वा राजनीतिक दल कुन होला ? यी सबै मुद्दा आज विश्वव्यापी लक्ष्य बनेका छन् । संयुक्त राष्ट्र सङ्घजस्ता अन्तर्राष्ट्रिय दबुहरूले पनि यिनै लक्ष्यलाई आफ्ना मुद्दा बनाएका छन् । देशहरूले बहुपक्षीय र दुईपक्षीय विभिन्न सम्झौतामा यस्ता कुरामा प्रतिबद्धता व्यक्त गरेका छन् । आर्थिक समृद्धि र विकास नै हरेक आधुनिक राज्यको लक्ष्य बनेको छ । तिनै कुरालाई संरा अमेरिकाले आफ्नो मूल्य बताएर एमसीसीजस्ता कार्यक्रम अघि सार्दा सामान्यतः मानिसहरू भन्छन्– उसो भए यसमा के खराबी छ र !

पहिलो कुरा, मानवअधिकार, प्रजातन्त्र, आर्थिक समृद्धि र विकासलाई बुझ्ने र परिभाषित गर्ने कोणहरू अनेकन छन् । केलाई मानवअधिकार भन्ने र केलाई प्रजातन्त्र भन्ने विषयमा अझै पनि अनेकन मत छन् । अमेरिकाले यी शब्दावलीहरूलाई आफ्नो राजनीतिक र रणनीतिक हितमा प्रयोग गर्ने गर्छ । जसले आफ्नो कुरा मान्छ, उसले मानवअधिकारको पालना गरेको मानिन्छ, त्यो देशमा प्रजातन्त्र भएको मानिन्छ र त्यो देश विकासको बाटोमा अघि बढिरहेको मानिन्छ । अनि, जुन देशले आफ्नो कुरा मान्दैन, त्यो देशमा तानाशाही व्यवस्था भएको मानिन्छ, मानवअधिकार हनन भएको मानिन्छ । उसले बनाएको प्रजातन्त्र, मानवअधिकार र विकासको ढाँचामा नअट्ने देश, राजनीतिक दल र शासकलाई उसले कुनै पनि बेला दोषको भारी बोकाउन सक्छ । अनि, उसमाथि दसकौँ लामो लडाइँ थोपर्न सक्छ ।

एमसीसी सम्झौतामा समावेश सर्तहरूमाथि विचार गरौँ । ती सर्तहरूको पालना कानुनीरूपमा जति जोखिमपूर्ण छ, त्यत्ति नै खतरनाक त्यसका राजनीतिक प्रभाव हुने देखिन्छ । मानौँ, अहिले हामीले एमसीसी सम्झौता पारित गर्‍यौँ र अमेरिकाले दिने पैसा तोकिएको परियोजनामा खर्च गर्‍यौँ । परियोजना कार्यान्वयनको सिलसिलामा कुनै अवधिमा नेपाल सरकारले संरा अमेरिकालाई अस्वीकार्य हुने निर्णय गरे उसले दिएको पैसा कुनै पनि बेला उसले फर्काउन सक्छ वा रोक्न सक्छ । त्यसको निम्ति उसलाई कुनै ठुलो बहाना चाहिँदैन । 'नेपालले गरेको यो काम प्रजातन्त्र वा मानवअधिकार अनुकूल भएन' भन्ने सरल आरोपकै आधारमा उसले आफ्नो पैसा फिर्ता लान सक्छ अथवा आफ्नो लगानी रक्षा गर्न सुरक्षाको व्यवस्था आफैले गर्नसक्छ । त्यत्तिबेला नेपाल सरकारको विरोधले धेरै ठूलो अर्थ राख्ने छैन किनभने महाशक्ति अमेरिकाअघि धेरै सरकार मैन जत्तिकै पग्लिएका उदाहरण संसारमा धेरै छन् ।

सेना ल्याउने कुरा सम्झौताको 'ओरिजिनल कपी' मा छैन र राखिँदैन पनि । तर, सम्झौतामा उल्लेखित सर्तहरू नै त्यस्ता हतियार हुन् जसले कुनै पनि बेला अमेरिकी सेना नेपाली भूमिमा झार्न सक्छ । नेपालमा ब्यारेक बनाउन सक्छ । लेखकको यो भनाइ पाठकलाई के कपोलकल्पित लाग्छ ? लाग्न सक्छ । तर, यो कुनै परिकल्पना होइन । बरु, इतिहासले सिकाएको पाठ हो । बिहान सूर्य उदाउने कुरा मानिसको अनुभवले भन्ने कुरा हो । आकाशमा कालो बादल लागेपछि पानी पर्ने कुरा मानिसले कसरी भन्न सक्छ ? विगतको अनुभवको आधारमा नै यस्ता कुरा भनिने हो । संरा अमेरिकाले एमसीसीको बहानामा नेपालमा आफ्नो सेना राख्न सक्छ भन्ने कुरा पनि हामीले विगतमा उसले अन्य देशमा गरेको व्यवहारको आधारमा भन्न सक्छौँ । त्यत्तिबेला कदाचित देउवाजस्ता शासकहरूले अमेरिकी कदमको विरोध गरे त्यो निकै ढिला भइसकेको हुनेछ । चेसमा चौतर्फी घेराबन्दीमा परिसकेको एक जना 'राजा' ले चाल्ने कदम सीमित नै हुन्छ अथवा खेल समाप्त हुन्छ । खेल समाप्ति अर्थात् देशको सार्वभौम अस्तित्वको समाप्ति !

धेरै गहिरो र कति सुदूरसम्म सोचेको ? पाठकको मनमा लाग्न सक्छ । सामान्य घरको कुरा निर्णय गर्दा त हामी सुदूर भविष्य अथवा तीन पुस्ता पछिको कुरा सोच्छौँ भने देशको विषयमा सोच्दा यस्ता सम्भावनामाथि विचार गर्ने कि नगर्ने ?

एमसीसी सम्झौता गरेर लागु भइसकेपछि के पैसा फिर्ता गर्ला र अमेरिकाले ?

– गर्ला होइन, गरेको छ ।

कहाँ ?

– सन् २००९ मा अफ्रिकी देश मादागास्करमा सरकार परिवर्तन भयो । नयाँ बनेको सरकार संरा अमेरिकाअनुकूल थिएन । त्यही बहानामा सरकार परिवर्तन 'अप्रजातान्त्रिक' भयो भन्दै अमेरिकाले एमसीसीअन्तर्गत आएको पैसा फिर्ता गर्‍यो ।

अनि ?

– सन् २०१२ मा अर्को अफ्रिकी देश मालीमा सैनिक विद्रोह भयो । त्यो विद्रोह अमेरिकालाई मन परेन । त्यही निहुँमा एमसीसी सम्झौता खारेज भयो । कदाचित भविष्यमा नेपाल सरकारले अमेरिकालाई गन्हाउने कुनै काम गरे अमेरिकाले एमसीसी फिर्ता गरे हाम्रो बन्दै गरेका पूर्वाधारको जिम्मा कुन देशको काँधमा भिराउने ? सँगै जोडिएर आउने कुरा भनेको एमसीसी खारेज हुने भयले नेपालले आफ्नो राष्ट्रिय हित र बहुपक्षीय कूटनीतिक सम्बन्धलाई सङ्कुचित बनाउनुपर्ने हुन्छ । त्यत्तिबेला देशको सार्वभौम अस्तित्वको के अर्थ रहला ?

एमसीसी सम्झौतासँग डलर र विकासमात्र पूर्वाधार र समृद्धिमात्र होइन, साम्राज्यवादी हस्तक्षेप पनि आउने वास्तविकतालाई बोध यतिबेला नगर्ने हो भने भोलि धेरै विलम्ब हुनेछ । खेल सकिएपछि धेरै कुरा गरेर के गर्नु ?

स्रोत : 'मजदुर' दैनिक

# के विचार सानो र ठूलो हुन्छ र ?

विवेक

मार्क्स र एंगेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र लेख्नुभयो । उहाँहरूले घोषणापत्रमा 'सर्वहारा वर्गले बल प्रयोग (सशस्त्र क्रान्ति) द्वारा पूँजीपति वर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्नुपर्छ' भन्नुभयो र सर्वहारा क्रान्तिको स्पष्ट मार्गनिर्देश गर्नुभयो । समाज विकास क्रममा त्यो एक नवीन विचार थियो । मार्क्स र एंगेल्सभन्दा अगाडि पनि धेरै समानतावादीहरू थिए । तिनीहरूले पनि समाजवादको कल्पना गरेका थिए तर समाजवाद कसरी प्राप्त गर्न सकिन्छ भनी मजदुर वर्गलाई स्पष्ट बाटो देखाउन सकेका थिएनन् । सेन्ट साइमन, चार्ल्स फ्युरियो, रोवर्ट ओवेनलगायत काल्पनिक समाजवादीहरू थिए ।

कम्युनिस्ट घोषणापत्र सार्वजनिक भएको अढाइ सय वर्ष नाघिसकेको छ । संसारका आधाभन्दा बढी जनता मार्क्सवादी विचारलाई लिएर आ–आफ्नो देशमा आन्दोलनरत छन् । सोभियत सङ्घ, चीन, प्रजग कोरिया, क्युवालगायत कतिपय युरोपेली र ल्याटिन अमेरिकी देशहरूले मार्क्सवादको सफल प्रयोग गरिसकेका छन् भने कतिपय देशमा अस्थायीरूपमा असफल पनि भएका छन् । सारमा मार्क्सवाद नै सर्वहारा वर्गलाई मुक्ति दिने संसारमा आजसम्म देखिएका विचारमध्ये नवीन विचार हो । मार्क्स र एंगेल्सले कल्पना गर्नुभएको विचार क्षेत्रीय, राष्ट्रिय हुँदै आज विश्वव्यापी बनेको छ ।

विचार सानो र ठूलो भन्ने हुँदैन । आकार र सङ्ख्याले विचारलाई ठूलो र सानो भनी मापन गर्न मिल्दैन । विचार व्यक्तिबाट उत्पत्ति भई त्यसले विश्वव्यापी रूप लिन्छ । विचारलाई अग्ला-अग्ला जेलको पर्खाल र देशको सीमाले रोक्न सक्दैन र कसैले चाहेर छेक्न पनि सक्दैन ।

आजभन्दा २ हजार ५ सय वर्षभन्दा पहिले गौतम बुद्धले बौद्ध दर्शनको प्रचारप्रसार गरे । अन्धविश्वासमा टिकेको तत्कालीन समाजमा भौतिकवादी दर्शनले आलोचनात्मक ढङ्गले सोच्ने क्षमताको विकास भयो । तत्कालीन राजा महाराजाहरूले बौद्ध दर्शनको प्रचारप्रसारमा रोक लगाउने निकै प्रयत्न गरे । नक्कली भिक्षुहरू तयार गरी बौद्ध दर्शनको बदनाम गर्ने कोसिस गरे तर सकेनन् । त्यो एउटा नयाँ विचार थियो । आज करोडौं जनता त्यसको अनुयायी भएका छन् । बौद्ध दर्शन दिने गौतम बुद्धलाई भगवानको रूपमा देवत्वकरण गरिएको छ । त्यो भने गलत हो ।

प्रसङ्ग कर्णाली प्रदेशको हो । त्यहाँ नेपाल मजदुर किसान पार्टीलाई नेका, एमाले र माओवादीजस्ता पूँजीवादी पार्टीहरूले 'सानो पार्टी', 'सरकारमा नजाने पार्टी' र पार्टी कार्यकर्तालाई 'मजदुरे' भनी हेलाहोचो गर्ने गर्छन् । नेमकिपाका कार्यकर्ताहरूलाई विचारबाट विचलित पार्न तिनीहरू त्यस्ता झूटो र गलत लाञ्छना लगाउने गर्छन् । तर, समयले नेपालमा कम्युनिस्ट पार्टीको विचार र सिद्धान्त बोक्ने नेमकिपामात्रै हो भन्ने साबित गरेको छ । नारा र भाषणले भन्दा व्यवहारमा कामदार वर्गको हितमा नेमकिपाले गर्दै आएको कामबारे जनता बिस्तारै परिचित हुँदै छन् । सङ्ख्या र आकारभन्दा कसले कम्युनिस्ट सिद्धान्तअनुसार काम गरिरहेको छ, त्यो महत्त्वपूर्ण कुरा हो ।

जुम्ला जिल्लामा २०४८ र ०५१ सालको संसदीय निर्वाचनमा नेमकिपाका उम्मेदवारहरूले जिते । २०५१ सालमा निर्वाचित भक्तबहादुर रोकाया अहिले काङ्ग्रेसमा छन् । उनी नेकामा जिल्ला पार्टी सभापतिको उम्मेदवार हुँदा जम्मा ६ मत मात्रै पाए । नेमकिपालाई धोका दिएका विश्वासघाती रोकायालाई काङ्ग्रेसी कार्यकर्ताहरूले पनि विश्वास गरेनन् । अहिले उनी निराश भएर नेमकिपाका कार्यकर्ताहरूसँगको भेटमा 'म त सिधिएँ, सिधिएँ, मरेँ, अब तपाईँहरूले पार्टी नछोड्नुस्, मसँग भएका नेमकिपाका प्रकाशनहरू पढ्नुस् र अगाडि बढ्नुस्' भन्दै हिँड्ने गरेको र कतिपय अवस्थामा 'रुने' समेत गरेको बताउँछन् । उनी अहिले जुम्लामा एक नकारात्मक उदाहरण बनेका छन् ।

रोकायालाई २०५३ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाविरुद्ध अविश्वास प्रस्ताव पेश हुने क्रममा तत्कालीन गृहमन्त्री खुमबहादुर खड्का, आईजीपी अच्युतकृष्ण खरेल, सांसद शिवराज जोशी समेतले 'अपहरण' गरी भारतको पूर्णिया पुऱ्याएका थिए । पछि काङ्ग्रेस प्रवेश गरेका उनलाई काङ्ग्रेस सरकारको पालामा वन राज्यमन्त्री बनाइयो । अहिले 'घर न घाट' को अवस्थामा पुगेको र विक्षिप्त जीवन बिताइरहेको जुम्लावासी बताउँछन् ।

नेमकिपा 'सानो पार्टी भयो, छिट्टै क्रान्ति गर्नुपऱ्यो'

भनी पार्टी अनुशासनबाहिर गई नेमकिपा छोड्ने अर्का व्यक्ति हुन्, रामकृष्ण बुढथापा। 'नेमकिपा क्रान्तिकारी' हुँदै पछिल्लो चरणमा बाबुरामको 'नयाँ शक्ति' पार्टीमा समावेश भएर अहिले निराश जीवन बिताइरहेका उनी स्थानीयका अनुसार नेमकिपा छोडेकोमा पश्चाताप गर्दै छन्।

आफ्नो व्यक्तिगत स्वार्थको लागि जनताको विश्वासलाई लात हान्नेहरू न शान्तिसित बाँच्न सक्छन् न त मर्न नै सक्छन्। नेमकिपा छोडेकामध्ये रोकाया र बुढथापा प्रतिनिधि पात्र मात्रै हुन्। क्षणिक लाभ पाउनका लागि आफ्नो रगत र पसिना बगाएको पार्टीलाई बिर्सेर धोका दिने यस्ता नकारात्मक पात्रहरू ठाउँ–ठाउँमा भेट्न सकिन्छ। आफूले मिहिनेत नगरेको ठाउँमा कसैले सम्मान गर्दैन भन्नेबारे राजनैतिक कार्यकर्ताहरूले बुझ्न आवश्यक छ।

सानो ठूलो हुने र ठूलो समाप्त हुँदै जाने प्राकृतिक नियम नै हो। कुनै बेला नेपालमा प्रजा परिषद् सबभन्दा ठूलो पार्टी थियो। आज त्यो आफ्नो अस्तित्वका लागि लड्दै छ। पञ्चायती शासनकालमा ४ हजार गाउँ पञ्चायत र ३६ वटा नगरपञ्चायत तथा ७५ ओटै जिल्लामा अपवादबाहेक सबै ठाउँमा पञ्चहरू नै जितेका थिए। २०४६ सालपछि देश नेकामय भयो र पछि एमाले देशभरि फैलिएको सन्देश गयो। २०६३ सालपछि देशै माओवादीमय भयो। तर, खोइ ती पार्टीहरूको स्थायित्व ? कुनै पनि पार्टी वा शक्ति जनताको भावना र आवश्यकता पूरा गर्न सकुन्जेलमात्र रहने र त्यसपछि समाप्त हुने कुरा नेपालको राजनैतिक इतिहासले पनि देखाएको छ।

अहिले राजनीति विचार र सिद्धान्तभन्दा पद र पैसाको लागि हुन थालेको छ। राजनीति इमानदारीपूर्वक देश र जनताको सेवाको लागि हुनुपर्नेमा शासक दलका नेताहरूले राजनीतिलाई छिट्टै पैसा कमाउने 'व्यापार' बनाएका छन्। पूँजीपति वर्गविरुद्ध सङ्घर्ष गर्न आन्दोलनको नेतृत्व गर्नुपर्ने 'कम्युनिस्ट' पार्टीका नेताहरू आफै पूँजीपतिवर्गमा रूपान्तरण भएका छन्। अनि, कसरी वर्गसङ्घर्ष हुन्छ ? ठेकेदार, तस्कर, भ्रष्टाचारी, कालाबजारीहरू 'कम्युनिस्ट' पार्टीका केन्द्रीय सदस्यहरू हुन थालेका छन्। पार्टी ती अपराधीहरूलाई संरक्षण गर्ने ठाउँ बनेको छ। कम्युनिस्ट पार्टीभित्र गलत व्यक्तिहरूको प्रवेश रोक्न र कम्युनिस्ट सिद्धान्तअनुसार आचरण गर्न नेमकिपाले एमाले, माओवादीजस्ता पार्टीहरूको सदन र सडकमा रचनात्मक आलोचना एवम् विरोध गर्दै आएको छ।

८० प्रतिशत भू–भाग कब्जा गरेको दाबी गर्ने माओवादीहरू निर्वाचन जित्न स्थानीय तहमा नेकासँग मिलेर र संसदीय चुनावमा एमालेसँग मिलेर चुनाव लड्नुपर्ने अवस्थामा पुगे। पूँजीवादी पार्टीहरू निर्वाचन जित्न एकै उम्मेदवारले करोडौं खर्च गर्छन्। पैसा दिएर, भोज खुवाएर, गुन्डाहरूको प्रयोग गरेर निर्वाचन जितेको आधारमा 'सानो' र 'ठूलो' पार्टी भनेर मूल्याङ्कन गर्नु सही हुँदैन। नेमकिपाले जस्तै पैसा खर्च नगरी विचार र सिद्धान्तको आधारमा निर्वाचन जितेर देखाऊन् अनि साँच्चै कुन पार्टी ठूलो र सानो भन्ने देखिन्छ।

कर्णालीका जनतामा नेमकिपा 'सानो' र 'सरकारमा नजाने' भनेर आलोचना गर्ने, हेला गर्ने कथित कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरूले बुझ्न के आवश्यक छ भने आजसम्म सरकारमा गएका नेका, एमाले र माओवादीले के के राम्रा कामहरू गरे ? स्पष्ट छ, तिनीहरूले देशका सबै कलकारखाना कौडीको मूल्यमा निजीकरण गरे। सरकारी विद्यालय, कलेज र अस्पतालहरू समेत निजी क्षेत्रको जिम्मा लगाए। लाउडा काण्ड, चेज एयर काण्ड, धमिजा काण्ड, बालुवाटार काण्ड, सुन काण्डजस्ता काण्डैकाण्ड गरेर, अझ पछिल्लो चरणमा आफ्नै पार्टीको विरोधमा अदालत गएर घोर राजनैतिक अनैतिकता प्रदर्शन गरे। जनतामा सीमित प्रजातान्त्रिक अधिकारहरू समेत अदालतमा सुम्पेर प्रजातन्त्रविरोधी अपराध गरे। अनि, ती अपराधी नेता र पार्टीहरू नै ठूलो ? यो कस्तो अचम्म ! सधैँ एउटै औषधीले काम गर्ने छैन। कर्णालीमा धेरै पानी बगिसकेको छ। त्यहाँका जनता धेरै सचेत भइसकेका छन्। अरूको घरमा आगो लगाउनेहरूको अहिले आफ्नै घर जलिरहेको छ। समयले सबैलाई अपराधअनुसार दण्ड दिन्छ। मात्र, धैर्य आवश्यक छ।

नेमकिपाको विचारदेखि तर्सेका एमाले, माओवादी नेताहरू नेमकिपालाई सत्तोसराप गरिरहेका छन्। यस अर्थमा नेमकिपा अत्यन्तै ठीक अवस्थामा छ। का. माओले भन्नुभएजस्तै 'शत्रुले विरोध गर्नु नराम्रो होइन।' नेमकिपा पूँजीवादीहरूलाई आफ्नो वर्ग शत्रु ठान्छ। पूँजीपति वर्गको मुटुमै चोट पुग्ने गरी प्रहार गर्ने नेमकिपाको लक्ष्य हो। नेमकिपाको गतिविधिले नक्कली कम्युनिस्टहरूको मर्ममै प्रहार भएको छ। यो नेमकिपाको सफलता हो। नेमकिपालाई 'सानो' भनी हेला गर्नेहरूको निम्ति सबैभन्दा खतरा विचारमा दृढ नेमकिपा नै हो र हुनेछ। ढिलो या चाँडो कर्णालीका सबै क्षेत्रमा पुनः नेमकिपाकै झन्डा फहरिनेछ। कर्णाली अञ्चलमा पञ्चायतको विरुद्ध पहिलोपटक कम्युनिस्टको झन्डा फहराउने नेमकिपा कसैले चाहेर कमजोर हुनेछैन।

# हाडा बिजुक्छेँहरूको इतिहास : एक चर्चा



ओम धौभडेल

भक्तपुर नगरमा रहेका थुप्रै थरमा हाडा बिजुक्छेँ पनि एक हो । विशेषगरी हाडा बिजुक्छेँहरूको मूलबस्ती विलाछेँ, कोलाछेँ, खौमा, नासमना थाथुचा, सोमला टौमढीमा रहेको छ (१) । हाडा बिजुक्छेँहरूको इष्टदेवता भक्तपुर लायकु नजिक रहेको विलाछेँ आगम नै हो (२) । हाडा बिजुक्छेँहरूको आगमन भक्तपुरमा कहिले भयो । यसबारे बताउन सक्ने आधारहरू त्यति भरपर्दो छैन । तर एउटा कुरा भक्तपुरमा तलेजु भवानीको आगमनभन्दा पनि धेरै अगावै विलाछेँ आगम भइसकेको मानिन्छ । यसको एउटा आधार **विलाछेँ आगमलाई तलेजुको पनि दिदी** भनेबाट पनि थाहा पाउन सकिन्छ (३) । तलेजु भवानीको आगमन नेपाल संवत् ४४३ पौष शुक्ल नवमि शनिश्चरबारको दिन भएको आधारमा त्यतिबेला यहाँ विलाछेँ आगम भइसकेको लाई महत्त्वका साथ लिनुपर्छ (४) ।

यसो त हाडाहरूको आगमन दक्षिण भारतको राजस्थानबाट सिधैं भक्तपुरमा भएको र हाडाहरूको मूलबस्ती भक्तपुर दरबार वरपर हुनु पछाडि तत्कालीन समयको मूल केन्द्र भक्तपुर नै रहेकोमा दुईमत छैन (५) । लिच्छवि राजा आनन्ददेवले भक्तपुरलाई नेपालमण्डलको राजधानी बनाएपछि भक्तपुरमै बसोबास गर्ने उद्देश्यले हाडा बिजुक्छेँहरू यहाँ आएका थिए । उनीहरूको पहिचान मूल रूपमा क्षत्रियको रूपमा गरेको कारण युद्ध कलाकौशल नै जातीय स्वरूप हुन पुगे । राजस्थानदेखि पूर्वी पाकिस्तानको ठाउँठाउँमा हाडाहरूले क्षत्रिय शासक भई आफ्नो इतिहास बनाउँदै आएकोमा नेपाल प्रवेश गरेको पहिलो हाडा बिजुक्छेँ अहिलेसम्म अज्ञात नै छ । तर यहाँ दुई दाजुभाइ र एक बहिनी आएको हुनसक्छ । अहिले पनि भक्तपुरको विलाछेँ आगममा थाथु, दथु र कुथु भनी तीन कव रहेको छ (६) । विलाछेँ आगम रहेको विलाछेँ टोलका हाडाहरूलाई कुथु भनिन्छ । **नासमनाको हाडाहरूलाई थाथु भनिन्छ भन्ने कुथु र थाथु बीचको सोमला बस्ने हाडाहरूलाई दथु भनिन्छ ।** यसमा विलाछेँ आगमभित्र रहेको नेपाल संवत् ७८१ को एउटा शिलापत्रमा स्पष्टसँग **'दथुया जगनाथ'** भनी उल्लेख गरेकोबाट पनि यसको पुष्टि हुन आउँछ (७) । यहाँनेर हाडा परिवारमा छोरीलाई समेत स्थान दिनु पक्कै पनि आश्चर्य लाग्नसक्छ । तर यो हाडा वंशजको परम्परा हो भन्ने तथ्य पुर्खाबाट नै सिकेको देखिन्छ । हाडाहरूको पुर्खौली **इतिहासमा हाडारानीको गौरवमय इतिहास** छ (८) । भक्तपुरमा बसाई सरी आएका हाडा बिजुक्छेँहरूलाई छ थरि भनी उल्लेख छ । नासमना निवासी हृदयरत्न ग्वंगलसित रहेको एक कागजपत्रमा 'हाडा, होडा, टोनेल, मोनेल, भारी र कछुवालाई छ थरि' भनी उल्लेख छ (९) । जसबाट हाडाहरू शुरुदेखि नै छ थरि भन्ने देखिन्छ । छ थरिको विशेष काम क्षत्रिय अर्थात युद्ध नै हो । उनीहरूको सिधै प्रवेश दरबारसम्म हुन पुगे । दरबार नजिकै बसोबास भए । यसरी भक्तपुर दरबारमा प्रवेश पाउने अहिलेसम्मको जानकारी भएको **पहिलो भारदार यक्षराज** हुन् (१०) । उनी यक्ष मल्लका समकालीन हुन् । नेपाल संवत् ५९७ मा उनको मृत्यु हुँदा यक्ष मल्लले भक्तपुर गहितिमा वामन नारायणको मूर्ति स्थापना गरे । साथै एउटा शिलापत्रसमेत राख्न लगाए । जसमा स्पष्टसँग उनलाई **बुद्धिमान प्रमान** मन्त्री भनिएको छ । तत्कालीन समयमा यक्ष मल्लले नेपालमण्डलका ठाउँ ठाउँका सामन्तहरू स्वतन्त्र हुँदै जाँदा यक्ष मल्लले धेरै पटक युद्ध गर्नुपऱ्यो । उनको यो अभियानमा साथदिने एक पात्र उनै यक्षराज हुन् । र यक्षराजको मृत्युको शोकमा राजा यक्ष मल्ल आफै अघिसरी वामन नारायण स्थापना गरे । साथै उनको र उनको सती गएका दुई श्रीमतीहरूको शालिक राख्न लगाए (११) । यक्षराजको मृत्युपछि भक्तपुर दरबारमा देखापरेका **जगतराज भारो** पनि हाडा बिजुक्छेँ नै हुन् (१२) । उनी सम्भवतः यक्षराजका छोरा वा भाइ हुनसक्छ । यसको लागि थप अध्ययनको खाँचो छ । जगतराजको नाम सर्वप्रथम नेपाल संवत् ५९८ फागुन शुक्ल दितियाको ताडपत्रमा उल्लेख भएको छ (१३) । जसमा स्पष्टसँग 'श्री भक्तापुरिनगरे विजहरिक्वछे जगतराज भारो' भनी उल्लेख छ । यक्ष मल्लको समयदेखि देखापरेका जगतराज भारो ने.सं. ६०२ माघशुक्ल दशमीको दिन यक्ष मल्लको मृत्युपश्चात राय मल्लको शासनकालमा समेत भक्तपुर दरबारमा प्रभावशाली रहे (१४) । यता भक्तपुरबाट छुट्टिई गएका रत्न मल्लले यिनलाई आफ्नो गुटमा ल्याउन भरमग्दुर प्रयास गरे । नेपाल संवत् ६१५ मा त रत्न मल्ल, रण मल्ल, भिम मल्लहरूले जगतराज भारोको समेत नाम राखी पशुपति र चाँगुमा धर्मभाका पत्र राख्न लगाए (१५) । तर जगतराज भारोले भक्तपुर दरबारप्रतिको आफ्नो बफादारितामा दाग लाग्न दिएनन् । बरु

दरबारमा आफूलगायत आफ्नै सगोत्री **जसकितराज**लाई नेपाल संवत् ६१४ फागुन शुक्ल पूर्णिमामा अगाडि ल्याए **(१६)** । जगतराजको नाम नेपाल संवत् ६१५ पछि देखिएन । सम्भवतः यिनको मृत्यु त्यतिबेला भइसकेको हुनुपर्छ । त्यसपछि जसकितराज नेपाल संवत् ६२५ सम्म भक्तपुर दरबारमा रहेको देखिन्छ **(१७)** । तर ने.सं. ६२५ पछि केही समय भक्तपुर दरबारमा हाडा बिजुक्छेँहरू प्रभावशाली बन्न सकेनन् । यसबेला तवदुछेँ मलेपतिहरू प्रभावशाली रहे । तर नेपाल संवत् ६३० मा पुनः हाडा बिजुक्छेँका **विजयसिंह भारो** भक्तपुर दरबारका प्रभावशाली भारदारको रूपमा आए **(१८)** । साथै पहिले नै आएका जसकितराज पनि देखिए । यता ने.सं. ६३० मार्ग कृष्ण सप्तमीको दिन राय मल्लको मृत्युपछि यिनका छोरा भुवन मल्ल राजा बने **(१९)** । यो समयमा पनि भक्तपुर दरबार कै प्रभावशाली भारादार विजयसिंह नै रहे । तर यता भुवन मल्लको पनि ने.सं. ६३९ माघ शुद्धि दशमीको दिन मृत्यु भएपछि उनका छोरा प्राण मल्ल भक्तपुरका राजा बने **(२०)** । यता बाजे नाता पर्ने थकाली वीर मल्ल जीवित छँदै प्राण मल्ल गद्दिसिन भएपछि यसको विरुद्ध समानान्तर सरकार बनाएका वीर मल्लले नेपाल संवत् ६४७ चैत्रबद्धि ५ को एउटा ताडपत्रमा हाडा बिजुक्छेँका **जससिंहराज**लाई प्रमुख भारदार बनाएको देखिन्छ **(२१)** । यसपछि भक्तपुर दरबारमा पहिलेदेखि प्रभावशाली हुँदै आएका हाडा बिजुक्छेँ र मलेपतिहरूलाई हटाई **भारसिंह कायस्थ** अगाडि आए **(२२)** । उनले आफू र आफ्ना दुई छोराहरू **जयसिहराम कायस्थ र विष्णुसिंह कायस्थ**लाई भक्तपुर दरबारको सर्वेसर्वा बनाए पछि विशेषगरी हाडा बिजुक्छेँ परिवारका अर्का प्रभावशाली भारदार **लखिम भारो** भक्तपुर दरबारदेखि असन्तुष्ट हुन पुगे **(२३)** । लखिम भारोले आफ्नो पुर्खादेखि गर्दै आएको योगदानलाई भक्तपुर दरबारले गहन रूपले लिन नसकेकोलाई कान्तिपुरका राजा नरेन्द्र मल्लले फाइदा उठाउन पुगे । नरेन्द्र मल्लले भक्तपुर दरबारदेखि असन्तुष्ट सबैलाई एउटै छाना मुनि ल्याउने क्रममा सबैभन्दा अगाडि वीर मल्ललाई आफ्नो पक्षमा ल्याए । उनी राय मल्लका भाइ राम मल्लका छोरा हुन् । राय मल्लको मृत्युपछि भुवन मल्ल राजा बनेता पनि आफ्नो पनि हक जताउँदै आएका वीर मल्ल भुवन मल्लको मृत्युपछि जन्मले जेठा भएर पनि राजा बन्न पाएनन् । बरु भुवन मल्लका छोरा प्राण मल्ल भक्तपुरको राजा बने । त्यसपछि असन्तुष्ट वीर मल्ललाई भक्तपुरको राजा बनाई दिने प्रलोभन कान्तिपुरका नरेन्द्र मल्लले दिन थाले । त्यस्तै पहिले देखि भक्तपुर दरबारमा स्थान बनाउँदै आएका हाडा बिजुक्छेँका लखिम भारोलाई पनि भक्तपुर दरबारको भारदार बनाउने सर्तमा आफ्नो गुटमा ल्याउन नरेन्द्र मल्ल सफल भए । यसको फलस्वरूप नेपाल संवत् ६६८ आस्विनकृष्ण दशमीको दिन पशुपतिमा एउटा धर्मभाखा पत्र राख्न लगाए **(२४)** । भक्तपुरका वीर मल्ल, जीत मल्ल, कल्याण मल्ललगायत बनेपाका कृष्ण मल्ल, गोविन्द मल्ल, प्रभु मल्ल, पाटनका विष्णुसिंह भारो, फर्पिङका फ्याफु रावत, पुरण रावतदेखि नेपालमण्डल भित्रका ठाउँ ठाउँका सामन्त तथा भारदारहरूमध्ये जससिंहराज भारो, जयराज भारो, लखिम भारो, **लुगुं भारो**, **चन्द्रसिंह भारो, लक्ष्मण भारो, रामदास भारो, कुसुमराज भारो**, बवाबाबु, **अमृतराज भारो**, **जयसिंहराम भारो**, लखनराम भारो, इन्द्रसिंह बाबु, **समरसिंह भारो**, गोविन्दसिं बाबु, जयराज भारो, नरहरि बाबु, **कमराज भारो**, जसर्किर्तीराज क्वाथनायक, **जिकित भारो, अमृतसिंह भारो** आदिको नाम उल्लेख भएको पशुपतिको उक्त अभिलेख धार्मिक, सांस्कृतिक उद्देश्यबाट अभिप्रेरित देखिन्छ । उक्त अभिलेखमा तत्कालीन भक्तपुरका राजा प्राण मल्ल र उनका आसपासेहरूलाई पूर्ण रूपमा एक्लो बनाउने देखी प्राण मल्लका सहयोगी दोलखाका इन्द्र सिंह, नारायण सिंह भारोलाई समेत आफ्नो बनाउने प्रयास नरेन्द्र मल्लबाट भएको देखिन्छ । तत्कालीन भक्तपुर लायकुका मुख्य मन्त्री हाकुजु प्रमुख र **शंकर भारो**हरूलाई समेत प्राण मल्लसँग मिली कार्य गरेमा बहिष्कार गर्ने चेतावनीको भाषा यस अभिलेखमा छ । यो गुटले भक्तपुरको शासक प्राण मल्ललाई नमानी उनकै काका वीर मल्ललाई मानेको छ । यस्तो महत्त्वपूर्ण राजनैतिक प्रतिशोधको उल्लेख गरिराखेको अभिलेखमा तत्कालीन कान्तिपुर, भक्तपुर, पाटनका मल्ल शासकहरू तथा ठाँउ ठाउँका प्रमुख भारदारहरू संलग्न रहेकोमा प्रमुख एकको नाम लखिम भारो पनि हुन् ।

त्यस्तै ने.सं. ६६८ आश्विन कृष्णदशमीको दिन कान्तिपुरका राजा नरेन्द्र मल्लकै अगुवाईमा थकाली वीर मल्लको नाम अगाडि राखी पशुपतिमा राखेको अभिलेखको एउटै अक्षर फरक नपारी सोही बेहोराको ताम्रपत्र चाँगुमा पनि राख्न लगाएको छ (२५) । मात्र पशुपतिनाथको ठाउँमा गरुड नारायणमात्र फरक छ । पशुपतिमा अभिलेख राखी एक महिनापछि चाँगुमा राखेको उक्त ताम्रपत्रमा पनि नरेन्द्र मल्ललगायत उनको सम्पूर्ण गुटको नाम उल्लेख गर्ने क्रममा छ । त्यहाँ लखिम भारोलगायत अरू भारदारहरूको नाम उल्लेख गर्ने क्रममा लखिम भारोको पनि नाम अगाडिको अभिलेखमा जस्तै सोही क्रममा छ ।

यसपछि भक्तपुर दरबारमा शुरुमा जस्तो हाडा बिजुक्छेँहरूको प्रभाव रहन पाएन । विशेषगरी जर्गज्योर्ति मल्लदेखि रणजित मल्लको समयसम्म भक्तपुर दरबारमा देखिएका कैयौँ प्रभावशाली भारदारहरू जस्तै **मदनसिंह भारो,**

**समरसिंह भारो, अमरसिंह भारो, दर्व्वसिंह भारो, ललितसिंह भारो, विश्वसिंह भारो, धनद्सिंह भारो, त्रिविक्रमसिंह भारो, पुर्ण्णसिंह भारो, कृष्णसिंह भारो, जयसिंह भारो** आदिले आफ्नो पहिचान खुलस्त नपार्दा हाडा बिजुक्छेँहरूको इतिहासमा थप जटिलता पैदा भएको छ। राजा जर्गज्योर्ति मल्लको समयमा विलाछेँ आगम सम्मुख विलाछेँ लायकु दरबार बनाउनु पछाडि तत्कालीन समयमा भक्तपुर दरबारमा हाडा बिजुक्छेँहरूको प्रभाव भएर नै हुनुपर्छ। यसमा चौक्वाथ दरबारको त अझ बढी महत्त्व नै छ। **चौक्वाथ दरबारको चारैतिरको बुर्जामा हरहमेसा पहरा दिने भएर उनीहरूलाई चौहानसमेत भनियो (२६)**। यसबाट नै पछि चवतारा, चौक्वाथभण्डिल भनियो। उनीहरू सबै हाडा बिजुक्छेँ नै हुने सर्न्दभमा सबैभन्दा पछिल्लो प्रमाण नेपाल संवत् ८७७ कार्तिक शुदि १ को विलाछेँ लायकु अगाडिको गोपिकृष्ण मन्दिरको चौकोसमा टाँसेको ताम्रपत्रमा चौतारा भाजुदत्त र चौक्वाथभण्डिल कृष्णसिंहको नाम परेको छ **(२७)**। यसबाहेक हाडा बिजुक्छेँहरूको इतिहासमा ने.सं. ७८१ मा देखिएका जगनाथ, ने.सं. ७९३ मा देखिएका कल्याणसिंह दम्पत्ति, ने.सं. ८४६ मा देखापरेका चन्द्र भारो, उनका भाइ मेरु भारो, चन्द्र भारोका श्रीमति चुकुटी, ने.सं. ८८७ मा देखापरेका मणिराम र उनका दुई छोरा साधुराम र आसाराम आदि सबै हाडा बिजुक्छेँहरूका आदरणीय पुर्खाहरू हुन् **(२८)**।

## पादटिप्पणी

१. तलेजु भवानीलाई मूलविन्दु बनाई पहिलो घेरामा हाडा बिजुक्छेँहरूको आगं द्यः र बसोबास परेको छ।

२. लायकु नजिकको यो आगमछेँमा एक पटक वि मना (सर्परूपी चट्याङ) परेपछि वि जुगु छेँ बाट बिजुक्छेँ भएको मानिन्छ। यो आगम भक्तपुर विलाछेँ दरबारबाट इच्छु जाने बाटोको छेउमै छ।

३. देवदेवीहरूलाई दिदीबहिनी मान्ने यहाँको प्राचीन परम्परा हो। कान्तिपुर नगर होस् वा भक्तपुरमा होस् अजिमा देवीहरूलाई यसरी दिदीबहिनीको रूपमा लिने चलनबाट यहाँ विलाछेँ र तलेजुलाई दिदीबहिनी मानेको हुनुपर्छ।

४. इतिहासमा तलेजु भवानीको आगमन ने.सं. ४४४ भनेता पनि **त्यः मत्यः** नामको ग्रन्थमा स्पष्टसँग उल्लेख छ।

५. लिच्छवि राजा आनन्ददेवदेखि यक्ष मल्ल सम्मको करिब २६७ वर्ष भक्तपुर विशाल नेपालमण्डलको राजधानी रहेको तथ्यले यसको पुष्टि हुन्छ।

६. स्थान विशेषले थाथु, कुथु भनिएता पनि एउटै सगोत्री दाजुभाइ मानिन्छ भन्ने दथुलाई छोरी तर्फको हाँगा मान्ने चलन छ। यसबाट हाडा परिवारमा दोलाजी प्रथा रहेको बुझिन्छ। एक अपुष्ट इतिहासलाई जोड्ने क्रममा भक्तपुर आएका ती पहिलो हाडाहरूमा चन्द्रहास, षसिहास र रजहासलाई मानेको छ। जसमा चन्द्रहास र षसिहास दुई दाजुभाइ तथा रजहास बहिनी भएको भनिन्छ।

७. **पासुका,** वर्ष ४ अङ्क ४, वि.सं. २०५६

८. राजस्थानको इतिहासमा हाडारानीबारे थाहा हुन्छ। भारतीय इतिहासमा एक क्षत्राणीको रूपमा जसरी रूपमतिलाई हाडारानीको नामले चिनिन्छ। त्यसरी नै हाडा बिजुक्छेँ कुलमा छोरीहरूको अहम भूमिका रहेको तथ्य आगं द्यः मा समावेश हुन पाउने बाट यसको थप पुष्टि हुन्छ। यस्तै चलन जोन्छे कुलमा पनि बाराहीको पूजाकार्यमा छोरालाई भन्दा छोरीलाई महत्त्व दिँदै आएको देखिन्छ।

९. श्रीधर राठौरबाट प्राप्त सूचनाको आधारमा

१०. **पूर्णिमा,** अङ्क ७४, पृष्ठ ३–८

११. हाल गहितिमा वामन नारायणको एउटा मूर्तिबाहेक यक्षराज र उनका श्रीमतीहरूको शालिक देखिँदैन।

१२. धौभडेल ओम– भक्तपुर दरबारका मल्लकालीन भारदार, पृष्ठ ७–१३, **स्वदेश प्रकाशन**

१३. ऐजन, पृष्ठ, ७–१३, स्वदेश प्रकाशन

१४. ऐजन,पृष्ठ, ७–१३, स्वदेश प्रकाशन

१५. खनाल, मोहनप्रसाद, **चाँगुनारायणको ऐतिहासिक सामग्री**, पृष्ठभूमि ३८

१६. **पूर्णिमा,** अङ्क ९७, पृष्ठ १४

१७. राजवंशी, शंकरमान, **भूमिसम्बन्धी तमसुक ताडपत्र** भाग १, राष्ट्रिय अभिलेखालय क्रमसङ्ख्या १, पृष्ठ १–२,

१८. पूर्णिमा अङ्क ९७ , पृष्ठ १४–१५

१९. यक्ष मल्लको मृत्यु ने.सं ६०२ माघ शुक्ल दशमीको दिन भएको तथ्य थिमी निवासी चन्द्रमान जोशीसँग रहेको **थ्यासफू**बाट थाहा हुन्छ भने राय मल्लको मृत्यु ने.सं.६३० मार्ग कृष्ण सप्तमीको दिन भएको तथ्य भक्तपुर मल्ल परिवारसँग सम्बन्ध राख्ने ऐतिहासिक टिपोटको आधारमा निर्क्योल भएको हो।

२०. भुवन मल्लको मृत्यु ने.सं.६३९ माघ शुदि दशमीको दिन भएको हो।

२१. **पूर्णिमा,** अङ्क ९७

२२. धौभडेल, ओम– भक्तपुर दरबारका मल्लकालीन भारदार, पृष्ठ ७ –१३, स्वदेश प्रकाशन

२३. लखिम भारोको विषयमा मोहनप्रसाद खनालले बोडेका भारदार भनी लेखेकोलाई लेखकले यसअघि खण्डन गरिसकेको छु। हेर्नुस **ख्वपृङ**, वर्ष २१, अङ्क १९, वि.सं २०६९

२४. टण्डन, गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन अभिलेख** खण्ड, भाग २, पृष्ठ १४१–१४५

२५. खनाल, मोहनप्रसाद, **चाँगुनारायणको ऐतिहासिक सामग्री**, पृष्ठभूमि २५१–२५५

२६. हाडा बिजुक्छेँहरूलाई चौहान चह्वाणसमेत भन्ने चलनबाट यसको पुष्टि हुन्छ।

२७. **पासुका,** वर्ष ४, अङ्क ४, पृष्ठ ८ वि.सं. २०५६

२८. ऐजन, पृष्ठ ७ –८।

# दशैं : समाजशास्त्रीय र मानवशास्त्रीय विश्लेषण



राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश :** संस्कृति शब्दको उत्पत्ति 'संस्कृत' शब्दबाट आएको हो । यसको अर्थ परिष्कृत भन्ने बुझिन्छ । यसरी नै केही समाजशास्त्रीहरूले संस्कृत शब्द 'संस्कार' बाट लिइएको हो भनेका छन् । संस्कारको अर्थ शुद्ध क्रिया भन्ने बुझिन्छ । यसरी संस्कृतिको अर्थ परिष्कृत वा शुद्ध क्रिया भन्ने बुझिन्छ । मानिसलाई एउटा सामाजिक प्राणी बनाउनको लागि जति पनि तत्त्वहरूले सहयोग वा योगदान गरेका हुन्छन् ती सबै तत्त्वहरूको व्यवस्था नै संस्कृति हो । यसकारण भन्ने गरिन्छ संस्कृतिबिनाको मानव, मानव नभएर पशुतुल्य हुन जान्छ । संस्कृति त्यो सबै कुराहरूको योग हो जसमा ज्ञान, विश्वास, नैतिकता, कला, धर्म, भाषा, पहिरन, मूल्यमान्यता, धारणा, सामाजिक विश्वास, अन्धविश्वास, रीतिरिवाज, परम्परा, संस्कार आदि हुन्छ । संस्कृति मानव मस्तिष्कको उपज हो । संस्कृति मानव निर्मित हो । यो मानिस बस्ने, वातावरण, जात, धर्म, बसोबास क्षेत्र, पेशा आदि अनुसार फरक फरक हुन्छ । यसकारण विभिन्न समाजमा विभिन्न प्रकारका संस्कृति पाइन्छ ।

संस्कृति भौतिक र अभौतिक गरी दुई प्रकारको हुन्छ । मानव जातिको लागि आवश्यक ठानेर मानव जातिबाट निर्माण वा सृजना वा आविष्कार गरिएको भौतिक वस्तुलाई **भौतिक संस्कृति** भनिन्छ । यसमा विभिन्न औजारहरू, घर, मठ, मन्दिर, औषधी, भाँडाकुँडाहरू, मेसिनहरू, खानपान, पहिरन, बसोबास आदि पर्दछन् । यिनीहरूलाई छुन र प्रयोग गर्न सकिन्छ । तर स्पर्श गर्न नसकिने सामाजिक प्रतिरूपलाई **अभौतिक वा आत्मीय संस्कृति** भनिन्छ । यसमा विचार, दर्शन, शिक्षा, धर्म, कला, साहित्य, नीतिशास्त्र, सिद्धान्त, विज्ञान आदि पर्दछन् । मानिसको विचार शक्ति, विवेक शक्ति र ज्ञान शक्तिबाट प्रभावित व्यवहार, प्रचलन, ज्ञानको भण्डार, दर्शन, नियम, कानुन आदि सबै अभौतिक संस्कृति हुन् ।

संस्कृतिबाट प्रभावित भएर गरिने विभिन्न प्रकारको मानविय व्यवहारहरूलाई रीतिरिवाज भनिन्छ । अर्को भाषामा भन्दा रीतिरिवाज समुदायका मानिसको काम गर्ने बानी वा नित्य कुनै कार्य गर्ने तरिका जस्तै चाडपर्व मनाउने, विवाह, व्रतबन्ध, गुफा राख्ने, बेलविवाह (इही), रजस्वला हुँदा बार्ने, नवजात शिशुको न्वारान गर्ने, अन्नप्रासन्न, आदि हुन् । यो एक पुस्ताबाट अर्को पुस्तामा वा जेष्ठ मानिसहरूबाट कनिष्ठ मानिसहरूमा धेरै पहिलादेखि सर्दै आएको हुन्छ । रीतिरिवाज मानिसले मान्दै आएको संस्कृति, जात, धर्म, पेशा, शिक्षा, दर्शन आदि अनुसार फरक फरक हुन्छ । धार्मिक रीतिरिवाजहरू धर्मअनुसार निर्देशित हुन्छ । हिन्दु धर्म अन्तर्गतका रीतिरिवाजहरू प्राय:जस्तो वातावरण मैत्री र स्वास्थ्यको लागि फाइदाजनक छ । रीतिरिवाजहरू मानिसको जीवनको अभिन्न अङ्ग हो । यसले मानिसको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष असर पारेको हुन्छ । हाम्रा पुर्खाहरूले बनाएको विभिन्न रीतिरिवाजहरू मध्ये केही वर्तमान अवस्थामा सान्दर्भिक नहुनसक्छ । तर उनीहरूले यसबाट आफ्नो सन्तानहरूको राम्रोको लागि बनाएको हुनसक्छ । हाम्रो रीतिरिवाजबारे पुर्खाहरूले यसको फाइदाहरू वा वास्तविक अर्थ बताएर गएको पाइँदैन । म विज्ञान र मानवशास्त्रको विद्यार्थीको नाताले यस लेखमा हिन्दुहरूको महान चाड दशैंको सकारात्मक पक्षबारे उल्लेख गर्ने जमर्को गरेको छु । यो मेरो अध्ययनको आधारमा राखिएको विचार हो । यसमा मैले विज्ञानका पक्षहरू र मानवशास्त्रमा अध्ययन गरेका ज्ञानका कुराहरू समावेश गरेको छु । यसमा सहमत र असहमत हुन कुरा पाठकहरू पूर्णरूपले स्वतन्त्र हुनुहुन्छ ।

प्रत्येक घटनालाई मानिस आफ्नो धारणा, विचार, दर्शन, स्वभाव, अनुभव, उमेर, वातावरण आदि अनुसार बुझ्ने तरीका फरक फरक हुन्छ । जस्तै : 'क' नामको मानिस बाटोमा हिँडिरहेको छ । उसले आफ्नो परिचित 'ख' मानिसलाई बाटोमा देख्यो र बोल्न खोज्यो तर 'ख' मानिसले देखेन वा सुनेन वा नबोलिकन हिँडेछ । यस घटनामा यदि 'क' मानिसको स्वभाव घमण्डी र आक्रामक खालको भए उसले आफूलाई अपमान गरेको वा हेपेको भनेर रिसाउने र अर्कोपल्ट भेट्दा नबोल्ने निधो गर्दछ । यस घटनाले उसलाई लामो समय तनाव दिनेछ । तर 'क' मानिसको स्वभाव धैर्यवान र चिन्तन गर्ने खालको भए उसले आफ्नो साथी कुनै समस्या परेर नबोलिकन छिटो गएको वा यसको बानी यस्तै हो वा उ तनावमा थियो वा यो पनि एकोहोरो भएछ भन्ने सोच्दछ । उसले अर्को भेटमा 'ख' साथीलाई भन्नेछ 'अस्ति मैले बाटोमा बोलाउँदा किन नबोलिकन गएको ?' यहाँ न रिस न तनाव । यसको अर्थ कुनै प्रतिक्रिया जनाउँदा वास्तविक अर्थ र त्यसको सम्भावित पक्षहरूबारे विचार गर्नु राम्रो हुनेछ । हामीले रीतिरिवाज मनाउँदा पनि

यसको वास्तविकता बुझेर मनाउँदा फाइदा हुन्छ। यसले अनावस्यक रूपमा खर्च गरेर, तडकभडक गरेर अरूलाई देखाउनको लागि र अरूको देखासिकी गरेर मनाउनु हुँदैन। पुर्खाहरूले चलाएर गएको चाडपर्व र रीतिरिवाजको पनि पक्कै सकारात्मक पक्षहरू भएकोले विभिन्न समयमा विभिन्न चाडपर्वहरू हामी मनाउँदै आएका छौँ। हामीले मनाउने विभिन्न चाडहरू जस्तै : जनै पूर्णिमा, गाइजात्रा, दशैँ, तिहार, सख्खरखण्ड र पिँडालु खाने पूर्णिमा, माघे सङ्क्रान्ती आदि। यसमध्ये हिन्दुहरूको महान र प्रमुख चाड दशैँबारे केही समाजशास्त्रीय र मानवशास्त्रीय विश्लेषण यहाँ गरिएको छ।

**क) दशैँको आर्थिक पक्ष :** नेपाल पहिलेदेखि नै कृषि प्रधान देश हो। यहाँका बहुसङ्ख्यक जनता कृषि कार्य नै गर्दथे। नेपालको इतिहास हेर्ने हो भने धेरै नेपालीको प्रमुख आय आर्जन कृषि नै हो। शुरुमा कृषि कार्य गुजारा प्रणालीको थियो। हाल बाटो, सवारी साधन, जनसङ्ख्या वृद्धि, आधुनिक कृषि प्रणाली, उन्नत जातको बिऊ, विकसित कृषि औजार, रासायनिक मल, आर्थिक उदारीकारण आदिले गर्दा हाल कृषि व्यवसायिक हुँदै आएको छ। खेती गर्न मलको आवश्यक हुन्छ। मलको लागि र वैकल्पिक अर्थोपाजनको लागि अधिकांश किसानहरूले पशुपालन गरेको हुन्छ। यसले गर्दा पशुपंक्षीहरूको सङ्ख्या समयअनुसार बढ्ने नै भयो। घरपालुवा पशुहरूको सङ्ख्यामा सन्तुलन ल्याउन, आयआर्जन गर्न र यिनीहरूको खपत गर्न यो समय नै मासुलाई प्रमुख खानाको रूपमा लिएको हुनुपर्दछ। यसबाट घरपालुवा पशुपंक्षीहरू बेचेर आवश्यक मरमसला, तेल, लुगाफाटा, अन्य उपभोग्य सामानहरू किन्नको लागि पैसा हुने भयो। यसबाट विशेषगरी ग्रामीण क्षेत्रमा रहेका मानिसहरूको प्रमुख आय आर्जनको स्रोत हुन गयो। यसबाट ग्रामीण क्षेत्रमा रहेका मानिसहरूले पालेका पशुपंक्षीहरू बेचेर शहरको पैसा गाउँलेहरूले पाउने भयो र उक्त पैसाबाट आफूलाई आवश्यक विभिन्न वस्तुहरू किन्न सजिलो भयो। यो समय नयाँ लुगा लाउने र मिठो खाने पर्वको रूपमा लिइने भएकोले आर्थिक कारोबार बढी हुन्छ। नेपाल पहाडी राज्य भएकोले विगतमा बाटोको कमी, यातायातको साधनको कमी, ढीलो यान्त्रिक युगमा प्रवेश भएको, सामन्तवादी राजनीति प्रणाली, जनतामा राजनीति चेतनाको कमी, नागरिक कर्तव्य र अधिकार सम्बन्धी ज्ञानको अभाव आदि कारणले गर्दा नेपाली जनता गरिबीमा बाँचिरहेका थिए। यसकारण दशैँको लागि भनेर मानिसहरू पैसाको जोहो गरेर राख्दथे र दशैँमा मन फुकाएर खर्च गर्दथे। यसबेला सामानहरूको किनबेच अत्यधिक हुने गर्दछ।

**ख) दशैँको सामाजिक पक्ष :** सामाजिक भन्नाले समाजसँग सम्बन्धित भन्ने बुझिन्छ। समाज भन्नाले मानिसहरूको समूह, संस्थाहरू, समूहहरू, प्रणाली, उपप्रणालीलगायत अनेकौँ बीचको सम्बन्ध, व्यवहार, अन्तरक्रिया, अन्तरनिर्भरता आदि बुझिन्छ। मानिस समाजमा बाँच्नको लागि उसलाई आपसमा सहयोग, अन्तरक्रिया, प्रतिस्पर्धा, अन्तरसहयोग आदि हुनुपर्दछ। मानिसहरूसँग रहेका समान मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज, धर्म आदिका आधारमा अन्तरक्रियाहरू हुने गर्दछ। दशैँमा सबै परिवारजन भेटघाट हुने सुनौलो अवसर हो। विगतमा बाटो र यातायातको अभावले गर्दा मानिसहरू अहिलेजस्तो आफ्नो जन्मस्थलमा समय समयमा जान सजिलो थिएन। तर दशैँको अवसरमा विभिन्न कर्मक्षेत्रमा छरिएर रहेका परिवारका सदस्यहरू आफ्नो कुल घरमा आउने र जम्मा हुने गर्दछन्। यसले पारिवारिक एकता बलियो हुने, पारिवारिक सम्बन्ध नवीकरण हुने, आपसमा अनुभवहरू साटासाट हुने, परिवारका सदस्यहरूको मिलन हुने, एक आपसमा माया, प्रेम, सहयोग आदि बढाउने कार्य गर्दछ। यस चाडमा परिवारका अग्रजहरूबाट टिका लाएर आशीर्वाद लिने र सम्मान गर्ने हुन्छ।

**ग) दशैँको मनोरञ्जनात्मक पक्ष :** मानिसलाई अति आवश्यक गाँस, बास र कपासबाहेक अर्को आवश्यक तत्त्व माया र मनोरञ्जन पनि हो। मनोरञ्जनले मानिसलाई मानसिक रूपमा स्वस्थ रहन र फुर्तिलो बनाउन सहयोग गर्दछ। चाडपर्व भनेको मानिसहरूलाई मनोरञ्जन गर्ने एउटा माध्यम पनि हो। धेरै वर्ष पहिला अहिलेजस्तो मनोरञ्जनका साधनहरू रेडियो, टेलिभिजन, क्यासेट, पत्रपत्रिका, सिनेमा आदि थिएनन्। यसबेला चाडपर्व मनाउँदा मिठो खाने, राम्रो लाउने, गीत गाउने, बाजा बजाउने, नाच्ने, आफन्तहरू भेटघाट गर्ने, दोहोरी गाउने, पिङ खेल्ने आदि नै मनोरञ्जनका साधनहरू थिए। त्यसबेला चाडपर्व भनेको मुख्यतया मिठो खाने, राम्रो लाउने र साथीभाइ, आफन्तहरू भेट्ने अवसरमा लिइन्थ्यो। दशैँमा हुने पारिवारिक भेटघाटले सबैलाई रमाइलो र उल्लासमय त बनाउँछ नै। अर्को यस समयमा पिङ खेल्ने, देवतास्थानहरूमा परिवारका सदस्यहरूसँग गएर पूजा गर्ने, मिठो खाने, राम्रो लुगा लगाउने, विभिन्न खेलहरू खेल्ने, टिकामा अग्रजहरूबाट दक्षिणाको रूपमा केही नगद प्राप्त गर्ने आदि कारणले दशैँ सबैको लागि रमाइलो चाड पनि हो।

**घ) दशैमा मासु खानु :** दशैँमा मासुलाई नै मुख्य खानाको रूपमा लिनुको कारण के होला त ? विभिन्न खाद्यवस्तुहरू मध्ये मासु छिटो बिग्रने खाना हो। यो चाँडै सड्छ, गल्छ र गन्हाउँछ पनि। दशैँ चाड प्राय:जस्तो असोज र कार्तिक महिनामा पर्दछ। यसबेला नेपालको पहाडी र तराई क्षेत्रमा न धेरै गर्मी न धेरै जाडो हुन्छ। यो समय भनेको न दिन लामो न दिन छोटो। वातावरणीय दृष्टिकोणले यसबेला अन्य समयमा भन्दा

मासुलाई केहीदिन सुरक्षित गर्न सजिलो हुन्छ र यो समय अधिकांश किसानहरूको फुर्सदको समय पनि हो । अहिलेजस्तो पहिला पहिला मासु सहज रूपमा उपलब्ध हुँदैन थियो । यो समयमा मासु खानको लागि विभिन्न पशुपंक्षीहरू काटेर ताजा मासु खानको लागि उपयुक्त समय हो । यसरी पशुपंक्षीहरू काटेर केही मासु बढी नै रहे पनि यसलाई सुकुटीको रूपमा सुकाएर सुरक्षित गर्न सकिन्छ । यसबेलाको घाम मध्यम खालको हुने भएकोले मासु विस्तारै भित्रसम्म सुकेर सुकुटी स्वादिलो हुन जान्छ । भनिन्छ  यसबेला बनाइएको सुकुटी सबभन्दा मिठो हुन्छ । गर्मी समयमा सुकुटी बनाउँदा बाहिरको छिटो डढ्ने र कीरा पर्ने सम्भावना बढी हुन्छ र जाडो समयमा बनाउँदा मासु सुक्न धेरै समय लाग्ने, भित्र सम्म नसुक्न सक्छ । यसरी फ्रिज र चिस्यान यन्त्र नभएको बेलामा मासुलाई अलि लामो समय सुरक्षित गर्न सक्ने समय यही नै भएकोले यसबेला मासुको चाडको रूपमा दशैं मनाउन गरेको हुनसक्छ ।

हुन त शरीर वृद्धिको लागि आवश्यक प्रोटिन विभिन्न शाकाहारी खाना गेडागुडीमा पनि प्रशस्त पाइन्छ  तर पोषणको आधारमा जनावरको मासुबाट प्राप्त हुने प्रोटिनलाई प्रमुख खाद्य वस्तु मानिन्छ  र यसले छिटो शारीरिक वृद्धि गर्दछ । मासुमा भएको प्रोटिन, भिटामिन, खनिज पदार्थलगायत विभिन्न पोषक तत्त्वहरूले शरीरको विभिन्न कार्यहरूमा सहयोग गर्दछ । सकभर बोसोरहित ताजा मासु खानु शरीरको लागि धेरै फाइदाजनक हुन्छ । मासु सेवनको फाइदाहरू निम्न अनुसार छन् ।

१) यसमा भएको उच्च स्तरीय प्रोटिनले गर्दा कलेजोलाई बलियो बनाउँछ ।

२) यसमा भएको लाइसिन (lysine) ले गर्दा दुख, तनाव कम गर्ने र अमिनो एसिडले गर्दा डिप्रेसन घटाउँछ ।

३) यसमा भएको भिटामिन $B_3$ (Niacin) ले मस्तिष्क स्वस्थ र चुस्त बनाउँछ ।

४) यसमा भएको फलामले गर्दा रगतमा हेमोग्लोविन वृद्धि  हुने, रक्तअल्पता नहुने र मांशपेसी बलियो बनाउँछ ।

५) यसले शरीरलाई काम गर्न धेरै शक्ति दिन्छ  ।

६) यसमा शरीरलाई अति आवश्यक प्रोटिन, भिटामीनहरू बि, भिटामिन इ, भिटामिन डि, फलाम, जस्ता, म्याग्नेसियम आदि हुन्छ ।

७) यसमा भएको जस्ता (Zinc) ले मांशपेसी वृद्धि, मर्मत गर्ने र मांशपेसी बनाउने कार्यमा सहयोग गर्दछ ।

यसमा भएको म्याग्नेसियमले मांशपेसीहरूलाई कार्य गर्न सजिलो बनाउँछ ।

९) यसमा भएको क्रियाटिनले मांशपेसी बलियो बनाउने र हाडमा टाँसिएको मांशपेसीको कार्य गर्न सहज बनाउँछ । मांशपेसी कोषहरूमा क्रियाटिन कम भएमा मांशपेसी कमजोर भएर शारीरिक अपाङ्गता हुन जान्छ । जसले गर्दा हातखुट्टाले राम्रोसित काम गर्दैन ।

१०) यसमा भएको फलामले गर्दा गर्भवती महिला र पेटमा रहेको शिशुको स्वास्थ्यमा सकारात्मक असर गर्दछ ।

११) यसले रोगविरुद्ध लड्ने क्षमता वृद्धि गर्ने र र हाड बलियो बनाउँछ ।

१२) मासु खान छाडियो भने शरीरमा आयोडिन, आइरन, भिटामिन डी, र बी १२ को कमी हुनसक्छ । त्यतिबेला यी पोषक तत्त्वहरूयुक्त सप्लिमेन्ट सेवन गरेर यसको कमी पूरा गर्नुपर्दछ ।

१३) जिंक हाम्रो जिब्रोको टेष्ट सेन्सेसनका लागि एक आवश्यक तत्त्व हो । रेड मिट र ओइस्टरमा धेरै मात्रामा जिंक पाइन्छ । तर शाकाहारी भोजन गर्ने व्यक्तिहरूले कुनै अन्य स्रोतबाट जिंक प्राप्त गर्नु पर्ने हुन्छ । अन्यथा जिब्रोले स्वाद थाहा पाउन छोड्दै जान्छ ।

१४) मांसपेशीहरू मजबुत राख्नका लागि प्रोटिनको सबैभन्दा बढी आवश्यकता हुन्छ । मासुमा पाइने प्रोटिनले छिटो मांसपेशी बनाउन सहयोग गर्दछ भने वनस्पतिमा भएको प्रोटिनले काम शुरु गर्न अत्यधिक समय लिन्छ । पोषणविद् शाकाहारी भोजन गर्ने व्यक्तिहरूलाई वर्क आउट पछि प्रोटिन लिन सल्लाह दिन्छन् ।

हाल मासु सर्वसुलभ र सधैं पाइने भएकोले मासु खान दशैं कुर्नु पर्दैन । अब मासुलाई लामो समय भण्डारण गर्ने धेरै प्रकारको विधिहरू भएकोले विभिन्न देशमा पाइने विभिन्न जन्तुहरूको मासु सहजै पसलहरूमा पाउन सकिन्छ । तर मानव शरीरको लागि शुद्ध ताजा मासुले सबैभन्दा बढी फाइदा गर्दछ । प्रशोधित गरिएका, रसायनहरू राखिएका, लामो समय फ्रिजमा राखिएका, डब्बामा बन्द गरिएका आदि विधिबाट भण्डारण गरिएका मासु स्वास्थ्यको लागि त्यति फाइदाजनक हुँदैन । ताजा मासुले मानिसहरूमा रोगविरुद्ध लड्ने क्षमता वृद्धि गर्नुको साथै त्यसमा रहेका सबै प्रकारका पोषक तत्त्वहरू सुरक्षित रहेको हुन्छ । तर रातो मासु विशेषगरी खसी, बोका, राँगो आदिको मासु लामो समयको अन्तरालमा कम सेवन गर्नु स्वास्थ्यको लागि फाइदाजनक हुन्छ  । रातो मासुभन्दा सेतो मासु जस्तै कुखुरा र माछा शरीरको लागि बढी फाइदाजनक हुन्छ । मासुमा पाइने पोषक तत्त्वहरू जनावरको प्रकार, जनावरको अङ्ग र उमेरअनुसार फरक फरक हुन्छ ।

## दशैंमा पशु बलि दिनुको कारण के होला ?

नेपालमा मनाइने विभिन्न चाडपर्वहरू मध्ये धेरै पशु बलि दिने दशैंमा हो । हिन्दु धर्ममा कुनै खाना देवता वा अदृष्य शक्तिको नाममा चढाएर खाँदा खानाले शरीरलाई फाइदा गर्ने र यश प्राप्त हुन्छ भन्ने मान्यता छ । यसकारण हिन्दु समाजमा

कुनै पनि खाना खाँदा शुरुमा देवता वा कुनै अदृष्य शक्तिलाई चढाएर खाने चलन छ। यसको कारण त्यसबेला विभिन्न देखिने वा नदेखिने कीराहरूबारे अध्ययन अनुसन्धानको कमी थियो। खाना खानुअघि देवता वा अदृष्य शक्तिको नाममा खाना चढाउँदा चढाएको खानामा कीराहरू आकर्षण हुन सक्दछ। यसले गर्दा हाम्रो खानामा कीटाणुहरू आउने सम्भावना कम हुन जान्छ। जस्तै : हामी गुलियो खाना खाँदा खानुअघि केही भाग भुइँमा चढाउँदा गुलियो मनपराउने कमिलालगायत अन्य कीराहरू हाम्रो खाना खाने भाँडोमा नआइकन भुइँमा चढाइएको खानामा जाने सम्भावना बढी हुन्छ। यसरी बलि दिँदा रगत भुइँमा पोखिन जान्छ। त्यसमा झिँगालगायत विभिन्न अन्य कीराहरू झुम्मिन जान्छ र खाने मासुमा तिनीहरूको आकर्षण कम हुन जान्छ।

यसरी नै स्वास्थ्यको हिसाबले बलि दिनु भनेको स्वस्थकर मासु खानु पनि हो। किनभने भगवान समक्ष बलि दिनुअघि बोकालाई पर्साउने चलन छ। यसको अर्थ बलि दिने बोका स्वस्थ भएको नभएको पत्ता लगाउनु हो। किनभने स्वस्थ र निरोगी बोका मात्र पर्सिन सक्छ। शारीरिक रूपमा अस्वस्थ र रोगी बोका पर्सिन सक्दैन। यो समयमा बलि दिएको जन्तुको मासु परिवारलगायत दशैँमा आउने विभिन्न आफन्तहरूले पनि खाने भएकोले स्वस्थ जनावरको मासुको छनौट गर्न पनि बलि दिने चलन भएको हुनुपर्दछ। यसको अर्को कारण धेरै वर्ष पहिला अहिलेजस्तै पसलमा मासु किन्न पाइँदैनथ्यो। तर दशैँमा आफन्तहरू बोलाउँदा मुख्य परिकार नै मासु हुने भएकोले मासु जगेडाको रूपमा राख्नुपर्ने हुनाले पनि पशु बलि दिने चलन भएको हुनुपर्दछ। किनभने पशु बलि दिँदा आफ्नो परिवार र पाहुनाको सङ्ख्या अनुसार उपयुक्त तौल भएको पशुको बलि दिने भयो। यसको आर्थिक पक्षबाट हेर्ने हो भने माथि उल्लेख भए अनुसार गाउँघरमा कृषिको लागि आवश्यक मल उत्पादन गर्न पालिएका जनावरहरू बिक्री बढाउन पनि हो।

**मासु सेवनबाट गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

मिठो खाना भन्नासाथ प्राय:ले मासुको परिकारलाई लिने गर्दछन्। धेरै वर्ष पहिला मासु भात खाएको भन्नाले स्वादिलो र मिठो खाना खाएको मानिन्थ्यो। हुन त अहिले पनि मासुलाई मिठो परिकारको रूपमा लिने चलन समाजमा छ। अहिले वैज्ञानिक अध्ययनअनुसार मासु सेवन गर्ने भन्दा नगर्ने मानिसहरूको स्वास्थ्य राम्रो हुने प्रमाणित भएको छ। अध्ययनबाट मासुको सेवनले यसमा भएको स्याचुरेटेड फ्याटले कोलस्ट्रोल बढाउँछ। यसले गर्दा मुटु सम्बन्धी समस्याहरू बढि आउँछ। शाकाहारी मानिसहरूमा कोलस्ट्रोल पनि कम हुने र मुटु रोग हुने सम्भावना पनि कम हुने पत्ता लागेको छ।

यहाँ मासु कम सेवन गर्नुको फाइदाहरू दिइएको छ –

१) तौल नियन्त्रण हुन्छ।

२) पेटमा प्रोटेक्टिभ ब्याक्टेरिया बढ्छ।। यसले गर्दा शरीरको पाचन प्रणाली बलियो हुन्छ।

३) छाला स्वस्थ र सफा हुन्छ।

४) शरीरमा फुर्ति बढ्छ।

५) मुटु रोगको खतरा कम हुन्छ।

६) शरीरमा कोलस्ट्रोल एक तिहाइ कम हुन्छ।

७) जीनले राम्ररी काम गर्दछ।

८) बुढ्यौली ढीलो देखापर्दछ।

## भक्तपुर नपाबाट सञ्चालित शिशुस्याहार केन्द्रका भवनहरू





# किम इल सङ्को संस्मरण

# शताब्दीका साथ -११




## देशभक्त जमिनदार किम जोङ बु

भाग–९ । परिच्छेद ६ (ख)

'त्यही भएर बुढा जनरलभन्दा युवा जनरल धेरै उत्तम हुन्छन्', हवलदार किमतिर फर्केर किम जोङ बुले भने ।

हवलदार किमले पनि देशलाई स्वाधीन बनाउने लडाइँ एकाध वर्षमा सकिने हुँदा स्वस्थ र बलिया युवा जनरल थप भरपर्दो हुने भन्दै उनको कुरामा सहमति जनाए ।

हामीबीच निकै सौहार्दपूर्ण वातावरणमा कुराकानी भयो । त्यहाँ उपस्थिति जमिनदारहरूले मलाई धेरै प्रश्न गरे । किम मान दुले त 'किम इल सङले भोलि के हुँदैछ भन्ने भविष्यवाणी पनि गर्न सक्छन् भन्ने बाहिर हल्ला भएको' भन्दै 'अबको तीन दिनपछि के हुँदैछ' भनी सोधे । उनको यो प्रश्न सुनेर मलाई अप्ठ्यारो अनुभव भयो ।

पक्कै पनि यो प्रश्न उट्पट्याङ्ग प्रश्न थियो । यद्यपि मैले असहजभावमा जवाफ दिएँ ।

'तीन दिन पछि के हुँदैछ भन्ने कुराको भविष्यवाणी गर्न मैले सक्छु भन्ने कुरा त हल्लामात्र हो । हामी अवस्थाको मूल्याङ्कनसम्म गर्न सिपालु छौँ, किनभने जनक्रान्तिकारी सेनाले जनतासँग नजिकको सम्बन्ध स्थापित गरेको छ र जनताबाट हामी समयमै महत्त्वपूर्ण सूचना प्राप्त गर्छौँ । जनता भु–गे ल्याङजस्तै बुद्धिमान छन् भन्ने मलाई विश्वास छ । जनताको समर्थन र सहयोगबिना हामीले एक कदम पनि चाल्न सक्दैनौँ । तर, मैले भविष्यवाणी गर्न सक्छु भन्ने कुरा सही होइन ।'

'जनरल ! तपाईँले जनतालाई प्रशंसा गरेर आकाशमै पुऱ्याइदिनुहुँदा मलाई अनौठो लाग्छ । मेरो विचारमा तपाईँको महान् कार्यमा हामीले पनि मद्दत गर्नुपर्छ । त्यसकारण हामीले तपाईँको मद्दतको निम्ति के गर्नसक्छौँ ? कृपया भन्नुहोस् ।'

'साँच्चै भन्नुपर्दा तपाईँलाई हामीले तपाईँ चाङबाईभन्दा बाहिर हुँदा नै यो विषयमा कुरा गर्न चाहेका थियौँ । वर्षौं वर्षदेखि हामी मन्चुरियाको दुर्गम क्षेत्रमा बसेर जापानी साम्राज्यवादी हमलाकारीलाई ध्वस्त बनाउन हतियार बोकेर लडिरहेको छौँ । सुरु गर्दा हाम्रो हातमा केही थिएन । तर, अहिले धेरै ठाउँमा जनक्रान्तिकारी सेनाले शत्रुलाई पराजित गरिरहेको छ । मैले अघि भनेजस्तै जनताको समर्थन र सहयोगबिना जनक्रान्तिकारी सेनालाई आज जतिको बलियो बनाउन सम्भव थिएन । जीउभरि बलिया हातहतियारले सुसज्जित जापानीलाई पराजित गर्न र हाम्रो देशलाई मुक्त बनाउन सिङ्गो राष्ट्र तन–मनले सङ्गठित हुनुपर्छ । जमिनदार र पूँजीपतिलगायत देशलाई माया गर्ने सबै जनता जनक्रान्तिकारी सेनाको समर्थनमा एक ठाउँमा उभिनुपर्छ ।'

मेरा कुरा सुनेर जमिनदारहरूका अनुहार पुलकित भएको देखेँ ।

'जसले पनि आफ्नो देश र देशवासीलाई माया गर्छन्, क्रान्तिलाई समर्थन गर्नु उसको दायित्व हो । अनि त्यो उसको अधिकार पनि हो । स्वाधीनता सङ्घर्षलाई पैसा र धान दिएर मद्दत गर्न तपाईँले दियाङ्सीको लेकमा हजारौँ रोपनी जमिन फाडेर बाली लगाउनुभयो, होइन र ? त्यसैको कदरस्वरुप तपाईँका मोही र स्वाधीनता सङ्घर्षका लडाकुहरूले तपाईँको शालिक स्थापना गर्ने निर्णय गरे ।'

'अहो ! एक जना साधारण मान्छेको विगतबारे तपाईँलाई यति धेरै जानकारी कसरी भयो, जनरल ?'

'मैले तपाईँको नाम मेरा दिवंगत पिताबाट सुनेको थिएँ । त्यस्तै ओ तोङ जिन, जाङ चोल हो र काङ जिन गोनको मुखबाट पनि तपाईँको नाम सुनेको थिएँ । त्यही भएर तपाईँको नाम मेरो दिमागमा सधैँ ताजा छ ।'

'तपाईँको पिताको नाम के हो ?'

'किम ह्याङ जिक । उहाँ बादाओक्व र फुसोङमा हुँदा तपाईँको विषयमा धेरै कुरा गर्नुहुन्थ्यो ।'

'ओहो !'...किम जोङ बुले मलाई फेरि नियालेर हेरे । अनि परेला झिम्काए । 'तपाईँ किम ह्योङ जिकको छोरा हुनुहुन्छ भन्ने मलाई थाहा थिएन, जनरल । ...गाउँमा बस्दाबस्दै यो बुढोलाई संसारमा भइरहेको परिवर्तनको कुनै हेक्का नै भएन । तपाईँको पितासँग मेरो निकै नजिकको सम्बन्ध थियो । ...तपाईँको पिताले दुःख गर्नुभएको यो भूमिमा तपाईँ जनताको सेनाको नेतृत्व गरेर आउनुभएको देखेर मैले खुशियाली व्यक्त गर्ने कुनै उपयुक्त आत्मिय शब्द नै पाइनँ ।'

'मलाई पनि तपाईँ जस्तो देशभक्तसँग भेट्न पाउँदा निकै खुशी लागेको छ । तपाईँको विषयमा थाहा नपाएर मेरा

कमरेडहरूले तपाईँलाई यहाँ लिएर आए । मैले मेरा कमरेडहरूलाई तपाईँ जापानपक्षधर वा प्रतिक्रियावादी जमिनदार नभई एक जना देशभक्त जमिनदार भएको बताइसकेको छु । दियाङ्सीका जनताले जस्तै तपाईँको कदरमा हामीले शालिक बनाउन नसके पनि तपाईँलाई देशभक्त भन्नुको सट्टा जापानपक्षधर जमिनदार भन्ने गल्ती हामी गर्न सक्दैनौँ । स्वाधीनता सङ्घर्षमा आफूले गर्नुभएको योगदानको निम्ति तपाईँले गौरव अनुभव गर्नुपर्छ ।'

आँखाभरि आँसु राखेर किम जोङ बुले मलाई आभार प्रकट गर्दै भने,'तपाईँले मलाई देशभक्त जमिनदार भन्नुभए पछि अब मेरा केही पनि दुःख रहेनन् । म मर्नुपरे पनि अब मलाई दुःख लाग्ने छैन ।'

किम मान दुले पनि झुकेर मप्रति सम्मान प्रकट गरे । बाबु र छोराको चाला देखेर त्यहाँ उपस्थित जमिनदारहरू इर्ष्या र कदरभाव दुवै मिश्रित भावनासहित टोलाइरहे ।

उनीहरूको यस्तो मनस्थिति बुझेर किम जोङ बुले भने, 'खास भन्ने हो भने जनरल ! उनीहरू प्रतिक्रियावादी जमिनदार होइनन् । म तपाईँको कसम खाएर भन्न सक्छु । तपाईँ मलाई विश्वास गर्नुहुन्छ भने उनीहरूलाई पनि देशद्रोही नठान्नु होला ।'

'तपाईँले नै आधारसहित भन्नु भए मैले किन विश्वास



b]zeQm hldgbf/ lsd hf]ª a'

नगर्ने ! तपाईँ आफैले यसो भन्नुभयो भने मैले किन उहाँहरूलाई खराब नजरले हेर्नु र ?'

यो कुरा सुनेर त्यहाँ उपस्थित जमिनदारहरूले निहुरेर मप्रति आभार प्रकट गरे ।

हाम्रो पहिलो चरण कुराकानी त्यत्तिमै सकियो । मेरो मानसपटलमा त्यो कुराकानीको प्रभाव लामो समयसम्म ताजा रह्यो । यदि कोही जापानपक्षधर मान्छेसँगको सोधपुछ अथवा उनीहरूको अपराधको सुनुवाइ गर्ने बैठक हुँदो हो त मैले त्यत्ति लामो समयसम्म त्यो घटनालाई सम्झिरहने थिइन । तर, दियाङ्सीबाट आएका किम जोङ बुसहितका त्यहाँका विशिष्ट व्यक्तिहरूलाई मजियाजीस्थित एउटा काठव्यापारीको टहरामा पानी परेको रात ढिला मध्यरातसम्म कुराकानी गरेको घटना म प्रष्ट सम्झिरहेको छु ।

त्यत्तिबेला मैले उनीहरूलाई 'तिमीहरूले मोहीहरूलाई कतिको शोषण गरेका छौ' अथवा 'जापानीहरूको उपनिवेशवादी नीति कार्यान्वयन गर्न जापानी साम्राज्यवादीलाई कति सहायता गरेका छौ' अथवा 'मातृभूमि र जनताको लागि के कस्ता गलत काम गरेका छौ' भनी केही पनि प्रश्न सोधिनँ । बरु मैले उनीहरू सबै जापानपक्षधर जमिनदार नभएको मानेँ र उनीहरूमाथि तत्कालै विश्वास गरेँ । त्यो विश्वासले उनीहरूलाई कम्युनिस्टप्रतिको धारणा बदल्न मद्दत गर्‍यो ।

त्यो दिनको हाम्रो कुराकानी आपसी परिचय र हाम्रो सम्बन्धको सुरुवात मात्र थियो । मैले उनीहरूसँग कुराकानी गर्न खोजेको विषय भविष्यको लागि थाँती राखेँ । मैले पितृभूमि मुक्ति सङ्गठनको आरम्भिक घोषणाको भावनाअनुसार दियाङ्सीका जमिनदारहरूलाई कोरियाली जनक्रान्तिकारी सेनाको लागि अधिकतम भौतिक सहयोगको लागि उत्साहित गर्न वैचारिक गतिविधि गर्ने लक्ष्य लिएको थिएँ । उनीहरूमार्फत क्रान्तिलाई न्युनाङ्कन गरिरहेका वा अवरोध पुर्‍याइरहेका चाङबाइका प्रभावशाली व्यक्तिहरूलाई पनि रूपान्तरण गरी क्रान्तिका समर्थक, सहयोगी र हितैषी बनाउने मेरो लक्ष्य थियो । त्यसको लागि मैले उनीहरूसँग थप कुराकानी गर्न आवश्यक थियो ।

तर, मैले किम जोङ बु र उनका छोरालाई तुरुन्तै दियाङ्सीमा फिर्ता पठाउने निधो गरेँ ।

अर्को दिन मैले किम जोङ बुलाई घर फर्किन आग्रह गर्दा उनले अचम्मको कुरा गरे । 'जनरल ! गए राति मैले धेरै कुरा विचार गरेँ । यो पटक सौभाग्यले तपाईँलाई भेटेँ । मैले देश र राष्ट्रको लागि विभिन्न तरिकाबाट सेवा गर्ने हरेक प्रयास गरेँ । तर, म कतै पनि सफल भइनँ । अहिले त म बुढो र कमजोर पनि भइसकेँ । राम्रो उद्देश्य मात्र लिएर पनि राष्ट्रलाई जोगाउन नसकिने कुरा मैले बुझेँ । पछिल्ला केही वर्षदेखि म राष्ट्रिय मुक्तिको लागि योगदान गर्ने बाटोको खोजीमा व्यग्र थिएँ । भाग्यवश मैले तपाईँलाई भेटेँ, जनरल !'

'जनरल ! मैले म यहीँ बसेर छोरालाई मात्र घर

पठाउने विचार गरेँ । छोरा घर गएर दियाङ्सीका अधिकारीहरूलाई बुवाको ज्यान जोगाउन भनेर उसले यहाँको लागि आवश्यक सर–सामग्री पठाउने सक्नेछ । बुवालाई घर फर्काउन गुरिल्ला सेनालाई सामान पठाउन लागेको भनेर छोराले त्यहाँका प्रशासकहरूलाई चित्त बुझाउनेछ । छोराले खाद्यान्न, लुगाफाटा र जुत्ता पहाडमा पठाउनमा कुनै अरू शङ्का नगर्न आग्रह गरे सरकारी अधिकारीहरू गोप्य रूपमा मान्नेछन्', उनले भने ।

उनका कुरा सुनेर म भित्रैदेखि विह्वल भएँ । उनको विवेकवान आग्रहले म ज्यादै प्रभावित भएँ ।

तर, यो त अलि धेरै नै भयो । त्यसैले मैले भनेँ, 'म तपाईंको कुरा राम्ररी बुझ्छु । तपाईंका शालिन सुझावले मलाई ठूलो उर्जाका साथ उत्साहित बनाएको छ । तर, यो ठाउँ तपाईँ बस्नको लागि उपयुक्त स्थान होइन । हामीसँग आरामदायी बस्ने ठाउँ र राम्रो खाना पनि छैन । यहाँको हावापानी निकै चिसो छ । हामीलाई सिध्याउन जापानी साम्राज्यवादीहरू अझ जोडतोडका साथ लाग्नेछन् । त्यसकारण तपाईँ घर फर्किनुपर्छ ।'

तर, बुढो मान्छेले मेरो कुरा ठाडै अस्वीकार गरे । उनले देशको स्वाधीनताको निम्ति आफू सिपाहीं भएर लड्न नसके पनि स्वाधीनता सङ्घर्षलाई मद्दत गर्ने सबभन्दा उत्तम अवसरबाट आफूलाई वञ्चित नगर्न अनुनयविनय गर्न थाले । अन्ततः मैले उनलाई केही समयको लागि गोप्य शिविरमा बस्न अनुमति प्रदान गरेँ र उनको छोरोलाई घर फर्किने प्रबन्ध मिलाएँ ।

दियाङ्सीबाट आएका महानुभावहरूको लागि गोप्य शिविरमा हामीले केही विशेष ठाउँ बनाएका थियौँ । हामीले सकेसम्म राम्ररी उनीहरूको हेरविचार गर्‍यौँ पनि ।

दुर्गम पहाडको गहिराईमा कुनै पनि वस्तु सहजै पाउन सम्भव थिएन । हामी आफै पनि त्यत्तिबेला खोले खाएर पेट भर्थ्यौँ । तर, हामीले उनीहरूलाई आपतकालीन राशनमा ल्याइएको चामलको भात खुवाउने बन्दोबस्त गर्‍यौँ । हाम्रा मान्छेहरू पातले बेरिएको सुर्ती सल्काउँथे । तर, हामीले उनीहरूलाई चुरोटको व्यवस्था गर्‍यौँ । किम जोङ बुले त्यहीं आफ्नो जन्म दिन पनि मनाए । गोप्य शिविरमै उनीहरूले सन् १९३७ को नयाँ वर्ष पनि मनाए ।

मलाई किम जोङ बुको जन्म दिन चन्द्रमासको बाह्रौँ महिनाको कुनै एक दिन भएको कुरा थाहा थियो । उनी आफ्नो जन्म दिनमा पनि घर फर्किन चाहेनन् । दियाङ्सीबाट सहयोग सामग्री लिएर आफ्नो छोरा नआएसम्म कुनै पनि हालतमा घर नफर्किने भनी किमले जिद्दी गरे ।

बुढो मान्छे र उनको परिवारलाई मैले केही गलत गरिरहेको जस्तो लागिरहेको थियो । सत्तरी कटेको बुढो मान्छेलाई यो पहाडमा उनको जन्म दिनमा समेत राख्नेजस्तो निर्दयी मान्छे अरू कोही होला त ?

मैले शत्रुको क्षेत्रमा काम गर्ने हाम्रा कार्यकर्तालाई चामल, मासु र रक्सी ल्याउन अह्राएँ । मेरो अर्दलीलाई ती सामान बोकाएर म किम जोङ बुको जन्म दिनमा उनी बसेको शिविरमा पुगेँ । अमृत वा केशरी त थिएन, तर जन्म दिनमा तयार भएको खाना जनक्रान्तिकारी सेनाको इतिहासमा झण्डै अभूतपूर्व नै थियो । हाम्रा सहयोद्धाहरूको विवाहमा समेत हामीले त्यत्ति विशेष खानाका परिकारको जोरजाम गरेका थिएनौँ । ती दिनमा जस्तोसुकै अवसरमा पनि हरेक कमरेडलाई एक कचौरा भात र दालभन्दा बढी हामीले जोहो गर्न सक्ने अवस्था थिएन ।

जन्म दिनको अवसरमा तयार गरिएका खाना परिकार देखेर किम जोङ बुका आँखा विस्फारित भए ।

'नयाँ वर्ष आउन अझै केही दिन बाँकी नै छ । आज यो के को भोज हो र ?', उनले सोधे ।

'आज तपाईंको जन्म दिन हो महोदय । जनक्रान्तिकारी सेनाको तर्फबाट जन्म दिनको अवसरमा म तपाईंलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।'

मैले एउटा कपमा भरिभराउ वाइन राखेँ र उनीतिर बढाउँदै भनेँ, 'किम महोदय, यो जाडो महिनामा तपाईँलाई जन्म दिनमा पनि यो दुर्गम पहाडमा राखेकोमा मलाई माफ गर्नुहोला । हाम्रोतर्फबाट जन्म दिनको शुभकामना स्वरुप यो भोजन स्वीकार्नुहोस् ।'

किम जोङ बुका आँखा आँसुले भरिएर छचल्कियो । अनि हातमा मैले दिएको वाइन भरिएको कप समाउँदै उनले भने, 'हामीले गुमाएको देश फेरि जित्न तपाईँ गुरिल्लाहरूले मकैको खोले खाएर पेट भरिरहेको देख्दा मलाई निकै दुःख लागेको छ । यो सब देखेर मलाई हरेक दिन तीन छाक तातो खाना खान पनि साह्रै गाह्रो भइरहेको छ । यस्तो दुर्गम पहाडमा मजस्तो बुढो मान्छेको सम्मानमा जन्म दिनको शुभकामना दिनुभयो । जनरल ! तपाईंको यो सहृदयता म मेरो चिहानमा पनि कदापि भुल्नेछैन ।'

'देशले स्वाधीनता पाउने बेलासम्म पनि तपाईँको दीर्घ जीवनको म कामना गर्दछु ।'

'जीवन लामो भयो वा छोटो भयो भन्ने कुरा महत्त्वपूर्ण होइन । तर, म तपाईँको स्वस्थ जीवनको कामना गर्छु, जनरल ! तपाईँ स्वस्थ हुनुभयो भने देशलाई दुःखको सागरबाट जोगाउन सक्नुहुनेछ ।'

त्यो दिन किम जोङ बुसँग मैले लामै कुराकानी गरेँ ।

जाडो अचाक्ली बढेको थियो । पहाडमा भारी हिमपात भएको थियो । त्यसकारण मैले उनलाई तत्काल घर नफर्किन आग्रह गरेँ । बाक्लो हिउँको कारण घर जानेक्रममा दुर्घटना हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर मैले जाडो महिनाभर गोप्य शिविरमै बस्न उनलाई आग्रह गरेँ ।

कुराकानीमा उनले चार महिना गोप्य शिविरमा

बस्दाको आफ्नो अनुभव इमानदारीका साथ सुनाए। उनका कुरा सारमा जनक्रान्तिकारी सेना र उनले लामो समयदेखि नियाल्दै आएका कोरियाली कम्युनिस्टप्रतिको आफ्नो सङ्क्षिप्त धारणा थियो।

'प्रष्ट शब्दमा भन्नुपर्दा म कम्युनिस्टहरूलाई सजिलो आँखाले कहिल्यै पनि हेर्दिनथेँ। तर, जनरल ! तपाईँको साम्यवाद निकै भिन्न रहेछ। तपाईँ जापानविरोधी र जापानपक्षधर जमिनदारलाई अलग अलग कोणबाट हेर्नुहुन्छ। अनि जापानपक्षधर जमिनदारलाई मात्र निशाना बनाउनुहुन्छ। त्यस्तो साम्यवाद कसलाई मन नपर्ला र ? जापानीहरू गुरिल्लालाई 'कम्युनिस्ट डाँका' भन्छन्। तर, उनीहरूको त्यस्तो कुरा सब बकबास रहेछ। ... बितेका महिनामा गुरिल्ला लडाकुहरूसँगै बसेर खाना खाँदै मैले धेरै कुरा विचार गरेँ। पक्कै पनि मैले नयाँ संकल्प गरेको छु। मलाई म अब धेरै वर्ष बाँच्दिनँ जस्तो लाग्छ। तर, म जति वर्ष बाँच्छु, राम्रै लक्ष्य प्राप्तिको लागि बाँच्नेछु। म मर्ने नै भए पनि मैले जनक्रान्तिकारी सेनालाई सहयोग गर्ने निधो गरेको छु। विश्वास गर्नुस्, म जिउँदो वा मुर्दा जस्तोसुकै अवस्थामा पनि तपाईँकै मान्छे हुँ।'

गोप्य शिविरमा उनको बसाईले उनलाई हाम्रो सक्रिय सहयोगी बनायो।

हाम्रो कुरा सुनाउन र भौतिक सहायताको लागि आग्रह गर्न भूमिगत गोप्य शिविरमा ल्याइएका जमिनदारहरूमध्ये कसै-कसैलाई त किसानहरू घृणा पनि गर्थे। तर, किम जोङ बु ती जमिनदारहरूबारे विश्वस्त थिए र उनीहरूलाई आफ्नो मातहतमा राखे। उनीहरूमा किम जोङ बुको बलियो प्रभाव पनि थियो। त्यही प्रभावका कारण उनीहरू सबै जापानविरोधी देशभक्तिको बाटोमा अघि बढे।

जनक्रान्तिकारी सेनाको सहयोगमा किमले ३ हजार युआनभन्दा बढी रकम चन्दा दिनुका साथै खाद्यान्न, कपडा र अन्य विभिन्न वस्तु उपलब्ध गराए। उनले दिएको कपडाबाट हाम्रो सिङ्गो एकाइको लागि हामीले बाक्लो कोट र न्यानो पोशाक सिलायौँ।

दियाङ्सी फर्केर उनका छोराले हाम्रोसाम् पहिला गरेको प्रतिबद्धताअनुरुप गरिल्ला लडाकुहरूलाई ठूलो मद्दत गरे। आफ्नो गाउँ पुगेर उनले आफूलाई सरकारी अधिकारीले बाँझो जमिन प्रयोग गर्न दिएवापत दिएका गाइवस्तुमध्ये दस खण्ड बेचेर धेरै पैसा जम्मा गरे। दियाङ्सीका किसानहरूको जीविकोपार्जनको लागि भनी त्यहाँको प्रशासनले किम परिवारको नाममा रहेको बाँझो जमिनमा बाली लगाएवापत दर्जनौँ बथान घरपालुवा पशु दिएको हुन्थ्यो। पछि उनले स्थानीय प्रशासनबाट बीस बथान असल पशुहरू ऋणमा लिएर ती पशुका बथान हामीलाई छोडेर गए। उनले सहायता सामग्रीको रूपमा गुरिल्लाहरूलाई लुगा सिउने मेसिन पनि पठाएका थिए।

जनक्रान्तिकारी सेना पेक्डु पर्वततिर गएपछि शत्रुले चाङबाईका जनतामाथि थप कडाइ गऱ्यो र दमनलाई अझ सघन बनायो। किम जोङ बु र उनको परिवारलाई कालो सूचीमा सूचीकृत गरियो।

एक दिन किम मान दुलाई सोधपुछको लागि चाङबाई प्रहरी चौकीमा बोलाइयो।

'हामीलाई प्राप्त सूचनाअनुसार किम इल सङको सेनासँग तपाईँको सम्बन्ध छ र तपाईँ उनीहरूलाई ठूलो परिमाणमा सामान पठाउनुहुन्छ रे। भन्नुहोस्, तपाईँ त्यहाँ कस्ता सामान पठाउनुहुन्छ र अहिलेसम्म कति पठाइसक्नुभयो ?'

किम मान दुले सिधै त्यो आरोप अस्वीकार गरेर तर्कसङ्गत कुरा मिलाएर राखे।

'तपाईँ त यसरी कुरा गरिरहनुभएको छ, मानौँ मैले किम इल सङको सेनासँग गोप्य संवाद र सम्पर्क गरिरहेको छु। यो गलत बुझाइ हो। यस्तो सम्पर्क कहिल्यै भएको पनि छैन र हुन पनि सक्दैन। मजस्तो जमिनदारलाई कम्युनिस्ट सेनाले विश्वास गर्ने कुरा तपाईँ पत्याउनुहुन्छ ? तपाईँलाई त मेरो पितालाई कम्युनिस्ट सेनाले बन्दी बनाएको कुरा पनि थाहा हुनुपर्ने हो। मेरो पिताको ज्यान जोगाउन उनीहरूलाई केही सामान पठाउनु के कुनै ठूलो कुरा हो र ? म मेरो परिवारको सबै सम्पत्ति खर्च गरेर पनि पिताजीको ज्यान जोगाउन चाहन्छु। मेरो ठाउँमा तपाईँ हुनुभएको भए तपाईँले के गर्नुहुन्थ्यो ?'

प्रहरीले उनको भनाइलाई उचित मान्यो र थप प्रश्न नगरी उनलाई रिहा गऱ्यो।

एवम्रीतले क्रान्तिकारी सेनालाई सहयोग गर्न किम जोङ बु र उनका छोराले आफ्नो जमिनको ठूलो हिस्सा र घरपालुवा पशु पनि बेचे। स्वाधीनता सेनालाई खाद्यान्न र पैसा पठाउन किम जोङ बुले आफ्नो सबै बाँझो भूमिमा बाली लगाएका थिए। त्यही क्रममा उनी जमिनदार बनेका थिए। उनले आफूसँग बाँकी सबै सम्पत्ति र पैसा पनि जनक्रान्तिकारी सेनाको मद्दतको निम्ति प्रयोग गरे। जमिनदार वा पूँजीपतिले सम्पत्ति जम्मा गर्ने सोच त्याग्नु र त्यो सम्पत्ति देशको सम्पत्तिको रूपमा प्रयोग गर्नु भनिएजस्तो सरल कदापि हुँदैन। उनीहरूको निम्ति सम्पत्ति जम्मा गर्नु अत्यन्त महत्त्वपूर्ण कुरा हुन्छ।

किम जोङ बुको देशभक्ति भावनाको गहिराइ र जापानविपरोधी क्रान्तिप्रति उनको निष्ठा यति उचाईमा थियो। जापानविरोधी क्रान्तिको सिङ्गो अवधिमा उनले जस्तो हात फुकाएर मद्दत गर्ने जमिनदार र उनीजस्ता समर्पित देशभक्त मुस्किलले भेटेको थिएँ।

गोप्य शिविरबारे किम जोङ बुले आफूले गरेको अनुभव र भावनाको केही अंश पछि **'सामचोली'** नामको पत्रिकामा अन्तर्वार्ताको रूपमा पनि प्रकाशित भएको थियो।

अन्तर्वार्ताको केही अंश प्रस्तुत छ :

'...किम इल सङ सीमा क्षेत्रमा निकै लोकप्रिय छन्। पत्रपत्रिका पढ्ने जो कोहीलाई पनि उनको नाम सम्झना हुनुपर्छ।

'कमान्डर-इन-चिफ भनी सम्बोधन गरिने यिनी मञ्चुरियाली र कोरियाली सहयोगीलाई लिएर ठाउँ ठाउँमा छापा मार्छन् । पहाडमा आफ्नो आधार बनाएर सेनाको कडा प्रतिरोध गर्छन् । गोप्यरूपमा आफ्ना कमरेडहरूको परेड आयोजना गर्छन् । अनेकथरी सपना देख्दै हिँड्छन् ! को हुन् यिनी मान्छे ?

'बुढो किम जोङ बुले यिनी रहस्यमय मान्छेलाई भेटेर आएका छन् ।

'गर्जिने स्वर भएको, शिष्ट व्यवहार गर्ने र दुब्लो पातलो शरीर भएका उनी फ्योङगान प्रान्तका व्यक्ति हुन् । यो खतरनाक मानिस भर्खर एक बीसे उमेरका छन् । सामान्यतः मानिसहरूले सोच्ने गरेभन्दा निकै कम उमेरका । मञ्चुरियालीहरूमा उनको बलियो पकड छ । तर, उनमा कमान्डर बन्ने कुनै आसक्ति छैन । उनी आफ्ना लडाकुहरूसँग एउटै खातमै सुत्छन् । एकै थालीमा खाना खान्छन् । कार्यकर्ताले लगाउने जस्ता लुगा नै लगाउँछन् । उनीहरूका दुःख-सुखमा साथमै रहन्छन् । यस्ता व्यवहारमा उनको प्रभाव र महानता झल्किन्छ ।

'ज्येष्ठ महानुभाव, यो जाडो महिना कस्तो लागिरहेको छ तपाईँलाई ?' उहाँले मलाई हार्दिकतापूर्वक स्वागत गर्नुभयो अनि पछि...

'...तपाईँ युवाहरूमध्ये कसलाई न्यानो ठाउँ र आरामदायी जीवन मन नपर्ला र ? बल्ल बल्ल पाइने कोदोको खोले पनि हामीले कति दिन खान पाउँदैनथ्यौँ । म पनि मान्छे हुँ । मेरो पनि आँसु झर्छ, रगत मेरो पनि पोखिन्छ र मेरो पनि आत्मा छ । तर, यो जाडो समय यसरी नै काट्छौँ ।'

'उहाँ सौम्य स्वरमा भद्र मिजासमा बोल्नुभयो । डाँका दलको कोही मुखियाभन्दा कुनै पनि हिसाबमा फरक । त्यो मेरो कल्पनाभन्दा पनि बाहिरको कुरा थियो ।

'उनले बुढो किमलाई धेरै तरिकाबाट सान्त्वना दिने प्रयास गरे । यस्तो भयानक जाडो र भारी हिमपातमा यहाँबाट घर फर्किन असम्भव छ भन्दै उनले बुढो किमलाई चिन्ता नगर्न र अर्को बसन्तयाममा मात्र घर फर्किन आग्रह गरे । अनि आफ्ना मान्छेहरूलाई बुढो किमको विशेष ख्याल गर्न निर्देशन दिए ।...'

यो लेख हेसानमा पाक इन जिनका अनुयायी च्याङ इल चोलले लेखेका थिए । किम जोङ बुले तुलनात्मक रूपमा आफूलाई लागेको कुरा निर्धक्क र हिम्मतका साथ सञ्चारमाध्यममा बोले । त्यत्तिबेलाका सञ्चारमाध्यम पक्कै पनि जापानीहरूको निगरानी र नियन्त्रणमा हुन्थे । कोरियाली जनक्रान्तिकारी सेनाको आन्दोलनबारे खबर प्रकाशित गर्न कडा नियन्त्रण भएको त्यो समयमा **'सिमचोली'** पत्रिकाले त्यो लेख प्रकाशित गर्नु भने आश्चर्यको विषय थियो ।

मेरो सल्लाहअनुसार किम जोङ बु पछि वाङछिङ-हामाताङ सरे । उनको त्यहीं निधन भयो । उनले देश मुक्त भएको देख्न पाएनन् ।

म बीस वर्षको हुँदा मैले किम जोङ बुलाई भेटेको थिएँ । अहिले म अस्सी वर्षको भएँ । म उत्तिबेलाको किम जोङ बुभन्दा अहिले झण्डै दस वर्षले जेठो भएँ । अस्सी वर्षको यो बुढेसकालमा म अहिले अनुभव गरिरहेको छु- उतिबेला गुरिल्लाको गोप्य शिविरमा किम जोङ बुले कस्तो कष्टप्रद समय व्यतीत गरे होलान् ! उनले त्यत्तिबेला भोगेको कष्ट अहिले म आफ्नै कष्टजस्तै अनुभव गरिरहेको छु । मैले उनको सकेसम्म हेरविचार गर्ने प्रयत्न गरेँ । तथापि, मैले गर्न नसकेका काम कति धेरै थिए होलान् । म अझै पनि उनको पुग्दो स्याहार गर्न नसकेकोमा पछुतो मान्छु । उनलाई राम्रो खाना दिन नसकेकोमा मलाई दुःख लाग्छ ।

मैले उनको पार्थिव शरीर गाडिएको चिहानमा पुगेर उनको सम्मानमा स्मारक गाड्न सकेको छैन ।

पेक्डु पर्वतका सुरु-सुरुका दिन हाम्रो एकाइले निकै कठिनकर समय व्यतीत गऱ्यो । हामीसँग खानलाई न खाना थियो, न पैसा थियो, न लगाउने लुगा थियो । साँच्चै भन्ने हो भने हामी रित्तै र नाङ्गै थियौँ । तर, किम जोङ बुले त्यत्तिबेलाका हाम्रा धेरै समस्या समाधान गरिदिए । एक जना वरिष्ठ स्वाधीनता लडाकुको रूपमा कोरियाका असल सुपुत्र र सुपुत्रीले आफ्नो देशलाई दिनसक्ने सबभन्दा अब्बल उपहार उनले दिए । म उनले लगाएको ऋण कहिल्यै पनि तिर्न सक्दिनँ ।

किम जोङ बुजस्ता अथाह जमिनका मालिक धनाढ्य व्यक्तिले देखाएको विवेक र देशभक्तिको त्यो भव्य कर्मले देशव्यापी जापानविरोधी प्रतिरोधको तयारीमा अतुलनीय योगदान गरेको थियो । हाम्रो लक्ष्य र सङ्घर्षमा शक्तिशाली टेवा पुऱ्याएको थियो । सन् १९३० को दसकमा जापानविरोधी राष्ट्रिय मुक्ति सङ्घर्षमा सशस्त्र प्रतिरोधको नीति मूलधारको नीति बनेको थियो । त्यसअघि सन् १९२० को दसकमा अवस्था फरक थियो । जापानविरोधी सशस्त्र सङ्घर्षलाई मद्दत गर्नु भनेको जमिनदार वा पूँजीपति वर्गले आफ्नो ज्यानसमेत जोखिममा पार्नुथियो । तर, किम जोङ बुले आफ्नो ज्यान जोखिममा पारेर त्यही गरे ।

त्यही कारण हामी उनलाई देशभक्तको रूपमा सम्मान गर्छौं र दसकौं पछि पनि हामी उनलाई सम्झिरहेका छौं ।

हाम्रो देशको आधा हिस्सा त अझै पनि जमिनदार र पूँजीपति वर्गकै हातमा छ । उनीहरूमध्ये कोही कोही त अर्बपतिहरू पनि छन् । उनीहरूमध्ये प्रतिक्रियावादी पनि छन् र सानो सङ्ख्यामा देशभक्तहरू पनि छन् ।

पुनःएकीकरण पछिको सङ्घीय राज्यमा जमिनदार र पूँजीपतिहरूप्रति कोरियाली कम्युनिस्टहरूको व्यवहार कस्तो हुनेछ ? देशभक्त जमिनदार किम जोङ बुको कथा नै यो प्रश्नको उत्तर दिन मनग्य छ । (क्रमशः)

*नेपाली अनुवादः नीरज*

# पाया: न्ह्याकेगु - खड्ग जात्रा



डा.वीरेन्द्रप्रसाद कायस्थ

राजा हरिसिंह देव सिम्रौनगढका अन्तिम कर्णाटकवंशी राजा थिए। विक्रम संवत् १३८१ मा तत्कालीन दिल्लीका मुगल बादशाह गया सुद्दिन तुगलकको आक्रमणमा पराजित भई हरिसिंह देव श्री यन्त्र (तलेजु भवानी) सहित सपरिवार आत्मसुरक्षाको लागि आफ्नो मन्त्री चण्डेश्वर कायस्थ र भारदार तथा दलबलसहित भागेर पहाडैपहाड हुँदै नेपालतर्फ लागेका थिए।

राजा हरिसिंह देवले सिम्रौनगढबाट ल्याएको तलेजु भवानी भाषा वंशावलीअनुसार नेपाल संवत् ४४४ पौष शुक्ल नवमी शनिबार विक्रम संवत् १३८२ पौष शुक्ल नवमी शनिबारको दिन भक्तपुर भित्रिएको उल्लेख छ, तर राजा नान्यदेवको पालादेखि नै कर्णाटकवंशीहरूको भक्तपुरसँग गहिरो सम्बन्ध रहेको कुरा आजसम्म विजया दशमीको साँझमा हुने पायो पाया:जात्रामा हुने छोटो सम्वादबाट अनुमान गर्न सकिन्छ।

पायाः नेपालभाषा शब्द हो, जसको पर्यायवाची शब्द खड्ग चालन वा खड्ग जात्रा भन्ने बुझिन्छ। पाको अर्थ काट्ने (खड्ग) र याःको अर्थ यात्रा भन्ने हो। खड्ग भनेकै दुर्गा हो। दुर्गालाई शक्तिको रूपमा लिएका छन्। जसले शत्रु तथा विपक्षको नाश गर्छन्।

खड्ग जात्राका नामबाट चिनिने यो जात्रा काठमाडौँ, ललितपुर र भक्तपुरका विभिन्न ठाउँमा मनाउने गरिन्छ। काठमाडौँमा विविध ठाउँमा हिन्दु र बौद्धहरूको भिन्दाभिन्दै पायाःको चलन छ।

काठमाडौँको असन र ठमेलमा मनाइने जात्राको विधि अन्तको भन्दा भिन्न छ। तर काठमाडौँ वा भक्तपुर, हिन्दु वा बौद्धको, सबैको जात्राको निचोड भने एउटै हो।

नेवारहरूको जीवन पद्धति नै तन्त्रमय छ। तन्त्रमय जीवनमा नै नेवारहरू रमाउँदै आ-आफ्नो जीवन सार्थक तुल्याउँछन्। यसमा नेवारहरूले आ-आफ्नो आगम परम्परालाई अविछिन्न गतिशील तुल्याइरहेका छन्। त्यस्तै तन्त्रअनुसार नेवारहरूले आगममा दसैंको अष्टमीको दिन खड्गसिद्धिको आराधना गरी विधिपूर्वक देवीको खड्ग स्थापना पनि गरिन्छ।

## पायाःको विधि

आश्विन शुक्ल अष्टमीको दिन औपचारिक रूपमा पायाः जात्राको सुरुवात गरिन्छ। तलेजु भवानीलाई मूल चोकमा ल्याएपछि खड्गको विधिसम्मत पूजा गरी यो जात्राको औपचारिक सुरुवात गरिन्छ।

पञ्चोपचार विधिद्वारा अष्टमीको दिन द्यःछेँमा नवदुर्गाको पूजा गरी सोही दिन पीठपूजा, अष्टभैरव, क्षेत्रपाल तथा गणेशको समेत पूजा गर्ने गरिन्छ। नवदुर्गाको पूजापछि अष्टमीकै दिन खड्गजात्रामा प्रयोग गरिने खड्गलाई शास्त्रीय विधिद्वारा पूजा गर्ने गरिन्छ। अर्थात पायाःमा अष्टमीको रातमा तान्त्रिक विधिअनुसार काल रात्री पूजागरी भोगबलि चढाउने चलन छ।

नवमीको सबै विधि पूरा भएपछि नवमीको दिन आगमघरमा बलि दिने चलन छ। पायाःमा दशमीको दिन आगमघरमा देवीदेवताको पूजा तथा अन्य पूजाआजा सबै तान्त्रिक विधिअनुसार नै गरिन्छ। दशमीको दिन शरीरमा देवदेवी गण प्रवेश गराएका मातृकागण बाहिर निस्कन्छन्। उनीहरूको हातमा खड्ग र ढाल हुन्छ। उनीहरूभन्दा अघिअघि एउटा बाटो पन्छाउने टोली हिँड्छ। त्यसको पछिपछि भूत पन्छाउने टोली निस्किएको हुन्छ। त्यसपछि कुभिण्डो समाउने टोली निस्कन्छ। देवदेवी गणले आफ्नै गणको पहिरन लगाएको हुन्छ।

पौराणिक कथाअनुसार यसरी देवगणले शरीरमा कम्पनका साथ राक्षस गणलाई खोज्दै हातमा खड्ग लिएर नगर परिक्रमा गर्ने गर्छन्। हिन्दु धर्मालम्बीले मनाउने पायाः यही रीतले सम्पन्न गरिन्छ। अर्कोतर्फ बौद्ध पायाःको विधि हिन्दुको भन्दा केही भिन्न छ। देवीले असुर सेनालाई भेटेर खड्गले प्रहार गर्न खोज्दा असुर सेना पहिले ढालमा लुकेको, त्यहाँ खड्गले प्रहार गरेपछि कुभिण्डोमा लुकेको हुन्छ।

## पायाःजात्रा पौराणिक कथा

सत्ययुगमा महिषासुरले स्त्रीबाहेक कसैले पनि मार्न नसक्ने वर ब्रह्माजीबाट पाएका थिए। जति युद्ध गर्दा पनि देवगणले युद्धमा महिषासुरको वध गर्न नसकेपछि विष्णु, रुद्र र इन्द्रले आफ्ना शक्तियुक्त देवीको स्थापना गरे। तर अत्यन्त सुमधुर स्वर, सुन्दर शरीर र शालीन व्यवहारले युक्त महिषासुरलाई देखेर देवी आफै मोहित भइन्।

त्यही मोहनीले लठ्ठ भएकी देवीले दानवसँग युद्ध गर्न नसकेपछि मधु (मदिरा) को प्रयोग गरेर महिषासुरलाई

पराजित गरिन् भन्ने विश्वास छ ।

पौराणिक कथाअनुसार मधुपानपछि महिषासुरको वध गरेर क्रोधित भएकी देवीले हातमा खड्ग लिएर कोही बाँकी छन् कि भनेर असुर सेनाको खोजी गर्दै हिँडेको पौराणिक कथाका आधारमा खड्ग चालन अर्थात पायाःजात्रा सुरु गरिएको हो । जुन काठमाडौँ र भक्तपुरमा गर्ने गरिन्छ । यो जात्राले ऐतिहासिकता प्रदर्शन गर्ने कोसिस गरेको देखिन्छ ।

## भक्तपुरको पायाःजात्रा

भक्तपुरमा पायाःको क्रममा तलेजु भवानीलाई नै नगरपरिक्रमा गराउने चलनसमेत रहेको छ । यसरी तलेजुलाई नगरपरिक्रमा गर्ने क्रममा नवदुर्गा गणले साथ दिनुपर्छ भन्ने मान्यता छ । दशमीको दिन नवदुर्गाले मूलचोकमा गएर तलेजु भवानीसँग सिद्धिप्राप्त गर्नुपर्छ ।

भक्तपुरमा यो जात्रा क्रोध भैरवसम्म पुगेपछि नवदुर्गा गणले बिदा माग्छन् । जताबाट आए पनि लास्कु ढोका घुम्नैपर्ने प्रावधान छ ।

त्यसो त यो जात्रा तलेजु मन्दिरमा मात्रै होइन, पायाः सर्वसाधारणको घरमा पनि मनाइने जात्रा हो ।

भक्तपुरमा बडादशैँको दिन मध्य रात्रि मनाइने तलेजुमा पायाः जात्रा अर्थात् खड्ग जात्रामा तलेजु भवानीको साक्षात् रूप मानिने पायःद्यो (देवी)लाई रातो कपडाले बेरेर युद्ध कवच पहिऱ्याई जात्रा मनाइन्छ । बडादशैँको साँझपख तलेजु आगम मन्दिरको खँ कुथि कोठाबाट तान्त्रिक विधिपूर्वक पूजा गरिएका बलिपात्र र शस्त्रास्त्रसहित तलेजुको प्रतिरूप पायः द्यः तलेजुका मूल आचाजु, पुरोहितले राजोपाध्यायलाई खड्ग हस्तान्तरण गरेपछि जात्रा प्रारम्भ हुन्छन् ।

खड्ग जात्राका क्रममा तलेजुमा सम्बद्ध राजोपाध्यायले पायः द्यःलाई आफ्नो काँधमा बोकेर तलेजु मूलचोकबाट बेको चोक पुगेपछि सर्वसाधारणका लागि पूजा र दर्शन गर्नदिने परम्परा छ । पायः द्यः दरबार स्क्वायरस्थित स्वर्णद्वार पुगेपछि पङ्क्तिबद्ध रूपमा प्रतीक्षारत नवदुर्गा देवगणलाई पालैपालो मन्त्रसिद्धि प्रदान गर्छन् र तलेजु भवानीबाट मन्त्रसिद्धि प्राप्तिपछि पायः द्यः जीवित देवता नवदुर्गा देवगणसहित यात्रापथमा अगाडि बढ्ने प्रचलन छ । चन्द्रवासको आधारमा नगरको माथिल्लो र तल्लो क्षेत्रमा पायाःजात्रा हुने गरिन्छ ।

ज्योतिष शास्त्रअनुसार कुनै कार्य गर्दा चन्द्रमा दाहिने वा समुख हुनुपर्छ । यसकारण कुनै शुभकार्य वा यात्रा गर्दा चन्द्रवास हेरिन्छ जुन यस प्रकार छन् –

मेष, सिंह, धनु – पूर्व,
कन्या, वृषभ, मकर – दक्षिण,
तुला, कुम्भ, मिथुन – पश्चिम,
वृश्चिक, कर्क, मीन – उतर ।

यदि चन्द्रमाको वास मेष सिंह धनुराशिमा भए चन्द्र पूर्व हुन्छन् । कन्या वृषभ मकर – दक्षिण चन्द्र हुन्छन् । दक्षिण चन्द्र भनेको दाहिने चन्द्र हो । चन्द्रमाको वास पूर्व र दक्षिण भएमा तलेजु भवानीको यात्रा माथिल्लो क्षेत्रमा हुन्छ । त्यस्तै चन्द्रमाको वास तुला कुम्भ मिथुन भए पश्चिम चन्द्रमाको वास, वृश्चिक कर्क मीन भए उतर हुन्छ । चन्द्रमाको वास पश्चिम र उतर भएमा तल्लो क्षेत्रमा पायाःजात्रा हुने गरिन्छ ।

## सेतो घोडाजात्राःऐतिहासिक तथा सांस्कृतिक महत्व

सेतो घोडाजात्रा प्रत्येक वर्ष विजयादशमीका दिन रात्रिको समयमा हुने गर्छ । सेतो घोडालाई तलेजु भवानीको वाहनका रूपमा पुजिँदै आएको छ ।

विजयादशमीको राति तलेजु भवानीलाई तलेजुका चार मूल नाइके, आचाजु, जोशी र राजोपाध्यायबाट तान्त्रिक विधिअनुरूप कालरात्रि पूजा, टीका साइत पूजा गरी विसर्जन पूजा सम्पन्न गरिएपछि सेतो घोडाजात्रा गर्ने परम्परा छ ।

जात्राका क्रममा दरबार क्षेत्रस्थित पशुपतिनाथलाई घोडानाच देखाउन तीन पटक दगुराउने गरिन्छ ।

अन्तमा, विश्व स्वास्थ्य सङ्गठनका अनुसार मानिस पूर्णरूपमा स्वस्थ हुनका लागि शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक रूपमा स्वस्थ हुनुपर्दछ । दशैँ जस्ता चाडपर्वले मानिसलाई यी चारै किसिमबाट स्वस्थ रहनका लागि मद्दत पुऱ्याइरहेको हुन्छ । दशैँ यस्तो मौसममा पर्छ जुनबेला खेती किसानी गर्ने व्यक्तिलाई कामको कुनै बोझ हुँदैन । कामको चपेटाबाट मुक्त भएर आराम गर्ने अवसर पनि हो यो । दशैँमा सबैले मीठो मसिनो र पोषिलो खानेकुरा खाने गर्दछन् । चाडपर्वमा विशेष रूपमा खाइने खानेकुराले शारीरिक रूपमा स्वस्थ राख्न मद्दत पुऱ्याउँछ । दशैँमा खेलिने पिङले शारीरिक व्यायाम तथा मनोरञ्जन समेत प्रदान गरिरहेको हुन्छ । मनोरञ्जनले पीर, मर्का र तनावबाट छुट्कारा मिल्छ । आफन्त र साथीभाइसँगको भेटघाटले निराशा र एक्लोपन हटाउँछ । व्यक्तिलाई सही मार्गमा हिँड्ने प्रेरणा मिल्दछ र सकारात्मक सोचको विकास गरिदिन्छ । यसले व्यक्तिको मानसिक स्वास्थ्य प्रबर्द्धन गर्न मद्दत गर्दछ ।

चाडपर्वको बेला विभिन्न शक्तिपिठहरूमा गएर गरिने पूजापाठले व्यक्तिलाई आध्यात्मिक बनाउन मद्दत गर्दछ । आध्यात्मिक शक्ति प्रदान गर्दछ । आध्यात्मिक शक्तिले व्यक्तिलाई मानसिक रूपमा सबल बनाउँछ । आध्यात्मिक स्वास्थ्यले व्यक्तिलाई अनुशासित, नैतिकवान र कर्तव्यनिष्ठ बनाउँछ । मानसिक स्वास्थ्यका लागि चाडपर्वले थेरापीकै काम गरिरहेको हुन्छ ।

## तस्बिरमा केही गतिविधि










विश्व पर्यटन दिवसको अवसरमा नगरका सांस्कृतिक गुरूहरूलाई नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंको प्रमुख आतिथ्यमा भक्तपुर नपाले सांस्कृतिक गुरूहरूलाई रू. पन्ध्रहजार नगदसहित सम्मानपत्र प्रदान (असोज ११ गते)

## तस्बिरमा केही गतिविधि





भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्नेबारे अभिभावक, विद्यार्थीसँग असोज ४ गते र शिक्षाविद् तथा स्वास्थ्यविद्सँग असोज ५ गते परामर्श



नपाका कर्मचारीहरुलाई सिकिशि विधिद्वारा कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउनेसम्बन्धी दशदिने तालिमका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण कार्यक्रम (असोज ७ गते)



भक्तपुर नपा र समुदाय प्रहरी साझेदारी समितिको आयोजनामा भक्तपुरमा 'अपराधको वर्तमान अवस्था, समस्या पहिचान र समाधान' विषयक अन्तरक्रिया (असोज ९ गते)

## तस्बिरमा केही गतिविधि






नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) को प्रमुख आतिथ्यमा ख्वप कलेजमा एमबीएस तहमा र ख्वप इन्जिनियरिङ कलेजमा एम.ई. इन अर्थक्वेक र एम.एस.सी. इन अर्बान डिजाइन र कन्जर्भेसन विषयको स्नातकोत्तर तहमा नयाँ विद्यार्थीहरुको स्वागत तथा अभिमुखीकरण कार्यक्रम (क्रमश: असोज ९ र १५ गते)




भक्तपुर नपाले कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न छनोट भएका ९८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान (असोज १४ गते)




विश्व पर्यटन दिवसको अवसरमा उपप्रमुख रजनी जोशीबाट टुर गाइड एण्ड रिफ्रेसर तालिमको उद्घाटन (असोज ४ गते)

## तस्बिरमा केही गतिविधि









नगरका सबै वडामा भेरोसेलको पहिलो खोप असोज ६ र ७ गते लगाइयो

**वडाध्यक्षको डायरीबाट**

# बल र धन हुँदैमा परिवारको सदस्यलाई पेल्न पाईंदैन

**कुशल**

दिउँसोको समय भएकोले वडा कार्यालयमा सेवाग्राहीहरूको भीड कम थियो। त्यसैले म भक्तपुर नगरपालिकाले नियमित प्रकाशन गर्दै आएको 'भक्तपुर' मासिक पढ्दै थिएँ। कार्यालयको ढोका खुल्लै थियो। पढ्न शुरु गरेको मात्र के थिएँ, एक जना सेवाग्राही 'नमस्कार, वडाध्यक्ष ज्यू' भन्दै कार्यालयमा प्रवेश गरे। मैले 'नमस्कार' फर्काउँदै अगाडिको सोफामा बस्न अनुरोध गरेँ। पत्रिकालाई एकातिर पन्छाएर मैले सेवाग्राहीसँग सोधेँ, 'के कति कामले वडा कार्यालयमा आउनु भएको हो।' सेवाग्राहीले लामो सुस्केरा हाल्दै अलि निरास स्वरमा जवाफ फर्काउनु भयो, 'वडाध्यक्ष ज्यू, म त पच्चीस वर्ष पुरानो एउटा समस्या लिएर तपाईंकहाँ आएको। देशका कर्मचारीहरूले मलाई न्याय दिन सकेन। कमसेकम तपाईं जनप्रतिनिधिले त मलाई न्याय दिनुहुन्छ कि भनेर तपाईंसँग भेट्न आएको हुँ। मलाई निकै तनाव भइरहेको छ। मेरो बुबाले दश वर्ष मुद्दा लड्नुभयो। हाल बुबा पचहत्तर वर्ष हुनुभयो। अब म मुद्दा लड्न तपाईंकहाँ आएको हुँ। मलाई मेरै परिवारले धेरै दुः ख दियो सर। त्यसैले अब हुने मुद्दामा तपाईंले मलाई कमसेकम मानवताको आधारमा सहयोग गर्नुपर्‍यो।' मैले नम्र स्वरमा सेवाग्राहीसँग सोधेँ, 'तपाईंको नाम, ठेगाना बताउनुस् न।' वहाँले जवाफमा भन्नुभयो, 'मेरो नामब राजाराम दुवाल हो। म हाल झौखेलमा बस्छु। मेरो पुरानो घर यही वडा कार्यालय पछाडिनै पर्दछ। मेरो बुबाले ठूलो बुबासँग घरको सम्पत्ति लिनलाई दश वर्ष मुद्दा लडेपछि घर र खेत आधी पाउने न्यायालयले फैसला गरे। फैसला बमोजिम बुबाले आधी खेत लिएर अहिले हामीले गरिरहेका छौँ। तर यही टोलको घर आधी लिन सकिएन। २०७२ सालको भूकम्पले मेरो घर पूर्ण क्षति भएर बस्न नहुने भएको छ। त्यसैले हाल बुढो बुबालाइ साथमा राखी टहरामा बस्दै आएका छौँ। टहरामा बस्न गाह्रो भएको र बुबालाई टहरामा राख्दा बिरामी भइरहेकोले यही टोलको घर पुनःनिर्माण गरौँ कि भनेर नक्सा दर्ता गरेँ। फाइल नगरपालिकाबाट वडामा आइसकेको छ। म्याद दिन खोजेको ठूली आमाले लिन मानेनन्। अब फेरि ठूली आमासँग मुद्दा लड्नु पर्ला जस्तो छ सर के गर्ने ?' विषयवस्तु थाहा पाएपछि राजारामजीलाई अलि ढाढस दिँदै मैले भनेँ, 'यसमा मुद्दा लड्नु पर्दैन। तपाईंले म्याद दिँदा लिएन भने वडा कार्यालयबाट दिन पठाउँला। वडा कार्यालयबाट म्याद पठाउँदा पनि लिएन भने वडा र घरमा टाँसौँला। यसमा म त केही समस्या देख्दिन।' विषयलाई अझ प्रष्ट पार्दै राजारामजीले भन्नुभयो, 'म्याद नलिने मात्र भनेको होइन सर। अदालतको निर्णय अनुसार मेरो परिवारले ठूली आमाको घरमा छ फिट थप लिनु पर्दछ। त्यो छ फिट घर भत्काएर कुनै पनि हालतमा दिन्न भनेका छन्। छ फिट घटाएर साविक सीमाना देखाएमात्र म्याद लिने भनेका छन्। मसँग अदालतको फैसला छ सर। २०५८ सालमै बुबाले ठूलो बुबालाई मुद्दा हराएर आधी घर लिनु पर्ने थियो। तर बुबाले शारीरिक र आर्थिकरूपले कमजोर भएकोले लिन सकेनन्। बल र धन हुँदैमा आफ्नै परिवारको सदस्यलाई पेल्न पाईंदैन नि। त्यसैले तपाईंले सर्वोच्च अदालतको फैसलाअनुसार मेरो परिवारको छ फिट जग्गा र घर ठूली आमासँग लिईदिनुपर्‍यो र सो अनुसार म्याद दिलाई दिनुपर्‍यो।' मैले राजारामको कुरा बुझेँ र भनेँ, 'मलाई अदालतको फैसला एक प्रति अध्ययन गर्नलाई दिनुस् र साथै ठूली आमाको र छोराको नाम, मोवाइल नं. र नक्साको फाइल छोडेर जानुस्। म एकचोटि तपाईंको फाइल र फैसला अध्ययन गर्छु र टोलका गन्यमान्य व्यक्तिहरूसँग बुझेर हेर्छु।'

सेवाग्राही राजाराम दुवाल गएलगत्तै मैले ठूली आमाको छोरा कृष्णराम दुवालको मोवाइलमा फोन गरेँ। मोवाइल उठाउने वित्तिकै मैले 'नमस्कार, म वडाध्यक्ष बोलेको र वडामा एकचोटि आउन अनुरोध गरेँ।' जवाफमा वहाँले 'हुन्छ' भन्नुभयो। भोलि पल्ट वडा कार्यालमा राजारामजीको ठूली आमा आउनुभयो। वहाँले मलाई कुनै पनि हालतमा म्याद बुझ्निनलिने भनी कडा भाषामा भन्नुभयो। म अचम्ममा परेँ। छ फिट घटाएर म्याद दिने भए मात्र लिन्छु नत्र कुनै पनि हालतमा म्याद लिन्न र सर्वोच्चको फैसला पनि कुनै हालतमा नमाने भनी वहाँले कडा बोलीमा भन्नुभयो। म बुढीआमाको जवाफ सुनेर अवाक भए र के जवाफ दिएर मनाउने भनी सोच्न थालेँ। मलाई वहाँको कडा भाषाशैलीले भित्रि मनसम्म चोट पुग्यो र कसरी सम्झाउने र कुन भाषा प्रयोग गर्ने भनी अलमलमा परेँ। म बुढीआमाको जवाफ धेरै बेरसम्म सुनिरहेँ। धेरै बेरपछि बुढीआमा थाकेको जस्तो लागेपछि मैले विस्तारै नम्र स्वरमा आफ्नो कुरा राखौँ कि भनी अनुमति माग्दै बोल्न खोजेँ। तर बुढीआमा मेरो कुरा सुन्ने मुडमा थिएनन् र भतभताउँदै कार्यालयबाट निस्किन्। मलाई वडामा पनि कस्ता कस्ता मान्छ आउँदा रहेछन् भन्ने लाग्यो।

मैले रीसको झोकमा सहयोगीलाइ बोलाएर तत्कालै राजारामजीको म्याद तुरुन्त अहिलेनै टोलमा र वडामा टाँस्नको लागि निर्देशन दिइहालेँ ।

कार्यालय सहयोगीले सूचना टाँसेको आधा घण्टा बित्न नपाउँदै बुढीआमा पुनः वडा कार्यालयमा कराउन आइपुगिन् । बुढीआमा कराउन थालिन्, 'म्याद लिन्छु भन्दाभन्दै पनि किन टाँस्न लगाएको ? के मैले छोरासँग एकचोटि पनि छलफल गर्न नपाउने ? वडा कार्यालयलाई यति छिटै किन म्याद टाँस्नु परेको होला ? वडा कार्यालयले पनि अदालतले झैँ उसैको पक्ष किन लिएको ? के म मरिसकेँ र ? म्यादमा साछी बस्नेलाई पनि म बाँकी राख्दिन । वडावासीले पनि मेरो परिवारलाई कति हेपेको ? मैले के विगार गरेकी छु र । मेरो पनि त पालो आउला । मसँग एकचोटि सोध्दै नसोधी यसरी म्याद जवरजस्ती टाँस्ने भनेको पनि हुन्छ र ? तपाईँले टाँस्न लगाएको म्याद मैले च्यातेर ल्याएको छु लौ लिनुस् ।' बुढीआमाले मलाई च्यातेर ल्याएको म्याद पत्र दिइन् । मलाई पनि रीस उठ्यो । तापनि जनप्रतिनिधिको मर्यादा नाघ्न नहुने र असभ्य पाराले बोल्न नहुने भएकोले रीसलाई नियन्त्रण गर्दै सानो स्वरमा बोलेँ, 'तपाईँले अघि म्याद कुनै पनि हालतमा नलिने भनेपछि नियमानुसार नै तपाईँको घरमा र वडा कार्यालयमा टाँस्न लगाएको हुँ । तपाईँलाई चित्त नबुझे पन्ध्र दिनको समय छ । विपक्षीलाई उजुर हाल्न सक्नुहुन्छ । तपाईँको उजुर हाल्ने अधिकारलाई हामी रोक्दैनौँ ।' बुढीआमा कराउन थालिन्, 'म वडाध्यक्षलाई पनि मुद्दा हाल्छु अनि उजुरी पनि हाल्छु । म मात्र किन चुप लाग्ने । पहिला पनि मेरो श्रीमानले मुद्दा लडेकै हो । अहिलेपनि मुद्दा लड्छु । कहाँ बाँकी राख्छु र ?' मैले कार्यालय सहयोगीलाई बोलाएँ र बुढीआमालाई कार्यालयबाट बाहिर लानलाई निर्देशन दिएँ । त्यसपछि बुढी फतफताउँदै बाहिर निस्किए ।

बुढीआमा भोलिपल्ट वडा कार्यालय खुल्ने वित्तिकै नेपाली कागजमा उजुरी लिएर वडामा आइपुगेकी रहिछन् । म खाना खाएर वडा कार्यालय पुग्दा उनी सोफा बसिरहेकी थिइन् । मैले 'नमस्कार आमा' भनेँ । तर उनले नमस्कार फर्काइनन् । बुढीआमाले उजुरी दर्ता गर्न तोक लगाइदिन भनिन् । कुर्सीमा बस्दै मैले बुढीआमाको उजुरी सरसर्ती पढेँ र नम्र स्वरमा बोलेँ, 'तपाईँ मेरो आमाको उमेरको मान्छे हुनुहुन्छ । तपाईँसँग धेरै अनुभव पनि छ । उजुरी हाल्नु राम्रो कुरा होइन । अदालतले पनि छ फिट छोड्न भनेको छ । टोलवासीसँग बुझेर हेर्दा पनि छ फिट छोड्नु पर्ने हो भन्छन् । अनि तपाईँ नचाहिने उजुरी लिएर आउनु हुन्छ । घर बनाउने मानिसलाई यसरी दुःख दिनुहुँदैन । तपाईँको त सूर्यविनायकमा नयाँ घर छ । विचरा राजारामको नयाँ घर पनि छैन । अनि किन उसलाई घर बनाउन अवरोध गर्ने ? तपाईँ उजुरी लिएर फर्कनुस् ।' यस्तो जवाफ फर्काउँदै मैले राजारामजीको मोवाइलमा फोन लगाएँ र वडामा आउन अनुरोध गरेँ । राजाराम वडामा आएर नरम स्वरमा भन्न थाले, 'ठूली आमाको नयाँ घर बनिसकेको छ । हामीले पनि नयाँ घर बनाउन लागेकोमा तपाईँ किन उजुरी दिने ? अदालतबाटै ठहर भएको चिजलाई तपाईँ किन रोक्ने ? कमसेकम हामीप्रति अलिकति त मानवता राख्नुस् । माया, प्रेम भन्ने चिज पनि त समाजमा हुनुपर्‍यो । पहिला पनि ठूलो बुबाले सगोल छँदा धेरै पेल्नुहुन्थ्यो रे । अहिलेपनि धन र बल भयो भन्दैमा यसरी हेप्न त पाईँदैन नि आमा । पहिलाको समय गइसक्यो । अहिले धन र बल भयो भन्दैमा कोही पनि हेपाएर बस्दैन । तपाईँले उजुरी हाल्नुभयो भने, पहिला बुबाले मुद्दा लड्नुभयो, अब म मुद्दा लड्छु । होइन भने उजुरी नहाल्नुस् ।' बुढीले राजारामको कुरा सुनेर ठुलो स्वरमा बम्किन् 'तेरो बुबा काम चोर मान्छे हो । ठग हो । मैले व्यवहार नगरेको हो र । त्यस्ता मान्छेलाई हाम्रो जति सम्पत्ति दिन सकिन्छ र ? घरमा सबै हेर्नुपर्ने हामीले अनि तँलाई आधी सम्पत्ति चाहिने होइन ? कानुनले आधी सम्पत्ति दिनुपर्छ भनेर हुन्छ ? खेत आदि दिएकै छु नि त । अब तँलाई घर पनि चाहिने ? लौ वडाध्यक्ष ज्यू अरू कुरा मलाई केहि थाहा छैन । खुरुक्क उजुरी दर्ता गर्नुस् । बाँकी कुरा नगरपालिकामा हेरौँला ।' बुढीआमाको कुरा सुनेर म धेरै निरास भएँ भनेँ राजारामको अनुहार पनि अँध्यारो देखियो । राजारामजीले उजुरी दता गर्न अनुरोध गर्नुभयो । मन नपरे पनि उजुरीमा दर्ता गर्ने तोक आदेश लेखिदिएँ । बुढीआमा भतभताउँदै सचिव ज्यूलाई भेट्न तल गइन् । म र राजारामजी चुपचाप एक अर्कोको अनुहार हेरिरहेँ ।

राजाराम दुवाल र उनको ठूलोआमाको बीचमा भएको विवाद सम्बन्धमा अरू जनप्रतिनिधिहरूलाई जानकारी गराइसकेको थिएँ । शुक्रबारको नियमित बैठकमा पनि यस विषयमा छलफल भई सरोकारवाला र वडावासीहरूको बैठक राख्ने निर्णय भएको थियो । त्यही निर्णयलाई कार्यान्वयन गर्नको लागि मैले ठूलोआमाको छोरा कृष्णराम दुवालको मोवाइलमा फोन गरेँ । फोन उठाएपछि भनेँ, 'नमस्कार कृष्णरामजी । म हाम्रो वडाको वडाध्यक्ष बोलेको हुँ । तपाईँको राजारामजीसँगको विवाद सम्बन्धमा वडामा छलफल गर्नुपर्‍यो । तपाईँको कति बेला समय मिल्छ ? टोलवासीहरूको बैठक बोलाउन तपाईँको समय चाहियो ।' कृष्णरामजीले जवाफमा भन्नुभयो, 'मेरो फुर्सद नै छैन । मेरो भट्टा चलाउनु पर्छ । अनि डिपो पनि हेर्नुपर्दछ ।' मैले फेरि भनेँ, 'भोलि समय नभए पर्सि भए नि हुन्छ । कुनै एक समय तपाईँ वडामा आउनुपर्‍यो । चौबीसै घण्टा व्यस्त त होइन होला ?' कृष्णरामजीले जवाफ फर्काउँदै भन्नुभयो, 'म चौबीसै घण्टा नै व्यस्त छु । अझ

तपाइँको वडा कार्यालयमा आउने फुर्सद नै छैन। तपाइँ के गर्नुहुन्छ गर्नुस् वडाध्यक्ष ज्यू।' वहाँले त्यत्ति बोलेर फोन काटी दिनुभयो। मैले फेरि कल गरेँ र भनेँ, 'कृष्णरामजी के त्यसो भए तपाइँलाई वडामा बोलाउन पुलिस नै पठाउनु पर्ने भयो मैले ? तपाइँ धेरै व्यस्त भए पुलिसको भ्यान अहिले पठाई दिन्छु है ? भ्यानमा आरामसाथ आउनुस् है।' त्यत्ति भनेपछि मात्र कृष्णरामजीले बल्ल नरम स्वरमा भन्नुभयो, 'होइन वडाध्यक्ष ज्यू, मेरो दिउँसो मात्र भ्याउँदैन भनेको हुँ। बेलुका त म समय मिलाउँछु। भोलि बेलुका आठ बजे वडामा आउँछु। तपाइँ अरूलाई बेलुका बोलाई दिनुस्।' मैले 'हुन्छ' भनी फोन राखिदिएँ र भोलि बेलुका आठ बजे बैठक बोलाउन पत्राचार गर्न निर्देशन दिएँ।

बेलुका साढे आठ बजेको समय भइसकेको थियो। वडावासीहरू धेरै जना कार्यालयमा जम्मा भइसकेका थिए। तर कृष्णरामजी र उनको आमा आइपुगेनन्। मैले कल गरेँ। धेरै पल्ट कल गरेपछि बल्ल फोन उठाउनुभयो। मैले बैठक भएको जानकारी गराएँ। कृष्णरामजीले कडा शब्दमा जवाफ फर्काउँदै भन्नुभयो, 'तपाइँको जस्तै हाम्रो कहाँ भन्ने बित्तिकै फुर्सद हुन्छ ? हामी कामकाजी मान्छे हो। तपाइँहरू अलि कुर्नुस्।' वडावासी र जनप्रतिनिधि नौ बजेसम्म कुरेपछि बल्ल कृष्णरामजी र उनको आमा आइपुगे। आउने बित्तिकै आमाचाहिँ बिनाशिष्टाचार नै कराउन थालिन्, 'राति बैठक बोलाउने भन्ने नि हुन्छ र ? के राति बोलाएर हामीलाई जवरजस्ती सही गर्न बोलाएको हो ? हामी कुनै पनि हालतमा हाम्रो घर दिन्नौँ। टोलवासीहरू मिलेर कसरी लिन्छ म पनि हेर्छु। मेरो श्रीमानले दुःख गरेर कमाएर बनाएको घर यो भतुवालाई किन दिने ? अदालतले लेऊ भन्दा नै किन नलिएको ?' त्यसपछि छोरा कराउन थाले, 'हामीलाई पुलिसको डर देखाएर वडामा किन बोलाएको ? हाम्रो सम्पत्ति किन अरूलाई दिने ? वडा र वडावासीले के गर्नुहुन्छ, गर्नुस्। हामीलाई टोलवासी र वडाको केहि मतलव छैन।' मैले दुवै जनालाई आरामले सोफामा पहिला बस्न अनुरोध गरेँ तर वहाँहरू दुवै जना बस्न तयार हुनु भएन। वडावासीहरू अचम्ममा परे र म पनि अचम्ममा परेँ। जेष्ठ जनप्रतिनिधिले पनि बस्न अनुरोध गर्नुभयो। तर दुवै आमा छोरा सोफामा बस्न र टोलवासी तथा वडाको कुरा सुन्न तयार भएनन्। त्यसक्रममा टोल सुधार समितिको अध्यक्षले भन्नुभयो, 'होइन, तपाइँहरू टोल सुधार समितिले बोलाउँदा पनि कुरा नसुन्ने अनि वडा समितिले बैठक बोलाउँदा पनि नबस्ने। के हामी सबै मिलेर तपाइँको घर ताला लगाई दिऊँ ?' वहाँको कुरा सुनेपछि त आमा छोरा दुवै झन् बम्किन थाले र बैठक वहिष्कार गर्दै हिडेँ। वडा कार्यालयमा एक छिन सन्नाटा छायो। टोलवासी सबैले अब घरमा ताला लगाई दिनुबाहेक अरू विकल्प नभएको धारणा राख्न थाले। मैले फेरि एकचोटि कृष्णरामजीसँग कुरा गरौँला भनी सम्झाएँ। तर टोलवासी सम्झन तयार देखिएनन्। यत्तिकैमा मैले औपचारिकरूपमा बैठक सम्पन्न भएको घोषणा गरेँ।

भोलिपल्ट बिहान म चिया पिउँदै थिएँ। वडा कार्यालयमा टोलवासी अर्कै एक जनाको सम्पत्ति विवाद सम्बन्धमा छलफल गर्न बैठक बोलाएको थिएँ। छिटो चिया खाएर वडामा जान तरखर गर्दै थिएँ। त्यत्तिकैमा वडा सदस्यको फोन आयो। मैले 'नमस्कार, सिद्धी राम दाइ' भनेँ। वहाँले वडा कार्यालय जानु भन्दा पहिले एकचोटि टोलमा आउन अनुरोध गर्नुभयो। टोलमा धेरै मानिस जम्मा भएको र झगडा हुन लागेको वहाँले जानकारी दिनुभयो। म तुरुन्त टोलमा पुगेँ। टोलमा पुग्दा राजाराम र बुढीआमा एक आपसमा कराउँदै थिए। वडा सदस्य ज्यूले घटनाको बेलिबिस्तार लगाए। बुढीआमाले राजारामजीलाई धेरै दुःख दिएकोले टोल सुधार समितिको अगुवाइमा सबै टोलवासी मिलेर बुढीआमाको घर भत्काउने कार्यक्रम राखेको रहेछ। कोही इँटा निकाल्दै थिए। कोही झ्याल कसरी निकाल्ने भन्दै थिए। कोही त छानामा चढेर इँटा निकाल्दै थिए। बुढीआमा टोलवासीलाई सराप्दै थिइन्। एक जना टोलवासीले मलाई माइन्युटमा हस्ताक्षर गर्न अनुरोध गर्नुभयो। मैले माइन्युट सरसर्ती पढेँ। माइन्युटमा बुढीआमाको घर छ फिट भत्काउने निर्णय लेखिएको रहेछ। मैले माइन्यूट दिने सज्जन व्यक्तिलाई अनुरोध गरेँ, 'यसरी जवरजस्ती अरूको घर भत्काउन मिल्दैन। त्यो पनि मेरो नेतृत्वमा। यसरी जवरजस्ती गर्नु हुँदैन। म नगरपालिकाबाट भत्काउन लगाउँछु। तपाइँहरू अलि दिन कुर्नु पर्ला।' त्यस सज्जनले जवाफ दिनुभयो, 'हामीले टोल सुधार समितिको बैठक बोलाएर उजुरी फिर्ता लिनुस् भन्दा सकेको गर भन्छ सर, यस बुढीआमा र यसको छोराले। त्यसैले सकेको गर्न नै आजको बैठक तपाइँको अध्यक्षतामा बसी घर भत्काउने कार्यक्रम राखेको हो। हामीलाई पनि थाहा छ यसरी अरूको घर भत्काउन हुँदैन भनेर। तर के गर्नु ? यसलाई पत्थरको जवाफ ढुङ्गाले नदिई भएन। तपाइँलाई कानुनीरूपमा अप्ठ्यारो भए हस्ताक्षर नगर्नुस् वडाध्यक्षज्यू, तर घरचाहिँ आज भत्काइन्छ।' मैले तपाइँहरू जवरजस्त घर नभत्काउनुस् भन्दै वडामा बैठक भएको जानकारी दिएर वडामा गएँ। भोलिपल्ट मलाई टोल सुधार समितिको अध्यक्षले जवरजस्ती छ फिट घर भत्काएको रिर्पोट दिए। त्यसको चार महिनापछि भक्तपुर नगरपालिकाले पनि छ फिट घर बढाएर राजाराम दुवालको घरको नक्सा पास गरिदिने फैसला सुनाए। यस फैसलाबाट राजारामजी र टोलवासीहरूलाई जनप्रतिनिधि भएकोले बल्ल नगरपालिका र वडा कार्यालयबाट न्याय पाएको महसुस भयो।

# यसरी पुनर्निर्माण हुँदैछ भक्तपुरको 'रानीपोखरी'





रेणु त्वानाबासु

भक्तपुरको रानीपोखरी पुनः निर्माण भइरहेको छ। रानीपोखरीसँगै अहिले त्यस परिसरमा ह्वाङहवाङ पाटी र पोखरीमा पस्ने ५ ओटा गेटसँगै पाटी बनाउने काम भइरहेको छ।



यो तीनओटा कामका लागि भने तीनओटा उपभोक्ता समितिबाट काम भइरहेको छ। यो एकैचोटि गठन नभइकन छुट्टाछुट्टै समयमा गठन भएको हो। सबैभन्दा पहिलो रानी पोखरी पुनःनिर्माण उपभोक्ता समिति गठन भएको हो। जसले पोखरीको कामलाई ध्यानमा राखेर काम गरिरहेको थियो। त्यसपछि ह्वाङहेवाङ पाटी पुनः निर्माण समितिको गठन भयो। जसले रानीपोखरीको उत्तर–दक्षिणपट्टि रहेको पाटीमात्र बनाउने भयो। त्यसपछि अर्को रानीपोखरीमा बनाइने ५ ओटा गेटसँगै पाटी बनाउने समिति गठन भएको छ। जसले गेट बनाउने काम गर्नेछ।

भक्तपुर नगरपालिकाले जुनसुकै काम उपभोक्ता समितिमार्फत गर्दै आएको छ। कुनै एउटा कामको लागि एउटा उपभोक्ता समिति गठन गरेर काम सुरु गर्ने गर्छ। तीनओटा काम गर्नुपर्ने भएकाले तीनओटा उपभोक्ता समिति गठन भई काम भएको हो। अहिले त्यहाँ रानीपोखरी पुनः निर्माण उपभोक्ता समिति, ह्वाङह्वाङ फल्चा उपभोक्ता समिति र उत्तर र पश्चिममा बन्ने पाटीको उपभोक्ता समिति सक्रिय छन्।

सुरुमा गठन भएको रानीपोखरी पुनः निर्माण उपभोक्ता समितिका अध्यक्ष श्यामसुन्दर बाटीले पोखरीको काम कार्तिकसम्म सकिने जानकारी दिए। अध्यक्ष बाटीले ९० प्रतिशत काम सकिइसकेको जानकारी गराए। करिब १० प्रतिशतमात्र काम बाँकी भएको उनले सुनाए। उनले पेटीमा इँटा बिछ्याउने, उत्तरपट्टि सलामी राख्ने र पलस्टर गर्ने काम केही बाँकी रहेको बताए। अब कुनै अवरोध नआए कार्तिकसम्म पोखरीको काम सम्पन्न हुने उनले सुनाए। २०७६ जेठ १५ गतेबाट रानीपोखरीको काम सुरु भएको उनले बताए।

ह्वाङह्वाङ पाटी पुनः निर्माण उपभोक्ता समितिका अध्यक्ष राजन कोजुले पहिलो तला लगभग सकिएको जानकारी गराए। अब दोस्रो तलाको काम भइरहेको उनले बताए। दोस्रोमा पाटी रहेको कारण काठको काम धेरै हुने उनी सुनाउँछन्। काठको काममा अलि बढी समय लाग्ने उनी बताउँछन्। पाटीको लागि आवश्यक काठ सहज रुपमा पाएको खण्डमा कार्तिकसम्म सक्ने योजना रहेको उनले बताए। 'पाटीको लागि चाहिने लामो काठ पाउन गाह्रो छ', उनले भने, 'बजारमा



५–६ फिटको मात्र काठ पाइन्छ । हामीलाई १२–१३ फिटको चाहिन्छ ।' उनले २०७८ साउन ९ गतेबाट औपचारिक रुपमा काम सुरु गरेको सुनाए । अनौपचारिक केही काम भने असारबाटै सुरु भएको थियो ।

पाटीका लागि ६१ लाख १९ हजार ५७२ रुपैयाँ बजेट छुट्याइएको छ । जसमा अहिलेसम्म करिब २२ लाख खर्च भइसकेको उनले सुनाए । ह्वाङह्वाङ २०५३ सालदेखि नै जीर्ण अवस्थामा रहेको उनी बताउँछन् ।

भक्तपुर नगरपालिकाका सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठले उत्तर र पश्चिमको गेट बनाउनको लागि ६२ लाख ५० हजार ४७८ रुपैयाँ छुट्याइएको जानकारी गराए । उत्तरमा तीनओटा गेट र मूल गेट दुईओटा गरी जम्मा पाँचओटा प्रवेशद्वार बन्ने प्रमुख श्रेष्ठले बताए । साथै रानीपोखरीलाई अपाङ्गमैत्री बनाउन लागिएको पनि उनले जानकारी दिए ।

## कति छ क्षेत्रफल ?

रानीपोखरी १५ सय रोपनी ५ आना २ पैसा नापीमा उल्लेख छ । यसको उत्तरमा ३७७ फिट, दक्षिणमा ३७६, पूर्वमा २२१ फिट र पश्चिममा २२० फिट रहेको उनले जनाए ।

## लागत कति ?



रानीपोखरी पुनः निर्माणका लागि पहिलो चरणमा ९९ लाख ९९ हजार ५१६ रुपैयाँ छुट्याइएको थियो । त्यसपछि दोस्रो चरणमा ६४ लाख २३ हजार ७४९ रुपैयाँ थप गरिएको श्रेष्ठले बताए । अहिलेसम्म पुनः निर्माणमा कूल २ करोड ३५ लाख खर्च भइसकेको बताउँदै उनले यो रानीपाखरीको मात्र छुट्टै लागत रहेको स्पष्ट पारे ।

उनले रानीपोखरीको काम डिजाइनअनुसार नभइकन उत्खननको आधारमा काम अघि बढाउँदै लगेको सुनाए । रानीपोखरीमा पुनः निर्माणमात्र नभई जीर्णोद्धार र नवनिर्माणको काम पनि भएको उनी बताउँछन् । जस्तै नागको अवशेष राख्ने ठाउँ जीर्णोद्धार गरिएको हो भने नाग नयाँ बनाएर हालिएको उनले बताए । कोरोनाको कारण केही महिनामात्र काम बन्द भएको उनले सुनाए । 'यतिबेला–उतिबेला होइन, जनप्रतिनिधिको कार्यकालसम्ममा काम सकाउने योजना राखेका छौँ', उनले भने । पर्खाल, पेटी, बाटो, डबली नवनिर्मित हुन् भने उत्तर र दक्षिण खण्डको दबु जीर्णोद्धार गरिएका हुन् ।

रानीपोखरीको सुरुवातमा घाँसमात्र सफा गर्नका लागि नगरपालिकाले ८५ लाख बजेट इस्टिमेट गरेको थियो । जसमा १७ लाख १६ हजार ३७४ रुपैयाँ खर्च भएको उनले स्मरण गरे । रानीपोखरीको काम २०७५ माघ १ गतेबाट सुरु भएको थियो ।

## रानीपोखरीको इतिहास

भक्तपुर सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालय परिसरमा यो पोखरी छ । २०४० सालतिर सैनिक तालिम केन्द्र निर्माणको लागि जग्गा अधिग्रहण भएसँगै सुरक्षाको कारण देखाउँदै रानीपोखरी क्षेत्रमा आवतजावत गर्न बन्द गरिएको थियो ।

वर्षको दुई दिन दिगु पूजा (कूलदेवताको पूजा) गर्न भने त्यहाँ जान खुल्ला गरिँदै आइएको छ । सेनाले नियन्त्रणमा राखेको पोखरी खुल्ला गर्न स्थानीयवासीले वर्षौंदेखि माग गरिरहेका छन् ।

भक्तपुरका राजा जगज्योति मल्लले १६८७ सालमा रानी राजलक्ष्मीको सम्झनामा सो पोखरी बनाउन लगाएका बताइएको छ । त्यसको करिब ४० वर्षपछि मात्र प्रताप मल्लले काठमाडौँको रानीपोखरी बनाउन लगाएका थिए ।

भक्तपुर नगरपालिकाको पहलमा सर्वसाधारणको लागि पुनः खुल्ला गर्नेगरी मल्लकालीन शैलीमा रानीपोखरीको पुनर्निर्माण कार्य भइरहेको हो ।

रानीपोखरीलाई पनि पर्यटकीय स्थलको रुपमा प्रयोग गर्ने योजना छ ।

भक्तपुरको सल्लाघारीस्थित रानीपोखरी काठमाडौँको रानीपोखरी भन्दा ४० वर्षअगाडि बनेको बताइएको छ । भक्तपुरको रानीपोखरीको पुरातात्त्विक नाम 'न्हु पुखू' रहेको छ ।

**स्रोत : आयोमेल**

# कृषिमा रोगकीरा परीक्षणको आवश्यकता



सबिन ख्याजू

नेपालको अर्थतन्त्र विकासमा धेरै कोणबाट कृषि क्षेत्रको महत्त्वपूर्ण स्थान छ। पहिलो, जनसङ्ख्याको लगभग ६०.२ प्रतिशत नेपाली नागरिक कृषि पेशामा निर्भर छन्। कृषि उत्पादनको क्षेत्रफल बढाउन सकेमा वा कृषि उपजको प्रशोधन उद्योग बढाउन सकेमा अझै सकारात्मक परिवर्तनहरू प्राप्त गर्न सकिन्छ। दोस्रो, देशको अर्थतन्त्रको कूल ग्राहस्थ उत्पादनमा २५ प्रतिशत योगदान कृषि क्षेत्रबाट हुन्छ। उच्च मूल्यका कृषि वस्तुहरू जस्तैः जडिबुटी, नगदे बाली, फलफूल, पुष्प आदिको उत्पादन बढाउन सके आम्दानी थप वृद्धि हुने देखिन्छ। कृषि उपजलाई मूल्य श्रृङ्खलामा राख्दै लगानी बढाएमा आयमा सकारात्मक परिवर्तन गर्न सकिन्छ। तेस्रो, नेपालमा कृषिको लागि अत्यन्त अनुकुल वातावरण वा भूगोल छ। धेरैभन्दा धेरै कृषि वस्तुको उत्पादन वर्षैभरि गर्न सकिन्छ। बजारको मागअनुसार नियमित उत्पादन र वितरण गर्न सकिन्छ। यसबाट रोजगारीको सिर्जना गर्न सजिलो मात्र नभई आत्मनिर्भर बन्न बलियो आधार तयार हुन्छ। जनसङ्ख्या वृद्धि नियन्त्रणभन्दा बाहिर छ। जनसङ्ख्या वृद्धिका कारण कृषिमा भएका आमूल परिवर्तनहरू छायाँमा परेका छन्। यसर्थ, कृषि उत्पादन र उत्पादकत्व बढाउनु त्यत्तिकै आवश्यक छ।



ds}+f nfU]kmfhL sL/f

कृषि बालीको वंशानुगत उत्पादन क्षमताअनुसार नेपालमा उत्पादन हुन सकेको छैन। जातविशेष क्षमताको शत प्रतिशत उत्पादन हुन नसके पनि क्षमताको नजिक पुग्न सकिन्छ। तर, यसको लागि कारणहरू पहिचान गर्नु पहिलो कर्तव्य हुन्छ। कृषि बालीको उत्पादनमा सिँचाइ, मल, रोगकीरा, बीउ, कृषि सडक, यन्त्रहरू आदिको महत्त्वपूर्ण भूमिका हुन्छ। यीमध्ये रोगकीरा र कृषिको सम्बन्धबारेमा यस लेखमा छलफल गरिएको छ।

## रोगकीराबाट कृषिमा नोक्सान

बालीमा रोगले हल्कादेखि शत प्रतिशतसम्म नोक्सान पुऱ्याउन सक्छ। रोगकीराको आक्रमणले गुणस्तर र उत्पादकत्वमा हानि पुऱ्याउन सक्छ। गुणस्तर खस्किँदा धेरै उत्पादन भए तापनि किसानलाई फाइदा हुन गाह्रो हुन्छ। शाकाहारी कीराले विश्वको कृषि उत्पादनको वार्षिक २० प्रतिशतको हाराहारीमा नोक्सान पुऱ्याएको छ। रोगका कारण मात्र पनि विश्वको खाद्य उत्पादनमा १०–३० प्रतिशतको हाराहारीमा नोक्सान पुगेको उल्लेख छ। तथ्याङ्कअनुसार विश्वमा रोगले औसतमा १४.१ प्रतिशत र कीराले १२.२ प्रतिशत नोक्सान पुऱ्याएको पाइन्छ। यो हिसाबले विश्वमा रोगको कारणले मात्र २ खर्ब २० अर्ब अमेरिकी डलर बराबरको नोक्सान हुने गरेको छ।



wfgafnLdf AofS6]l/ofsf]cfqmd0f

वि.सं. २०३० मा धानको बाला काट्ने कीराले इलाम जिल्लाको सुलुवुङ, माबु, जमुना र प्याङ पञ्चायतमा झन्डै ६० प्रतिशत गहुँबाली नष्ट गरेको थियो। वि.सं. २०५५ मा मकैमा बाला काट्ने कीराले हुम्ला, जुम्ला र अन्य उच्च पहाडी जिल्लाहरूमा तहल्का मच्चायो। कोसामा लाग्ने गबारो कीराले विभिन्न तरकारी बालीमा ८० प्रतिशतसम्म नोक्सान पुऱ्याउने गर्दछ। उखुमा एक प्रकारको सेतो झिँगाको कारण ८६ प्रतिशतसम्म उखुको उत्पादन घटेको पाइएको छ। फलमा लाग्ने गभारोबाट गोलभेडाको २४-७३ प्रतिशतसम्म नोक्सान

पुगेको छ । भन्टाको मुना र फलको गभारोबाट ११-९३ प्रतिशतसम्म नोक्सान पुगेको छ । आँपको फल कुहाउने झिँगाले आँपको उत्पादनमा १०-८० प्रतिशतसम्म हानि पुऱ्याएको पाइयो । यस्ता अनेकौँ उदाहरणहरू छन् ।

## बालीमा रोगकीराको सङ्क्रमण

बालीमा रोगकीराले आक्रमण गर्ने केही कारणहरू निम्नानुसार छन् :

☐ **रोगकीरा सङ्क्रमित बीउ :** बीउजन्य रोगकीराहरू बीउमा लुकेर बसेको हुन्छ । बीउमा रहेको रोगकीरा सुषुप्त अवस्थामा बस्दछ । जब बीउ माटो र पानीको सम्पर्कमा आउँछ तब आफ्नो सक्रियता बढाउँछ । यसले बिरुवाको हुर्काई कमजोर बनाउँछ । यसरी रोगकीराबाट सङ्क्रमित बीउको उत्पादन क्षमतामा ह्रास आउँछ । यसको लागि बीउमा सङ्क्रमण भए नभएको थाहा पाउन प्रयोगशालामा परीक्षणको आश्यकता रहन्छ । बीउलाई स्वस्थ बनाउन बीउ उपचार गर्नु अनिवार्य हुन्छ । ढुसीबाट जोगाउन क्याप्टान वा थिराम २ ग्राम प्रति किलोका दरले बीउमा उपचार गरिन्छ । ब्याक्टेरियाबाट जोगाउन टेट्रासाइक्लिन वा स्ट्रेप्टोमाइसिनको प्रयोग गर्न सकिन्छ । कीराको आक्रमण भएमा बीउ नै परिवर्तन गर्नु पर्दछ ।

☐ **रोगकीरा सङ्क्रमित माटो :** माटोमा अण्डा वा लार्भा वा प्युपा वा वयस्क अवस्थाका कीराहरू सक्रिय वा निष्कृय अवस्थामा रहन सक्छन् । माटोमा रहेका बोटबिरुवाका पात, जरा, डाँठ आदि नै यी कीराहरूको खानाको स्रोत हो । माटोमा बीउ वा बेर्ना लगाएपछि ती जीवहरूले आहारा पाउने गर्छन् । यसको अर्थ, रोगकीराले बालीमा आक्रमण गर्न थाल्नु हो । बाली कति मात्रामा बिग्रन्छ भन्नको लागि कति मात्रामा र कुन समयमा ती रोगकीरा माटोमा छ भन्ने जानकारी आवश्यक हुन्छ । यसरी कृषि वस्तुको उत्पादन क्षमतामा ह्रास आउँछ । यसर्थ, माटोलाई रोगमुक्त गर्नु अपरिहार्य छ । यसको लागि माटोको निर्मलीकरण गर्ने विधि अपनाइन्छ । फागुन-चैतको चर्को घाम भएको बेला माटोलाई मसिनो बनाउने, पानीले भिजाउने र अन्तिममा पोलिथिन प्लाष्टिकले पूरै ढाक्ने गरिन्छ । यसो गर्दा हावा भित्रबाहिर हुन दिनुहुँदैन । घामको रापका कारण त्यसभित्र तापक्रममा वृद्धि भई रोगकीरा मर्दछ । साथै, रोग लागेका बिरुवाका पात, जरा, फलहरू सङ्कलन गरी उचित व्यवस्थापन गर्नु आवश्यक छ । ती वस्तुलाई मलमा मिसाउने कार्यले ती वस्तुमा रोग लामो समयसम्म जीवित रहन्छ र नयाँ बालीमा फेरि आक्रमण गर्ने हुँदा खाल्डो खनेर पुर्ने वा सुकाएर जलाउने कार्य आवश्यक हुन्छ ।



kmnkmndf kmn sxfpg]cf};fs/f

☐ **बालीमा रोगकीराको प्रवेश :** खेती गर्ने बीउ र माटो स्वस्थ हुँदा मात्र पनि पुग्दैन । खेती गर्दै गर्दा वा बाली हुर्कँदै गर्दा छिमेकी जग्गाबाट स्वस्थ जग्गामा रोगकीराको आगमन हुने गर्दछ । हावा, पानी, किसानको कपडा, रोग बोक्ने कीरा वा सङ्क्रमित कीरा, कृषि औजारजस्ता माध्यमबाट पनि रोगकीरा सङ्क्रमित जग्गा वा बिरुवाबाट स्वस्थ जग्गा वा बालीमा सर्दछ । रोगकीरा स्वस्थ क्षेत्रमा फैलन नदिन केही उपायहरू अपनाउनु पर्ने हुन्छ । जस्तैः भाइरस सार्ने सेतो झिँगा, फड्के कीरा, लाही कीरालाई बालीमा प्रवेश गर्नबाट रोक्न सके भाइरसले आक्रमण गर्न सक्दैन । रोग सार्ने कीराको नियन्त्रणबाट भाइरसको आक्रमणबाट ढुक्क हुन सकिन्छ । रोग लागेका कृषि औजारहरूको समय-समयमा निर्मलीकरण गर्न सके स्वस्थ बालीमा रोगको सङ्क्रमण न्यून हुन्छ ।

## रोगकीरा नियन्त्रण गरौँ

बालीमा रोगकीराको सङ्क्रमण घटाउन अन्य उपायहरू पनि अपनाउनु पर्दछ ।

- ☐ रोग प्रतिरोध क्षमता भएका जातका बीउहरूको छनौट गरी खेतीमा प्रयोग गरिनु पर्दछ । जातअनुसार कुन रोग वा कीरासँग प्रतिरोध गर्न सक्छ भन्ने फरक हुन्छ ।
- ☐ खेतबारीमा सरसफाइमा विशेष ध्यान दिनु आवश्यक छ । रोग रहने झारहरू सफा गर्नु र बाली रोप्दा आवश्यक दूरी कायम गर्नु पर्दछ ।
- ☐ बाली चक्र अपनाउँदा माटोमा रोगको सङ्क्रमण घट्न गई बालीको उत्पादन राम्रो हुन्छ । सामान्यतया २-४ वर्षको बाली चक्र प्रभावकारी हुन्छ । तर कहिलेकाहीँ काउलीको गाँठे रोग नियन्त्रण गर्न २०औँ वर्ष पनि लाग्न सक्छ ।
- ☐ सिफारिस मात्रामा मात्र मलखाद प्रयोग गरे रोगकीराको प्रकोप कम गर्न सकिन्छ । मलखादको मात्रा नपुग्दा बिरुवा कमजोर हुन्छ र रोगकीराको आक्रमणमा पर्दछ । नाइट्रोजनको मात्रा आवश्यकताभन्दा धेरै प्रयोग गर्दा बिरुवा कलिलो भई रोगकीराले सङ्क्रमण गर्दछ ।

विश्वमा खाद्य सुरक्षाको समस्या अझै पनि समाधान भइसकेको छैन । खाद्य उत्पादनमा रोगकीराको कारण हुने नोक्सानमात्र कम गर्न सकेमा भोका जनताको पेट भर्न सकिन्थ्यो । खाद्य सुरक्षाको प्रत्याभूति गर्न पनि कृषिको उत्पादनसँगै रोगकीराबाट हुने नोक्सान घटाउनु आवश्यक छ । पछिल्ला प्रतिवेदनअनुसार उत्पादकत्व बढाउनुभन्दा नोक्सान घटाउँदा फाइदा रहेको छ । पछिल्लो समयमा रोगकीरा नियन्त्रण गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) शैली अपनाउने गरिन्छ । यस विधिमा पर्यावरणलाई नखल्बलाई आर्थिक नोक्सान स्तरलाई नबढाई बालीहरूलाई नोक्सान पुऱ्याउने हानिकारक रोग, कीरा, झारपात, चरा, मुसा आदिको उचित ढङ्गले एकीकृत तरिकाबाट व्यवस्थापन गरिन्छ ।

बालीमा लाग्ने रोगकीराबारे राम्रो जानकारी पाउनको लागि किसान र कृषि प्राविधिक बीच समन्वय हुनु पर्दछ । सरकारले किसानलाई यसबारे सही सूचना प्रदान गर्ने वा विचारविमर्श गर्ने वा तालिम प्रदान गर्नेलगायतका सहयोगी गतिविधिहरूलाई तीव्रता दिनु राम्रो हुन्छ । नेपालमा बालीको रोगकीराबारे अध्ययन अनुसन्धान विश्वको दाँजोमा निकै पछाडि छ । कृषिमैत्री योजनाहरू निर्माण गर्दा अनुसन्धान पक्षलाई सबल बनाउन आधुनिक र स्रोतसाधनयुक्त प्रयोगशालाहरू विस्तारमा ध्यान दिनु पर्दछ । कृषि क्षेत्रमा भइरहेको कमिशन र भ्रष्टाचारलाई निर्मूल गर्नु आवश्यक छ । वास्तविक किसानलाई प्रोत्साहन गरिनु पर्दछ ।

### सन्दर्भ सामग्री


– Agrios. G. N. 2005. **Plant Pathology**. 5th edition.
– Sallam, M. N. **Insect Damage Post-harvest Operations**. Food and Agriculture Organization of the United Nations.
– Sharma, S. et. al., 2017. **Insect Pests and Crop Losses**.
– न्यौपाने, फणिन्द्रप्रसाद, २०७४ । **बालीबिरुवाका शत्रु र तिनको रोकथाम**
– जि.सि. युवाकध्वज, २०७७ । **नेपालमा तरकारी तथा फलफूल उत्पादन र बाली संरक्षण प्रविधि ।**


(khyajusabin@gmail.com)


**कोरोनाबाट बच्न पटक पटक साबुन पानीले हात धोऔं । शारीरिक दूरी कायम गरौं ।**




## आफन्तीको कथा



**विनय कुमार कसजू**

### त्यसभित्र म थिएँ

एक जना छिमेकीले आफन्तीसँग सोध्यो, 'हिजो राती तिम्रो घरमा ठूलो आवाज आएको हामीले सुन्यौं । केको आवाज थियो त्यो ?'

'कुनै ठूलो कुरा होइन ।' आफन्तीले जवाफ दिए, 'मेरी श्रीमती मसँग रिसाएकी थिई । रिसको झोँकमा उनले केही लुगाफाटा भरेङबाट खसालिदिएकी थिइन् । यसैको आवाज होला ।'

'होइन, आवाज त निक्कै ठूलो थियो त ? लुगा खसाल्दा यत्रो आवाज त नआउनुपर्ने ?'

छिमेकीले अचम्म मान्दै सोध्यो ।

अनि आफन्तीले छिमेकीलाई सम्झाउँदै भने, 'यदि तिमीलाई जान्ने मन भए सुन । त्यसबेला ती लुगाभित्र म थिएँ ।'

### सबैभन्दा मिठो स्वर

एक दिन आफन्तीलाई उनको एकजना साथीले साँझको खाना खान डाकेका थिए । साथी सङ्गीतका शौकिन थिए । उनको घरमा भाँतीभाँतीका बाजाहरू थिए । उनले आफन्तीलाई ती बाजाहरू एकएक गरी सुनाउन थाले । तर आफन्तीलाई भने भोक लागेको थियो । कहिले खानेकुरा पस्कला भनेर उनी आतुरिएको थियो ।

तर साथी भने खाना पस्कने भन्दा बाजाहरू बजाउनमै रमाइरहेका थिए ।

विभिन्न बाजा बजाइसके पछि साथीले आफन्तीसँग सोधे, 'लौ भन त यी बाजाहरूमध्ये सबैभन्दा मिठो स्वर कुन बाजाको छ ?'

आफन्तीले तुरुन्तै जवाफ दिए, 'हेर, यति बेला त मलाई डाडु, पन्यूँ र चम्चाको स्वर नै सबैभन्दा मिठो लागेको छ ।'


भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# इतिहासकै सबभन्दा दुःख दायी साल : सन् ५३६

नाति कवां

पृथ्वीको उत्पतिसँगै परिवर्तन निरन्तर चलिरहेको छ। परिवर्तनको प्रकृया सँगसँगै कति जीवहरू सृष्टि भए र कति विनाश भए हामीले पृथ्वीको इतिहास अध्ययन गरेमा थाहा पाउन सक्छौं। डाइनोसर जस्ता बडेमाका जनावरहरू उत्पत्ति भए। पछि ती बडेमाका जनावरहरू यस संसारबाट विलुप्त पनि भए। पृथ्वीमा समयको परिवर्तन सँगसँगै मानिसले अनेकौं दुःख कष्टहरू भोग्दै आइरहेका छन्। मानिसको कल्पना बाहिरका कति उथलपुथल पनि भए। यस्तै घटनाहरूमा सन् १९१८ मा 'स्पेनिस फ्लु' (The Spanish Flu) अथवा Influenza pandemic को कारण २ देखि ५ करोडभन्दा बढी मानिसको मृत्यु भएको थियो। सन् १३४७-१३५६ मा आएको The Black death नामक रोगको कारण ७ देखि २० करोड मानिस मरेको थियो। भनिन्छ यस रोगका कारण युरोपको ३० देखि ६५ प्रतिशत मानिसको मृत्यु भएको थियो। त्यस्तै The Great Bubonic Plague महामारीले यूरोपको आधा जनसङ्ख्या मृत्यु भएको थियो। यस्ता दर्दनाक रोग व्याधिको घटना यस धर्तीमा बारम्बार भएको थियो।

अहिले पनि यस्तो घटना फेरि फेरि पनि घटि रहने छ। यस्को लागि पृथ्वी बासिहरू सतर्क भइ रहनु आवश्यक छ। सन् २०१९ नोवेम्बरदेखि २०२१ को सेप्टेम्बर २२ सम्ममा विश्वमा २३,०३,०१,३९८ व्यक्तिलाई कोरोना लागेकोछ भने ४७,२७,९२२ को मृत्यु भइसकेको छ।

बितेको समयलाई फर्केर नियाल्ने हो भने सन् ५३६ मा एउटा निकै दर्दनाक घटनाको घटेको थियो। इतिहासमा यसलाई 'मानव जीवनको सबभन्दा ठूलो दर्दनाक घटना' भनी वर्णन गरेको पाइन्छ। यस घटनाको बारे हार्डवर्ड विश्वविद्यालयका इतिहासकार प्रोफेसर माइकल एम सि कोरमिक (Michal MC Cormick) ले बयान गरेका छन्। त्यस साल अकस्मात आकाश एक प्रकारको हुस्सु (Fog) ले



Ps kþf/sf]x': ;h]9fs}f]cfsfz

ढाकेको थियो।

त्यो हुस्सु धूलै धूलोले बनेको थियो। त्यस हुस्सुको कारण धर्तीमा दिन र रात छुट्याउन सक्ने अवस्था थिएन। मानिसले घाम देख्न छाड्यो। त्यो हुस्सु यति सम्म फैलिएको थियो कि यूरोप, मध्यपूर्व र एसियाको आधाभन्दा बढी भू-भाग ढाकियो। सूर्यको प्रकाश पृथ्वीसम्म आइपुग्न सकेन। जहाँतहीं अन्धकार थियो। सूर्यको प्रकाश नहुनाले पृथ्वीमा तापक्रम झरेर गर्मीयाममा पनि २.५° से. भन्दा कम हुनथाल्यो। जङ्गलका रुखहरू मर्न थाले, खेतबारीमा भएका बालीनालीहरू सबै मर्न




v]taf/Ldf ePsf afnLgfnLx¿ ;a}dg{yfn]

थाले। मानिसहरू भोकले हाहाकार भए।

यूरोपका आधाभन्दा बढी मानिसको मृत्युभयो। त्यसकारण यो सन् ५३६ लाई इतिहासकै सबभन्दा खराब दर्दनाक दुखदायी साल (Worst of the year) को रूपमा लिने गर्दछन्। यो दर्दनाक सालको २३ वर्षपछि संसारमा सबभन्दा चिसो तापक्रम रेकर्ड भएको थियो।

त्यो साल चीनमा त गर्मीयाम मै बरफ जम्मा भएको थियो। आयरलाण्डबाट प्रकाशित हुने पत्रिका 'Irish chronicle' मा प्रकाशित भएअनुसार आयरलाण्डमा ५३६ देखि ५४९ सन्सम्म भयङ्कर खडेरी लागेको थियो। सन् ५४१

मा रोमको पूर्वी साम्राज्यमा Justinianic Plague नामक रोग फैलियो। यस रोगले २५ लाख मानिसको ज्यान लिएको थियो। मानिसहरूले सोच्न थाले कि अब संसारबाट मानिस भन्ने प्राणी लोप भएर जान्छ। तिनीहरूले यसलाई ईश्वरको लीला ठाने।

यस विषयमा सयौँ वर्षसम्म वैज्ञानिकहरूले खोज अनुसन्धान गरे। धेरै समयपछि वैज्ञानिकहरूले पत्ता लगाए कि सन् ५३६ मा आइसलाण्डमा ज्वालामुखी विष्फोट भएको थियो।




cf0;nf08df Hjfnfd'vL ljikmf6

त्यही ज्वालामुखीबाट निस्किएको लाभा र खरानीले आकाश ढाकेको थियो। त्यो धूलो दशकौँसम्म आकाशमा रुमलिरह्यो। यो ज्वालामुखी विस्फोट पछि फेरि ५४० र ५४७ सन्मा दुई ओटा ज्वालामुखी विस्फोट भयो। यी घटनाले यूरोप पहिलेको अवस्थामा फर्कन सयौँ वर्ष मिहिनेत गर्नुपऱ्यो। त्यसकारण यो छैटौँ शताब्दीलाई अन्धकारमय युगको रूपमा लिइयो। इतिहासविद्हरू भन्छन् छैटौँ शताब्दी मानिस जीउनको लागि एकदम कष्टकर र दुखदायी अवस्था थियो।

इतिहासकार Procopius of Caesarea लेख्दछन्– सूर्य त चन्द्रमा बनेर आकाशमा बसेको छ। घामको नामो निशान थिएन। बालीनाली पानी र घामको अभावमा सबै मरि सकेको थियो। जङ्गलको रुख बिरुवा ढलिसकेका थिए। मानिस भोकले छटपटाउँदै मर्न थाले। रोगबाट पनि मर्न थाले। जहाँतहिँ मानिसको छटपटी र चिच्याहट थियो। मानिसको मृत्युबाहेक केही देखिँदैनथ्यो।

यसरी इतिहासको पानामा छैटौँ शताब्दीको सन् ५३६ साल आज सम्मकै सबभन्दा दुःखदायी र भयङ्कर त्रासदिपूर्ण अन्धकारमय सालको रूपमा अङ्कित भएको छ।

त्यस्तै २८औँ शताब्दीका एक दार्शनिक George Santayana ले लेखेका छन्– "'those who cannot remember the past are condelemned to repeat it" भनिन्छ इतिहास आफै दोहोरिन्छ। तर वास्तवमा इतिहास



bfzlgs hh{;fGtofgf

आफै कहिले पनि दोहोरिँदैन। मानिसले विगतका गल्तीहरूलाई सच्याउँदैन भने इतिहास दोहोरिन थाल्छ। त्यसकारण विगतको इतिहासलाई अध्ययन गरेर त्यस्तो गल्ती कहिल्यै नगर्नु, अन्यथा इतिहास दोहोरिन सक्छ।

चित्र लेखक, (World History बाट)



**भक्तपुरका केही पुस्तकालय**

# भक्तपुर पुस्तकालय सङ्घ

– सुरेन्द्र दुवाल, अध्यक्ष



*(भक्तपुर नगरपालिकाद्वारा राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा भाद्र १५ गते आयोजित विचार गोष्ठीमा भक्तपुरका विभिन्न पुस्तकालयहरूबाट प्रस्तुत जानकारी)*

भक्तपुरलाई एक घर एक स्नातक, पहिलो साक्षर जिल्ला तथा ज्ञान–विज्ञानको केन्द्रको रूपमा विकास गर्ने महत्त्वपूर्ण उद्देश्यहरूका साथ शैक्षिक अभियान अघि बढिरहेको परिवेशमा सो अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न पुस्तकालयहरूको महत्त्वपूर्ण स्थान रहने तथ्यलाई मध्यनजर गरी भक्तपुरमा पुस्तकालयहरूको सञ्चालन, पुनः सञ्चालन तथा विकासमा टेवा पुर्‍याउन भक्तपुरका विभिन्न सङ्घ संस्थामा कार्यरत पुस्तकालयकर्मीहरूको छलफलद्वारा 'पुस्तकालय ज्ञान, विज्ञान, सूचना र अनुसन्धानका लागि' भन्ने मूल नाराका साथ भक्तपुर पुस्तकालय सङ्घको स्थापना भयो ।

पुस्तकालय र पुस्तकालयकर्मीबीच एकता, सद्भावना, पेशागत आचरण र शिष्टाचारको अभिवृद्धि गरी व्यवसायिक हित संरक्षण गर्न, पुस्तकालय विज्ञानको क्षेत्रलाई आधुनिकीकरण, विकसित स्वच्छ र मर्यादित बनाउन पुस्तकालयको महत्त्वबारे जनतामा चेतना जगाउन, पुस्तकालय गतिविधि गर्न लगायतका पुस्तकालय क्षेत्रसँग सम्बन्धित विविध काम गरी बौद्धिक एवं शैक्षिक उन्नतीमा सहयोग पुर्‍याउने उद्देश्यले नेपाल पुस्तकालय सङ्घसँग समन्वय गरी २०६४ सालमा स्थापित भक्तपुर पुस्तकालय सङ्घ नाफारहित समुदायमा आधारित सामाजिक संस्था हो ।

**पुस्तकालयको इतिहासः**

पुस्तकालयको विकास मानव समाजजस्तै पुरानो छ । हुन पनि समाजको उत्पत्ति र विकास भएदेखि मानिसहरूले ज्ञान सामग्री सङ्कलन सम्बर्द्धन गर्ने जून क्रियाकलाप गर्दै आएको छ सोहीलाई नै पुस्तकालयको शुरुवातको मूल मान्नुपर्दछ । ढुङ्गा, माछाका स्लेट, रुखका बोक्रा, काठको फल्याक, सिल्क आदिमा लेखेर आफ्नो ज्ञान अभिव्यक्त गर्दथे र तिनीहरू मन्दिर धार्मिक पुरोहितहरूको घर र दरबारहरूमा हुन्थे । विशेष गरेर चिनियाँहरूले हाड, कछुवाको सेल, सुमेरियनहरूले नरम माटोमा काठ अथवा फलामको चुच्चे चीजद्वारा आफ्नो इतिहास, धर्म दर्शन आदि सम्बन्धी कुराहरू कोरी पुस्तकका रूपमा सुरक्षित गरी राख्न शुरु गरी एक केन्द्रमा राखे । यस किसिमको शुरुवातबाट प्राचीन पुस्तकालयको उदय भयो ।

**नेपालमा पुस्तकालयको इतिहासः**

नेपालमा तथ्यगत इतिहासको आधारमा वि. सं. ३८६ को मानदेवको चाँगुनारायणको स्तम्भ अभिलेख सबैभन्दा पुरानो अभिलेख हो, जून भक्तपुरमै छ । लिच्छविकालमा पाइएका स्रोतहरूमा पुस्तकालयको उल्लेख भएको नपाइएता पनि छैटौं शताब्दीका मानदेवको चाँगुको स्तम्भ अभिलेख, सातौं शताब्दीका अंशुवर्मा, आठौं शताब्दीका जयदेव द्वितीयको पशुपतिको अभिलेख र मुद्राहरूको अध्ययनबाट कवितात्मक पङ्क्तिहरूको रचनात्मक शैली सुन्दर, भाषा मिठास, छन्दात्मकताका आदि निकै प्रचार र प्रसार भैइसकेको थियो भनेर भन्न सक्छौं । शैक्षिक सामग्रीहरू जस्तै शिलालेख, ताम्रपत्र, पातहरू, रुखका बोक्राहरू आदिमा लेखेर यिनै स्थानहरूमा सुरक्षित साथ राख्दथे । यसैलाई नेपालमा पुस्तकालयको इतिहासको शुरुवात मान्नु पर्दछ ।

नेपालको पुस्तकालयको इतिहासमा पुस्तकालयको अधिनियमको रूपमा संवत् १८६९ मा श्री ५ गीर्वाण युद्ध वीर विक्रम शाहबाट पुस्तकालय सम्बन्धी नीति नियमको एक लालमोहर जारी भयो । यो लालमोहरले पुस्तकालयलाई देशको इतिहासमा सर्वप्रथम कानूनी मान्यता दिने काम गर्‍यो ।

**नेपालमा पुस्तकालय दिवसः**

भदौ १५ अर्थात पुस्तालय दिवस । वि. सं. १८६९ भाद्र १५ गते पुस्तकालय सेवा प्रारम्भ भएको दिनलाई ऐतिहासिक उपलब्धिको रूपमा स्मरण गर्दै आज हामी पुस्तकालय दिवस मनाउँदैछौं ।

## भक्तपुरमा पुस्तकालयः

भक्तपुरको पुस्तकालयको इतिहास धेरै पुरानो छ । तात्कालीन नेपालको राजधानीसमेत भएकोले राजकीय पुस्तकालयदेखि लिएर विभिन्न दुर्लभ विधाका धार्मिक ग्रन्थहरूको सङ्कलन, अभिलेख सङ्ग्रहहरूको अभ्यास पनि भक्तपुरमा प्रशस्तै भएको देखिन्छ । करिब ३५० वर्षभन्दा अघि नै भक्तपुरमा पाँच तले मन्दिर, पचपन्न झ्याले दरबार, दत्तात्रय मन्दिर, त्रिपुर राजदरबार जस्ता शानदार वास्तुशास्त्रले सफल प्रयोग भइसकेको थियो भन्ने तथ्य अहिले कथाजस्तो प्रतीत हुन्छ । मल्लकालमा पुस्तकालयको व्यापक विकास र विस्तार भएको थियो भन्ने कुरा भक्तपुरको साफूकुथीको उदाहरणले प्रष्ट गर्छ ।

भक्तपुर दरबार क्षेत्रको पूर्वतिर एउटा टोलको नाम नै साकोथा छ जुन नेपालभाषाको शब्द साफूकुथी अर्थात पुस्तकालयको अपभ्रंश रूप हो । साकोथाको स्थापना कहिले भयो भन्ने निश्चित अभिलेख अहिलसम्म पत्ता नलागे पनि त्रिपुर राजदरबारको एक भागका रूपमा रहेको तथा पछि युथुनिमम् राजदरबारको अङ्गका रूपमा विकसित साकोथा लामो समयसम्म राजकीय पुस्तकालयका रूपमा स्थापित थियो । साकोथाको पुस्तकालय हालको रत्नभवन र विद्यार्थी निकेतन स्कूलमा फैलिएको थियो । त्यसताका साकोथामा मात्र करिब १,४०,००० पुस्तक सङ्कलित थिए भनिन्छ । साकोथा पुस्तकाय समकालीन पुस्तकालयहरूमा अत्यन्तै समृद्ध ज्ञानभण्डार थियो ।

पृथ्वीनारायण शाहले काठमाडौँ र पाटन जितिसकेर पनि गोर्खालीहरूलाई भक्तपुर जिती हाल्छौँ भन्ने आत्मविश्वास थिएन । त्यसैले भक्तपुरलाई राम्ररी बुझेका पृथ्वीनारायण शाहले काठमाडौँ र पाटन जितिसकेपछि पनि भक्तपुरलाई हमला गर्न करिब एक वर्ष ढिलो गरेका थिए जसको कारण भक्तपुरको सामाजिक शक्तिभन्दा पनि भक्तपुरमा रहेको ज्ञान शक्ति र तान्त्रिक शक्तिसँग डराएर हो भनिन्छ । हुनपनि वि. सं. १८२६ मा भक्तपुर कब्जा गर्न आउँदा पनि पृथ्वीनारायण शाह सिधै भक्तपुर छिरेनन् बरु पहिला यहाँका पुस्तकको भण्डार नष्ट गर्न आदेश दिए । साकोथासहित भक्तपुरका विभिन्न ठाउँमा आगो लगाइएको थियो । भनिन्छ भक्तपुरको साकोथाबाट २९ दिन २९ रात आगोको मुस्लो निरन्तर निस्किरह्यो तैपनि त्यहाँको पुस्तक भण्डार रित्तिएन र बाँकी रहेका पुस्तक अभिलेखहरू अद्यावधि विभिन्न सङ्ग्रहालय र अभिलेखालयहरूमा सङ्ग्रहित छन् ।

## भक्तपुरमा २००७ साल पछि पुस्तकालयको विकासः

देश र समाजको गतिसँगै शैक्षिक तथा सामाजिक क्षेत्रको विकास हुनुपर्छ । व्यापक जनताको सांस्कृतिक स्तर विकास नभएसम्म जतिसुकै राजनैतिक क्रान्ति भएपनि त्यो परिवर्तन दिगो रहन सक्दैन । राणाकालमा पुस्तकालय खोल्नु अपराध मानिन्थ्यो । वि. सं. १९८७ मा सार्वजनिक पुस्तकालय खोलेबापत लक्ष्मीप्रसाद देवकोटालगायत ४६ जना युवाहरूलाई देशद्रोहको अभियोग लगाई जनही रु. १००/- रुपैयाँ जरिवाना गराएको घटना **पुस्तकालय पर्व**को रूपमा चर्चित छ । त्यस्तै वि. सं. १९७६ मा सुब्बा कृष्णलाल अधिकारीले **'मकैको खेती'** नामको पुस्तक लेखेको अभियोगमा सर्वस्वसहित जन्मकैदको सजाय पाएको घटनालाई नेपालको इतिहासमा **मकै पर्व** भनेर चिनिन्छ ।

२००७ सालमा प्रजातन्त्रको उदयसँगै भक्तपुरमा पनि पुस्तकालयहरू खोल्ने क्रम शुरु भयो । निजी पुस्तक सङ्ग्रहहरू सार्वजनिक पुस्तकालयमा धमाधम परिणत भयो । २००७ सालपछि जनतामा राजनैतिक चेतनाको लहर सञ्चारित भयो । सो अनुसार जनतामा नागरिक अधिकार तथा कर्तव्यको दायित्वबोध गर्न पनि स्थानीय पुस्तकालयहरू स्थापना गर्ने क्रममाः वि.सं. २००७ सालमा भक्तपुरको नासमना टोलमा **जनज्योति पुस्तकालय** र वि.सं. २०११ सालमा चोछेँ टोलमा **बौद्धिक विकास मण्डल पुस्तकालय** स्थापना भयो । स्थानीय युवाहरूको सक्रियतामा वि.सं. २०१४ सालमा दत्तात्रयमा **युग विजय पुस्तकालय**को स्थापना भयो । वि.सं. २०३१ सालमा ईताछेँमा **चेतनशील पुस्तकालय**, २०३८ सालमा सूर्यमढीमा **प्रगति पुस्तकालय**, २०३८ सालमै इनाचोमा **पासा पुस्तकालय**, २०३८ सालमा भोलाछेँ महाकाली द्यःछेँमा **युग बोध पुस्तकालय**, २०४२ सालमा जेंला टोलमा **जनसेवा वाचनालय** स्थापना भयो ।

जनतालाई किताबी ज्ञान सँगसँगै राजनैतिक शिक्षा दिने उद्देश्यले स्थापना गरिएका यी सार्वजनिक पुस्तकालयहरूले साहित्य गोष्ठी, खेलकुद प्रतियोगिता गर्ने र जनताका छोराछोरीलाई विकृति र विसङ्गति विरुद्ध रचनात्मक क्रियाकलापमा सक्रिय बनाउन महत्त्वपूर्ण योगदान गरेको थियो । त्यस्तै २०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात नयाँ पुस्तकालयहरू खोल्ने क्रम पनि बढ्न थाल्यो । जस्तैः वि.सं. २०४३ सालमा **चण्डेश्वरी पुस्तकालय,** चासुखेल

**तारा पुस्तकालय** - बोलाछेँ तँचा
**मणिसुन्दर पुस्तकालय** - भार्वाचो
**मर्निङ्ग स्टार वाचनालय** - गछेँ
**मानन्धर व्यायाम मन्दिर पुस्तकालय** - साकोलान
**निर्मल पुष्प वाचनालय** - क्वाठण्डौ
**झी पासा साफूकुथी** - याछेँ

**सिद्धी गणेश पुस्तकालय** – चोर्चा
**शहीद पुस्तकालय** – गोल्मढी
**शहीद राजकुमार स्मृति पुस्तकालय** – व्यासी
**स्टुडेण्ट लाइब्रेरी** – दरबार क्षेत्र
**न्यातापोल कर्नर पुस्तकालय** – लैको
**एकता वाचनालय** – बोलाछेँ
**उत्थान वाचनालय** – नासमना
**लिधंसा ब्वनेकुथी** – तापालाछी
**हिमचूली युवा पुस्तकालय** – वंशगोपाल
**झीगु वाचनालय** – जेंला

हाल यी पुस्तकालयहरू एक–दुई ओटाबाहेक बन्द अवस्थामा रहेको छ । भक्तपुर पुस्तकालय सङ्घको स्थापनापश्चात पटक पटक भक्तपुरमा भएका सार्वजनिक पुस्तकालय र शैक्षिक पुस्तकालयका प्रतिनिधिहरू समेत बसी पुस्तकालय सञ्चालन र पुनःसञ्चालनकोलागि छलफल कार्यक्रम अगाडि बढाएको थियो । अधिकांश भेलामा उपस्थित प्रतिनिधिहरूले आर्थिक, जनशक्तिको अभाव, प्रविधिको अभाव भएको बताउनुभयो । आगामी दिनमा भक्तपुर जिल्लामा रहेका पुस्तकालयहरू पुनःसञ्चालनमा ल्याउन छलफल गर्नु आवश्यक छ । यसै सन्दर्भमा भक्तपुर नगरपालिकाभित्र रहेका पुस्तकालयहरू पुनः सञ्चालनकोलागि भक्तपुर पुस्तकालय सङ्घको तर्फबाट भनपालाई विशेष अनुरोधका साथ केही सुझावहरू पेश गर्न चाहन्छु –

- पुस्तकालय, अनिवार्य स्थानीय निकायमा दर्ता गराउन,
- सम्बन्धित वडा समितिमार्फत रेखदेख गर्न विद्यार्थी, युवा वर्गलाई पुस्तकालय सम्बन्धी लक्षित कार्यक्रमको आयोजन गर्न,
- स्थानीय तहमार्फत पुस्तकालय सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न तालिम सञ्चालन, कार्यशाला गोष्ठी कार्यक्रम गर्न,
- स्थानीय तहमार्फत आर्थिक सहयोग गर्न,
- प्रविधियुक्त पुस्तकालय व्यवस्थापनकोलागि,
- व्यवस्थित ठाउँ व्यवस्थापनकोलागि,
- अनुसन्धानमा जोड दिन,
- समय समयमा निरीक्षण गर्न अनुरोध गर्दछु ।

पुस्तकालय ज्ञान, विज्ञान, सूचना र अनुसन्धानको निम्ति हो भन्ने विषयलाई लिई यसको विकास, व्यवस्थापन, संरक्षण, सदुपयोग गर्ने काम, कर्तव्य, अधिकार र जिम्मेवारी हामी सम्पूर्ण जनताको हो । अझ त्यसमा पनि शैक्षिक, बौद्धिक, वैज्ञानिक क्षेत्रका महानुभावहरू लगायत पुस्तकालयकर्मीहरूको अति नै महत्त्वपूर्ण भूमिका हुन्छ । भनिन्छ एक वर्षमा फल पाउने योजना छ भने धानबाली लगाउनु, दश वर्षमा फल पाउने हो भने फलफूल बारी गर्नु भनेजस्तै हजारौँ हजार वर्षको निरन्तर दिगो विकासको निम्ति ज्ञान–विज्ञान र अनुसन्धान स्रोत–सामग्रीहरूको उचित र वैज्ञानिक सङ्कलन, व्यवस्थापन र सदुपयोगमा विशेष पहल गर्नपर्ने हुन्छ । यो सत्यलाई इतिहास र वर्तमान तथ्यबाट पनि सहजै आकलन गर्न सकिन्छ । त्यस किसिमको पहलको शुरुवात भनेको पुस्तकालयको विकास र प्रयोगको निम्ति सबै क्षेत्रबाट सहयोग गर्नु हो किनभने संसारको आँखा भनेकै ज्ञान हो भने शरीर विज्ञान हो । अतः अनुसन्धान ज्ञान र विज्ञानको समूच्च जीवन हो । जुन जीवनलाई चाहिने खुराक उपलब्ध गराउने माध्यम, आलय वा घर तथा सङ्ग्रहालय भनेकै पुस्तकालय हो । तसर्थ पुस्तकालय ज्ञान, विज्ञान, सूचना र अनुसन्धानका लागि नै हो । धन्यवाद ।

# प्रगति पुस्तकालय

सूर्यमढी

**– रविन्द्र प्रसाद कुशी, अध्यक्ष**



## प्रगति पुस्तकालयको स्थापना

२०३७ सालमा जनशिक्षा पुस्तकालयको नामबाट सुरुवात भएको यस पुस्तकालयका संस्थापक शिक्षाप्रेमी एवं राजनैतिक व्यक्तित्व बुद्धिकुमार गोसाई हुनुहुन्छ । तत्कालीन समयमा स्थानीय अग्रजहरूको नेतत्वमा सूर्यमढी स्थित पाटीमा प्रगति पुस्तकालयको सुरुवात भएको थियो ।

## तत्कालीन उद्देश्यहरू

- पठन संस्कृतिको विकास गर्ने,
- जनताप्रति समर्पित साहित्य अध्ययन गर्ने,
- मानिसलाई ज्ञानी एवं विवेकशील बनाउन पुस्तक आवश्यक भएको,
- विद्यालय पुग्दो नभएको र विद्यालयमा आवश्यक पुस्तकालयको बन्दोवस्त नभएको अवस्थामा जनतालाई आफ्नो अधिकार र कर्तव्यबारे सचेत पार्न तत्कालीन समयमा पुस्तकालय आवश्यक भएको थियो ।
- सामाजिक, शैक्षिक, खेलकुद, साहित्य र चेतनामूलक कार्यक्रम गर्न ।

## पुस्तक र पत्रपत्रिका

हाल १६४५ भन्दा बढी पुस्तकहरू सङ्ग्रहमा रहेको छ । साहित्यिक, राजनीतिक तथा दर्शनसँग सम्बन्धित पुस्तक बढी रहेको, दश जोड दुई तथा स्नातक तहका विज्ञान, व्यवस्थापन, मानविकी, कानुन विषयसँग सम्बन्धित पुस्तक रहेको छ । पत्रपत्रिकामा ७ ओटा दैनिक, ७ ओटा साप्ताहिक, १७ ओटा पाक्षिक/ मासिकसम्म वाचनालयमा राखी सञ्चालन गरिएकोमा हाल ५ ओटामात्र दैनिक पत्रपत्रिका आइरहेको छ । स्थानीय शुभचिन्तकहरूको प्रायोजनमा आवश्यक पत्रपत्रिका तथा अन्य सामग्रीहरू प्राप्त भई पुस्तकालय सञ्चालनमा केही हदसम्म सहज भएको हो ।

## भौतिक एवं फर्निचरको अवस्था

वाचनालय र पुस्तकालय छुट्टै भवनमा सञ्चालनमा रहेको छ । वालनालयमा अत्यावश्यक मेच टेबल रहेको छ भने पुस्तकालयमा र्‍याक, दराज, कार्पेट एवं अत्यावश्यक सामग्री रहेपनि समय अनुसार भौतिक सामग्री थप्न सकेको छैन ।

## वर्तमान अवस्था

आन्तरिक रूपमा सञ्चालनमा रहेको पुस्तकालयमा बैठक, भेटघाट जारी रहेको छ । प्रगति सामुदायिक सिकाइ केन्द्रसँगको समन्वयमा पुस्तकालय सञ्चालनमा ल्याएका छौँ । कार्यसमिति मा ११ जना पदाधिकारी र वाचनालय समिति छुट्टै गरी पुस्तकालय सहज सञ्चालनमा रहेको छ । सरसफाइ कार्यक्रम, स्वयमसेवक परिचालन, जूम बैठक, वेबिनारलगायतका कार्यक्रमहरू नियमित सञ्चालन भइरहेको छ ।

## बजेटको व्यवस्था

निश्चित आर्थिक स्रोत नभएकोले स्थापनाकाल देखिन नै शुभचिन्तकहरूबाट प्राप्त सहयोगबाटै पुस्तकालय सञ्चालन भइआएको हो । कार्यालय व्यवस्थापनका लागि प्रगति CLC सँगको समन्वय गर्दै आएका छौँ ।

## पुस्तकालयका समस्याहरू र अपेक्षा

- पुस्तक अध्ययनका लागि उपयुक्त वातावरण र स्थान अभाव,
- सान्दर्भिक पुस्तकहरूको अभाव,
- समयानुसार प्रविधि मैत्री पुस्तकालय बनाउन नसक्नु,
- युवा विद्यार्थीको आकर्षण घट्दै जानु आदि ।

उल्लिखित समस्याहरू समाधानका लागि स्थानीय तहको तर्कबाट आवश्यक पहलको अपेक्षा गर्दछु ।

पुस्तकालयका पदाधिकारीहरू (१३ सदस्यीय) –

अध्यक्ष – रविन्द्रप्रसाद कुसी
उपाध्यक्ष – जयराम कोजू
सचिव – श्रीराम कासिछ्वा
कोषाध्यक्ष – न्हुछेराम कुसी
सदस्य – रश्मिला प्रजापति
सदस्य – सविना प्रजापति
सदस्य – रुवन प्रजापति
सदस्य – प्रकाश प्रजापति
सदस्य – संगीता कोजू
सदस्य – मनोज कुसी
सदस्य – अञ्जना कुटुव
सदस्य – प्रविश प्रजापति
सदस्य – दिपिका कुसी

## सुझावहरू

- नगरको पश्चिमी भेगमा जनज्योति पुस्तकालय भएजस्तै पूर्वी भेगमा पनि अत्याधुनिक पुस्तकालय स्थापना गर्नुपर्ने ।
- कम्तीमा प्रत्येक वडामा १/१ ओटा स्थानीय स्तरमै व्यवस्थित पुस्तकालय सञ्चालन गर्नुपर्ने ।
- पुस्तकालयलाई सामाजिक गतिविधि गर्ने एक उत्कृष्ट थलोको रूपमा विकास गर्नुपर्ने ।
- नियमित गोष्ठी, अन्तरक्रिया, साहित्यिक गतिविधि गरिराख्ने ।
- नगरपालिका कै संरक्षकत्वमा सार्वजनिक पुस्तकालय सङ्घ बनाई नियमित छलफल गरिराख्ने ।
- आवश्यक आर्थिक, भौतिक सहयोग नगरपालिका र स्थानीय जनता एवं सङ्घसंस्थाबाट जुटाउने ।
- वाचनालय एवं पुस्तकालय सञ्चालन कार्यविधि निर्माण गरी अघि बढ्नुपर्ने ।
- सार्वजनिक पुस्तकालयमार्फत विभिन्न कार्यक्रमको लहर नै ल्याउनुपर्ने ।
- अध्ययन अनुसन्धान (Research) कार्यका लागि सार्वजनिक पुस्तकालय उत्कृष्ट थलोको रूपमा विकास गर्‍यौँ भने नयाँ पुस्ताको आकर्षण पनि बढ्छ ।

# शहीद राजकुमार पुस्तकालय

ब्यासी

– कृष्णप्रसाद सुवाल, अध्यक्ष



भक्तपुर नगरपालिकाद्वारा १४ औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा आयोजित यस विचार गोष्ठी कार्यक्रममा सर्वप्रथम प्रजातन्त्र पुन:स्थापनाका लागि शहादत प्राप्त गर्नुभएका ज्ञात–अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

**आदरणीय महानुभावहरू,**

राष्ट्रिय पुस्तकालय दिवसहरू हरेक वर्ष औपचारिक कार्यक्रममा मात्र सीमित हुनु विडम्बनाको रूपमा रहिआएको छ । पुस्तकालयहरूको जीवन्तता दिने सन्दर्भमा सम्बन्धित निकायहरूको ध्यान नजानु तीतै भएपनि वास्तविकता यहाँ व्यक्त गर्न चाहन्छु । यद्यपि यसको दोष कसलाई दिने ? प्रश्नको रूपमा समेत बेला बखत उब्जने गरेको पाइन्छ । स्थानीय समुदायको प्रयासमा स्थापना गरिएका सामुदायिक पुस्तकालयहरूको अवस्था समयले हो वा परिस्थितिले निकै नाजुक अवस्थामा सञ्चालन भइरहेको यथार्थ कसैबाट लुकेको छैन । पाखुरा चलायो त छाक तन्यो भनेझैं आजको अवस्थामा दीर्घकालीन रूपमा सामाजिक भावना सँगसँगै सेवा दिन निकै समस्या भइरहेको कुरामा पनि पुस्तकालय सञ्चालक र व्यवस्थापन पक्षका लागि चुनौतीका रूपमा रहेको छ भने समयसँगै यसको निरन्तरतामा असर परिरहेको कुरा व्यक्त गर्न चाहन्छु ।

हामीलाई थाहा छ, प्राचीन समयदेखि नेपाल ज्ञान विज्ञानको केन्द्रको रूपमा रहिआएको छ । नेपालका कैयौं धार्मिक स्थलहरू बौद्ध गुम्बाहरू विहारहरू आज पनि ज्ञानको केन्द्रस्थलका उदाहरणहरूका रूपमा लिन सकिन्छ । यसै सिलसिलामा नेपालमा पुस्तकालय सञ्चालनको शुरुवातको इतिहासलाई खोतल्ने हो भने नेपाल एकीकरण पूर्व भक्तपुर नै राजधानीका रूपमा रहेको र मल्लकालीन युगमा **साकोथा**का रूपमा पुस्तकालय सञ्चालनमा रहेको उल्लेख छ । आजसम्मको लिखित दस्तावेजका रूपमा साकोथा नै पहिलो पुस्तकालयको रूपमा रहेको देखिन्छ । साथै वि.सं. १८६९ को पुस्तक चिताही ताबहिलका नाममा शाही शासनकालमा दरबारमा स्थापना गरिएका पुस्तकालयहरू जनताको प्रत्यक्ष सहभागिता बिनाका पुस्तकालयहरू थिए भने जनताका छोराछोरीहरूका लागि शैक्षिक जागरण उत्पन्न गराउने सामुदायिक पुस्तकालयहरू मुस्किलले स्थापना भएका देखिन्छन् । जनताको अगुवाइमा पुस्तकालयहरू स्थापना गर्न प्रयास गर्नेहरू तात्कालीन अवस्थामा राजदरबार र निरङ्कुश राणा शासनकालमा यो कदम उनीहरूका लागि आँखाको कसिँगरका रूपमा रहेको थियो । यसको ज्वलन्त उदाहरण वि.सं. १९३० मा महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत ४६ जना जुझारु युवाहरूको प्रयासमा स्थापित **सरस्वती सदन** स्थापनार्थ जनही रु.१०० का दरले जरिवाना तिराएको र शैक्षिक अपराध मुद्दामा कारवाही खेप्न परेको इतिहास साक्षी छ । यसकारण **पुस्तकालय पर्व**, **मकै पर्व** भएको इतिहासका विद्यार्थी र अध्ययनमा रुची राख्ने हाम्रो मानसपटलमा ताजै छन् ।

पुस्तकालय केवल पुस्तकहरूको सङ्कलन मात्र होइन यो ज्ञान र सीप आर्जन गर्ने थलो हो । साथै नि:शुल्क ज्ञान बाँड्ने, आर्जन गर्ने स्थान हो । जसले हाम्रो खाली दिमागमा ज्ञान भण्डार गर्दछ । पुस्तकालयलाई कुनै गन्तब्य होइन यो त एउटा सवारी हो, जसले अध्ययन गर्ने सीपको ढोका खोलिदिन्छ । एउटा बालकलाई प्रश्न गर्न सिकाउँछ, उत्तरको खोजी गराउँछ, उसलाई अध्ययन गर्न सिकाउँछ र सही उत्तर पहिचान गरी सुन्दर संसारको परिकल्पनाको द्वार सधैंका लागि खोलिदिन्छ भनिन्छ पुस्तकालयलाई । तसर्थ पुस्तकालय स्थापना गर्न त्यति सजिलो छैन र सहजै स्थापना भएकाहरू पनि दिगो विकास गर्न चुनौती नै चुनौतीको सामना गर्नुपर्ने वास्तविकता छ । हाम्रो जस्तो सामाजिक, राजनीतिक र सांस्कृतिक पृष्ठभूमिमा साँघुरो चित्त राख्दा जतिसुकै आदर्श कुरा गरेपनि समस्या ज्युँकात्युँ रहने गरेको देखिन्छ । कतिपय पुस्तकालयहरू एन.जी.ओ. र आइ.एन.जी.ओ.को चपेटामा रुमलिँदा यसले व्यक्तिगत फाइदामा मात्र ध्यान दिएको देखिन्छ र समग्र समुदायको शैक्षिक अभियानमा तुषारापात सावित भइरहेका छन् ।

आज सूचना र सञ्चार प्रविधिका कारण विश्व एउटा सानो गाउँको रूपमा परिवर्तन भइरहेको छ । विचारणीय प्रश्न कहाँ छ भने आज पनि भक्तपुरलाई एकघर एक स्नातक भन्ने अग्रजहरूको परिकल्पना पूरा भएर पनि यसलाई शैक्षिक गन्तव्यका रूपमा अगाडि बढाउन भक्तपुरका विभिन्न वडा ठाउँहरूमा स्थापना गरिएका पुस्तकालयहरूको संरक्षण र यसको निरन्तरताका लागि सम्बन्धित निकायहरूको ध्यान जानु आजको आवश्यकता हो । यसका साथै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **जनज्योति पुस्तकालय**लाई समयसापेक्ष आधुनिकीकरण गर्दै प्रविधि मैत्री बनाउनुपर्छ । एउटा शैक्षिक, प्राज्ञिक अनुसन्धानात्मक केन्द्रका रूपमा लान सके सुनमा सुगन्ध सावित हुनेछ ।

अन्त्यमा, प्रजातन्त्र पुन:स्थापनाका साथै आदर्श समाज निर्माणका लागि शहीदहरूले गरेको बलिदानको उद्देश्य अनुरूप परिवर्तन हुनसकेको छैन । यो अभियानमा स्थानीय निकायको पनि पहलको अपेक्षा गर्नुका साथै पुस्तकालयहरूको विकासमा टेवा पुऱ्याउन ध्यान पुऱ्याइयोस् भनी अनुरोध गर्दछु ।

संस्मरण

# कोभिड युनिट र हामी



सम्झना प्रेमी

पढाइ र कामको सिलसिलामा जन्मथलो ओखल्ढुङ्गाबाट काठमाडौं हुँदै नेपाल ल क्याम्पसका सहपाठी शम्सेरबहादुर न्हुछे प्रधान (मेरा बुबा आमाका आत्मीय छोरा) को सहयोगमा भक्तपुरको नपली सृजनानगरलाई बासस्थान बनाउन हाम्रो परिवार आइपुग्यौँ । बुबा स्व.प्रेमनारायण प्रेमीको सामाजिक सकृयताको कारण नपली सृजनानगरवासीहरूसँग हामी एक परिवारजस्तै भएर विभिन्न चाडपर्व, सामाजिक कृयाकलाप सामुहिक रूपमा नै गर्ने प्रचलन बन्यो । हाम्रो आफन्त नातागोताहरू काठमाडौँतिर भए पनि यस टोलमा धेरै नाता जोडेर आफन्त दिएर बुबा बित्नु भयो । बुबाको सामाजिक कार्यमा सबै टोलवासीको सहयोग प्राप्त हुन्थ्यो । त्यसमा पनि काम अह्राउन सजिलो भएर होला भाइ सूर्यप्रसाद श्रेष्ठ (१ नं. वडा सदस्य) र भाइ हिरा निरौलालाई कामको बोझ थुपार्नु हुन्थ्यो, भाइहरू पनि आफ्नो काम छोडेर बुबाले लगाउनुभएको कामलाई प्राथमिकता दिनुहुन्थ्यो । त्यसैले कतिले प्रेमीबाको दुई जना छोरा सूर्य र हिरा भन्नुहुन्थ्यो ।

विभिन्न आरोह अवरोहबीच बुबाको अभावमा जीवन चलिरहेको थियो । विश्वलाई नै आतङ्कित बनाउँदै कोभिड–१९ नेपालमा पनि भित्रियो । घरमा आमा, म र भाइ तीन जना छौँ । आमाको उमेरको कारण कोभिड–१९ बाट विशेष सुरक्षित हुनुपर्छ भनेर हामीले सुरक्षाको जानेसम्मको सबै उपायहरू अपनायौँ । मैले मेरो काम पनि घरबाट नै गर्न थालेँ । जरुरी कामको लागि हप्ता⁄दुई हप्तामा मात्र बाहिर जाने मिलाएँ । तरकारी तथा अन्य किनमेल पनि ३⁄४ दिन बिराएर मात्र किन्ने गरेँ । बाहिरबाट घर फर्के पछि साबुन पानीले हात धोएर, लुगा फेरेर मात्र घर भित्र पस्थेँ । बाहिरतिरको सबै काम मैले नै गर्ने हुँदा आमा र भाइलाई बाहिर जान दिएको थिइनँ । कुकुरलाई खाना दिन आमा ढोका बाहिर जानुहुँदा पनि हात धुनुस् भनेर सम्झाइ रहन्थ्यौँ । भेटघाटको लागि घरमा आउन चाहनुहुनेहरूलाई पनि पछि भेट्ने भनेर टार्‍थ्यौँ र हामी पनि अरू कसैको घरमा गएका थिएनौँ ।

आवश्यकताअनुसार हात धुने, सेनिटाइजर, मास्क लगाउने गरेकोले हामी आफूहरू सुरक्षित महसुस गरेका थियौँ । यसै बीच मलाई एक्कासी रुघा लाग्यो, मलाई चिसोको एलर्जी भएकोले त्यही होला भन्ने लाग्यो तर पनि म घरमा आइसोलेसनमा बसेँ । मलाई ज्वरो १००° बाट बढेर १०३° सम्म पुग्यो । मलाई रुघा लागेको २ दिनपछि आमालाई पनि रुघा र ज्वरो १००° आयो । आमा पनि घरमा नै आइसोलेसनमा बस्नुभयो । हामीले असार ३० गते कोभिडविरुद्धको पहिलो खोप लगाएको र त्यसैको असर होला भन्ने शङ्का गर्‍यौँ । ६⁄६ घण्टाको फरकमा सिटामोल खाँदा पनि ज्वरो नघटेपछि स्वाब जँचाउने निर्णय गरी श्रावण ९ गते घरबाट नै स्वाव दिएर पठायौँ । राती ११:१५ मा आमा र मेरो पोजेटिभ रिपोर्ट आयो । म राभरि सुत्न सकिनँ, आफ्नोभन्दा पनि आमाको पीरले राती आमाले रिपोर्ट आयो भनेर सोध्नु भयो, मैले आएको छैन बिहान आउँछ होला भनेर ढाँटेँ । बिहान ५ बजेतिर हाम्रो रिपोर्ट पोजेटिभ आएको सुनाएँ । भाइ शङ्करले कोभिड भएको थाहा पाउनासाथ १० गते बिहान हामीलाई छातीको एक्सरे र रगत जँचाउन लिएर गयो । छाती र रगतमा केही खराबी देखिएन, हामी खुसी हुँदै घर आयौँ । आमाले निमोनियाविरुद्धको खोप २ वर्ष अघि नै लगाउनु भएकोले निमोनिया हुँदैन भन्नेमा ढुक्क हुनुहुन्थ्यो । नेपालमा कोभिड भित्रीएदेखि नै समय समयमा अक्सिजन नाप्दै आएकोमा कोभिड देखिएपछि हरेक घण्टामा अक्सिजन नाप्न शुरु गर्‍यौँ । हामी बिरामी भएको थाहा पाउनु हुने हाम्रा आफन्तहरूले सल्लाहको साथसाथै पौष्टिक तत्व प्राप्त हुने खानाहरू ल्याई दिनुभयो । उहाँहरूबाट प्राप्त सल्लाह, सुझाव, भरोसाबाट विशेष उर्जा मिलेको थियो, आत्मबल दरो बनेको थियो । हामीमा ज्वरो र रुघाबाहेक अरू कुनै लक्षण थिएन । खाना पनि राम्रोसँग खाँदै थियौँ । आमा र मलाई अलि खोकी लाग्न शुरु भयो । श्रावण १४ गते आमाको ज्वरो १०२° पुग्यो, सिंगानमा रगत पनि देखियो, अक्सिजन ८९⁄९० भएपछि फेरि जँचाउने र एक्सरे गर्न जाने सल्लाह भयो । कोभिडको बिरामीले जुन पायो त्यही गाडी चढ्न मिलेन । त्यसैले सूर्य भाइलाई फोन गरेर भक्तपुर नपाद्वारा सञ्चालित कोभिड बिरामी बोक्ने एम्बुलेन्स बोलाई दिन भन्यौँ । फोन गरेको १५⁄२० मिनेटपछि एम्बुलेन्स पनि आइपुग्यो । आमा र म एम्बुलेन्सबाट भक्तपुर हस्पिटल पुग्दा श्यामकृष्ण खत्री सर (१ नं. वडा अध्यक्ष), सूर्य भाइ र हिरा भाइ पनि त्यहाँ पुगिसक्नु भएको रहेछ । बिरामी अवस्थामा हस्पिटल पुगेको बेला आफ्ना मान्छेहरू अगाडि पाउँदा हर्षको सीमा रहेन, यसै आत्मबल बढ्ने रहेछ । भक्तपुर अस्पतालमा जाँच र एक्सरेपछि आमा र म दुवै जनालाई अलिअलि निमोनिया देखियो । भक्तपुर अस्पतालले केही औषधी

दिएर घरमा नै बस्दा हुन्छ भन्ने सल्लाह दिएकोले घरमा फर्कने भयौँ । तर मनमा कता कता डर लाग्यो, निमोनिया देखिएको छ, आमाको उमेरको कारण अक्सिजन घट्यो भने वा गाह्रो भयो भने रातविरात कता जानु, घरमा बस्दा पनि खाने आराम गर्ने हो बरु आइसोलेसना बस्न जाउँ डाक्टरहरूको प्रत्यक्ष निगरानीमा ढुक्क हुन्छ भन्ने हामी सबैको सल्लाह भयो । श्याम सर र सूर्य भाइले तुरुन्तै फोन गरेर बेड मिलाउन भन्नुभयो । एक घण्टा जति पछि हामी एम्बुलेन्सबाट भ.न.पा. द्वारा सञ्चालित ख्वप अस्पताल कोभिड युनिट आइसोलेसन सेन्टर ब्रम्हायणी च्याम्हासिंहमा ५ बजेतिर पुग्यौँ । हामी भन्दा केही समयपछि श्याम सर, सूर्य भाइ र हिरा भाइ पनि त्यहाँ पुग्नुभयो ।

आइसोलेसनको मुल ढोका खुलेपछि  हामीलाई लिन एक जना सिस्टर आउनुभयो । दुई ओटा ठूलो झोला हामीलाई दिनुभयो, केही नसोधी झोला बोकेर उहाँको पछि लाग्यौँ । एक तला उक्लेपछि भित्र पस्ने ढोकाबाट HDU वार्डमा पस्यौँ । जहाँ लस्करै १४ ओटा बेड भएको लामो हल रहेछ । म र सिस्टर भएर अघि दिएको झोलाबाट ब्लांकेट, तन्ना र सिरानीको खोल निकालेर बेड मिलायौँ । हामीले ८ र ९ नं. को बेड पायौँ । अरू सबै बेडमा पनि बिरामी रहेछन् । त्यो झोलामा ब्रस, पेस्ट, साबुन, सेनिटाइजर, सिटामोलसहित भिटामीनहरू पनि रहेछ । हामीलाई बेडमा राखेर सिस्टरले अक्सिजन, ज्वरो, प्रेसर, धडकन नाप्नुभयो । हामीसँग भएको एक्सरे रिपोर्टहरू पनि लिनुभयो, हाम्रो इसिजि पनि भयो । करीब ८ बजेतिर बेलुकाको खाना आयो र खायौँ । मनमा धेरै कुरा खेलिरहेको थियो । आमाको कारण म बढी चिन्तित थिएँ । आफू पनि बिरामी, आमाको चिन्ता थप भएपछि मेरो प्रेसर बढेछ । केही दिन प्रेसरको औषधी चलाउन डाक्टरले सल्लाह दिनुभयो । हामीलाई कोभिड भएपछि हाम्रो नजिक हुनुभएकाहरूलाई सऱ्यो कि भन्ने डर थियो । तर कसैमा पनि लक्षण नदेखिएकोले मन मनै भगवानलाई धन्यवाद दिएँ । आफन्त, टोलका दिदीबहिनी, दाजुभाइहरूको फोन आइरहेको थियो, हाम्रो स्वास्थ्य अवस्थाबारे जानकारी दिएँ । करीब १०:३० तिर सुत्यौँ, नयाँ ठाउँ बिरामी नै बिरामी आफूलाई पनि सहज नभएकोले निद्रा धेरै पर्न सकेन । दोस्रो दिन पनि अलि गाह्रो नै भयो । तेस्रो दिनदेखि हामी सामान्य हुन थाल्यौँ । आमालाई शुरुको ४ दिन एक लिटरको दरले अक्सिजन दिइएको थियो । तर पछि अक्सिजन दिनु परेन ।

आइसोलसनमा खाना र खाजाको राम्रो प्रवन्ध रहेछ । बिहान ७ बजेतिर चियाको लागि कागजको कप, चियाको पुरीया, चिनीको पाकेटको साथ खाजा दिइने रहेछ । पानी तताउनको लागि हरेक बिरामीलाई इलेक्ट्रिक जग दिने रहेछ । बिहान १० बजेतिर खाना, दिउँसो २ बजेतिर खाजा र बेलुका ८ बजेतिर खाना गरी दिनको ४ पटक खानाको व्यवस्था रहेछ । बिरामीहरूलाई उपयुक्त हुने खानाहरूको साथमा सुप, फलफूल पनि दिने रहेछ । आमालाई घरको खानाको केही स्वाद पनि होस् भनेर सुप, तरकारी र आमाको माग अनुसारको खाना घरबाट पनि लैजाने व्यवस्था भयो । हस्पिटलसम्म खाना पुऱ्याउन प्रमिला ढुङ्गाना दिदी, सूर्य भाइ, हिरा भाइ, राजन भाइ, साथी शम्सेरको साथै अरूले पनि दुःख मान्नु भएन । उहाँहरूले ल्याइदिनुभएको खानामा मिसिएको मायाले शरीरमा प्रशस्त उर्जा प्राप्त भयो । बिरामीलाई भेट्न नपाइने, खाना सामानहरू ल्याएर मूल ढोकामा छोड्नु पर्ने नियमले गर्दा आउनु हुने सबैसँग झ्यालबाट इसारामा कुराकानी हुन्थ्यो, जुन त्यस अवस्थामा अमूल्य थियो ।

डाक्टरको टिम दिनमा २/३ पटक आउनु हुन्थ्यो । राती पनि ११:३०–१:३० भित्र आएर बिरामीहरूको अवस्था बुझ्नुहुन्थ्यो । डाक्टरहरूले आवश्यकताअनुसार एक्सरे, रगत, पिसावको जाँच गराएर औषधी दिनुहुन्थ्यो । यसरी दिइएको औषधी बाहिरबाट ल्याउनुपर्थ्यो, हाम्रो औषधी ल्याउने जिम्मेवारी सूर्य भाइलाई नै सुम्पेका थियौँ । सिस्टरहरूले सबै जाँचेर बिहान बेलुका रेकर्ड राख्ने, औषधी दिने, आवश्यक सहयोग गर्नुहुन्थ्यो । पिपिइ लगाएर काम गर्न सजिलो थिएन । तर पनि हाँस्दै रमाइलो गर्दै बिरामीको मनोबल बढाउने काममा उहाँहरूबाट कहिले कमी भएन । सफाइ गर्ने भाइहरूले दिनमा २ पटक राम्रोसँग सफा गरी दिनुभएकोले कोठादेखि बाथरुमसम्म सफा थियो । हामी धेरै हस्पिटल पुगेका छौँ । त्यहाँ हुने व्यवहार र यस हस्पिटलको व्यवहारमा फरक पायौँ । अरू हस्पिटलमा कतिपय कुरामा झर्कने रिसाउने, बिनाकारण गाली खानुपरेको अनुभव छ । तर यहाँ त्यस्तो अनुभव गर्नु परेन । बरु हामी बिरामीहरूले नै फोहोर गर्ने, बाथरुम गएपछि पानीसम्म नखन्याउने एक पटक प्रयोग गरेपछि फेरि पनि चाहिन्छ जस्तो नसोच्ने केही बिरामीको कारण अन्यलाई पनि समस्या पर्न   जान्थ्यो ।

HDU मा रहेका बिरामीहरू ठिक भएर घर जानुहुन्थ्यो । नयाँ बिरामीहरू आउनुहुन्थ्यो । केही बिरामीहरू गाह्रो भएर अर्को हस्पिटल जानु हुन्थ्यो । अरू बिरामीको अवस्था हेर्दा कहिलेकाहीँ डर लाग्थ्यो । आमाको कारण म विशेष होसियार हुन्थेँ । मैले आमालाई हामी कतै घुम्न आएका छौँ, यो होटेलको कोठा हो, आमा र मेरो बेड मात्र एउटा कोठा हो भनेर सकारात्मक सोच्ने वातावरण बनाउने प्रयास गऱ्यौँ । आमा पनि सकारात्मक हुनु भएकोले सजिलो भयो । कोभिड भएर हस्पिटल बसेपनि हामीले आफूलाई भाग्यमानी ठान्यौँ । डाक्टरहरूको निगरानीमा भएकोले खास डर थिएन । हाम्रो

बेड दुईतिर झ्याल भएको कुनातिर थियो । आमाको बेडबाट ब्रम्हायणी मन्दिर देखिन्थ्यो, त्यहाँ हुने विभिन्न कार्यक्रमहरू हेर्थ्यौं । अर्कोतिरबाट बसपार्क, बाटो अनि घ्याम्पेडाँडातिरको मनमोहक सुन्दर दृष्यले रमाउन र दिन कटाउन सजिलो थियो । आमा र म विभिन्न देशहरू घुम्न जाँदाको कुरा सम्झेर समय बिताउँथ्यौं । जसको कारण हामीलाई आइसोलेसनमा बसेर दिक्क मान्नुपर्ने अवस्था आएन । बिहानको खाजासँगै 'मजदुर' र 'श्रमिक' पत्रिका आउन्थ्यो । जुन हाम्रो सूचनाको माध्यम थियो । फेसबुक धेरै नचलाउने भएपनि त्यहाँ बस्दा कुनै बेला खोल्दा त्यहाँ हुने कुनै कुनै कुराले त्रास दिने नकारात्मक सोच आउन सम्भावना देखेर चलाउन मन लागेन ।

हस्पिटल बसेको तेस्रो दिनदेखि बिरामीहरूलाई खाजा, खाना बाँड्न मैले पनि सहयोग गरें । अन्य बिरामीलाई आवश्यकता पर्दा मैले जानेको र सक्ने सहयोग गर्ने कोसिस गरें । आमाले पनि अरू बिरामीलाई केही सकेको सहयोग गर्नुभयो । जसले गर्दा त्यहाँ भएका बिरामीहरू र हामी एक आपसमा नजिक भयौं । धेरैजसो बिरामी नेपाल भाषा बोल्नु हुने र म नेपाल भाषा नबुझ्ने हुँदा कहिलेकाहीं समस्या परे पनि पछि धेरै जनाले नेपाली नै बोल्नुभयो । केही सहयोग चाहिए 'नानी' 'छोरी' 'मैया' 'दिदी' भनेर उहाँहरूले गर्नुभएको सम्बोधन कानमा गुञ्जिरहेको छ ।

जुनसुकै कुरामा पनि अनुशासन पालना गर्नुपर्छ भन्ने कुरा हस्पिटलबाट पनि अझ प्रष्ट भयो । डाक्टर सिस्टरहरूले भन्नुभएको कुरामा ध्यान नदिंदा, खानपिनमा हेलचक्राइँ गर्दा स्वास्थ्य अवस्था जटिल बनेको आफ्नै आँखाले देखें । हस्पिटल बस्दा सम्पर्कको असल माध्यम मोबाइल, बिरामी भएर कमजोर अवस्थामा धेरै मोबाइलमा कुरा गर्दा पनि शक्ति कम हुने थाहा भएर पनि बिरामीहरूले घण्टौंसम्म एकै व्यक्तिसँग कुरा गर्दा पछि आफैलाई गाह्रो भएको पनि देखियो । हाम्रो पनि धेरै फोन आउँथ्यो, छोटो कुरा गरेर हाम्रो स्वास्थ्य अवस्थाको जानकारी दिएर राख्थ्यौं । त्यस अवस्थामा फोन गरेर धेरैले राम्रो सल्लाह, सुझाव दिएर हाम्रो आत्मबल दह्रो बनाइ दिनुभयो । सबै जनाको कुरा सुनेर आफ्नो शरीरको क्षमताअनुसार उहाँहरूको सल्लाह, सुझावलाई अनुसरण गर्‍यौं, जसको कारण हाम्रो स्वास्थ्यमा छिटो सुधार आयो । बिरामी भएर हस्पिटल बस्दा आफन्त शुभेच्छुकहरूबाट पाउने माया, चासो सहयोग रोगविरुद्धको शक्तिशाली औषधी हुने रहेछ । हस्पिटलको बसाई फुर्सद नै फुर्सद, धेरैले फोन गरेर खोज खबर गर्नुहुँदा कसले गर्नु भएन भनेर पनि सम्झन पुगिन्दो रहेछ ।

आइसोलेसनमा आमा र म दुई जना भएकोले गाह्रो भएन । आफूले केही गर्न नसक्दा, आफन्त कोही नजिक नहुँदा मनको कुरा पोख्न नपाउँदा मानसिक पीडा पक्कै हुन्छ । तर पनि आफूलाई सम्हालेर सकारात्मक सोच राख्न सक्यौं भने धेरै सहयोग हुन्छ । हामीले सबै कुरालाई सधैं सकारात्मक रूपमा लिने प्रत्यत्न गर्‍यौं, ११ दिनको आइसोलेसन बसाइमा यस्तै अनुभव गर्‍यौं । डाक्टरहरूले गरिरहनु भएको उपचारमा विश्वास पनि हुनुपर्ने रहेछ । हामीले पूरै विश्वास गर्‍यौं र सन्तुष्ट पनि भयौं । हाम्रा आफन्तहरूले अन्य ठूलो कुनै हस्पिटल जाउँ भन्ने सल्लाह दिनुभएको थियो । उहाँहरूलाई भित्र भइरहेको उपचार, व्यवहार आदि कुराको जानकारी थिएन । आवश्यकता परे डाक्टरहरूले नै अन्य हस्पिटल जाने सल्लाह दिनुहुने रहेछ । आ-आफ्नो अनुभव हो, हामीले राम्रो अनुभव लिएर ११ दिनको बसाइ पश्चात घर फर्कियौं । फर्कन अघि डाक्टर, सिस्टर र अन्य कर्मचारीहरू बसेर हाम्रो स्वास्थ्य अवस्थाबारे जानकारी दिएर घरमा गएपछि के कसो गर्ने भन्ने सल्लाह दिनुभयो । हस्पिटलको गाडीले नै घरमा पुर्‍याउने व्यवस्था रहेछ । हामी स्वस्थ भएर खुसी हुँदै घर आयौं ।

हस्पिटल बस्दा भ.न.पा. का मेयर सुनिल प्रजापतिज्यूले पनि फोन गरेर हाम्रो स्वास्थ्य अवस्थाबारे सोधपुछ गर्नुभयो, धेरै व्यस्तताको बावजुद पनि वहाँको चासोले सकारात्मक उर्जा प्राप्त भयो । घर आएपछि पनि बेला बखतमा आइसोलेसनको डाक्टर अमर प्रजापतिलाई फोन गरेर सल्लाह मागिरह्यौं र उहाँ पनि आवश्यक सल्लाह दिएर हामीलाई सहज बनाइ दिनुभयो ।

पहिला कोभिड खास केही होइन, ज्वरो रुघाखोकी भनेर हामी नै भन्थ्यौं । आफूलाई परेपछि यसको असर थाहा भयो । यो रोगमा हेलचक्राइँ गर्न नहुने, नआत्तिकन रोगसँग लड्नु पर्ने, समय समयमा पौष्टिक, झोलिलो खाना खाइरहनु पर्ने रहेछ । शरीरलाई एकदम कमजोर बनाउने भएकोले आफ्नो शरीरको क्षमताअनुसार खान पर्ने रहेछ ।

हामीलाई कोभिड भएको ४० दिनभन्दा बढी भइसक्यो र पनि एकदम कमजोर महसुस हुन्छ । केही काम गरे थाकी हाल्छ । आरामको साथै हल्का काम गर्नुपर्ने रहेछ । नआत्तिकन, आत्मबल बढाएर समय समयमा खाना खाएर नै कोभिडलाई जित्न सकिने रहेछ । साधारण अवस्थामा घरमा नै आइसोलेसनमा बसेर निको पार्न सकिने रहेछ । आफूलाई सहज नलागे ढिलो नगरी आइसोलेसन सेन्टरमा जानुपर्दछ । त्यहाँबाट पाउने उपचार सेवा, सुविधाले कोभिडसँग सजिलै लड्न सकिने कुरा हाम्रो अनुभव हो । ठूलो हस्पिटल जाँदैमा र पैसाको खोला बगाउँदैमा मात्र राम्रो हुन्छ भन्ने होइन रहेछ । भ.न.पा. द्वारा सञ्चालित आइसोलेसन सेन्टरमा उपचार, बस्ने खाने निःशुल्क रहेछ । बाहिरबाट ल्याउनु पर्ने औषधीबाहेक अरूमा खर्च नलाने रहेछ । हामीले पाएको निःशुल्क उपचारको लागि भक्तपुर न.पा. प्रति ऋणी छौं । कुनै दिन हामीले पनि यसको ऋण तिर्न पर्छ भन्ने

सोचाइमा छौँ । भ.न.पा.ले सर्वसाधारणलाई दिएको यस्तो सेवा सुविधाले हामीलाई आश्चर्य पनि लाग्यो । किनकी कामको सिलसिलामा नगरपालिका जाँदा कुनै कुनै कर्मचारीहरूबाट पाएको नकारात्मक व्यवहारले गर्दा यस्तो आशा थिएन । जनप्रतिनिधिहरू निर्वाचित भएर आएपछि यस्ता केही नकारात्मक व्यवहारमा सुधार आए पनि अझै केही कर्मचारीहरूबाट हुने एउटै नियम कसैलाई लागु हुने र कसैलाई लागु नहुने जस्ता कुरामा सुधार भएर समान व्यवहारको हकदार हुन पाए भक्तपुर न.पा. प्रति अझै गर्व गर्ने थियौँ ।

कोभिडसँग लड्दै स्वस्थ हुने क्रममा धेरै कुराको अनुभव भयो । केही नमिठो अनुभव पनि भयो, जुन यहाँहरूसँग बाड्न चाहन्छु । आइसोलेसनमा ११ दिन बसेर घर फर्केपछि हाम्रा आफन्त, छरछिमेकीहरूले भेट गरेर, फोनबाट हामी स्वस्थ भएर आएकोमा खुसी साट्नु भयो, हामी पनि खुसी भयौँ । तर कोही कोही हामीलाई देखेर लुक्नुभयो । हामीबाट अरूलाई कोभिड सर्ने समय सकिइसकेको थियो, हेर्दा बोल्दा नै सर्ला जस्तो गर्नुभयो । घण्टौँसम्म चिउँडो मुनी मास्क राखेर बाटोमा, पसलमा गफ गरेर बस्नहुने मेरो नजिक आइपुग्दा मात्र हतार हतार मास्कले नाक मुख छोप्नुभयो । अन्य व्यक्ति जो सँग पनि यस्तै गरेको भए ठिकै गरेको लाग्ने थियो । मलाई आशा थियो कस्तो छ वा सन्चो भयो भनेर सोध्नु होला भन्ने सोचाइ विपरित यस्तो व्यवहारले मलाई एकदम नराम्रो लाग्यो ।

यस्तो व्यवहारले अरूलाई कस्तो असर पर्छ भन्ने सोच्न सके कति राम्रो हुन्थ्यो होला । कोभिडको डर नै भए पनि कोभिडबाट सङ्क्रमित व्यक्तिको अगाडि थाहा पाउने गरी नकारात्मक व्यवहार नगरी दिनुहुन पनि अनुरोध गर्दछु ।

अन्तमा, हामी हाम्रा आफन्त, नातेदार, साथीहरू, टोल छरछिमेकका दिदीबहिनी दाजुभाइहरूबाट पाएको माया, ममता, आफ्नोपन, सकारात्मक व्यवहार, सहयोग जुन हाम्रो लागि कोभिडविरुद्धको शक्तिशाली औषधीको रूपमा रह्यो, जसको लागि हामी सदासदा ऋणी छौँ । यहाँहरूबाट सधैँ यस्तै माया, साथ सहयोग पाइरहने आशा अनि विश्वास लिएका छौँ ।

हाम्रो उपचारमा संलग्न डा.अमर प्रजापतिको टिम, सम्पूर्ण स्वास्थ्यकर्मी, सफाइकर्मी, खानाको व्यवस्थापन गर्नुहुने, घरसम्म गाडीमा ल्याइदिनुहने चालक भाइ, प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न सम्पूर्णलाई धेरै धरै धन्यवाद ।

भनपा, मेयर सुनिल प्रजापतिज्यू, १ नं. वडाका वडाध्यक्ष श्यामकृष्ण खत्रीज्यू, १ नं. वडाका वडा सदस्य सूर्य भाइ, हिरा भाइ, प्रमिला दिदी, साथी शम्सेर, शंकर भाइ ( सबैको नाम उल्लेख गर्न सकिन क्षमा चाहन्छु) सहित हाम्रा सम्पूर्ण नेपाली सृजनानगरवासी हाम्रा दिदीबहिनी दाजुभाइलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छौँ ।

# बासिबियाँलो



lrqsf]dfly lb0Psfh:t}j:tx¿ sxfF5xfF5g\k



stf kU]5g\tlgcf]6fdf5f<

(चित्र : इन्टरनेट)

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७८ भाद्र १९ गते, शनिबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### सफाइ गाडी र शव वाहन

यस नगरपालिकाको सफाइ कार्यको लागि आवश्यक सफाइ गाडी–२ र नगरवासीहरूलाई आवश्यक सेवा प्रदान गर्न शव वाहन गाडी–१ खरिद गर्न नियमानुसार आवश्यक **प्रक्रिया अगाडि बढाउने** निर्णय गरियो ।

### सफाइ जनशक्ति

यस नगरपालिकाका वडा नं. २, ७ र १० मा सफाइ ठेक्का सम्झौता अन्तर्गत कार्य गरिरहेका ठेकेदारहरूमध्ये केही ठेकेदारहरूले सफाइ कार्य गर्न छोडेकोले उक्त सफाइ कार्यको लागि रिक्त जनशक्ति पूर्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

### पारिश्रमिक वृद्धि

यस नगरपालिकाका वडा नं. १,२,५,६, ७, ९ र १० मा सफाइ ठेक्का सम्झौता अन्तर्गत कार्यरत सफाइ ठेकेदारहरूको पारिश्रमिक वृद्धि गरी पाऊँ भनी निवेदन पेश भएको सम्बन्धमा छलफल हुँदा नेपाल सरकारले मिति २०७८ श्रावण १ गतेदेखि लागू हुने गरी निजामती कर्मचारी र स्थानीय तहका कर्मचारीहरूलाई वृद्धि गरेको तलबमान अनुसार सफाइ ठेकेदारहरूलाई पनि साविकको पारिश्रमिकमा वृद्धि गर्ने निर्णय गरियो ।

### सामग्री हस्तान्तरण

यस नगरपालिकाको लागि आ.व.२०७५/०७६ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत भक्तपुर क्षेत्र नं. १ सांसद विकास कोषबाट भ.न.पा.वडा नं. ३ मा नगरको सांस्कृतिक, साहित्य, कला र पर्यटन उद्योगको संरक्षण र प्रवर्द्धनको लागि जनचेतना अभिवृद्धि गर्न उपकरण खरिद/जडान गर्ने योजनाअनुसार रु.६०,७८,८३५।– बराबरको लागत अनुमान मिति २०७६।२।२ गते बसेको भ.न.पा. कार्यपालिका बैठकको निर्णयअनुसार श्री नरेश खत्रीको अध्यक्षतामा गठित उपभोक्ता समितिसँग सम्झौता गरी रु.५९,९७,०१७।६२ बराबरको विभिन्न उपकरणहरू खरिद गरी जडान समेत भएकोमा यस नगरपालिकाको योजना तथा प्राविधिक शाखाबाट स्थलगत निरीक्षण गरी मूल्याङ्कन गरेको खूद खर्च रु.५९,९७,०१७।६२ मिति २०७७।३।१० गते बसेको भ.न.पा. कार्यपालिका बैठकले अनुमोदन भई उक्त उपकरणहरू यस नगरपालिकामा दाखिला भएकोमा मिति २०७८।२।२१ गते भक्तपुर नगरपालिका वडा नं. ३, टेखापुखुस्थित संस्कृति, साहित्य समाज नेपाल नामक संस्थाले उक्त उपकरणहरूबाट विभिन्न अनलाईन सञ्चार माध्यममार्फत भक्तपुर नगरमा संस्कृति, साहित्य, कला र पर्यटन उद्योगको संरक्षण, प्रवर्द्धन र जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धतासहित निवेदन पेश भएको सन्दर्भमा छलफल हुँदा आवश्यक सम्झौता गरी उक्त संस्कृति, साहित्य समाज नेपाललाई माथि उल्लेखित रकम बराबरको विभिन्न ५९ प्रकारका उपकरण सामग्रीहरूको पछि आवश्यक मर्मत सम्भार समेत गर्ने गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

## विभिन्न समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति : २०७८।५।८ गते**

क.भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयको लागि आवश्यक थप **पुस्तक खरिद** गर्न यस समितिका सदस्य श्री रविन्द्र ज्याख्वलाई जिम्मेवारी दिने निर्णय गरियो ।

### वातावरण तथा पर्यटन समिति

**मिति : २०७८।५।१६ गते**

क. रिकिसीका प्रतिनिधि र भक्तपुर नगरपालिकाका प्रतिनिधिहरूबीच छलफल अनुसार यही २०७८ भाद्र २२ गतेदेखि भक्तपुर नगरपालिकाका कर्मचारीहरूलाई रिकिसीका प्रतिनिधि (विज्ञहरूबाट) **कम्पोष्ट मल बनाउने तालिम** सञ्चालन गर्ने निर्णय गरियो । तालिम सञ्चालन हुने स्थान ख्वप कलेज अफ इन्जिनियरिङ्को हलमा दिउँसो १२:०० बजेदेखि तालिम सञ्चालन गर्ने र सो तालिममा सहभागी गर्न श्यानिटेशन उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

ख. कम्पोष्ट मल बनाउने स्थलसम्म पुग्ने बाटो हिलो भएको हुँदा प्रक्रिया पुऱ्याइ **बाटोमा ग्राबेलिङ्ग** गर्ने निर्णय गरियो ।

ग. कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउने विभिन्न विधिहरूमध्ये **बक्स कम्पोष्टिङ्ग विधि** सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

### युवा तथा खेलकुद समिति

**मिति : २०७८।५।१५ गते**

क. नेपाल सितेरियो कराँते सङ्घ, शंखधर डोजोको आयोजनामा २०७८ भाद्र २७ र २८ गतेसम्म मध्यपुर थिमी नगरपालिकाको कुमारी मन्दिर प्राङ्गणमा बोडेमा हुने अन्तर नगर मेयर कप कराँते तथा किक बक्सिङ्ग प्रतियोगितामा यस नगरपालिकाभित्रका **खेलाडीहरूलाई सहभागी गराउने** निर्णय गरियो । साथै उक्त प्रतियोगितामा तपसिल बमोजिमका खेलाडीहरू सहभागी गराउने निर्णय गरियो :

| तपसिल | महिला खेलाडी |
|---|---|
| १. कृष ग्वाछा–३० के.जी. | १. कृतिका राई–३५ के.जी. |
| २. विमलकुमार थापा–३५ के.जी. | २. ससिका राई–४५ के.जी. |
| ३. अनुभव आचार्य–४० के.जी. | ३. भावना राई – ६० के.जी. |
| ४. मदनकुमार थापा–४५ के.जी. | ४. कन्चन राई – इउभल |

ख. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ भाद्र मसान्तभित्र भक्तपुर नगरपालिका वडा नं. १ देखि १० वडा कार्यालयहरूलाई **'युवा संसदबारे अभिमुखीकरण कार्यक्रम'** आयोजना गर्न पत्राचार गर्ने र उक्त कार्यक्रमको लागि प्रत्येक वडामा रु.१०,०००।- (अक्षेरूपी रु. दश हजार) रकम पठाउने निर्णय गरियो ।

**मिति : २०७८।५।१८ गते**

क. अखिल नेपाल फुटबल सङ्घको आयोजनामा २०७८ कार्तिक ४ गतेदेखि सञ्चालन हुने "उपमेयर कप राष्ट्रिय महिला लिग फुटबल प्रतियोगिता २०७८" मा यस **नगरपालिकाभित्रका टिम सहभागी हुने** निर्णय गरियो ।

### निर्माण समिति

**मिति २०७८।५।८ गते**

| क.सं. | योजनाको विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | आदर निकेतन भवन निर्माण कार्य | ६ | नपा | ७,९९९,९२४।३१ | | | | | | | | वडा नं. ६ का विभिन्न समितिद्वारा ३० लाख व्यहोर्ने प्रतिवद्धता पत्र प्राप्त |
| २ | दत्तात्रयदेखि नासमना हुँदै दरबार स्क्वायरसम्म सी.सी. टीभी मर्मत कार्य | ६ | सी.सी. टि.भी.क्यामेरा तथा फ्रि वाइफाई | ९१,०४९।७५ | | | | | | | | |
| ३ | आलाबुं, सृजनानगर र छिपा तां बाटोहरूमा ग्राभेलिङ कार्य | १, ७ | मर्मत सम्भार | ४९९,४५५।९९ | | | | | | | | सिलबन्दी कोटेशनको सूचना प्रकाशन गर्ने |

| सडक बोर्ड नेपाल र नपाको संयुक्त बजेटको योजनाहरूको ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मिनिबस पार्कमा ढलान बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल | १,०३१,४२१।०८ | | | | | | | | |
| २ | ठूलो ब्यासीको ईंटा छपाइ बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल | १,०४६,४४४।२६ | | | | | | | | |
| ३ | हनुमान घोदेखि घलांटेसम्म ब्लक छपाइ बाटो मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल | १,०३४,४७४।२१ | | | | | | | | |
| ४ | राम मन्दिर पुलदेखि बोलाछेंसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य (राम मन्दिर पुल खण्ड) | ४ | सडक बोर्ड नेपाल | १,०४६,२९५।०० | | | | | | | | |
| ५ | भेलुखेलदेखि ५ नं. वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल | १,०४६,७८२।७८ | | | | | | | | |
| ६ | बांसी तंदेखि लालाछेंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल | १,०२५,६९४।७६ | | | | | | | | |
| ७ | गोल्मढीबाट थाथुमला जाने ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल | १,०३०,८३४।६८ | | | | | | | | |
| ८ | मचो भैरब लोहलंदेखि मेतंसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ८ | सडक बोर्ड नेपाल | १,०३५,८२४।४२ | | | | | | | | |
| ९ | मको गल्ली जेंला चोक हुँदै जेला गल्ली र दत्तात्रय | ९ | सडक बोर्ड नेपाल | १,०१५,९७६।४१ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मन्दिर पछाडिसम्मको ईंटा छपाइ बाटो मर्मत कार्य | | | | | | | | | | | |
| १० | नवदुर्गा ल्याउने क्वाठण्डौ मर्चा जाने बाटोमा ईंटा छपाइ मर्मत कार्य | १० | सडक बोर्ड नेपाल | १,०२१,०१७।४० | | | | | | | | |
| | **जम्मा** | | | **१०,३३४,७६५।००** | | | | | | | | |
| **पेश्की फछ्र्यौट र भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सिमालेस्थित समाज सेवा इन्स्टिच्युटको कौसीमा कोरा मसिनो लगाउने कार्य | ८ | | ४६८,९९७।०३ | ४६६,३०२।७४ | ४००,०००।०० | ४३६,९४५।५७ | ३६,९४५।५७ | ४५४,७३३।७१ | सम्पन्न | राम भक्त थकुलवट | रू.३६,९४५।५७ विद्यालय बाट व्यहोर्ने |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगाती कृषि ढल निकासको लागि पाइप बिछ्याउने कार्य | ८ | | १,१४३,२८६।०४ | | आ.व. २०७८।७९ को पुस मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सडक बत्ती मर्मत सम्भार कार्यको ज्याला भुक्तानी | १ | इलेक्ट्रिकल तथा सडक बत्ती | ५९३,९९६।१५ | | | ४,११,७६७।२३ (सामान तर्फ) | ४,११,७६७।२३ (सामान तर्फ) | ४,११,७६७।२३ ( सामान तर्फ) | सम्पन्न | | जेठ र असारको सडक बत्ती मर्मत कार्य (सामान जिन्सी शाखाबाट उपलब्ध) |
| | | | | | | | ६७,९७५।०० (ज्याला तर्फ) | ६७,९७५।०० ( ज्याला तर्फ) | ६९,३००।०० (ज्याला तर्फ) | | | |
| | | | | | | | **४७९,७४२।२३** | **४७९,७४२।२३** | **४८१,०६७।२३** | | | |
| **उपभोक्ता । अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | रानी पोखरी उत्तर पूर्व प्रवेशद्वार र पाटी निर्माण कार्य | १ | नपा | ६,२५०,८७८।३७ | | | उ.स.अ. : पुण्यराम गारू अ.स.स. : श्यामकृष्ण खत्री | | | | | |

| | |
|---|---|
| **धरौटी फुक्का तथा रिटेन्सन मनि फिर्ता सम्बन्धमा** | |
| १ | राम मन्दिरदेखि तालाकोसम्म ढुङ्गा छपाइ कार्य (ठेक्का नं. bktmun/NCB/works/06/076/077) गर्ने निर्माण व्यवसायी श्री गणेश निर्माण सेवाले कार्य सम्पन्न गरी एक वर्षको Defect Laibality Period पूरा हुँदासम्म कार्यको गुणस्तर कायम रहेको र मर्मत कार्य गर्नुपर्ने नदेखिएको भनी प्राविधिक प्रतिवेदन अनुसार श्री गणेश निर्माण सेवाको धरौटी फुक्का तथा ५ प्रतिशत रिटेन्सन रकम फिर्ता गर्ने निर्णय गरियो । |
| २ | दोका फल्चादेखि बाराही पीठसम्म ढुङ्गा छपाइ कार्य (ठेक्का नं. bktmun/NCB/works/08/076/077) गर्ने निर्माण व्यवसायी श्री गणेश निर्माण सेवाले कार्य सम्पन्न गरी एक वर्षको Defect Laibality Period पूरा हुँदासम्म कार्यको गुणस्तर कायम रहेको र मर्मत कार्य गर्नुपर्ने नदेखिएको भनी प्राविधिक प्रतिवेदन अनुसार श्री गणेश निर्माण सेवाको धरौटी फुक्का तथा ५ प्रतिशत रिटेन्सन रकम फिर्ता गर्ने निर्णय गरियो । |

**मिति २०७८।०५।१६ गते**

| क्र.सं. | योजनाको विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सुधारिएको शवदाह निर्माण कार्य | ७ | नपा | ५,७५७,४३३।५७ | | | | | | | | आ.व.२०७८।७९ मा रू. २५ लाख बजेट विनियोजित भई क्रमागत रूपमा कार्य सञ्चालन गर्ने |
| २ | भक्तपुर नगरपालिका क्षेत्र भित्र जडित सडक बत्ती मर्मत सम्भार कार्य (असोजदेखि माघसम्म) | ११० | इलेक्ट्रिकल तथा सडक बत्ती | ७,४८,३५८।७७ (सामानतर्फ) | | | | | | | | |
| | | | | ३,७३,५००।०० (ज्यालातर्फ) | | | | | | | | |
| | | | | **११,२१,८५८।७७** | | | | | | | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | रानी पोखरी पुन: निर्माण कार्य | १ | | ७,२४७,२६८।१४ | | २,३००,०००।०० | ३,५७६,४३९।२५ | १,२७६,४३९।२५ | ३,७७२,३१३।४९ | आंशिक सम्पन्न | श्याम सुन्दर बाटी | थप पेश्की रू.२५ लाख |
| **उपभोक्ता र अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सिद्धपोखरी परिसर उत्तरतर्फको गुह्यश्वरी पाटी पुन: | १ | नपा | ७,३५७,०५२।४१ | | | उ.स.अ. : श्री नरेश बज्राचार्य अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | आ.व.२०७८।७९ मा रू. २५ लाख बजेट |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण कार्य | | | | | | | | | | | विनियोजित भई क्रमागत रूपमा कार्य सञ्चालित |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगाती, राम मन्दिर तथा लिबाली क्षेत्रमा पीच कार्य (ठेक्का नं. bktmun/NCB/ works र ०६ र ०७६र०७७) | ४,७, ८ | | १९,९९९,९५८।२६ | १३,६२०,१९७।४३ | यस भ.न.पा. वडा नं. ७, ४ र ८ स्थित जगाती, राम मन्दिर तथा लिबाली क्षेत्रमा पीच कार्य गर्ने श्री आत्रेय निर्माण सेवा प्रा.लि.ले कोभिर्ड१९ का कारण लकडाउन तथा जनशक्ति अभाव भएकोले म्यादभित्र कार्य गर्न नसकिएकोले ०.०५ प्रतिशत प्रतिदिनका दरले जरिवाना लिई २०७८ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । | | | | | | |
| **सिलबन्दी दररेट स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | यस भक्तपुर नगरपालिकाको आ.व. २०७८।७९ को मर्मत बजेट शीर्षकबाट खर्च व्यहोर्ने गरी थुसाचादेखि हनुमान्चासम्मको सडक बेस (Base-course) बिछ्याउने कार्यको मिति २०७८।५।१५ गतेको मूल्याङ्कन समितिको बैठकबाट म्यादभित्र प्राप्त तीन ओटा सिलबन्दी दररेटमध्ये न्यूनत्तम अङ्क प्रतिघन मिटर रू. १७९५।०० (भ्याट बाहेक) कबोल गर्ने Shree Ganesh Brick Sales Centre, Bhaktapur को प्रस्ताव न्यूनत्तम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले उक्त सिलबन्दी दररेट स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| **धरौटी फुक्का तथा रिटेन्सन रकम फिर्ता सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ख्वप अस्पतालको लागि आवश्यक नेपाली साल काठ सप्लाई गर्ने तुल्सी कन्स्ट्रक्सन, भक्तपुरको रनिङ बिलबाट कट्टा गरी राखेको ५ प्रतिशत रिटेन्सन रकम (धरौटी) फिर्ता गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | | | | | | | | | | | |
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भाजु पोखरी, न:पुखु, रानी पोखरी र सिद्धपोखरी सरसफाइ गर्नै कार्य | १ | प्रधान मन्त्री रोज गार | ८७९,४०२।०७ | | | | | | | | |
| २ | ब्रम्हायणी क्षेत्र, दुगुरे, बनसी चौर र सडक फुटपाथहरू सरसफाइ गर्नै कार्य | ९ | प्रधान मन्त्री रोज गार | ३४३,००८।५० | | | | | | | | |
| ३ | कमलविनायक प्लानिङको खुल्ला चौर र बाटोको पेटी सरसफाइ तथा नाग पोखरीको वालमा | १० | प्रधान मन्त्री रोज गार | ३२६,७९०।०३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्वाइटिङ कार्य | | | | | | | | | | | |
| ४ | मंगलतीर्थ परिसर र वडाका विभिन्न स्थानमा सरसफाइ कार्य | ४ | प्रधान मन्त्री रोजगार | ५९३,७७३।०२ | | | | | | | | |

मिति २०७८।०५।१८ गते

| क्र.सं. | योजनाको विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लिबाली कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) | ८ | नपा | ४,२१३,२०६।७३ | | | | | | | | |
| **रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बेखाल कभर्ड हल निर्माण कार्य | ८ | बेखाल कभर्ड हल बजेट शीर्षक | ४,९९९,७७९।९९ | ८,५०४,६७६।६७ | | | | | | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | मंगलतीर्थ पर्ति जग्गा संरक्षण कार्य | ४ | बाँकी भुक्तानी | २,१३९,२६४।७६ | | ७००,०००।०० | १,९९१,४०९।०० | १,२९१,४०९।०० | २,६३०,४६१।८८ | सम्पन्न | बलराम सुवाल | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्य | १–१० | मर्मत सम्भार | २५०,३१७।८४ (सामानतर्फ) | | | २४४,२४०।५६ (सामान तर्फ) | २४४,२४०।५६ (सामान तर्फ) | २४४,२४०।५६ ( सामान तर्फ) | सम्पन्न | | |
| | | | | ९१,५४४।०५ (ज्याला तर्फ) | | | ८२,२००।०० (ज्याला तर्फ) | ८२,२००।०० ( ज्याला तर्फ) | ८८,४९८।३० ( ज्याला तर्फ) | | | |
| | | | | **३४१,८६१।८९** | | | **३२६,२४०।५६** | **३२६,२४०।५६** | **३३२,७३८।८६** | | | |
| **सडक बोर्ड नेपालका योजनाहरू सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | आ.व. २०७८।७९ को लागि सडक बोर्ड नेपालबाट ७० प्रतिशत र नपाबाट ३० प्रतिशत व्यहोर्ने गरी संयुक्त लगानीमा प्रत्येक वडामा एउटा योजना सञ्चालन हुने वार्षिक मर्मत सम्भार कार्यक्रम अन्तर्गत योजनाहरू छनौट गरी कुल ल.ई. रू. १,०३,३४,७६५।०० भएकोमा हाललाई नगरपालिकाको बजेटबाट व्यहोर्ने र सडक बोर्ड नेपालबाट रकम प्राप्त भएपछि सोधभर्ना हुने गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस नगरपालिकाको श्यानिटेशन उपशाखामा कार्य गर्ने कर्मचारी श्री सुर्जे जतिले आफ्नो कर्तव्य पालना गर्ने क्रममा मिति २०७८।४।११ भ.न.पा.वडा नं. ६, थालाछेँस्थित नाग पोखरी परिसरमा रहेको रुखको हाँगा काट्ने क्रममा खसेर करङ्को हड्डी चर्केको र खुट्टामा समेत गहिरो चोट परेको हुँदा सो घाउ निको नभएसम्म उपचारको लागि आराम लिनु पर्ने भएकोले उक्त दिनहरूको बिदा सञ्चित बिदामा कट्टी नहुने गरी सार्वजनिक बिदा मिलाई पाऊँ भनी निवेदन पेश गरेको सम्बन्धमा छलफल हुँदा निज कार्यालयको काम गर्ने दौरानमा घाइते भएको र सो सम्बन्धमा डाक्टरले आराम गर्नुपर्ने र सम्बन्धित शाखाबाट समेत मिति २०७८।४।१४ गतेदेखि भाद्र ११ गतेसम्म कार्यालयमा आउन नसकी घरमै बसी उपचार गरेको भनी सिफारिस भई आएको हुँदा निजलाई मिति २०७८।४।१४ गतेदेखि २०७८।५।११ गतेसम्म सार्वजनिक **बिदा दिने निर्णय** गरियो ।

ख. श्री महालेखा परीक्षकको कार्यालयबाट प्राप्त यस नगरपालिकाको आ.व. २०७६/०७७ को अन्तिम लेखा परीक्षण प्रतिवेदन र हालसम्मको बेरुजुको **विवरणबारे जानकारी** गराइयो ।

ग. गत महिनाको कार्यपालिकाको निर्णयहरूको कार्यान्वयनको अवस्थाबारे **समीक्षा** गरियो ।

घ. भक्तपुर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिबाट मिति २०७८ श्रावण ३ गतेदेखि भाद्र २ गतेसम्म आयोजित एक महिने साङ्केतिक भाषा तालिम सञ्चालन खर्च रु. ३३९१७। वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले भुक्तानी दिएको **खर्च अनुमोदन** गरियो ।

ङ. वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले मिति २०७७ माघ ७ गतेदेखि माघ १५ गतेसम्म ओखलढुंगा, सोलुखुम्बु, उदयपुर, सिराहा र मोरङ्गलगायतका जिल्लाहरूको अध्ययन भ्रमण गर्न तथा मिति २०७८ जेठ २७ गतेदेखि ३० गतेसम्म मोरङ्ग, सिराहा, जनकपुर, रौतहट र बारालगायतका जिल्लाहरूको अध्ययन भ्रमण गर्न रु. ५०,०००।– पेश्की लिएकोमा रु. ४७,३८८।– को बराबरको खर्च भर्पाइ पेश गरी बाँकी रकम रु. २,६१२।– दाखिला गरी निजको नाममा रहेको **पे.फ. गरियो** ।

च. नपाद्वारा सञ्चालित बा १ ग २२६७ नं.को गाडी मर्मत वापत रु. १५,४८४।७७ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. नपाको बा १ ग २२६७ नं. को गाडी मर्मत गरे वापत रु.९०,७३९।– सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

ज. नपाको को १ स १६७८ को ट्राइसाइकल मर्मत गरे वापत रु. १५७००। र बा २ स ९७९ को इलेक्ट्रिक ट्राइसाइकल मर्मत गरे वापत रु.१४,०००।– र को १ स १६८२ को ट्राइसाइकल मर्मत गरे वापत रु.४,३५०।– गरी कुल रु. ३४,०५०।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

झ. नपाको बा १ क ९०२५ नं. को डोजर गाडी मर्मत गरे वापत रु. ३,९००।– गाडी चालक आशभक्त बंशमनीलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ञ. नपा कार्यपालिका बैठकमा खाजा उपलब्ध गराए वापत सूर्यविनायक भेनुलाई रु.२४,७४७।– **भुक्तानी दिने** निर्णय गरियो ।

ट. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत दिब्य स्वीट्सलाई रु.३६,७२५।– **भुक्तानी दिने** निर्णय गरियो ।

ठ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत झछेँ खाजा घरलाई रु.४,८६०।– **भुक्तानी दिने** निर्णय गरियो ।

ड. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत ब्रदर्श क्याफेलाई रु.१३,०४५।– **भुक्तानी दिने** निर्णय गरियो ।

## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् । साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ । लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

नगरपालिका गतिविधि

विश्व पर्यटन दिवस

# सांस्कृतिक गुरुहरू सम्मानित






विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नगरपालिकाकाले नगरका २० जना सांस्कृतिक गुरुहरूलाई सम्मान गरेको छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित) को प्रमुख आतिथ्यमा सांस्कृतिक गुरुहरूलाई सम्मान तथा स्थानीय पथप्रदर्शकहरूलाई प्रमाण–पत्र वितरण कार्यक्रम आश्विन ११ गते सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले सांस्कृतिक गुरुहरूको ज्ञान, विवेक र सीप नयाँ पुस्तामा पुस्तान्तरण गर्नुपर्नेमा जोड दिनुहुँदै भक्तपुरको कला, संस्कृति र भाषा स्थानीय व्यक्तिहरूलाई सिकाउँदै लानुपर्ने बताउनुभयो ।



नयाँ तथा आधुनिक घर निर्माण गर्दा पुऱ्याउनुपर्ने सावधानीबारे जनतालाई सचेत पार्नुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले नगरवासीहरूलाई नक्साबमोजिम घर निर्माण गराउनेतर्फ नगरपालिकाले जोड दिनुपर्ने बताउनुभयो ।

राजनीतिक अस्थिरताका कारण नयाँ पुस्तामा राजनीतिप्रति वितृष्णादेखिन् चिन्ताजनक भएको औँल्याउनुहुँदै उहाँले राजनीतिशास्त्र, इतिहास, भूगोल र संस्कृतिजस्ता विषयको महत्त्वबारे विद्यार्थीहरूलाई जानकार गराउनुपर्ने र सरकारले यस्ता महत्त्वपूर्ण विषय अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति दिएर अध्ययन अध्यापनमा जोड दिनुपर्छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले कला र संस्कृति संरक्षणका विभिन्न विधाका स्थानीय सांस्कृतिक गुरुहरूको सम्मानलाई निरन्तरता दिँदै आएको बताउनुभयो । प्रमुख प्रजापतिले भूकम्पबाट क्षतिग्रस्त सांस्कृतिक एवम् ऐतिहासिक सम्पदा पुनःनिर्माणका कार्य करिब करिब अन्तिम चरणमा पुगिसकेको बताउनुहुँदै भक्तपुर नगरपालिकाप्रति जनताको साथ र सहयोग रहेका कारण स्वाभिमानीपूर्वक अगाडि बढ्न मद्दत पुगेको बताउनुभयो ।

भक्तपुर नपाले गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई शैक्षिक ऋणको व्यवस्था गर्नुका साथै इतिहास, भूगोल, राजनीतिशास्त्रलगायतका विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्दै आइरहेको बताउनुहुँदै विभिन्न कालखण्डमा नेपालबाट हराएका वा चोरी



भएका मूर्तिहरू फिर्ता गर्न आवश्यक पहल गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले गुरुहरूप्रति आदर प्रकट गर्दै नपाले आयोजना गरेको सम्मान कार्यक्रम प्रशंसनीय भएको बताउनुभयो ।

मौलिक भाषा, कला र संस्कृति संरक्षण गर्दै नयाँ पुस्तालाई आवश्यकताबोध गराउनु आजको आवश्यकता रहेको औँल्याउनुहुँदै सांसद गोसाईंले हाम्रो संस्कृतिलाई जीवन्त बनाउँदै लानुपर्ने र आफ्नो विधाको सीप र ज्ञानलाई लिपिबद्ध गर्न सके हाम्रो कला र संस्कृति संरक्षण हुँदै जाने बताउनुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले कोभिड महामारीका कारण भक्तपुर नगरपालिकामा पर्यटन शुल्कबाट हुने आम्दानी झण्डै शून्यमा झरेको बताउनुहुँदै नगरवासीको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै नगरपालिकाले सुविधासम्पन्न ख्वप अस्पताल निर्माण गरिरहेको बताउनुभयो ।

संस्कृतिविद् प्रा. डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले नेपाल मण्डलको अन्य सहरले भन्दा भक्तपुरले सांस्कृतिक गरिमा कायम गर्दै आएको छ भन्नुभयो ।



भक्तपुरलाई खुला आकाशमुनिको खुला सङ्ग्रहालयको रूपमा चित्रण गर्नुहुँदै उहाँले विश्वविद्यालयहरूमा संस्कृति विषय अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या घट्दै गएकोमा चिन्ता प्रकट गर्नुभयो ।

उहाँले पथ प्रदर्शकहरूले भक्तपुरका सम्पदाहरूबारे पत्ता लागेको नयाँ नयाँ तथ्य पर्यटकहरूमाझ वैज्ञानिक ढङ्गले प्रस्तुत गरी संसारसामु भक्तपुरलाई जोड्नुपर्नेमा जोड दिनुभयो ।



कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सांस्कृतिक गुरुहरूलाई रु. १५,०००।- नगदसहित सम्मान पत्र प्रदान गर्नुभयो । साथै सांस्कृतिक गुरुहरूलाई प्रमुख प्रजापतिले दोसल्ला ओढाउनुभयो र उपप्रमुख जोशीले सांस्कृतिक गुरुहरूलाई फूलमाला लगाई दिनुभयो । बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाइँले विश्व पर्यटन दिवसको अवसरमा आयोजित टुर गाईड तालिमका सहभागी स्थानीय पथ प्रदर्शकहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले सम्मानित सांस्कृतिक गुरुहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नुभएको थियो ।

यस वर्ष सम्मानित सांस्कृतिक गुरुहरूमा भनपा वडा नं. १ का गोविन्द भुजु र विकुबहादुर दुवाल, वडा नं. २ का विष्णुभक्त सुवाल र लक्ष्मीभक्त कुस्मा, भनपा ३ का लक्ष्मीप्रसाद मानन्धर र गणेशबहादुर त्वायना, भनपा ४ का मंगलाल ग्वाछा र लक्ष्मीभक्त घेमोसु, भनपा ५ का रामलाल माक र रत्नभक्त ध्वजु, भनपा ६ का विष्णु सुवाल र विष्णुभक्त सिजख्व, भनपा ७ का दिलबहादुर त्यात र इन्द्रबहादुर लाखा, भनपा ८ का बुद्धिसागर प्रजापति र रामभक्त गणेजु श्रेष्ठ, भनपा ९ का विष्णुभक्त कुसी र मानबहादुर चोलेखो, भनपा १० का हरिभक्त मगजु र शिवभक्त वनमाला रहेका छन् ।

# सम्मानित सांस्कृतिक गुरुहरूको छोटो परिचय

भक्तपुर नपाले विश्व पर्यटन दिवसको अवसरमा नगरका २० जना सांस्कृतिक गुरुहरूको सम्मान गरेको थियो । सम्मानित गुरुहरूको छोटो चिनारी यहाँ दिइएको छ ।

### सांस्कृतिक गुरु गोविन्दभक्त भुजू

वडा नं. १



गोविन्दभक्त भुजूको जन्म वि.सं. २००० साल असार ३० गते भक्तपुर नगरपालिका वडा नं. १ इताछैँमा भएको हो। उहाँको बुवा हेरालाल भुजू र आमा बेतीमाया भुजू हुनुहुन्थ्यो। सामान्य मध्यम वर्गीय परिवारमा जन्मेका भुजूले सानै उमेरमा परिवारका अग्रजहरूबाट बाजा बजाउन सिक्नुभएको थियो। स्थानीय दाफा भजनमा उहाँ बेला (भ्वाइलिन), तबला र हार्मोनियम बजाउनु हुन्छ।

उहाँले नयाँ पुस्तालाई पटक पटक बाजा प्रशिक्षण दिनुभएको छ ।

नयाँ पुस्तामा परम्परागत बाजा र संस्कृतिप्रति आकर्षण बढाउन सके भक्तपुरको परिचय युगौंसम्म संसारसामु चिनाउन सकिने भावना व्यक्त गर्दै उहाँले बाजा सिक्न धैर्यता र लगनशीलताको खाँचो पर्नेमा जोड दिनुहुन्छ।

### सांस्कृतिक गुरु बिकुबहादुर दुवाल

वडा नं. १



सांस्कृतिक गुरु बिकुबहादुर दुवालको जन्म वि.सं. २०१३ साल वैशाख महिनामा भक्तपुर वडा नं. १ को भार्वाचोमा भएको हो। उहाँको बुवा जगतबहादुर दुवाल र आमा हरिमोहन दुवाल हुनुहुन्थ्यो। उहाँको विशेष रुची हार्मोनियम बाजामा रहेको छ।

सामान्य किसान परिवारमा जन्मेको हुँदा जीवनको महत्त्वपूर्ण समय खेतिपातीमा व्यस्त हुनुभयो। तथापि स्थानीय दाफा भजनमा परिवारका अग्रजहरू निरन्तर लागिरहेबाट उहाँलाई पनि दैनिक बेलुकी भजन गाउने र त्यस क्रममा हार्मोनियम बजाउने कार्यमा उहाँ सक्रिय हुनुभयो। उहाँले स्थानीय युवाहरूलाई भजन र हार्मोनियम बाजाको प्रशिक्षण दिनुभयो। भक्तपुर नगरलाई कला र संस्कृतिको पर्यायको रूपमा देश र विदेशमा चिनाउन उहाँजस्ता अग्रज सांस्कृतिक गुरुहरूको महत्त्वपूर्ण योगदान रहँदै आएको छ।

### सांस्कृतिक गुरु विष्णुभक्त सुवाल

वडा नं. २



सांस्कृतिक गुरु विष्णुभक्त सुवाल, विक्रम संवत् २०१० साल कार्तिक महिनामा आमा लक्ष्मीमाया र बुबा शंखबहादुर सुवालको कोखबाट भक्तपुर नगरपालिका वडा नं.१० को किसान परिवारमा जन्मिनु भएको हो। औपचारिक शिक्षा हासिल गर्न नपाई सामान्य लेखपढ गर्न जानेका विष्णुभक्त सुवालले २०४२ सालमा बाजागाजाप्रति रुची भई याछैँका गुरु गणेशबहादुर सिजख्वाबाट धिमेबाजा सिक्नुभयो। त्यसपछि विभिन्न चाडपर्वमा बाजागाजाको अभाव भइरहँदा २०४४ सालमा चोछैँका गुरु बिकुनारां अवालज्यूसँग धाँ बाजा सिक्नुभयो।

पञ्चायती राज्यस्तरबाट रचिएको २०४५ सालको भक्तपुर काण्डले भक्तपुरका सारा न्यायप्रेमी जनताले दुःख पाए र त्यस समयमा भक्तपुरमा सांस्कृतिक गतिविधि शून्य भयो। कठिन समयमा जनतालाई

राजनैतिक रूपमा प्रशिक्षित गर्न उहाँ गाइँचा प्याखं र फाकंदली प्याखंमार्फत पञ्चायतविरोधी गतिविधिमा सक्रिय हुनुभयो ।

जीवनलाई सांस्कृतिक रूपमा अगाडि बढाउने क्रममा उहाँले स्थानीय युवाहरूलाई धिमेबाजा प्रशिक्षण दिनुभयो । हालसम्ममा सांस्कृतिक गुरु विष्णुभक्त सुवालले ७ ओटा समूहलाई धिमेबाजा प्रशिक्षण दिई सक्नुभएको छ ।

विष्णुभक्त सुवाल जीवन सँगिनी भक्तिमाया सुवाल, २ छोरा र १ छोरीका अभिभावक हुनुहुन्छ ।

## सांस्कृतिक गुरू लक्ष्मीभक्त कुस्मा

वडा नं. २



लक्ष्मीभक्त कुस्माको जन्म २००८ कार्तिक ३ गते पिता भक्तबहादुर कुस्मा र माता मोहनमाया कुस्माको कोखबाट ३ भाइ छोरामध्ये माइलो छोराको रूपमा भक्तपुर नगरपालिका वडा नं.१५ (हाल वडा नं. २) इताछेँ टोलमा भएको हो । किसान परिवारमा जन्मिनु भएका लक्ष्मीभक्त कुस्माले कुनै औपचारिक शिक्षा हासिल गर्न पाउनु भएन ।

इताछेँ दाफा भजनमार्फत १८/१९ वर्षको उमेरमा पहिलो पटक स्थानीय गुरु काजीबहादुर खुसुबाट भजन (गीत) सिक्नुभएका कुस्माले केही समयपछि खिंबाजाको प्रशिक्षण लिनुभयो । आफूले प्रशिक्षण लिएपछि निरन्तर रूपमा खिं वादकका रूपमा उहाँ सक्रिय भइरहनु भयो । सांस्कृतिक जीवनकै क्रममा उहाँले २ पटक खिं प्रशिक्षण दिनु भई २१ जना शिष्यहरूलाई प्रशिक्षित गर्नुभयो । जीवनको उत्तरार्धमा पनि सांस्कृतिक गतिविधिमा खिं वादकको रूपमा उहाँ सक्रिय हुनुहुन्छ । भजन गाउन र खिं बजाउन खपिस लक्ष्मीभक्त कुस्मा १ छोरा र ५ छोरीका पिता हुनुहुन्छ र उहाँको धर्मपत्नी बेतिमाया कुस्माको भने निधन भइसकेको छ ।

## सांस्कृतिक गुरू गणेशबहादुर त्वायना

वडा नं. ३



भक्तपुर नगरलाई कला र संस्कृतिको पर्यायको रूपमा देश र विदेशमा चिनाउन भक्तपुरका प्रत्येक नागरिक तल्लीन छन् । यस्तै निरन्तर आफ्नो कर्ममा लागिरहनु हुने एक सांस्कृतिक व्यक्तित्व, जसले जीवनको महत्त्वपूर्ण कालखण्ड घट्खा दाफा भजनमा बिताउनुभयो, दाफा भजनका प्रखर गुरु श्री गणेशबहादुर त्वायना हुनुहुन्छ । उहाँको जन्म वि.सं. २०१४ असोज १५ गते भक्तपुर साविक वडा नं. १३ बाट हाल ३ को घट्खा टोलमा एक साधारण किसान परिवारमा भएको थियो ।

उहाँको बुबा खड्गबहादुर त्वायना र आमा सुनमाया त्वायना हुनुहुन्थ्यो । दुई दाजुभाइमा उहाँ कान्छा हुनुहुन्छ । उहाँले कक्षा ६ सम्म अध्ययन गर्नु भएको छ । उहाँ सानै उमेरदेखि घट्खा दाफा भजनमा सक्रिय हुनुहुन्छ । उहाँले २०३० सालमा बाजा बजाउन सिक्नु भएको थियो ।

सांस्कृतिक गुरु गणेशबहादुर त्वायनाले हालसम्म १२ र १८ जनाको गरी दुई समूहलाई दाफा भजन सिकाउनु भयो । भक्तपुरको कला संस्कृतिलाई संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले स्थानीय युवाहरूलाई दाफा भजन र बाजाको प्रशिक्षण दिइरहेको उहाँको भनाइ छ । दाफा भजनका थ्या साफू जीर्ण भएकोले समयमै संरक्षण गर्नुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।

हाल उहाँ सामाजिक क्षेत्रमा पनि सक्रिय हुनुहुन्छ ।

## सांस्कृतिक गुरू लक्ष्मीप्रसाद मानन्धर

वडा नं. ३



मानन्धर पुलांसः शिव रात्री गुठीका सदस्य एवं सांस्कृतिक गुरु लक्ष्मीप्रसाद मानन्धरको जन्म वि.सं. २०२२ कार्तिक १९ गते भक्तपुर नगरपालिका साविक वडा नं. १६ (हाल वडा नं. ३) तेखाचोमा भएको हो । बुवा रत्नबहादुर मानन्धर र आमा रत्नमाया मानन्धरका तीन भाइछोरा मध्ये उहाँ जेठो हुनुहुन्छ । उहाँले प्राथमिक तहसम्मको

मात्र औपचापरिक शिक्षा प्राप्त गर्नुभयो । सांस्कृतिक विधामा अत्यन्त रुची राख्नुहुने लक्ष्मीप्रसादले सबैखाले बाजा बजाउन जान्नुहुन्छ । गुलाँ बाजामा उहाँको विशिष्ट सीप छ ।

उहाँले २०५६ सालदेखि नै नयाँ पुस्तालाई निरन्तर बाजाको प्रशिक्षण दिइरहनु भएको छ । अहिलेसम्म उहाँले ६ ओटा विभिन्न समूहलाई वाद्यवादनसम्बन्धी प्रशिक्षण दिइसक्नुभयो ।

## सांस्कृतिक गुरु लक्ष्मीभक्त घेमोसु

वडा नं. ४



लालाखीं र म्ये गुरु तथा भैरवनाथको मूल नाईके सांस्कृतिक गुरु लक्ष्मीभक्त घेमोसुको जन्म वि.सं. १९९६ साल कार्तिक महिनामा भक्तपुर नगरपालिका साविक वडा नं. १२ हालको परिवर्तित वडा नं.४ लाकोलाछैं टोलमा भएको हो । उहाँका पिता गणेशबहादुर घेमोसु र आमा आसकुमारी घेमोसु हुनुहुन्थ्यो ।

लक्ष्मीभक्त घेमोसुले २०१३/१४ सालतिर करिब १५ वर्षको उमेरदेखि लाकोलाछैं दाफा भजनमा प्रवेश गरी लालाखीं तथा दाफा भजनका गीतहरू सिक्नुभयो । केहीं समयपछि बाँसुरी बाजाको पनि प्रशिक्षण लिनुभयो । त्यतिबेला सहभागीहरूमध्ये उहाँ सर्वोत्कृष्ट हुनुभएको थियो । तापनि वहाँले बाँसुरी बाजातिर त्यति ध्यान नदिई दाफा भजनलाई जोगाउनु पर्छ भन्ने भावनाले उहाँ हालसम्म निरन्तर रूपमा दाफा भजनमा लागिरहनु भयो ।

उहाँले हालसम्म ५/६ पटक सहयोगी गुरुका रूपमा दाफा भजन र १ पटक आफ्नै पूर्ण जिम्मेवारीमा दाफा भजन तथा लालाखीं सिकाउनु भयो ।

उहाँ राग म्ये र खीं बजाउन निपुण हुनुहुन्छ । उहाँ लालखीं बजाउँदै भजन गाउन सक्ने क्षमतावाण व्यक्ति हुनुहुन्छ ।

यससँगै उहाँले निरन्तर रूपमा भैरवनाथको नाईकेको जिम्मेवारी सम्हाली अहिले मूल नाईकेको जिम्मेवारी सम्हाली रहनुभएको छ ।

## सांस्कृतिक गुरु मंगलाल ग्वाछा

वडा नं. ४



भक्तपुर नगरपालिका वडा नं.४ (साविक वडा नं. १४) मंगलाछैं निवासी बाबु जगतबहादुर ग्वाछा र आमा दिलमाया ग्वाछाको कोखबाट वि.सं. २००० साल चैत्र १२ गते मंगलाछैं टोलमा जन्मनु भएको हो । मंगलाल ग्वाछाले २०२४ सालमा टोलका दाफा भजनमा पछिमाय् सिक्नुभयो ।

उहाँ निरन्तर रूपमा सांस्कृतिक बाजालाई जोगाउनु पर्छ भन्ने ठानी पछिमाय् र बाँसुरी बाजामा लाग्नुभयो ।

आफूले सिकेको सांस्कृतिक सीप नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्छ भन्ने धारणा राख्नुहुने पछिमाय् गुरु ग्वाछाले २०७३ सालमा तेखापुखु टोलमा, २०७० सालमा कोलाछैंमा र २०६६ सालमा कोलाछैंमै पछिमाय् बाजा सिकाउनु भयो ।

उहाँ २०५४ सालमा भक्तपुर नगरपालिका साविक १४ नं. वडाको वडा सदस्यमा निर्वाचित हुनुभएको थियो ।

## सांस्कृतिक गुरु रत्नभक्त ध्वजु

वडा नं. ५



बाँसुरी बाजाका प्रखर गुरु रत्नभक्त ध्वजुको जन्म वि.सं. २००५ मंसिर १५ गते भक्तपुर नगरपालिका वडा नं. ५ (साविक वडा नं. ११) आदर्शमा भएको हो । उहाँको बुबा लतंबहादुर ध्वजु र आमा न्हुछेकुमारी चवाल हुनुहुन्थ्यो ।

वि.सं. २०२६ सालतिर स्थानीय अग्रजहरूबाट बाजा सिक्नुभयो । उहाँले बाँसुरी बाजासँगै हार्मोनियम, ढलक, मादल, खर्जदि पनि बजाउनु हुन्छ ।

सांस्कृतिक गुरु ध्वजूले २०४८ सालमा र २०५२ सालमा स्थानीय युवाहरूलाई बाँसुरी बाजाको प्रशिक्षण दिनुभएको थियो ।

## सांस्कृतिक गुरु रामलाल माक

वडा नं. ५



सांस्कृतिक गुरु रामलाल माकको जन्म वि.सं. १९९९ सालमा भक्तपुर वडा नं. ५ (साविक वडा नं. ८) को चासुखेलमा भएको हो । उहाँको बुबा बाबुलाल माक र आमा मसिनु माक हुनुहुन्थ्यो ।

उहाँले १४ वर्षको कलिलो उमेरमा वि.सं. २०१३ सालमा मुगाई भएको ढलक र लालाखिँ सिक्नुभयो । उहाँ नागाचा प्याखंका कलाकार एवं गुरु पनि हुनुहुन्छ ।

उहाँले गुरुको रूपमा वि.सं. २०२३ सालदेखि २०२८ साल, वि.सं. २०३७ साल, वि.सं. २०५६ साल, वि.सं. २०७५ साल गरी ५ पटक लालाखिँ सिकाउनु भयो । उहाँले ढलक दुई पटक सिकाउनु भयो भने नागाचा प्याखं र मादल पनि पटक पटक सिकाउनु भयो ।

सांस्कृतिक गुरु माकले वि.सं. २०३० साल अगाडि दरबार क्षेत्र हालको राष्ट्रिय चित्रकला सङ्ग्रहालयमा नागचा नाच सिकाउनु भएको थियो । काठमाण्डौको राष्ट्रिय सङ्ग्रहालयमा नागाचा प्याखं देखाएपछि उहाँले पहिलो पुरस्कार प्राप्त गर्नुभएको थियो । हाल उहाँ चण्डेश्वरी दाफा भजन समूहका नाईके हुनुहुन्छ ।

## सांस्कृतिक गुरु विष्णुभक्त सिजख्व

वडा नं. ६



लालाखिँका गुरु विष्णुभक्त सिजख्वको जन्म बुबा बिलबहादुर सिजख्व र आमा केशरी सिजख्वको कोखबाट वि.सं. २००० साल श्रावण १३ गते याछेँमा भएको हो । तत्कालीन समयमा औपचारिक शिक्षा पाउन नसेकका विष्णुभक्त सिजख्वको पुर्ख्यौली पेशा कृषिबाटै जीवीकोपार्जन गरेको बताउनुहुन्छ । दुई दाजुभाइ भएपनि भाइ धर्मपुत्र दिएकोले एक्लो छोरा हुनुहुन्छ ।

उमेरले ७८ वर्ष भइसकेका विष्णुभक्त अहिले पनि युवा अवस्थाकै जस्तो देखिनुमा कृषि पेशा गरेकोले बताउनुहुन्छ । आफ्नै बुबा बिलबहादुर, टोलका गुरुहरू काजीबहादुर र लाल खयरगोलीबाट वि.सं. २०१५।०१६ सालमा नै गीत गाउन सिक्नुभयो । गीत सिकेपछि निरन्तर रूपमा टोलको दाफा भजनमा हालसम्म पनि गीत गाउँदै आउनुभएको छ । वि.सं. २०२०।०२१ सालमा लालाखिँ सिकेको बताउनुहुँदै उहाँले २०३१।०३२ सालबाट लालाखिँ सिकाउन थालेको अनुभव सुनाउनुभयो । विगतमा लगातार रूपमा गाईजात्राको समयमा विभिन्न नाटक र प्याखंहरूमा विभिन्न भूमिकामा नाटक खेलको अनभव पनि छ । हालसम्म उहाँले आफ्नै टोलका युवाहरूको ३।४ ओटा समूहलाई गीत र लालाखिँ सिकाउनुभयो ।

## सांस्कृतिक गुरु विष्णु सुवाल

वडा नं. ६



बाँसुरी बाजाका गुरु विष्णु सुवालको जन्म बुबा बाबुलाल र आमा हेलमायाको कोखबाट वि.सं. २००७ साल फागुनको होली पूर्णिमाको दिनमा चोछेँ टोलमा भएको हो । पुर्ख्यौली पेशा कृषिमा नै निर्भर विष्णु सुवाल हालसम्म पनि खेतीपातीमा कृयाशील हुनुहुन्छ ।

उहाँले वि.सं. २०१८ सालमा गीत र २०२१ सालमा बाँसुरी बजाउन सिक्नुभएको थियो । उहाँ पच्चिसौँ वर्षसम्म झ्याउरी प्याखंका कलाकार भई प्रसिद्धि कमाउनुभयो । उहाँले वि.सं. २०७० साल र २०७६ साल गरी दुई पटक बाँसुरी बाजा सिकाउनु भयो । साथै २०४५ सालपछि लगातार कवांचा, झ्याउरीलगायत विभिन्न प्याखंहरू सिकाएको उहाँ बताउनु हुन्छ ।

टोलवासी सबै सहकर्मीहरू गीत गाउन र बाँसुरी बजाउन सिक्न गएको देखेपछि आफू पनि सिक्ने रहर जागेकोले बाँसुरी र गीत गाउन सिक्नगएको उहाँको अनुभव रहेको छ ।

**"भक्तपुर" मासिक र "ख्वप पौ" नियमित पढौं !**

## सांस्कृतिक गुरु इन्द्रबहादुर लाखा

वडा नं. ७



मूर्त र अमूर्त कलाले सुसज्जित भक्तपुर एक सांस्कृतिक धरोहरको शहर हो । अमूर्त कलामा सौखिन कलाकारहरूले धार्मिक आस्था र विश्वासका साथ यहाँका अग्रज गुरु र शिष्यहरूको संगमले अगाडि बढिरहेको छ । यसमा नागाचा प्याखँ र बाँसुरी बाजाका पारखी इन्द्रबहादुर लाखा एक हुनुहुन्छ । ख्वप चोर्चा वडा नं. ७ मा पिता सिद्धि लाखा र आमा विकुलक्ष्मी लाखाको कोखबाट वि.सं. १९९८ मंसिर १० गते उहाँ जन्मनुभयो । उहाँ ३ छोरा र ५ छोरीको पिता हुनुहुन्छ ।

चोर्चा बाँसुरी बाजा समूहमा आबद्ध भई विगत धेरै वर्षदेखि नै बाँसुरी बाजामा सहयोग गर्दै आउनु भएका सांस्कृतिक गुरु इन्द्रबहादुर लाखाले धिमाय्को बोलमा बाँसुरी बजाई नयाँ प्रकारको सङ्गीत सृजनामा योगदान गर्नुभएको छ । उहाँ विभिन्न स्थानमा भजन गाउने तथा कहिलेकाहीँ घरमै बसेर पनि भजनहरू गाउने गर्नुहुन्छ ।

गुरु लाखाले विभिन्न समयमा नागाचा प्याखँ ५ समूहलाई प्रशिक्षणसमेत दिई सांस्कृतिक क्षेत्रमा आफूले सक्ने योगदान गर्नुभएको छ । सांस्कृतिक क्षेत्रमा हाल नयाँ पुस्ताहरूले ध्यान नदिएकोले विभिन्न बाजागाजाहरू (खिं बजाउने तथा अन्य बाजा) बजाउने समस्या आइरहेको उहाँ बताउनुहुन्छ ।

## सांस्कृतिक गुरु दिलबहादुर त्यात

वडा नं. ७



बाँसुरी, हार्मोनियम, बेला, ढलकका पारखी दिलबहादुर त्यात वि.सं. २००२ साल श्रावण २० गते आमा पुर्णमाया त्यात र पिता कृष्णबहादुर त्यातको पुत्रको रूपमा गोल्मढीमा जन्मनुभयो । उहाँ ४ छोरा, ३ छोरीको पिता हुनुहुन्छ ।

गणेश बाजा समूहमा आबद्ध भई विगत धेरै वर्षदेखि हार्मोनियम, बेला, बाँसुरी बाजा र ढलकमा सहयोग गर्दै आउनुभएका सांस्कृतिक गुरु दिलबहादुर त्यातले हार्मोनियम र बेलामा ३ समूहलाई प्रशिक्षण समेत दिई सांस्कृतिक क्षेत्रमा योगदान गर्नुभएको छ । बाँसुरी र ढलकमा समेत सहायक प्रशिक्षकको भूमिकामा उहाँले धेरै समूहलाई प्रशिक्षण दिनुभयो । उहाँ सांस्कृतिक प्रस्तुतिको लागि गलसि पुखुमा समूहमा आवद्ध हुनुहुन्छ भने विभिन्न बाजागाजा प्रशिक्षणमा कृयाशील हुनुहुन्छ ।

सांस्कृतिक क्षेत्रमा नयाँ पुस्ता आकर्षित नहुनुले दुःख लागेको उहाँ बताउनु हुन्छ । अध्ययन र पेशा व्यवसायले गर्दा पनि नयाँ पुस्ता परम्परागत सांस्कृतिक गतिविधिमा सक्रिय हुन नसकेको हो कि भन्ने लाग्छ । यस विषयमा सम्बन्धित निकायले समयमै ध्यान दिएर आवश्यक पहल गर्न जरुरी भएको उहाँ बताउनु हुन्छ ।

## सांस्कृतिक गुरु बुद्धिसागर प्रजापति

वडा नं. ८



सांस्कृतिक गुरु बुद्धिसागर प्रजापतिको जन्म वि.सं. २००२ सालमा बुबा किसलाल प्रजापति र आमा गोपथकु प्रजापतिको कोखबाट वडा नं. ८ (साविक वडा नं.२) तौलाछेँ टोलमा भएको हो । उहाँले १८ वर्षको उमेरमा सूर्यमढी चिव दाफा भजनमा सामेल भई चिव दाफा भजनलाई सञ्चालन गर्न निरन्तर लागिरहनुभएको छ । उहाँ भजन गाउनु हुन्छ । अहिलेसम्म उहाँले २० जनाको एउटा समूह र २२ जनाको समूह गरी दुई समूहलाई भजनको प्रशिक्षण दिनुभयो । उहाँले चिव दाफा भजनबाट प्रदर्शन गरिने **मस्यूमथु प्याखं** (महादेव पार्वती नृत्य) दुई पटक प्रशिक्षण दिइसक्नु भएको छ । उहाँ 'जीवनको अन्तिम क्षणसम्म पनि चिव दाफा भजनमा संलग्न भई हरि भजन चलाई नै रहने बताउनु हुन्छ । भजन गाउने र भजन सिकाउने गुरु भई निरन्तर संस्कृति जगेर्ना गर्ने कार्य गरिरहनु भई भक्तपुरको गौरवलाई बचाउन सघाउ पुऱ्याउँदै आउनुभएको छ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

## सांस्कृतिक गुरू रामभक्त गणेजू

वडा नं. ८



सांस्कृतिक गुरु रामभक्त गणेजू वि.सं. २००९ असार १० गते बुबा जगन्नाथ गणेजू र आमा पुनमाया गणेजूको कोखबाट वडा नं. ९ (साविक वडा नं. ३) जेलां टोलमा जन्मनु भई हाल वडा नं. ८ लिवालीमा बसोबास गर्दै आइरहनु भएको छ। उहाँ १४/१५ वर्षको उमेरदेखि शुपुर्णेश्वर धलचा भजनमा संलग्न हुनुहुन्छ। उहाँले १७ वर्षको उमेरमा रामकुमार गणेजूबाट प्रशिक्षण पाई नित्यनाथलाई पुकारी भजनका गीतहरू सिक्नुभयो। उहाँले आफूले सिकेको भजन कलालाई नयाँ पुस्तामा सिकाउने क्रममा वडा नं. ९ स्थित च्वफल र तचपालको धलचा भजन गरी दुई पटक प्रशिक्षण दिनुभयो। उहाँले हाल दैनिकजसो महेश्वरी पीठस्थित शुपुर्णेश्वर सत्तलमा हुने भजनमा ढलक र पछिमा बजाउने गर्नुहुन्छ। उहाँ वार्षिक रूपमा सुपुर्णेश्वर धलचा भजनबाट जेंला चोकमा रहेको हरिशंकर नारायण मन्दिर परिसरमा सिपुन्हीका दिन स्वस्थानी धलं र गुन्हीपुन्हीका दिन रुद्री गर्ने कार्यमा समेत संलग्न हुनुहुन्छ। हालसम्म पनि निरन्तर दाफा भजन कार्यमा सक्रिय उहाँले भक्तपुरको संस्कृति बचाउने कार्यमा सहयोग पुऱ्याउँदै आउनु भएको छ।

## सांस्कृतिक गुरू विष्णुभक्त कुसी

वडा नं. ९



भक्तपुर नगरलाई कला र संस्कृतिको पर्यायको रूपमा देश र विदेशमा चिनाउन भक्तपुरका प्रत्येक नागरिक तल्लीन छन्। यस्तै निरन्तर आफ्नो कर्ममा लागिरहनु हुने एक सांस्कृतिक व्यक्तित्व, जसले जीवनको महत्त्वपूर्ण कालखण्ड नागाचा प्याखंका कलाकारको रूपमा कला संस्कृति जगेर्नामा बिताउनुभयो, परम्परागत नौबाजाका प्रखर गुरु विष्णुभक्त कुसी हुनुहुन्छ।

वि.सं. २००० साल कार्तिक शुक्ल द्वादशीको दिन भक्तपुर नगरपालिका वडा नं. ९ कमिचा गल्लीमा एक साधारण किसान परिवारमा विष्णुभक्त कुसीको जन्म भएको हो। उहाँको बुबा भानबहादुर कुसी र आमा गोपथुकु कुसी हुनुहुन्थ्यो। उहाँले सूर्यमढीको पाटीमा कक्षा ५ सम्म अध्ययन गर्नुभएको थियो। हाल उहाँ च्याम्हासिंहमा बस्नुहुन्छ।

परिवारको मुख्य पेशा कृषि भए पनि सांस्कृतिक वातावरणमा उहाँ हुर्कनु भयो। सानै उमेरमा बुबासँगै नौबाजा बजाउने अभ्यास गर्दै १८ वर्षको उमेरमा नौबाजाका सबै बाजाहरू बजाउन निपुण हुनुभयो। उहाँ हरेक पूर्णिमाको साँझ वाकुपति नारायणस्थित भजन पाटीमा नौबाजा अन्तर्गतको धाँ, पस्त, ताताली, धिमाय्चा, नाय खिँ, पछिमाय्, ढलक, कोखिँचा र नगरा बजाउन पुगिरहनु हुन्थ्यो।

कलाकार कुसीको अर्को महत्त्वपूर्ण योगदान नागाचा प्याखंमा छ। नागाचा प्याखंलाई राधा कृष्णको नाच पनि भन्ने गरिन्छ। बुबा बाजेको पालादेखि नै कुसी परिवारमा नागाचा प्याखं नाचिँदै आएको छ। उहाँ आफू सानो उमेरमा ननाचे पनि बुबा र दाजु नाच्नुभएको हेरेर आफूले नागाचा प्याखंको सबै स्टेपहरू सिकेको र अहिले छोरा, नाति तथा आफन्तहरूलाई सिकाउँदै आएको उहाँको भनाइ छ।

नागाचा प्याखंमा पछिमाय् बाजासँगै माय्लिँ बाजा पनि बजाइन्थ्यो। पछिल्लो समयमा माय्लिँ बाजा बजाउने कलाकारको अभाव हुन थालेपछि माय्लिँ बाजाको सट्टा आफैले बाँसुरी बाजा बजाएर नाचलाई निरन्तरता दिइरहनुभएको छ। उहाँ बाँसुरी बाजा बजाउन पनि सिपालु हुनुहुन्छ।

विष्णुभक्त कुसीले आफ्नै छोराहरूलाई नौबाजाको सीप हस्तान्तरण गर्दै हुनुहुन्छ। हरेक वर्ष सापारुको समयावधिमा नागाचा प्याखं प्रदर्शन गर्दै आउनु भएको छ।

सांस्कृतिक गुरु कुसीले हालसम्म ८ ओटा विभिन्न समूहलाई नौबाजाको प्रशिक्षण दिनुभएको छ। उहाँले बाँसुरी बाजाको पनि प्रशिक्षण दिनुभएको छ। विदेशी कलाकारहरूलाई समेत बाजा प्रशिक्षण दिएको उहाँ स्मरण गर्नुहुन्छ।

परम्परागत संस्कृतिको जगेर्नामा झन्डै सात दशक बिताउनुहुने र अहिले पनि निरन्तर सांस्कृतिक गतिविधिमा सक्रिय हुनुहुने कलाकार कुसी नयाँ पुस्ताले कला र संस्कृतिमा कममात्र चासो व्यक्त गरेकोमा चिन्ता व्यक्त गर्नुहुन्छ। तथापि भक्तपुर नगरपालिकाले परम्परागत संस्कृति जोगाउने अभियान थालेकोमा भने उहाँ खुशी हुनुहुन्छ।

## सांस्कृतिक गुरु मानबहादुर चोलेख्व

वडा नं. ९



भक्तपुर नगरपालिका वडा नं. ९ तचपाल मको गल्लीमा वि.सं. २०१० साल असार १५ गते एक साधारण किसान परिवारमा जन्मनुभएका सांस्कृतिक गुरु मानबहादुर चोलेख्व बाँसुरी बाजाका गुरु हुनुहुन्छ । उहाँका बुबा मोहनवीर चोलेख्व र आमा मसिनु चोलेख्व हुनुहुन्थ्यो ।

१९ वर्षको उमेरमा उहाँले गुरु नारायणदास सायजूबाट बाँसुरी बाजा बजाउन सिक्नुभएको थियो । त्यसपछि टोल र वडामा हुने विभिन्न चाडपर्व तथा विवाह, ब्रतबन्धलगायतका सांस्कृतिक गतिविधिहरूमा उहाँ बाँसुरी बजाउन निरन्तर लागिरहनु भयो । उहाँ संलग्न टोली विभिन्न स्थानमा आयोजना हुने सांस्कृतिक गतिविधि तथा प्रतियोगिताहरूमा सहभागी भई पुरस्कृत समेत भएको उहाँ बताउनु हुन्छ । घोर र टिप बाँसुरी दुवै बजाउन उहाँ सिपालु हुनुहुन्छ ।

यससँगै स्थानीय दत्तात्रय मन्दिर र अन्य टोलमा समेत उहाँ भजन कार्यमा हालसम्म पनि सक्रियतापूर्वक लागिरहनुभएको छ ।

सांस्कृतिक गुरु चोलेख्वले पहिलो पटक वि.सं. २०४८ सालमा गोल्मढी सितिखु गल्लीमा सहायक गुरु भई बाँसुरी बाजाको प्रशिक्षण दिनुभएको स्मरण गर्नुहुन्छ । उहाँले नगाँचामा ३ पटक, याताछेँमा २ पटक, गछेँ, जेलाँ, याछेँ र गोल्मढी मानन्धर परिवारलाई पनि एक एक पटक बाँसुरी बाजाको प्रशिक्षण दिनुभयो ।

बाँसुरी बाजा एक्लै नभई समूहमा बजाइने हुँदा यसले सामूहिक भावनाको विकास गर्ने उहाँको अभिमत छ । एउटा बाजा समूहमा कम्तिमा १५ जना सहभागी हुँदा राम्रो देखिने, सबैले एकैथरिको पोशाक लगाउँदा नेवारी परिचय प्रस्तुत हुने भएकोले बाँसुरी बाजा दर्शकको रोजाइमा पर्न सफल भएको र नयाँ पुस्ता बाँसुरी बाजामा आकर्षित भएको उहाँको बुझाइ छ । यो नरम खालको बाजा हो । बासुरी सँगसँगै मादल पनि आवश्यक भएको हुँदा मादल र बाँसुरी बाजाको प्रशिक्षण सँगसँगै दिनुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।

## सांस्कृतिक गुरु हरिभक्त मगजु

वडा नं. १०



सांस्कृतिक गुरु हरिभक्त मगजुको जन्म भक्तपुर नगरपालिका वडा नं. १० (साविक वडा नं. ४) नगांचामा वि.सं. २०१३ असार १५ गते भएको हो । उहाँको बुबाको नाम मोहनविर मगजु र आमाको नाम हरिमाया मगजु हो ।

नगांचावासी स्थानीय सहकर्मीहरूबीच सानै उमेरदेखि लुसी प्याखं र भालु प्याखं कलाकार भई सापारुको समयमा नगरका टोलटोलमा प्रस्तुति दिनुहुने मगजु परम्परागत सांस्कृतिक विधामार्फत पनि समाज परिवर्तनका विषयमा जनचेतना जगाउन सकिने कुरामा विश्वस्त हुनुहुन्छ । उहाँ बाँसुरी बाजा र भजन किर्तनमा पनि उत्तिकै सक्रिय हुनुहुन्छ ।

उहाँले मिति २०५४ सालदेखि हालसम्म लुसिप्याखं ५ पटक, भालु प्याखं ५ पटक र भजन १ पटक सिकाउनुभयो ।

## सांस्कृतिक गुरु शिवभक्त बनमाला

वडा नं. १०



भक्तपुरको ऐतिहासिक नवदुर्गा नाचलाई जीवन्त बनाउन महत्त्वपूर्ण योगदान गर्नुहुने थुप्रै सांस्कृतिक अग्रजहरूमध्ये एक हुनुहुन्छ सांस्कृतिक कर्मी शिवभक्त बनमाला । उहाँको जन्म भक्तपुर नगरपालिका वडा नं. १० (साविक वडा नं. ४)क्वाठण्डौमा वि.सं. २०२२ फागुन १५ गते भएको हो । उहाँको बुवा सेलबहादुर बनमाला र आमा सन्तकुमारी बनमाला हुनुहुन्थ्यो ।

नवदुर्गा नाच बनमाला जातिबीच नाचिने परम्परागत नाच भए पनि यो परम्परामा भक्तपुरका अन्य विभिन्न जात र समुदायले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालकै सबैभन्दा लामो समयसम्म प्रदर्शन गरिने नवदुर्गा नाचमा साना उमेरदेखि ज्येष्ठ नागरिकहरूसम्मको सक्रिय संलग्नता हुन्छ ।

शिवभक्त बनमालासँग धेरैपटक विभिन्न देवीको भूमिकामा नाच्नुभएको लामो अनुभव छ । यससँगै विभिन्न समयमा नवदुर्गाको खिं बाजा र तं पनि बजाउनु भयो ।

उहाँ पछिल्लो समयमा खिं बाजा, भैरव प्याखं र बाराही प्याखं, महाकाली प्याखं, गणेश प्याखं, कुमारी प्याखं, भद्रकाली प्याखं, तंबाजा, माहेश्वरी प्याखं, ब्रम्हायणी प्याखंका प्रखर गुरु हुनुहुन्छ । उहाँले २०६५ सालदेखि हालसम्म खिं बाजा ४ पटक, भैरव प्याखं ४ पटक र बाराही प्याखं १ पटक, महाकाली प्याखं २ पटक, गणेश प्याखं ३ पटक, कुमारी प्याखं १ पटक, भद्रकाली प्याखं ३ पटक, तंबाजा १ पटक, माहेश्वरी प्याखं ३ पटक र ब्रम्हायणी प्याखं ३ पटक सिकाउनुभयो ।

# भक्तपुर नपाद्वारा ९८ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान




भक्तपुर नगरपालिकाले शैक्षिक सत्र २०७८/७९ मा कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्नको लागि छनोट भएका ९८ जना विद्यार्थीहरूलाई असोज १४ गते एक कार्यक्रमबीच छात्रवृत्ति प्रदान गरेको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् छात्रवृत्ति छनौट समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाभित्र कक्षा ११ र १२ सञ्चालित माध्यमिक विद्यालयहरूलाई संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ अनुसारशैक्षिक सत्र २०७८/७९ मा छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई एक समारोहबीच छात्रवृत्ति छनोट सिफारिस पत्र प्रदान गर्नुभयो ।




कार्यक्रममा प्रमुख प्रजापतिले विद्यार्थीको आचरण, व्यवहार र संस्कारले सभ्य समाज निर्माणमा टेवा पुग्ने बताउनुहुँदै विद्यार्थीहरूमा देश र समाजको निम्ति काम गर्ने भावना हुनुपर्ने बताउनुभयो ।

अरूको देखासिकी र प्रशंसामा रमाउने विद्यार्थीहरूले कहिल्यै प्रगति गर्न नसक्ने बताउनुहुँदै प्रमुख प्रजापतिले शारीरिक र मानसिक रूपमा स्वस्थ व्यक्तिले समाज र देश परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्ने बताउनुभयो ।

भक्तपुर नपाले गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि सहुलियत दरमा शैक्षिक ऋण प्रदान गर्नुका साथै इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, भाषालगायतका विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको उहाँले बताउनुभयो । उहाँले विद्यार्थीलाई सहज रूपमा अध्ययन गर्ने वातावरण सिर्जना गर्न नपाले सातओटा कलेज सञ्चालन गरिरहेको र जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष एवम् छात्रवृत्ति छनौट समितिका सदस्य उकेश कवांले विद्यार्थीहरूले आफ्नो लक्ष्य र उद्देश्य पूरा गर्न मिहिनैतका साथ अध्ययनमा जोड दिनुपर्छ भन्नुभयो । उहाँले भक्तपुरको शैक्षिक विकासमा नपाबाट सञ्चालित कलेजहरूको विशेष योगदान रहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र र शैक्षिक गन्तव्यस्थल बनाउने उद्देश्यमा विद्यार्थीहरूले आफ्नोतर्फबाट भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुभयो ।




ख्वप माविका प्रअ प्रकाशकुमार धौबजी श्रेष्ठले छात्रवृत्ति पाएका विद्यार्थीहरूले सार्थकताका साथ अध्ययनमा जोडदिँदै सामुदायिक भावना उत्प्रेरित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् छात्रवृत्ति छनौट समितिका सदस्य रबिन्द्र ज्याख्व र नगर शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो ।



भक्तपुर नगरपालिका क्षेत्रभित्र सञ्चालित कलेजहरू ख्वप मावि, वागीश्वरी मावि, बासु मावि, श्री पद्म मावि, आदर्शआजाद मावि, शारदा मावि र शारदा क्याम्पसमा कक्षा ११ मा अध्ययनरत विज्ञान विषयका ३५ जना, व्यवस्थापन विषयका ४८ जना, कानुन विषयका ४ जना, शिक्षा विषयका ६ जना र मानविकी विषयका ५ जना गरी ९८ जना विद्यार्थीहरूलाई भक्तपुर नगरपालिकाले छात्रवृत्ति प्रदान गरेको हो ।

# रिकिशि विधिबाट कम्पोष्ट मल बनाउने तालिम



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रिकिशि विधिद्वारा कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउनेसम्बन्धी दशदिने तालिमको भदौ २३ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको तालिममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले नगरको फोहोरमैला व्यवस्थापन परम्परागत प्रविधिलाई नयाँ प्रविधिमार्फत रूपान्तरण गर्ने प्रयासमा रहेको बताउनुहुँदै सिङ्गो भक्तपुरलाई सफा र स्वस्थ नगर बनाउन रिकिशि विधि उपयोगी हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

नगरको फोहोर व्यवस्थापनमा दैनिक १ सय ५० भन्दा बढी सफाइ मजदुरहरू क्रियाशील रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरलाई अझ सुन्दर बनाउन, कृषि उत्पादन वृद्धि गर्न र आर्थिक उपार्जन गर्न यस विधि उपयोगी हुनेछ भन्नुभयो ।



उहाँले नगरको फोहोर व्यवस्थापनकै क्रममा कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गर्दै आएकोमा हाल आधुनिक प्रविधिको प्रयोग गरी कुहिने वस्तुहरूलाई गन्ध नआउने गरी कम्पोष्ट मल बनाई सस्तोमा किसानहरूलाई बिक्री वितरण गरी आय आर्जन गर्ने स्रोतको रूपमा विकास गरिने लक्ष्य नगरपालिकाको रहेको बताउनुभयो ।

भक्तपुर कृषि प्रधान र कृषकहरूको बाहुल्यता भएको जिल्लाको रूपमा परिचित भएको बताउनुहुँदै उहाँले कुहिने फोहोरलाई मलको रूपमा परिणत गर्दा यहाँका किसानहरू लाभान्वित हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण समितिका संयोजक रबिन्द्र ज्याख्वले फोहोर व्यवस्थापनबारे तालिम सञ्चालन गर्नुको उद्देश्यमाथि प्रष्ट गर्नुहुँदै भक्तपुर नपाले वैज्ञानिक ढङ्गले कुहिने फोहोरलाई गन्धरहित किसिमले व्यवस्थापन गर्न विभिन्न ठाउँहरूको अध्ययन अवलोकनपश्चात रिकिशि विधि अपनाउने प्रयासमा रहेको बताउनुभयो । भक्तपुर नपाले आफ्नै स्रोत साधन र कर्मचारीहरूबाट नगरको फोहोर व्यवस्थापन गर्दै आइरहेको छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा रिकिशि कम्पोष्ट प्लान्टका प्राविधिक सल्लाहकार किमुरा गोरोले भक्तपुरलाई विश्व जगतमा सफा, सुन्दर र व्यवस्थित नगरको रूपमा परिचित गर्न फोहोरमैला व्यवस्थापनको उचित विधि अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले फोहोर व्यवस्थापनको प्रविधि वातावरणमैत्री हुनुपर्नेमा जोड दिनुहुँदै यस प्रविधिको प्रयोगबाट भक्तपुर अझ सफा नगरको रूपमा परिचित हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

रिकिशि कम्पोष्ट प्लान्टका दीक्षा श्रेष्ठले रिकिशि कम्पोष्ट विधिबारे सङ्क्षिप्त जानकारी दिनुहुँदै पुरानो प्रविधिबाट वैज्ञानिक ढङ्गले फोहोरमैला व्यवस्थापन गर्नु नै यस विधिको विशेषता भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ८ का वडाध्यक्ष एवम् वातावरण समितिका सदस्य महेन्द्र खायमली र भक्तपुर नपा श्यानिटेशन उपशाखाका प्रमुख दिलिपकुमार सुवालले पनि आ–आफ्नो धारणा राख्नुभएको थियो ।

तालिममा भक्तपुर नपाको फोहोरमैला व्यवस्थापनमा कार्यरत ३० जनाभन्दा बढी कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाको आयोजना तथा रिकिशि कम्पोष्ट प्रा.लि. को प्राविधिक सहयोगमा २०७८ भदौ २४ गतेदेखि असोज १ गतेसम्म भक्तपुर नगरपालिकाका कर्मचारीहरूलाई रिकिशि विधिद्वारा कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउनेसम्बन्धी दशदिने तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम असोज ७ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले यसप्रकारका तालिमले नेपाल र जापानबीचको सम्बन्ध सुमधुर हुने विश्वास व्यक्त गर्नुभयो ।

तालिमबाट प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रूपमा सफल कार्यान्वयनमा जोड दिनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले नयाँ नयाँ प्रविधिबारे खोज तथा अनुसन्धान गरिरहेको बताउनुभयो ।

उहाँले दम खोकीका बिरामीहरूलाई सेवा प्रदान गर्ने उद्देश्यले जापान सरकारसँग सहकार्य गरी भक्तपुरको च्याम्हासिंहमा श्वासप्रश्वास पुन:स्थापना केन्द्र सञ्चालनमा ल्याएको अवगत गराउनुभयो ।

भक्तपुर नपाले यहाँका सम्पदा पुन:निर्माण तथा विकास निर्माणका गतिविधिहरूमा विदेशी सहयोगलाई भन्दा स्थानीय जनताको सीप, सहयोग र साथलाई प्राथमिकतामा राखेको बताउनुहुँदै फोहोरबाट उत्पादित मल किसानहरूलाई वितरण गरी प्रत्यक्ष लाभ पुऱ्याउने उद्देश्य रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण तथा पर्यटन समितिका संयोजक रबिन्द्र ज्याख्वले भक्तपुरको फोहोरमैला व्यवस्थापनमा थप वैज्ञानिक र आधुनिक विधि अपनाउन रिकिशि तालिम सञ्चालनमा ल्याएको बताउनुभयो ।

उहाँले कुहिने फोहोरका कारण सहर दुर्गन्धित हुने भएकोले नगरपालिकाले कुहिने फोहोर व्यवस्थापन गर्दै मल बनाउने तालिमलाई थप विस्तार गर्दै लाने बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले रिकिशि प्रविधिको उचित प्रयोगबाट फोहोर व्यवस्थापन सहज हुने बताउनुहुँदै प्रविधिबाट बढीभन्दा बढी लाभ हासिल गर्नुपर्ने धारणा राख्नुभयो ।

रिकिशि कम्पोष्ट आयोजनाका प्रबन्ध निर्देशक उषा गिरीले भक्तपुर नपासँग सहकार्य गरी काम गर्ने अवसर प्राप्त भएकोमा खुशी व्यक्त गर्नुहुँदै भक्तपुर नपाले फोहोर व्यवस्थापनमा गर्दै आएको काम निकै सराहनीय भएको बताउनुभयो ।

प्रमाणपत्र वितरण कार्यक्रममा कार्यपालिका सदस्य एवम् वातावरण तथा पर्यटन समितिका सदस्यद्वय सुनिता अवाल र सरिना द्योलाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रशिक्षकको तर्फबाट सुरोज श्रेष्ठ, प्रशिक्षार्थीको तर्फबाट रमेश त्वी त्वी र रमिता तमखूले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा प्रयोग गर्दै लाने र तालिमको उपादेयताबारे जानकारी दिनुभयो ।

सोही अवसरमा प्रमुख प्रजापतिले 'जापानिज सी.एन.बी.एम. प्रविधिबाट प्राङ्गारिक मल' बनाउने तालिमका सहभागी प्रशिक्षार्थी र रिकिशि संस्थालाई प्रमाण वितरण गर्नुभएको थियो ।

# विद्यालय सञ्चालनबारे विचारविमर्श

## अभिभावक–विद्यार्थीबीच छलफल

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको अध्यक्षतामा कोभिड १९ का कारण लामो समयदेखि बन्द रहेका विद्यालय सञ्चालन गर्ने विषयमा असोज ४ गते अभिभावक तथा विद्यार्थीहरूका प्रतिनिधिबीच छलफल कार्यक्रम सम्पन्न भयो ।



छलफलमा उपप्रमुख जोशीले 'विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७' मा विद्यालय खोल्ने र बन्द गर्ने निर्णय स्थानीय सरकारलाई दिइएको बताउनुहुँदै सङ्क्रमणको जोखिम अध्ययन गर्दै नगरका विद्यालयहरू सञ्चालन गर्न शिक्षा एवम् स्वास्थ्यविद्हरूसँग छलफल कार्यक्रमहरूलाई अगाडि बढाइने बताउनुभयो ।

उहाँले नगरभित्र कोभिड सङ्क्रमितको सङ्ख्या क्रमशः कम हुँदै गएको तथ्याङ्क रहेको बताउनुहुँदै विभिन्न सरोकारवालाहरूसँगको छलफलपश्चात् सुरक्षित र व्यवस्थित ढङ्गले विद्यालय सञ्चालन गर्दै लगिने बताउनुभयो ।

उपप्रमुख जोशीले विद्यालय सञ्चालन गर्नुपूर्व जनप्रतिनिधिसहितको अनुगमन टोलीलाई क्रियाशील बनाइने, सम्पूर्ण विज्ञ, अभिभावक सङ्घ, विद्यार्थी सङ्घबाट प्राप्त सुझावलाई मध्यनजर गर्दै सुरक्षित ढङ्गले स्वास्थ्य मापदण्ड अपनाई विद्यालय सञ्चालन गरिने र १८ वर्षमुनिका विद्यार्थीहरूलाई खोप उपलब्ध गराउन नगरपालिकाले आवश्यक पहल गरिने जानकारी गराउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुरमा कोभिड सङ्क्रमणको जोखिम घट्दै गइरहेको अवस्थामा नगरपालिकाले सुरक्षित ढङ्गले विद्यालय सञ्चालन गर्ने तयारीलाई तीव्रता दिइरहेको बताउनुभयो ।

अभिभावक सङ्घ भक्तपुरका अध्यक्ष रामकृष्ण प्रजापतिले लामो समयसम्म शैक्षिक संस्थाहरू बन्द रहँदा विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा कमी आएको र अभिभावकलाई आर्थिक भार परेको बताउनुहुँदै विद्यालय सञ्चालनमा ढिलाइ गर्न नहुने र विद्यार्थीलाई खोप सुनिश्चितताको लागि नगरपालिकाले पहल गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेक्राविसङ्घका संयोजक प्रकाश गुरुङले स-साना र कम विद्यार्थी भएका विद्यालयले भौतिक रूपमा तथा अन्यको हकमा आलोपालो गरी कक्षा सञ्चालन गर्नुपर्ने, कक्षा सञ्चालन नहुँदा प्रयोगात्मक कक्षाहरूमा बाधा पुगिरहेको र विद्यार्थीहरूको स्वास्थ्य बीमा र स्वास्थ्य उपचारमा नगरपालिकाले ध्यान दिनुपर्ने धारणा राख्नुभयो ।

छलफलमा अभिभावकका प्रतिनिधिहरूले स्वीकृतिबिना भौतिक रूपमा कक्षा सञ्चालन गरेका विद्यालयको अनुगमन प्रभावकारी रूपमा गर्नुपर्ने, स-साना कक्षाहरूमा अनलाइन कक्षा प्रभावकारी नभएको हुँदा भौतिक रूपमै विद्यालय सञ्चालन गर्नुपर्नेलगायतका धारणा राख्नुभयो ।

छलफलमा विद्यार्थीका प्रतिनिधिहरूले अनलाइन र भौतिक दुवै विधिलाई प्राथमिकतामा राख्दै विद्यालय सञ्चालन गर्नुपर्ने, कलेजमै गएर प्रयोगात्मक कक्षा लिन पाउने व्यवस्था गर्नुपर्ने, विद्यार्थीहरूलाई मनोपरामर्श सेवामा जोड दिनुपर्ने, १८ वर्षमुनिका विद्यार्थीहरूको लागि खोपको सुनिश्चितताको लागि पहल गर्नुपर्नेलगायतका विचारहरू व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नगर शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्यले विद्यालय सञ्चालनबारे नगरपालिकाले गरिरहेको तयारीबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

# शिक्षासेवी तथा स्वास्थ्यकर्मीहरूसँग परामर्श



भक्तपुर नगरपालिकाले कोभिड १९ का कारण लामो समयदेखि बन्द रहेका विद्यालयहरू सञ्चालन गर्ने विषयमा शिक्षाविद् तथा स्वास्थ्यविद्हरूबीच असोज ५ गते छलफल तथा परामर्श गऱ्यो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सुरक्षित र व्यवस्थित ढङ्गले विद्यालय सञ्चालन गर्ने विषयमा उहाँहरूसँग छलफल तथा परामर्श गर्नुभयो ।

छलफलमा उपप्रमुख जोशीले विद्यालय सञ्चालन गर्न विभिन्न सरोकारवालाहरूसँग चरणबद्ध रूपमा छलफल गरी रचनात्मक सुझावहरू प्राप्त भएको बताउनुहुँदै प्राप्त सुझावअनुरूप सुरक्षित ढङ्गले स्वास्थ्य मापदण्ड अपनाई विद्यालय सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो ।

उहाँले कोभिड १९ बाट विद्यार्थीहरूलाई कसरी सुरक्षित गर्ने विषयमा आफूहरू संवेदनशील भएको बताउनुहुँदै विद्यालय, अभिभावक र विद्यार्थीहरूले विद्यालय सञ्चालन गर्नुपर्ने मागहरू राख्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले छलफलबाट सकारात्मक सुझावहरू प्राप्त भएको

बताउनुहुँदै कोभिड सङ्क्रमण घट्दो क्रममा रहेको अवस्थामा विद्यालय सञ्चालन गर्ने विषयमा नगरपालिका सकारात्मक रहेको बताउनुभयो ।

जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख कृष्ण मिजारले भक्तपुरमा कोभिड १९ सङ्क्रमण घट्दो क्रममा रहेको बताउनुहुँदै विद्यालय सञ्चालन कार्यविधिअनुरूप कक्षाहरू सञ्चालन गर्नुपर्ने, विद्यार्थीहरूमा कुनै स्वास्थ्य समस्या देखिए स्थानीय तहका स्वास्थ्य संस्थासँग सहजीकरण गर्न सकिने विचार राख्नुभयो ।

ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले विद्यालयहरूले स्वास्थ्यसम्बन्धी सम्पर्क व्यक्ति तोकेर भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा शिक्षासेवीहरू विनोदचरण राय, लक्ष्मीभक्त बासुकला, योगेन्द्रमान बिजुक्छेँ, ज्ञानसागर प्रजापति, सुशिला कर्माचार्य, गीता केसी, बालमुकुन्द बासुकला, अम्बिकामान मानन्धर, सिद्धिरत्न शाक्य, उद्धव सुजखु र गौतमप्रसाद लासिवाले विद्यालय अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने, विद्यालयले विद्यार्थी र परिवारका सदस्यको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुपर्ने, भौतिक रूपमा कक्षा सञ्चालन गर्न अभिभावकको ठूलो दबाब भएको हुँदा शैक्षिक गुणस्तर कायम गर्न भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्नुपर्ने, एक विद्यालय एक नर्सअन्तर्गतका स्वास्थ्यकर्मीहरूलाई विद्यालयमा नियमित रूपमा अनुगमन र परिचालन गराउनुपर्ने, तल्लो कक्षाका विद्यार्थीहरूको लागि अनलाइन कक्षा प्रभावकारी नभएको, विद्यालय व्यवस्थापन समितिलाई क्रियाशील बनाउनुपर्नेलगायतका धारणाहरू राख्नुभएको थियो ।

कार्यक्रममा नगर शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्यले स्मार्ट लकडाउन कार्यविधि, विद्यालय सञ्चालन कार्यविधिबारे प्रष्ट पार्नुहुँदै विद्यालय सञ्चालन गर्नुपूर्व विद्यालयहरूले शिक्षक-कर्मचारीहरूको खोपको सुनिश्चितता गर्नुपर्ने बताउनुभयो ।

## भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्ने निर्णय

भक्तपुर नगरपालिकाले शैक्षिक संस्थाहरूमा असोज १० बाट सञ्चालन हुने २०७८ सालको परीक्षा भौतिक उपस्थितिमा सञ्चालन गर्ने निर्णय गरेको छ । शैक्षिक क्यालेण्डरअनुसार विद्यालयहरूको परीक्षा यही असोज १० गतेबाट हुने भएकोले विद्यालयहरूलाई स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई 'विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा-२०७७' अनुसार नगरभित्रका सबै शैक्षिक संस्थाहरूमा भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न दिने निर्णय गरेको हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असोज ९ गते बसेको नगर शिक्षा समितिको बैठकले शैक्षिक संस्था सञ्चालनसम्बन्धी मापदण्डसमेत तयार गरी सबै शैक्षिक संस्थाहरूमा परिपत्र गरेको छ । बैठकले मापदण्ड बमोजिम भए नभएको अनुगमन गर्ने पनि निर्णय गरेको छ ।

कोभिड-१९ को सङ्क्रमणका कारण उत्पन्न वर्तमान परिस्थितिमा शैक्षिक संस्था सञ्चालन गर्दा कक्षा कोठाको क्षमताका आधारमा भौतिक दूरी कायम हुने गरी विद्यार्थीहरूको बसाइ व्यवस्थापन गर्ने, विद्यालयमा विद्यार्थीहरूको सम्पर्कमा रहने शिक्षक, कर्मचारी, चालक, सहचालकलगायत सबैले खोप लगाएको सुनिश्चित गर्ने र खोप लगाउन बाँकी भए नजिकैको स्वास्थ्य संस्थामा गई खोप लगाउने व्यवस्था गर्नुपर्ने निर्देशन पनि सबै विद्यालयहरूमा पठाएको छ ।

विद्यालय सञ्चालनपूर्व विद्यालय परिसर र कक्षाकोठाको पूर्ण सरसफाइ र निर्मलीकरणको सुनिश्चितता गर्ने, विद्यालयको भौतिक अवस्था, विद्यार्थी सङ्ख्या र उपलब्ध जनशक्तिका आधारमा एकै सिफ्ट वा फरक फरक सिफ्टमा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने र विद्यालयको गेटमा र कक्षा कोठा बाहिर सेनिटाइजर वा साबुन पानीको प्रबन्ध गरी बेलाबेलामा हात सेनिटाइज गर्ने वा धुने व्यवस्था मिलाउने, विद्यालयको प्रवेशद्वार, कक्षाकोठा र शौचालयको प्रयोग गर्दा विद्यार्थीहरू लाइनमा पालैपालो दूरी कायम गरी निस्कने र पस्ने प्रबन्ध मिलाउने र सबै जनाले अनिवार्य रूपमा मास्क लगाउनुपर्ने नगर शिक्षा शाखाले जनाएको छ ।

नगर शिक्षा शाखाले मापदण्डमा नगर शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र सम्बन्धित वडाबाट समयसमयमा अनुगमन र समन्वय गर्ने व्यवस्था मिलाउने, स्कुल बसमा सिट क्षमताभन्दा बढी विद्यार्थी नराख्ने, विद्यालयमा एक जना शिक्षक वा कर्मचारीलाई कोभिड फोकल पर्सन तोक्ने, विद्यालयमा स्वास्थ्य हेल्प डेस्क राख्ने र अचानक कुनै नयाँ परिस्थिति आइपरेमा नगर शिक्षा शाखामा खबर गरी प्राप्त निर्देशनअनुसार गर्ने व्यवस्था गरेको छ ।

कोभिडको सङ्क्रमण बढेसँगै भक्तपुरका सबै विद्यालय र शैक्षिक संस्थाहरूको कक्षा अनलाइनमार्फत सञ्चालन हुँदै आएकोमा कोभिड सङ्क्रमणको दर कम भएसँगै अविभावकहरू र शिक्षकहरूसमेतले भौतिक उपस्थितिमा कक्षा सञ्चालनको माग गर्दै आएका थिए । विद्यालय भौतिक उपस्थितिमा सञ्चालन गर्ने सम्बन्धमा यस अघि नै नगरपालिकाले शिक्षक सङ्घ, अविभावक सङ्घ, विद्यार्थी सङ्घका पदाधिकारीहरू र सरोकारवालाहरूसँग विद्यालय सञ्चालन सम्बन्धी राय, सल्लाह र सुझाव लिइसकेको थियो ।

# अनलाइन डाटा इन्ट्रीबारे अभिमुखीकरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले योग्य र क्षमतावान कर्मचारीले संस्थाको स्तरवृद्धिमा सकारात्मक टेवा पुऱ्याउने बताउनुभयो ।

उक्त विचार उहाँले भक्तपुर नगरपालिकाको आयोजनामा नगरपालिकामा कार्यरत कर्मचारीहरूको लागि सामाजिक सुरक्षा भत्ता तथा पञ्जीकरणबारे अनलाइन डाटा इन्ट्रीबारे भदौ २४ गते भएको अभिमुखीकरण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

व्यक्तिगत घटना दर्ताका लागि आउने सेवाग्राहीलाई छिटो र छरितो तरिकाले अनलाइन प्रणालीमा घटना दर्ता व्यवस्थित गर्न अभिमुखीकरण कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै प्रमुख प्रजापतिले सामाजिक सुरक्षा भत्ता वितरण सरकारले समाजवादी व्यवस्थाअनुरूप जनताको सुविधाको लागि ल्याएको व्यवस्थाको रूपमा रहेको बताउनुभयो ।

उहाँले कर्मचारीहरू २१ औँ शताब्दीको लागि योग्य नागरिकको रूपमा परिचित हुनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले समाजको आवश्यकताअनुरूप जनताले स्वीकार गर्ने किसिमका ऐन, कानुनहरू निर्माणमा जोड दिइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले वडागत रूपमा सेवा प्रवाह गर्दा आइपर्ने समस्या समाधान गर्न तालिमको खाँचो रहेको औँल्याउनुहुँदै कर्मचारीहरू प्रविधिमैत्री हुनुका साथै पठन संस्कृतिको विकास गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका कार्यपालिका सदस्य रोशनमैया सुवालले पनि बोल्नुभएको उक्त कार्यक्रममा सहजकर्ता जौबन कोजुले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

# राष्ट्रिय बाल दिवसमा प्रवचन

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले बालबालिकाको हक, हित संरक्षण र संवर्द्धन गर्नका लागि तीनै तहका सरकार, अभिभावक, विद्यालय र समग्र समाजको भूमिका अपरिहार्य भएको बताउनुभयो ।



राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा भदौ २९ गते भएको प्रवचन कार्यक्रममा उहाँले कोभिड महामारीका कारण लामो समयदेखि बन्द शैक्षिक संस्थाहरू सुरक्षित ढङ्गले भौतिक रूपमा सञ्चालन गर्ने तयारीमा जुटिरहेको बताउनुभयो ।

आधुनिकता सँगसँगै मौलिकतालाई पनि जोगाउँदै लानुपर्छ भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गर्दै आइरहेको अवगत गराउनुहुँदै उहाँले सामुदायिक विद्यालयको स्तरोन्नति र स्तर वृद्धिमा नगरपालिकाले विशेष ध्यान दिइरहेको छ भन्नुभयो ।



उपप्रमुख जोशीले सामाजिक गतिविधिहरूमा बालबालिकाहरूको सक्रिय भूमिकाको आवश्यकता औँल्याउनुहुँदै सांस्कृतिक नगर भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले कोभिड महामारीबीच

जनताको सहयोगमा ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माण गरी नगरवासीहरूलाई निःशुल्क वितरण पनि गर्दै आइरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नयाँ नयाँ प्रविधिको प्रयोगले बालबालिकाहरूमा नकारात्मक असर परेकोतर्फ सचेत गराउनुहुँदै प्रविधिको सही उपयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका डाक्टर बालकृष्ण चाँगुभारीले कोभिडको परिचय, लक्षण र कोभिडबाट बच्ने उपायहरूबारे अवगत गराउनुहुँदै कोभिड सङ्क्रमितहरूको पहिचानको लागि ख्वप अस्पतालले शनिबारबाहेक प्रत्येक दिन १ देखि २ बजेसम्म निःशुल्क अन्टिजेन परीक्षणलाई चालु राखेको बताउनुभयो ।



भक्तपुर नपाका कार्यपालिका सदस्य छोरीमैयाँ सुजखुको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सिद्धि शारदा आधारभूत विद्यालयका प्रअ धनेशराज राजोपाध्याय, वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छा र भक्तपुर नपाका शाखा अधिकृत दिपेन्द्र प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा ९ वडाका विभिन्न विद्यालयका विद्यार्थीहरू प्रकाश रोक्का, निपुन प्रजापति, लोकेश रन्जित, सन्जिला प्रजापति, आस्था गोमान्जु र निश्चल छुकांले बाल दिवस र कोभिड शीर्षकमा कविता वाचन गर्नुभएको थियो । साथै सोही अवसरमा वागीश्वरी माविको आयोजनामा भएको विभिन्न प्रतियोगिताका विजयीहरूलाई प्रमुख अतिथि जोशीले पुरस्कार वितरण गर्नुभएको थियो ।

## जनप्रतिनिधिसँग बालबालिका

राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा कोभिड १९ सङ्क्रमणले बालबालिकामा परेको प्रभाव विषयमा जनप्रतिनिधिसँग बालबालिका कार्यक्रम भदौ ३१ गते भयो ।




कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नगरपालिकाले नगरका सबै वडाहरूमा रचनात्मक कार्यक्रमहरू आयोजना गर्दै आइरहेको बताउनुभयो ।

उहाँले शिक्षा, स्वास्थ्य, पौष्टिक आहार, अनुकूल वातावरण आदि बालबालिकाहरूको नैसर्गिक अधिकार भएको बताउनुहुँदै बालबालिकाहरूलाई बाल अधिकारबारे समयमै सजग र सचेत बनाउँदै लानु आवश्यक भएको बताउनुभयो ।

बालबालिकाहरूलाई स्थानीय भाषामा पोख्त बनाउनुपर्नेमा जोड दिनुहुँदै उपप्रमुख जोशीले भक्तपुर नगरपालिका देशकै सानो नगरपालिका भए पनि शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा अग्रणी रहेको बताउनुभयो ।

शिक्षा घोकन्ते विद्या होइन भन्नुहुँदै उहाँले विद्यार्थीहरूलाई अनुशासित, इमानदार र स्वाबलम्बी हुन सिकाउनुपर्छ भन्नुभयो । भक्तपुर नगरपालिकाले गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि छात्रवृत्ति, शैक्षिक ऋणलगायतका सुविधाहरू प्रदान गर्दै आइरहेको अवगत गराउनुहुँदै उहाँले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राख्दै सुविधायुक्त ख्वप अस्पताल सञ्चालनमा ल्याएको बताउनुभयो ।



भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले शिक्षालाई उच्च प्राथमिकतामा राखी ६ ओटा शिशुस्याहार, ७ ओटा शैक्षिक संस्था सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै विभिन्न खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापलाई पनि निरन्तरता दिँदै जाने बताउनुभयो ।



कार्यक्रममा उपस्थित विभिन्न विद्यालयबाट प्रतिनिधित्व गरेका विद्यार्थीहरूले कोभिड १९ बाट आफूहरूलाई परेका समस्या, कोभिड नियन्त्रणमा भक्तपुर नपाको भूमिका र भौतिक उपस्थितिमा विद्यालय सञ्चालन विषयमा आफ्नो जिज्ञासाहरू राख्नुभएको थियो ।



उक्त कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवाल र कृष्णगोपाल चौगुठीले पनि बोल्नुभएको थियो ।

## ७ वडामा प्रवचन

राष्ट्रिय बाल दिवसको अवसरमा भक्तपुर नपा ७ नं. वडा कार्यालयको आयोजनामा कोभिड १९ को बालबालिकामा प्रभावबारे प्रवचन कार्यक्रम भयो ।

भक्तपुर नपाका उप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा वडागत विद्यालयहरूबीच गरिएको खेलकुद प्रतियोगिताका विजयीहरूलाई पुरस्कार पनि वितरण गरिएको थियो ।




कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुर नपाले नगरको सन्तुलित विकासमा जोड दिइरहेको बताउनुहुँदै स्वास्थ्य चेतनालाई प्राथमिकतामा राखेर जनस्वास्थ्य सेवा केन्द्रलाई ख्वप अस्पतालमा विकास गरेको र वडा वडामा स्वास्थ्य चौकी निर्माण गरी नगरवासीलाई अक्सीजन निःशुल्क वितरण गर्दै आएको बताउनुभयो ।




उहाँले शिक्षाको कमीले बालविवाह हुने र समुदायमा त्यसको नकारात्मक असर पर्ने बताउनुहुँदै शिक्षा र स्वास्थ्य सेवाबाट बालबालिका वञ्चित गराउन नहुने र विद्यालय, अभिभावक र सरोकारवालाहरूसँग रायसुझाव लिई नगरमा भौतिक उपस्थितिमा विद्यालय सञ्चालनमा ल्याइएको हो भन्नुभयो ।

कार्यक्रमका सभापतिको आशनबाट ७ नं. का वडाध्यक्ष उकेश कवांले कोभिड १९ को कारण बालबालिकाको शिक्षामा परेको क्षतिको पूर्ति गर्न शिक्षक-शिक्षिका, व्यवस्थापन समिति, अभिभावक सबैको थप मिहिनेतको आवश्यकता छ भन्नुभयो ।

उहाँले एमसीसी सम्झौता पारित भएमा नेपाल युद्धको जोखिमा पर्ने र बालबालिकामा सबभन्दा धेरै असर पर्ने भएकोले त्यस सम्झौता खारेज गराउन सबैको पहल अपेक्षित रहेको




बताउनुभयो ।

उक्त कार्यक्रममा वडा सदस्य हेरा ख्याजु, वाइजलान्ड स्कुलका प्रिन्सिपल आशाकुमार चिकंबञ्जारले पनि बोल्नुभएको थियो भने शिशुस्याहार केन्द्रबाट बालगीतहरू प्रस्तुत गरिएको थियो ।

## प्रजिअ शर्मालाई स्वागत




भक्तपुर नगरपालिकाले भक्तपुरमा सरुवा भई आउनुभएका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मासँगको परिचयात्मक कार्यक्रम असोज १० गते आयोजना गऱ्यो । सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रजिअ शर्मालाई पुष्पगुच्छा र खादा ओढाई नगरपालिकामा स्वागत गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले आत्मनिर्भरतालाई जोडदिँदै सम्पदा पुनःनिर्माणमा विदेशीको सहयोगलाई भन्दा जनताको साथ, सहयोग र अपनत्वलाई प्राथमिकतामा राखी सम्पदाहरूलाई शानका साथ ठड्याएको बताउनुभयो ।

२०७२ सालको भूकम्प र कोभिड महामारीले भक्तपुर नगरको स्वरूप र अर्थतन्त्रमा नराम्रो क्षति पुगेको बताउनुहुँदै उहाँले विपद् न्युनीकरणको लागि भक्तपुर नगरपालिकाले नेपाली सेनासँग समन्वय गर्दै विभिन्न तालिमहरू आयोजना गरिसकेको अवगत गराउनुभयो ।

नजिकिँदै गरेको बडादशैं र तिहारलगायतका चाडपर्वलाई लक्षित गरी चोरी, तस्करी, हिंसालगायतका अपराध न्युनीकरणको लागि जिल्ला प्रशासन कार्यालयले सक्रियता बढाउनुपर्ने आवश्यकताबोध गराउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपा अरू नपाभन्दा पृथक शैलीबाट अगाडि बढिरहेको छ भन्नुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले सातओटा शैक्षिक संस्थाहरू सञ्चालन, ख्वप अस्पताल निर्माण र युवा लक्षित तालिमहरू सञ्चालनमा जोडदिँदै आइरहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शर्माले शान्ति सुरक्षाको हिसाबले भक्तपुरलाई उत्कृष्ट जिल्ला बनाउन आफू प्रतिबद्ध रहेको बताउनुहुँदै आफ्नो कार्यकालमा गुल्मीलाई देशकै तेस्रो वरियतामा पार्न सफल भएको स्मरण गर्नुभयो ।

उहाँले भक्तपुरलाई सुरक्षित जिल्लाको रूपमा अगाडि बढाउनुपर्छ भन्नुहुँदै जिल्ला प्रशासन कार्यालयको कार्यसम्पादनमा भक्तपुर नगरपालिकाबाट साथ, सहयोग र सहकार्य रहनेमा विश्वस्त भएको बताउनुभयो ।

विपद् व्यवस्थापन समितिको बैठक बसी सम्पदा पुनःनिर्माणका बाँकी कार्यहरूलाई तीव्रताका साथ अगाडि बढाउनुपर्नेमा जोड दिनुहुँदै प्रजिअ शर्माले भक्तपुरमा शान्ति र सुरक्षा कायम गर्न नगरका सबै वडाहरूमा प्रहरीमार्फत समुदाय प्रहरी साझेदारीका कार्यक्रमहरू सञ्चालन भइरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति भन्ने नारालाई सार्थक बनाउन नगरपालिका सशक्त ढङ्गले लागि परेको बताउनुहुँदै भक्तपुरलाई ज्ञानविज्ञान र प्रविधिको केन्द्र बनाउन सातओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी दक्ष जनशक्ति उत्पादनमा टेवा पुऱ्याइरहेको छ भन्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले भक्तपुरको ऐतिहासिक पृष्ठभूमिमाथि प्रष्ट पार्नुभयो । भक्तपुर नपाबाट भएका असल र नमुना अभ्यासमार्फत नगरपालिकाले स्वायत्तताको अभ्यास गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त परिचयात्मक कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, नगरपालिकाका शाखा प्रमुख तथा नगरपालिकाद्वारा सञ्चालित कलेज प्रमुखहरूको उपस्थिति रहेको थियो ।



सोही क्रममा नगर प्रमुख प्रजापतिले प्रजिअ शर्मालाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल र नगरपालिकाका महत्त्वपूर्ण प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

## टुर गाइड रिफ्रेसर तालिम




विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नगरपालिकाले अनलाइनमार्फत तीनदिने भर्चुअल टुर गाइड रिफ्रेसर तालिम असोज ४ गते सुरु गरेको छ । भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले तालिम सामग्री हस्तान्तरण गरेर कार्यक्रमको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न नगरका विभिन्न स्थानहरूमा पर्यटन प्रवर्द्धनात्मक गतिविधिहरूलाई अगाडि बढाउँदै आएको बताउनुहुँदै भर्चुअल टुर गाइड तालिमले क्षमता अभिवृद्धि भई सांस्कृतिक सम्पदाहरूको प्रचारप्रसारमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

विदेशी पर्यटकहरूको सेवामा लागेका स्थानीय पथप्रदर्शकहरूलाई नगरपालिकाले समय समयमा यस्ता पुनर्ताजगी तालिम सञ्चालनमा जोड दिँदै आएको बताउनुहुँदै उपप्रमुख जोशीले कोभिड महामारीको कारण स्थानीय पर्यटन व्यवसायमा नकारात्मक असर परेको बताउनुभयो ।

कोभिडका कारण शिथिल हुँदै गएको पर्यटन व्यवसाय फेरि फस्टाउने सम्भावनाहरू औंल्याउनुहुँदै उहाँले पथप्रदर्शकहरू पर्यटकहरूलाई सम्पदाको बारेमा सत्यतथ्य बताउन सक्ने हुनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले समयसापेक्ष तालिमहरू सञ्चालन गर्दै कर्मचारीहरूलाई परिष्कृत बनाउँदै आइरहेको बताउनुहुँदै भक्तपुरको पर्यटन विशेष र पृथक रहेको बताउनुभयो ।

उहाँले सम्पदा पुनर्जागरित गर्नुपर्ने जिम्मेवारी हाम्रो भएको बताउनुहुँदै नगरमा हरियाली प्रवर्द्धन गर्ने योजना रहेको र फोहोरमैला व्यवस्थापनबारे कर्मचारीहरूलाई तालिम सञ्चालन भइरहेको अवगत गराउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले पर्यटक पथप्रदर्शकहरूलाई विश्व समुदायमा चिनाउने वर्गको रूपमा परिचित गर्नुहुँदै भक्तपुरलाई स्वाधीन बनाउन पर्यटन क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका पर्यटक सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पनि तालिमको महत्त्वमाथि प्रष्ट पार्नुभएको थियो ।

## भक्तपुरमा अपराधको वर्तमान अवस्था, समस्या र त्यसको समाधान विषयमा अन्तरक्रिया



भक्तपुर नगरपालिका, समुदाय प्रहरी साझेदारी समितिको आयोजनामा भक्तपुरमा 'अपराधको वर्तमान अवस्था, समस्या पहिचान र समाधान' विषयक असोज ९ गते अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले प्रहरी प्रशासन र जनप्रतिनिधिको साझा प्रयासले मात्र शान्ति सुरक्षा र अपराध नियन्त्रण सम्भव हुने बताउनुभयो ।

सम्पदा क्षेत्रमा हुने अभद्र तथा अनैतिक क्रियाकलापहरूबारे प्रहरी प्रशासन सतर्क हुनुपर्ने बताउनुहुँदै उहाँले सामाजिक अपराध न्युनीकरणमा सबैको संयुक्त पहल आवश्यक भएको बताउनुभयो ।



उहाँले प्रहरी साझेदारी समितिले वडा वडाका जनतालाई सचेत बनाउने अपेक्षा रहेको बताउनुहुँदै अपराध नियन्त्रण भए मात्र समाजलाई सभ्य र सुसंस्कृत बनाउन सकिने बताउनुभयो ।



उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिका क्षेत्रभित्रको अपराधको घटनाहरू सार्वजनिक गरिनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपालाई सुरक्षित नगर बनाउन सबैको संयुक्त पहल आवश्यक भएको बताउनुभयो ।



महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठले भक्तपुर जिल्लाको वर्तमान अपराधका अवस्थाबारे तथ्याङ्कसहितको प्रस्तुतीकरण देखाउनुभयो । उहाँले समाजमा हुने कुनै पनि आपराधिक घटनाबारे समयमै प्रहरीलाई सूचना प्राप्त भए अपराध अनुसन्धान र नियन्त्रण प्रभावकारी हुने बताउनुहुँदै भक्तपुर जिल्लाको पाँचवर्षीय अपराध तथ्याङ्क बढ्दो अवस्थामा रहेको बताउनुभयो । कार्यक्रममा व्यक्त जिज्ञासाहरूमाथि प्रष्ट पार्नुहुँदै उपरीक्षक श्रेष्ठले अपराधका घटना नियन्त्रणमा जनप्रतिनिधि र स्थानीय जनतासँगको सहकार्य आवश्यक भएको, नगरको मुख्य नाकाहरूमा सीसीटिभी जडान गर्ने योजना रहेको, मदिरा सेवन गरी होहल्ला र झगडा गर्नेहरूलाई प्रहरीको टोलीले आवश्यक परामर्श दिनेलगायतका कार्यहरूमा जोड दिँदै आएको बताउनुभयो ।

प्रस्तुतीकरणपश्चात कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरूले आफ्ना जिज्ञासाहरू राख्नुहुँदै नगरपालिकाभित्र सञ्चालित किराना पसलहरूमा घरेलु मदिरा बिक्री वितरणका कार्य नियन्त्रण गर्नुपर्ने, जगाती–कमलविनायक सडकमा सीसीटिभी जडान गर्नुपर्ने, भट्टी पसलमाथि प्रहरीको निगरानी र नियन्त्रण आवश्यक भएको बताउनुभयो । उहाँहरूले द्रुत गतिमा सवारीसाधन हाँक्नेहरूलाई नियन्त्रणमा लिनुपर्ने, कलेज तथा विद्यालयहरूमा हुने लागू औषध सेवनमा प्रहरीले निगरानी राख्नुपर्ने, सम्पदास्थलमा घुम्ती प्रहरी परिचालन गर्नुपर्नेलगायतका जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले स्वागत मन्तव्य राख्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो ।

# नगर प्रमुख प्रजापतिद्वारा गणेश माविमा निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. १ भार्वाचोमा अवस्थित गणेश माविमा असोज १२ गते निरीक्षण गर्नुभयो ।

उहाँले विद्यालयका प्रअ गणेशराम थुसासँग भेट गरी विद्यालयको शैक्षिक अवस्था र कक्षा सञ्चालनको तयारीबारे जानकारी लिनुभयो ।



## सांसद सुवाल र नगर प्रमुख प्रजापतिद्वारा लान्चा फल्चाको निरीक्षण

नेमकिपाका सांसद प्रेम सुवाल र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. १० मा निर्माणाधीन लान्चा फल्चा पुन:निर्माण कार्यअन्तर्गत छाना छाउने कार्यको असोज १२ गते स्थलगत निरीक्षण गर्नुभयो ।

उक्त फल्चाको पुन:निर्माण कार्यमा स्थानीयहरुले जनश्रमदान गरेका थिए ।







## दुबेङ्केगु फल्चाको छाना छाउने कार्य निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ८ माहेश्वरीमा अवस्थित दुबेङ्केगु फल्चामा छाना छाउने कार्यको असोज १४ गते स्थलगत निरीक्षण गर्नुभयो ।



भक्तपुर नपाको बजेटमा पुन:निर्माण भइरहेको उक्त फल्चाको छाना छाउने कार्यमा स्थानीयहरुले जनश्रमदान गरेका थिए ।



# भक्तपुरको ऐतिहासिक रानीपोखरी पुन:निर्माण कार्य अन्तिम चरणमा







भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. १ सल्लाघारीस्थित भक्तपुरको ऐतिहासिक रानी पोखरी पुन:निर्माणको पछिल्लो अवस्थाबारे बुझ्न असोज १२ गते निरीक्षण गर्नुभयो । भक्तपुरको रानी पोखरी पुन:निर्माण कार्य करिब अन्तिम चरणमा पुगेको छ ।



सोही क्रममा उहाँले भाजुपोखरीको पनि निरीक्षण गर्नुभएको थियो ।

# नागपोखरी परिसरमा फूलको विरुवा रोपियो





भक्तपुर नगरपालिका वडा नं. १० को आयोजना नागपोखरी परिसरमा गमला राखी फूलको विरुवा रोप्ने कार्यक्रम असोज ९ गते भयो ।

# भक्तपुर नपाको अनुगमन

## सल्लाघारीका हार्डवेयर पसलहरू

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भाद्र २२ र २३ गते सल्लाघारी, व्यासी र देकोचाका नौ ओटा हार्डवेयर पसलहरू अनुगमन गरियो। अनुगमनमा स्थानीय तहमा पसल दर्ता नभए पचास हजारदेखि एक लाख रूपैयाँसम्म, बिलबिना सामान बिक्री गरे तीन लाखसम्म र इष्टिमेट बिलमा बिक्री गरे बीस हजार रूपैयाँ जरिवाना हुने संयोजकले बताउनुभयो।

अनुगमनको क्रममा सबैजसो पसललाई समयमै दर्ता नवीकरण गर्न, मूल्य सूचि देखिने गरी राख्न, इष्टिमेट बिलमा सामान बिक्री नगर्न, भ्याट बिलबिना सामान बिक्री वितरण नगर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दिइयो।

केही पसलले खरिद बिक्री बिललगायत कुनै पनि कागजात नदेखाएकोले तीन दिनभित्र ती कागजत लिई कार्यालयमा उपस्थित हुन, सि.सि. क्यामेराको जिल्ला प्रशासन कार्यालयमा स्वीकृति लिन पनि निर्देशन दियो।

अनुगमन गरिएका पसलहरूलाई सिमेन्ट र डन्डी ओसिलो गोदाममा राखे गुणस्तर बिग्रने भएकोले भुईंमा अग्लो गरी फल्याक बिछ्याई राख्न र डन्डीहरू पनि खिया नलाग्ने गरी जमिनभन्दा माथि उठाई काठ बिछ्याई राख्न सुझाव दियो।

## भगवती स्थान र गोल्मढीका वधस्थल र मासु पसलहरू

अनुगमन टोलीले भाद्र ३१ गते भगवती स्थान र गोल्मढीका वधस्थल र मासु पसलहरू अनुगमन गऱ्यो।

अनुगमनमा वधस्थल धेरै नै फोहोर भएको र निर्देशन र सुझावबाट खासै सुधार नभएको पाइएको छ।

अनुगमनमा दर्ता नभएको पसललाई दर्ता गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न, मूल्य सूचि राख्न, मासु जालीले छोपेर राख्न निर्देशन दिइयो।

सबैजसो वधस्थल एकदमै फोहोर र दुर्गन्धित भएकोले सरसफाइमा गम्भीर ध्यान दिन, हाडखोर कुहिने गरी गन्हाउने गरी नराखी समयमै व्यवस्थापन गर्न, फ्रिज अति फोहोर भएकोले समय समयमा सफा गर्न निर्देशन दिइयो।

अनुगमन गरिएका सबै पसलहरूलाई भुइँ, भित्ता सजिलै सफा गर्न मिल्ने गरी मार्वल वा टायल राख्न, पसलको सरसफाइमा ध्यान दिन, एप्रोन सेतो र सफा प्रयोग गर्न, फ्रिज सफा गर्न, दुध र मासु फ्रिजमा सँगै नराख्न, मासु काट्ने औजार र भाँडा वर्तन सफा गरी राख्न, प्रयोग गरेको पानी सजिलै बाहिर जाने निकासको व्यवस्था गर्न निर्देशन दियो।

अनुगमनको क्रममा एक पसलको तराजु एक थान जफत गरी कार्यालयमा उपस्थित हुन निर्देशन दियो भने म्याद नाघेको ससेज र पुरानो बिग्रेको मासु ४ किलो ७०० ग्राम जफत गरी नष्ट गरियो।

## देगइनाका मासु पसलहरू

त्यस्तै असोज १ गते टोलीले वडा नं ९ देगइनाका ६ ओटा मासु पसलहरू अनुगमन गऱ्यो।

अनुगमनकै क्रममा दर्ता नभएका ५ ओटा पसल स्थलगतमै दर्ता गराइयो।



अनुगमनमा सबैजसो पसललाई मूल्य सूचि देखिने गरी राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दिनुका साथै कुखुरा सफा गर्ने कार्य बाहिर फोहोर हुने गरी नगर्न, फ्रिज सफा राख्न, सरसफाइमा ध्यान दिन, भुइँ भित्ता सजिलै सफा गर्न मिल्ने गरी कार्पेट, मार्वल वा टायल राख्न, प्रयोग गरेको पानी सजिलै बाहिर जाने निकासको व्यवस्था गर्न, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, सफा सेतो एप्रोन प्रयोग गर्न निर्देशन दियो।

अनुगमनको क्रममा एक पसलको तराजु एक र चुपि एक तथा अर्को एक पसलको तराजू एक जफत गरी तीनदिन भित्र कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो।

त्यस्तै एक पसलबाट बिग्रेको मासु २ किलो ३०० ग्राम, अर्को पसलबाट म्याद नाघेको ससेज ७ पाकेट जफत गरी नष्ट गरियो।

उपरोक्त अनुगमन टोलीमा अनुगमन समितिका सदस्य हरिराम सुवाल र रोशनमैया सुवाल, श्यानिटेशका नगर निरीक्षक दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जू र अर्जून खाईतु, जिल्ला प्रशासन कार्यालय भक्तपुरका यादवप्रसाद मिश्र र सुशिलराज पोखरेल, महानगरीय प्रहरी परिसरका प्र.स.नि. कुमारी रानामगर, भगाउरप्रसाद हरिजन र रमेशबहादुर कार्की, पशु सेवा कार्यालयका पार्वती योञ्जन, वाणिज्य विभागका रामचन्द्र ढकाल, उद्योग वाणिज्य सङ्घका विश्वराम दुवाल, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र लक्ष्मी भण्डारी, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद बाटी र रूपालक्ष्मी प्रजापति, घरेलु कार्यालयका सिताराम त्वायनाको सहभागिता थियो।

# विविध समाचार

## 'कर्मचारीहरूको व्यवहार सभ्य र सुसंस्कृत हुनुपर्छ'

– नारायणमान बिजुक्छेँ (रोहित)



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप मा.वि. र ख्वप कलेजमा कार्यरत कर्मचारीहरूको भेला भदौ १८ मा सम्पन्न भयो ।

भेलामा अध्यक्ष बिजुक्छेँले कर्मचारीहरूको बानी–व्यवहार सभ्य र सुसंस्कृत हुनुपर्नेमा जोड दिनुभयो ।

'विद्यालय–कलेजमा विभिन्न क्षेत्रका विविध जात–जातिका विद्यार्थीहरू अध्ययनरत रहने हुनाले देशको भौगोलिक विविधता र समाजका विविध पक्षबारे जानकार भई कर्मचारीहरूले विद्यार्थी र अभिभावकहरूलाई राम्रो व्यवहार गर्नुपर्छ, उहाँले भन्नुभयो ।

इमानदार कर्मचारीहरूलाई बद्नाम गर्ने उद्देश्यले गलत प्रवृत्तिका मान्छेले विभिन्न षड्यन्त्र गर्नसक्नेप्रति सचेत हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले भन्नुभयो, 'आफ्नो काम र गतिविधिका कारण संस्थाको बद्नाम हुने काम कर्मचारीहरूबाट हुनु हुँदैन । यसतर्फ हाम्रा कर्मचारी साथीहरू सधैँ सचेत हुनु आवश्यक छ ।'

सत्रुले विरोध गर्नु स्वभाविक रहेको धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'जब शत्रुले तारिफ गर्छ, तब थप होशियारी अपनाउनु आवश्यक छ ।'

"अज्ञानताले मान्छेको दोष मेटिँदैन । तसर्थ कर्मचारीहरू व्यवहारिक मात्र भएर पुग्दैन विभिन्न विषयका जानकार पनि हुनुपर्छ', उहाँले स्पष्ट पार्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'कर्मचारीहरू पनि नागरिक नै भएकोले राजनीतिबारे जानकारी राख्नु पर्छ । जनतालाई राजनीतिक रूपमा सचेत गर्न सकेमात्र समाजको परिवर्तन सम्भव छ । समाजवाद भनेको जनतालाई खान–लाउन दिने राजनैतिक व्यवस्थामात्र नभई एउटा सुसंस्कृत समाज हो ।'

लोभलालच, उपहार पाउने लालसाबाट मुक्त भई इमानदारीपूर्वक काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले नेमकिपाको स्थानीय निकाय निर्वाचन घोषणापत्रअनुसार कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्यले भनपाले ख्वप कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

'नेमकिपाका नेता कार्यकर्ताहरूको योगदानको कारण नै शिक्षा–स्वास्थ्य र सम्पदा संरक्षणको क्षेत्रमा भक्तपुर नमुना नगर हुन सफल भएको छ', प्रमुख प्रजापतिले भन्नुभयो ।

ख्वप अस्पताल सञ्चालनमा भक्तपुरवासीले गरेको उदाहरणीय सहयोगलाई मनन गर्दै ख्वप अस्पतालले कोभिडका बिरामीलाई निःशुल्क उपचार गरिरहेको र भक्तपुरवासीलाई निःशुल्क रूपमा अक्सिजन उपलब्ध गराइरहेको उहाँले जानकारी दिनुभयो ।

राजनैतिक पार्टीका नेता र कार्यकर्ताहरू इमानदारीपूर्वक जनताको सेवामा लागेमा छोटो समयमै समाज परिवर्तन सम्भव छ भन्ने कुरा भक्तपुरले प्रमाणित गरेर देखाएको दाबी गर्नुहुँदै प्रमुख प्रजापतिले देशबाट के लिने भनेर होइन देशलाई के दिन सकिन्छ भन्ने भावनाका साथ निःस्वार्थ रूपले काम गर्नुपर्नेमा जोड उहाँले दिनुभयो ।

ख्वप मा.वि. तथा कलेजहरू सञ्चालनका लागि भक्तपुरका जनप्रतिनिधि, बुद्धिजीवी र समाजसेवीहरूको गरेको योगदानलाई मनन गरी कार्य गर्न कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी र ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो ।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।**

# एमबीएस विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण

## गलत व्यक्ति राजनीतिमा आए देश बर्बादको स्थितिमा पुग्ने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा शैक्षिक वर्ष २०७८/७९ मा ख्वप कलेजमा एमबीएस तहमा भर्ना भएका विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम असोज ९ गते भयो ।

कार्यक्रममा अध्यक्ष रोहितले सरकारको भरमा मात्र केही नहुने, जनता आफै सचेत भएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै भक्तपुरका सचेत जनताको अगुवाइमा ख्वप कलेजहरू स्थापना भएको बताउनुभयो ।

भक्तपुरप्रति हेर्ने विगतदेखिको पक्षपातपूर्ण दृष्टिकोण अहिले पनि कायम रहेको धारणा उहाँले व्यक्त गर्नुभयो ।

'हामीमा श्रमलाई माया र सम्मान गर्नुपर्ने भावना हुनुपर्छ । पेशाले मान्छेको स्वभाव र विचार निर्धारण गर्न मद्दत गर्छ', उहाँले भन्नुभयो ।

जुनसुकै विषय अध्ययन गरे पनि राजनीतिक विषयमा जानकार हुनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष रोहितले भन्नुभयो, 'गलत व्यक्ति राजनीतिमा आए देश बर्बादको स्थितिमा पुग्ने खतरा भएकोले देश र जनताप्रति इमानदार एवम् असल भावना भएका व्यक्तिहरू राजनीतिमा आउनु आवश्यक छ ।'

उहाँले भन्नुभयो, 'हामीमा राजनीतिक सचेतता हुनुपर्छ । राजनीतिक सचेतताको अभावमा सही र गलत छुट्याउने क्षमताको अभाव हुन्छ । ज्ञान र विद्याले नै विवेक कायम राख्न सघाउ पुऱ्याउँछ ।'

असल शिक्षा र सही नेतृत्वको कारण चीन विश्वको महाशक्ति बन्न सफल हुनुको साथै गरिबी निवारणमा चीनले आश्चर्यजनक प्रगति गरेको धारणा अध्यक्ष रोहितले व्यक्त गर्नुभयो ।

'विद्यार्थीमा विचलित नभई अनुशासित हुने गुण हुनुपर्छ । विद्यार्थीमा देशभक्तिको भावना हुनुको साथै जहाँ गए पनि, जुनसुकै पेशा रोजे पनि इमानदारीपूर्वक देश र जनताका सेवा गर्ने भावना हुनुपर्छ । देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने भावना भएका मानिसमा कहिल्यै निराश हुनुपर्ने स्थिति आउने छैन', उहाँले भन्नुभयो ।



जागीरले व्यक्तिगत स्वतन्त्रतालाई बन्धक बनाउने धारणा राख्दै अध्यक्ष रोहितले सम्पन्न परिवारका छोराछोरीले अध्ययन-अनुसन्धानमार्फत देशको सेवामा आफूलाई समर्पित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ठूला पार्टीका बुद्धिजीवी र नेताहरूमा संरा अमेरिकाप्रतिको दृष्टिकोण फरक तथा गलत रहेको धारणा राख्नुहुँदै उहाँले एमसीसीले नेपालको हित नगर्ने दाबी गर्नुभयो ।

शासक दलका नेताहरूमा देश एवम् जनताको समस्याबारे चिन्तन र बहस गर्ने बानी नै नभएको अध्यक्ष रोहितले बताउनुभयो ।

ख्वप विश्वविद्यालय स्वीकृति भएमा रु. १५ लाखमा एमबीबीएस पढाउन सकिन्छ । आफ्नो नाफा गुम्ने खतराको कारणले नै निजी लगानीकर्ताहरूको दबाबमा सरकारले ख्वप विश्वविद्यालय स्वीकृति नदिएको हो, उहाँले स्पष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्यसाथ भक्तपुर नगरपालिका अगाडि बढिरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, 'हामी कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा दिने उद्देश्यका साथ अगाडि बढिरहेका छौं । हाम्रा विद्यार्थीहरू २१ औं शताब्दीका चुनौती सामना गर्न सक्षम हुनेछन् ।'

ख्वप कलेजले शैक्षिक प्रमाणपत्रमात्र वितरण नगर्ने धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले ख्वप कलेजले व्यवहारिक शिक्षामा जोड दिई देश र जनतामा समर्पित नागरिक बनाउन सहयोग गर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'ख्वप कलेज नाफाको लागि सञ्चालित कलेज होइन । भक्तपुर नगरवासीले तिरेको करबाट ख्वप कलेजहरू सञ्चालित छन् । ख्वप कलेजको सकारात्मक कुराले नगरवासी खुसी हुन्छन् भन्ने नकारात्मक कुराले दुःखी । कलेजका हरेक गतिविधिको नगरवासीले सूक्ष्म तरिकाले अध्ययन गरिराखेको हुन्छ ।'

आर्थिक अभावको कारण उच्च शिक्षाबाट वञ्चित हुननपरोस् भनेर नै भनपाले रु. ५ लाखसम्मको सस्तो व्याज दरमा शैक्षिक ऋणको व्यवस्था गरेको र गत आर्थिक वर्षमा ११९ जना विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराएको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

'नेमकिपाका अग्रजहरूले विद्यालयहरू स्थापना गर्नमा जोड दिएकै कारण आज भक्तपुर शिक्षाको गन्तव्यस्थल बन्दै गइरहेको छ', प्रमुख प्रजापतिले भन्नुभयो ।

एमसीसी सम्झौताले देशको सार्वभौमिकतालाई अङ्कुश लगाउने र उपनिवेश बनाउने भएकोले नै नेमकिपाले देशभर एमसीसीको विरोधमा जुलुस र विरोधसभा भइरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले स्पष्ट पार्दै भन्नुभयो, 'जनताको भावनालाई थेस पुग्ने काम भनपाका जनप्रतिनिधिले गर्नेछैनन् । सर्तसहितको अनुदान हामीलाई स्वीकार्य हुनेछैन ।'

'संविधानको भावना, संवैधानिक मूल्य मान्यता तथा शक्ति पृथकीकरणको सिद्धान्तविपरीत सर्वोच्च अदालतले प्रधानमन्त्री नियुक्ति गर्नु गलत छ', प्रमुख प्रजापतिले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र बनाउने उद्देश्यअनुसार भक्तपुर नगरपालिका अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले आशा व्यक्त गर्दै भन्नुभयो, 'हाम्रो विद्यार्थी अनुशासित होऊन्, गर्व गर्न लायक होऊन् ।'

ख्वप मा.वि.का प्राचार्य प्रकाशकुमार श्रेष्ठले कलेजको प्रगतिमा विद्यार्थी र संस्थाको उत्तिकै भूमिका हुने धारणा राख्नुहुँदै विद्यार्थीमा ऊर्जाशील भावना हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य एवम् एमबीएस कार्यक्रमका इन्चार्ज रूपक जोशी र बीबीएम कार्यक्रमका इन्चार्ज सुनिल सुवालले पनि बोल्नुभएको थियो ।

# इन्जिनियरहरूले राष्ट्रको विकासको लागि महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने : अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप इन्जिनियरिङ कलेजमा शैक्षिक सत्र २०७७/७८ मा एम.ई. इन अर्थक्वेक र एम.एस.सी. इन अर्बान डिजाइन र कन्जर्भेसन विषयअन्तर्गत स्नातकोत्तर तहमा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम असोज १५ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष रोहितले इन्जिनियरहरूले राष्ट्रको विकासको लागि महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिनुहुँदै आफूमा भएको सीप, ज्ञान र कुशलताको उचित उपयोग गरेर समाज र देशको हितको निम्ति काम गर्नुपर्ने बताउनुभयो ।



वैदेशिक सहयोगमा भएका सम्पदा पुनःनिर्माण र विकास आयोजनाले देशको सार्वभौमिकतामाथि असर पुर्‍याएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले अनुशासन र इमानदारी नै भक्तपुर नपाबाट सञ्चालित कलेजमा पढेका विद्यार्थीहरूको पहिचान भएको बताउनुभयो ।

उहाँले शिक्षा क्षेत्रमा गरेको लगानी कहिल्यै पनि खेर नजाने बताउनुहुँदै स्थानीय तहहरूले कलेज तथा विश्वविद्यालय सञ्चालन गरेमा व्यापक जनताले सस्तो र गुणस्तरीय शिक्षा

पाउने बताउनुभयो ।

कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूमा समाज र देशको निम्ति काम गर्ने भावना हुनुपर्छ भन्नुहुँदै इन्जिनियरिङ पढ्ने विद्यार्थीहरूमा इमानदारीको खाँचो औंल्याउनुभयो ।

स्थानीय तहले सञ्चालन गरेको ख्वपअन्तर्गतका कलेजबाट देशभरिका विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्ने अवसर पाएको बताउनुहुँदै उहाँले देशका मुख्य मुख्य पदमा बसेका व्यक्तिहरूको सोचमा परिवर्तन नआएसम्म समाज रूपान्तरण हुन गाऱ्हो हुने बताउनुभयो ।

भक्तपुर नपाले सञ्चालन गरेका कलेजहरू सेवामुखी भएको बताउनुहुँदै उहाँले समाजको निम्ति चिन्तन गर्ने जनशक्ति पूर्ति गर्न यी कलेजहरूको स्थापना भएको बताउनुभयो ।



कलेजका व्यवस्थापन समितिका उपाध्यक्ष एवम् नगरपालिकाका उपप्रमुख रजनी जोशीले अर्थक्वेक र अर्बान डिजाइन र कन्जर्भेसन विषयको महत्त्वबारे प्रष्ट पार्नुहुँदै पुर्खाले सिर्जेको सम्पत्ति संरक्षण र सम्बर्द्धनमा यी विषयहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले नेपालमै पहिलो पटक स्नातकोत्तर तहमा अर्थक्वेक र अर्बान डिजाइन विषयको अध्यापन ख्वप इन्जिनियरिङ कलेजबाट सुरु भएको र सम्पदा संरक्षण तथा सभ्य सहर निर्माणमा यी विषयहरू महत्त्वपूर्ण विषयको रूपमा रहेको बताउनुभयो । कार्यक्रममा एम.ई. इन अर्थक्वेक विषयका विभागीय प्रमुख मन्जिप शाक्य र एम.एस.सी. इन अर्बान डिजाइन र कन्जर्भेसनका लिवास फैजुले विषयगत जानकारी दिनुभयो ।

## 'ख्वप अस्पतालले जनतालाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्छ'

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले अस्पतालबाट गुणस्तरीय सेवा प्रवाह गर्नका लागि व्यवस्थापन पक्ष बलियो हुनुपर्ने बताउनुभएको छ ।




ख्वप अस्पतालका स्टाफ नर्सहरूसँग असोज १५ गतेको भेटघाट तथा प्रशिक्षण कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेँले ख्वप अस्पताल स्थापनाको उद्देश्य तथा अस्पतालमा कार्यरत चिकित्सक, नर्स तथा कर्मचारीहरूको काम, कर्तव्यहरूबारे प्रशिक्षित पार्नुभयो ।

जनताको साथ र सहयोगबाट निर्माण भएको ख्वप अस्पतालको सेवाबाट जनताको विश्वास कायम हुने गरी सेवा गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले ख्वप अस्पतालले समाजवादी सिद्धान्तअनुरूप जनताको निःस्वार्थ रूपमा सेवा गर्नुपर्छ भन्नुभयो ।

उहाँले जनताको सांस्कृतिक स्तर उठ्न समय लाग्ने बताउनुहुँदै जनताको चेतनास्तर उकास्न र नागरिक भावना जागृत गर्न व्यवहारिक तथा राजनीतिक कक्षाहरू सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

ख्वप अस्पतालमा कार्यरत चिकित्सकहरूले व्यक्तिगत स्वार्थको लागि नभई समाजको हितको निम्ति काम गर्ने विश्वास राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, हामीले गरेको असल कामले समाजलाई पनि राम्रो बनाउँछ ।

अस्पतालमा कार्यरत नर्सहरूको भाषा र व्यवहारबाट सेवा प्रवाहमा सकारात्मक भूमिका खेल्ने बताउनुहुँदै उहाँले सेवाको माध्यमबाट जनताको विश्वास जित्ने उद्देश्य नेमकिपाको



भएको बताउनुभयो ।

सोही क्रममा ख्वप अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अस्पतालबाट हुने सेवा प्रवाहमा जनताको गुनासो र विरोध हुने कुनै पनि काम नगर्न सचेत पार्नुहुँदै चिकित्सकहरूको असल व्यवहारका कारण जनताको अस्पतालप्रति अपनत्व कायम हुने बताउनुभयो ।

उहाँले ख्वप अस्पतालले अरू अस्पतालभन्दा फरक ढङ्गले सेवा दिनेमा क्रियाशील रहने बताउनुहुँदै भक्तपुर नगरपालिकाको काम र सेवाप्रति जनता खुशी भएका कारण अक्सिजन प्लान्ट निर्माणमा अपार साथ र सहयोग रहेको बताउनुभयो ।

## जगन्नाथ क्षेत्र उत्खनन कार्यदलको बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा जगन्नाथ क्षेत्र उत्खनन कार्यदलको बैठक भदौ २५ गते बस्यो ।

बैठकले भक्तपुर नपा वडा नं. ५ स्थित जगन्नाथ क्षेत्रमा उत्खनन कार्य आरम्भ गर्न आवश्यक अध्ययन अनुसन्धान गरी प्रारम्भिक अन्वेषण प्रतिवेदन २०७८ मंसिर मसान्तभित्र तयार गरी नगरपालिकामा बुझाउने निर्णय गऱ्यो ।

साथै बैठकले अन्वेषणबाट थप अध्ययन अनुसन्धान गरी उत्खनन गर्नुपर्ने देखिन आएमा सोको लागि आवश्यक सरोकारवालाहरूसँग सहकार्य गरी कार्य अगाडि बढाउने निर्णय गऱ्यो । बैठक जगन्नाथ क्षेत्र उत्खनन कार्यदलका संयोजक प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको अध्यक्षतामा बसेको थियो ।

## सेवा निवृत्त शिक्षक समाजको दोस्रो अधिवेशन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सेवा निवृत्त शिक्षक समाजको दोस्रो अधिवेशन २०७८ को उद्‌घाटन भदौ २६ गते एक समारोहबीच गर्नुभयो ।

प्रमुख प्रजपातिले नियमित कामबाट निवृत्त भएपछिको समयलाई शिक्षक तथा कर्मचारीहरूले समाज र देशलाई योगदान गर्नेबारेमा सोच्नुपर्ने बताउनुभयो ।

सेवा निवृत्त अवधिलाई कसरी सफल र सार्थक बनाउने भन्ने विषयमा विचारविमर्श गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले आफ्नो ज्ञान, सीप, अनुभव र योग्यताको सही सदुपयोग गरी शैक्षिक क्षेत्रमा अझ योगदान गर्न सेवा निवृत्त शिक्षकहरू क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

सेवा निवृत्त शिक्षक समाजले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा अध्ययन गोष्ठी, अन्तरक्रियाहरू गरी आफ्नो सक्रियता अझ बढाउनुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले समाजले इतिहास र शिक्षामूलक पुस्तक प्रकाशनमा जोड दिँदै लानुपर्ने बताउनुभयो ।

कुनै पनि व्यक्ति राजनीतिबाट अलग्ग हुन नसक्ने बताउनुहुँदै उहाँले देश विदेशको राजनीतिक घटनाक्रमबारे अवगत हुनुपर्ने र आफ्नो पठन संस्कृतिलाई विकास गर्दै लानुपर्ने आवश्यकताबोध गराउनुभयो ।

एमसीसी परियोजना नेपालको हित विपरीत हुँदाहुँदै संसदबाट अनुमोदन गर्न शासक दलहरू क्रियाशील रहनु आपत्तिजनक भएको बताउनुहुँदै उहाँले देशघाती एमसीसी सम्झौताको विरोधमा नेमकिपाले देशैभरि विरोध जुलुस तथा सभाहरू गर्दै आइरहेको बताउनुभयो ।

समाजका सचिव रामगोपाल कर्माचार्यले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै समाजको उद्देश्यमाथि प्रष्ट पार्नुभयो। उहाँले बौद्धिक शक्तिको क्रियाशीलताले समाजलाई परिस्कृत ढङ्गले अगाडि बढाउन मद्दत पुऱ्याउने बताउनुहुँदै समाजले सेवा निवृत्त शिक्षकहरूको हकहितबारे विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो।

समाजका कोषाध्यक्ष विश्वराम कवांले आफूले लेखेको पुस्तकका विषयवस्तुमाथि प्रष्ट पार्नुहुँदै सेवा निवृत्त शिक्षक समाज विचारमा आधारित संस्था भएको र सदस्यहरूको हकहित सुरक्षाको निम्ति समाजले खेलेको भूमिकाबारे अवगत गर्नुभयो।

आयोजक समितिका अध्यक्ष नाति कवांको सभापतित्वमा भएको उक्त कार्यक्रममा समाजका सदस्य बालमुकुन्द बासुकला, समाजका नवआगन्तुक सदस्य लक्ष्मीनारायण दुवाल, वागीश्वरी उमाविका प्रअ कृष्णप्रसाद धन्छालगायतले शिक्षकले आफ्नो लागि भन्दा विद्यार्थी र समाजको निम्ति काम गर्नुपर्ने, सभ्य, सुसंस्कृत समाज निर्माणको लागि निवृत्त शिक्षकहरूले विद्यालयको शैक्षिक उन्नतिमा योगदान पुऱ्याउनुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभएको थियो।

सोही क्रममा प्रमुख प्रजापतिले हाल सेवा निवृत्त हुनुभएका ६ जना शिक्षकहरूलाई दोसल्ला ओढाई सम्मान पत्र प्रदान गर्नुभएको थियो भने उहाँले सेवा निवृत्त शिक्षक विश्वराम कवांले लेख्नुभएको मेरो जीवन यात्रा नामक पुस्तक पनि विमोचन गर्नुभयो।

# आधारभूत विद्यालय समितिको ज्ञापन पत्र

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई आधारभूत विद्यालय समिति भक्तपुरले भदौ १८ गते ज्ञापन पत्र बुझाएको छ। नगर प्रमुख प्रजापतिलाई आधारभूत विद्यालय समिति भक्तपुरका अध्यक्ष दिपक माकले ५ बुँदे मागसहित उक्त ज्ञापन पत्र बुझाउनुभएको हो।



ज्ञापन पत्र बुझ्दै प्रमुख प्रजापतिले कोभिडका कारण भौतिक उपस्थितिमा विद्यालयहरूमा कक्षा सञ्चालन चुनौतीपूर्ण भएको बताउनुहुँदै कोभिड जोखिमबीच विद्यालय सञ्चालन गर्ने विषयमा नगरका सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधिहरूसँग चरणबद्ध रूपमा छलफल चलाइरहेको बताउनुभयो।

कक्षा ४ र ५ को स्थानीय पाठ्यक्रम निर्माणको तयारीमा रहेको अवगत गराउनुहुँदै उहाँले विद्यालय सञ्चालन गर्ने विषयमा शिक्षा मन्त्रालयले बनाएको विद्यालय सञ्चालनसम्बन्धी कार्ययोजनाअनुसार अगाडि बढ्ने तयारीमा लागिपरेको बताउनुभयो।

उक्त ज्ञापन पत्रमा कोभिड सङ्क्रमणका कारण लामो समयदेखि विद्यालय सञ्चालन नहुँदा विद्यार्थीहरूको शिक्षण सिकाइमा आशातित रूपमा प्रभावकारी बन्न नसकेको, धेरै विद्यार्थीहरू भएका विद्यालयहरूको हकमा चरणबद्ध रूपमा आलोपालो गरी कक्षा सञ्चालन गर्न दिनुपर्ने, कक्षा ४ र ५ को स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री यथासक्दो छिटो उपलब्ध गराई शिक्षकहरूको लागि प्रबोधीकरण सञ्चालन गर्नुपर्ने, शैक्षिक वर्ष २०७८ मा लागू भएका कक्षा २ र ३ को एकीकृत पाठ्यक्रम र कक्षा ६ को नयाँ पाठ्यक्रमका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने, आधारभूत विद्यालयहरूको स्थायित्व र विकासमा ध्यान दिनुपर्ने र सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगीहरूको पारिश्रमिक वृद्धि गर्नुपर्नेलगायतका मागहरू रहेका छन्।

यसअघि विद्यालय सञ्चालन गर्ने विषयमा भक्तपुर नगरपालिकाले नगरका सामुदायिक तथा संस्थागत विद्यालयका प्रतिनिधिहरूसँग छलफल गरी आवश्यक राय सुझाव लिएको थियो। बैठकमा विद्यालयका प्रतिनिधिहरूले विद्यालय सञ्चालन गरेका अरू नपाको स्थिति हेरेर आचारसंहिता पालना गरी चरणबद्ध रूपमा कक्षा सञ्चालन गर्नुपर्ने, सार्वजनिक विद्यालयहरूमा अनलाइन कक्षा भौतिक उपस्थिति जतिको प्रभावकारी नभएको, अनलाइन कक्षा आधारभूत तहमा कम प्रभावकारी भएको, विद्यार्थीमा सञ्चारको नकारात्मक असर पुगेको, अनलाइन कक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्दै लानुपर्नेलगायतका धारणा राख्नुभएको थियो।

# प्रधानसेनापति थापा र नगर प्रमुखहरूबीच भेट



नेपाली सेनाका प्रधानसेनापति महारथी पूर्णचन्द्र थापा र काठमाण्डौ, ललितपुर महानगरपालिका तथा भक्तपुर नगरपालिकाका प्रमुख र उपप्रमुखहरूबीच भदौ १९ गते भेटघाट कार्यक्रम भयो ।

कार्यकालको अन्तिम समयमा प्रधानसेनापतिको आमन्त्रणमा उहाँकै निवास भ्रम्सीखेलमा आयोजित भेटघाटमा प्रधानसेनापति थापाले नेपाली सेना र स्थानीय तहहरूबीचको सहकार्य अविस्मरणीय रहेको बताउनुहुँदै भक्तपुरको रानीपोखरी जीर्णोद्धारमा नेपाली सेनाले सहयोग गर्न पाएकोमा निकै गौरवान्वित महसुस भएको बताउनुभयो ।

नेपाली सेना र उपत्यकाका महानगरपालिका र नगरपालिकाहरूसँगको समन्वयले सार्वजनिक महत्त्वका धेरै कामहरूमा सफलता हासिल भएको बताउनुहुँदै उहाँले नेपाली सेनासँगको आपसी समन्वय र सहकार्य आगामी दिनहरूमा निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । नेपाली सेनाको मुख्य उद्देश्य भनेकै राष्ट्रको सेवा गर्ने रहेको बताउनुहुँदै उहाँले स्थानीय तहहरूसँगको समन्वय र सहकार्यले विभिन्न गतिविधिहरू सञ्चालन गर्न सहजता प्रदान गर्ने बताउनुभयो ।

सो अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सल्लाघारीस्थित ऐतिहासिक रानीपोखरी जीर्णोद्धार र सिद्धपोखरीको उत्तरतर्फको खेल मैदान स्थानीयको खेलकुद प्रयोजनका लागि खुल्ला गर्न नेपाली सेनाले खेलेको भूमिका उल्लेखनीय रहेको बताउनुहुँदै उहाँले आगामी दिनहरूमा पनि यस्तै साथ र सहयोगको अपेक्षा रहेको बताउनुभयो ।

उहाँले नेपाली सेनासँगको सुमधुर सम्बन्धको लागि नगरपालिका सधैँ सकारात्मक रहेको बताउनुहुँदै भक्तपुर नपाले नगरको सरसफाइमा नेपाली सेनासँग आवश्यकताअनुसार सहकार्य गर्दै कोभिड आउनुपूर्व पाक्षिक रूपमा सरसफाइ अभियान सञ्चालन गर्दै आइरहेको अवगत गराउनुभयो । उहाँले प्रधान सेनापति थापाको अवकाश पछि पनि सुस्वास्थ र दीर्घजीवनको कामना गर्नुभयो । प्रधान सेनापति थापा यही भाद्र २४ गतेदेखि अवकाश प्राप्त गर्नुहुनेछ । सेनाको नियमानुसार एक महिना अघिदेखि बिदामा बस्नुपर्ने भएकाले हाल उहाँ बिदामा बस्नुभएको छ ।



भेटपश्चात नगर प्रमुख प्रजापतिले महारथी थापालाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल, जुजु धौ र नगरपालिकाका महत्त्वपूर्ण प्रकाशनहरू उपहारको रूपमा दिनुभएको थियो । सोही क्रममा उपरथी थापाले नगर प्रमुखहरूलाई नेपाली सेनाको खुकुरी मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो ।



भेटमा काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, उपप्रमुख हरिप्रभा खड्गी, ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र उपप्रमुख गीता सत्याल, भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, ललितपुर नपा वडा नं. १८ का वडाध्यक्षको उपस्थिति रहेको थियो ।

# जिल्ला सामुदायिक आँखा केन्द्र भक्तपुरको अर्धवार्षिक समीक्षा



भक्तपुर नगरपालिकाका प्रमुख तथा जिल्ला सामुदायिक आँखा केन्द्र भक्तपुरका व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा जिल्ला सामुदायिक आँखा केन्द्र भक्तपुर को अर्धवार्षिक समीक्षा बैठक भाद्र २५ गते बस्यो ।

# प्रमुख सुनिल प्रजापति कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको भाद्र २९ गते अवलोकन गर्नुभयो। प्रतिष्ठानका उपकुलपति डा. मङ्गल रावलले प्रमुख प्रजापतिलाई स्वागत गर्नु भएको थियो। गत वर्षदेखि चिकित्साशास्त्रका विभिन्न विषयमा स्नातकोत्तर(एमडी) कार्यक्रम शुरु गरेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले यही वर्षदेखि बीस कोटाको स्नातक (एमबिबिएस) कार्यक्रम शुरु गर्दैछ। यसबाहेक प्रतिष्ठानमा नर्सिङ, फार्मेसी र पब्लिक हेल्थमा स्नातक कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। दुईसय शय्याको अस्पताल सञ्चालन गरिरहेको प्रतिष्ठानले हालै थप सय शय्याको स्वीकृति प्राप्त गरेको बताइएको छ।

# चौधौँ जुम्ला जिल्ला सम्मेलन

नेपाल मजदुर किसान पार्टीको चौधौँ जुम्ला जिल्ला सम्मेलन एक समारोहबीच चन्दननाथ नगरपालिकामा भदौ ३० गते सुरु भयो।

सम्मेलनको उद्घाटन गर्नुहुँदै पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले नेमकिपाको उद्देश्य जनताको प्रजातन्त्र,



समाजवाद हुँदै साम्यवादमा पुग्ने रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'उत्पादनका साधनहरूको सामाजिकीकरण, रोजगारीको सुनिश्चितता, निःशुल्क शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने समाजवादी व्यवस्था हो। साम्यवाद वर्ग र राज्य नहुने शोषणविहीन समाज हो, जहाँ दबाउनु पर्ने वर्ग नहुने हुँदा राज्यसत्ता हुँदैन। साम्यवाद योग्यताअनुसारको काम र आवश्यकताअनुसारको वितरणको व्यवस्था हुने एउटा सुसंस्कृत समाज हो।'

विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, कलकारखानाहरू निजीकरण गर्न दिने कम्युनिस्ट नहुने धारणा राख्नुहुँदै उहाँले देशका कलकारखानाहरू कौडीको मूल्यमा बेच्ने एमाले, माओवादीलगायतका ठूला भनिने पार्टीहरू नक्कली कम्युनिस्ट भएको बताउनुभयो।

'मार्क्सवादी विचारअनुसार सशस्त्र सङ्घर्षबाट मात्र कामदार वर्गको शासन सत्ता स्थापना हुन्छ। निर्वाचन जितेर समाजवाद स्थापना गर्ने विचार संशोधनवाद हो, संशोधनवाद एक प्रकारको पूँजीवादी विचार हो। चुनावलाई क्रान्ति र जनताको पक्षमा उपयोग गर्ने क्रान्तिकारी संसदवादको पक्षमा

नेमकिपा छ। नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर र जनतालाई सचेत पार्ने मञ्चको रूपमा प्रयोग गरिरहेको छ। जनता सचेत नभएसम्म पूँजीवादी निर्वाचनमा पूँजीपति वर्गले करोडौं खर्च गरेर चुनाव जित्ने गर्छन्।' उहाँले भन्नुभयो।

एमसीसी पास गर्ने विदेशीहरूको चाल असफल हुँदै आएको स्पष्ट पार्नुहुँदै केन्द्रीय सदस्य प्रजापतिले देशको राजनैतिक अवस्था भद्रगोल हुनुमा विदेशी हात रहेको प्रस्ट पार्नुभयो। सर्वोच्च अदालतले राष्ट्रपतिलाई परमादेश जारी गर्नु, प्रधानमन्त्री तोक्नु, सांसदलाई ह्वीप नलाग्ने निर्दलीय आदेश जारी गर्नु, दल विभाजन गर्नु संसदीय सर्वोच्चताको सिद्धान्तविपरीत रहेको धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'प्रधानमन्त्रीय प्रणालीमा प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने विशेषाधिकार हुन्छ।'

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवालले अमेरिकाको एमसीसी परियोजना आर्थिक परियोजनामात्र नभइकन भारतको साथ लिएर चीनसँग लड्ने अमेरिकाको हिन्द प्रशान्त रणनीतिको एक अङ्ग भएको हुँदा परियोजनाको भूराजनैतिक उद्देश्यबारे सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेमकिपा जुम्ला जिल्ला सम्मेलन तयारी समितिका संयोजक शिवलाल डाँगीको सभापतित्वमा भएको उक्त कार्यक्रममा राजेश्वर देवकोटा, धनबहादुर रावत, दीर्घबहादुर शाही, बृषबहादुर सार्की, कालीबहादुर बुढा, रणबहादुर रोकाया, राज्यलक्ष्मी न्यौपाने, बृषबहादुर रोकाया, लालबहादुर बुढा, गोरखजङ्ग शाही, लक्ष्मी खत्री, माधवप्रसाद काफ्ले र हस्त कुँवरले पनि बोल्नुभएको थियो।

# जुम्ला जिल्ला अध्यक्षमा खत्री निर्वाचित




नेपाल मजदुर किसान पार्टी जुम्ला जिल्ला समितिको १४ औं जिल्ला सम्मेलन भदौ ३१ गते सम्पन्न भयो।

सम्मेलनले पूर्णलाल खत्रीको अध्यक्षतामा २१ सदस्यीय नेमकिपा जुम्ला जिल्ला समिति निर्वाचित गरेको छ।

सम्मेलनको बन्दसत्रमा पार्टीको केन्द्रीय सदस्य सुनिल प्रजापतिले कम्युनिस्ट कार्यकर्ताहरू बहुमत जनताको पक्षमा निरन्तर सक्रिय हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै राजनीतिक शत्रुहरूबाट हुने षड्यन्त्रबाट जोगिएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, 'कार्यकर्ताहरूले गाऱ्हो-साऱ्हो काम गर्न अघि सनुपर्छ। लोभलालचले कार्यकर्तालाई पतन गराउने भएकोले लोभलालच र व्यक्तिगत स्वार्थलाई त्यागी अघि बढ्नुपर्छ।'

उहाँले अगाडि भन्नुभयो, 'नेतृत्वले पार्टी कार्यकर्ताहरूको हरेक पक्षलाई नियालिरहेको हुन्छ। समितिले पार्टी नेतृत्व चयन गर्दा सक्षम साथीहरूलाई चयन गर्नेतर्फ ध्यान दिनुपर्छ। शत्रुलाई हेलचक्र्याइँ गर्नुहुन्न र कमजोर ठान्नु हुन्न।'

सोभियत सङ्घको अस्थायी हारबाट शिक्षा लिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै केन्द्रीय सदस्य प्रजापतिले नेपालको सङ्घीयता 'नक्कली नागको शौखिन' जस्तै साबित भएको बताउनुभयो।

'नेतृत्वले सिद्धान्तको गहन अध्ययन गरेन भने अरूले भनेजस्तै चल्नुपर्ने स्थिति आउनसक्छ। तसर्थ अध्ययनलाई जोड दिई सैद्धान्तिकरूपमा दख्खल बनाई जनताको हरेक दुःख-सुखमा आफूलाई सहभागी गराउनेतर्फ कार्यकर्ताले चिन्तन-मनन गर्नैपर्छ', उहाँले जोड दिनुभयो।

कम्युनिस्टहरूले जातीय, क्षेत्रीय र साम्प्रदायिक कुरा नगर्ने स्पष्ट पार्नुहुँदै केन्द्रीय सदस्य प्रजापतिले कम्युनिस्टहरूले वर्गीय भावनालाई आत्मसात गरी गतिविधि गर्नुपर्छ भन्नुभयो।

युगोस्लाभियाको विखण्डनबाट शिक्षा लिनुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य राजेन्द्र चवाल, निवर्तमान जिल्ला अध्यक्ष शिवलाल डाँगी, दीर्घबहादुर शाही, कृष्णलाल न्यौपाने र लक्ष्मी कठायतले निर्वाचित पदाधिकारीहरूलाई शुभकामना दिनुभएको थियो।

**रेडियो खुला आकाशमा**

# एमसीसीले नेपाललाई नवउपनिवेश बनाउनेछ : प्रमुख प्रजापति



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले एमसीसी सम्झौता अनुदानको नाममा नेपाललाई नयाँ उपनिवेश बनाउने चाल भएको बताउनुभएको छ ।

नेमकिपा जुम्ला जिल्ला सम्मेलनमा सहभागी बन्न जुम्ला पुग्नुभएका प्रजापतिसँग भदौ २९ गते स्थानीय रेडियो खुला आकाशका प्रतिनिधि मानबहादुर कुँवरसँग कुराकानी गर्नुहुँदै उहाँले देश हितविपरीत प्रावधानहरू भएको हुँदा एमसीसी सम्झौता कार्यान्वयन गर्न नेपाली जनताले अस्वीकार गर्नुपर्ने बताउनुभयो ।

'एमसीसीका उपाध्यक्षले नेपाली नेताहरूका घर–घरमा पुगेर दबाब र धम्की दिएकी छिन् । विदेशीसामु एकपल्ट झुकेको नेतृत्व बारम्बार झुक्नुपर्ने अवस्था आउनेछ', प्रजापतिले भन्नुभयो । 'हरेक पुरानो विचारलाई नयाँ र प्रगतिशील विचारले विस्थापित गर्नेछ । व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिने पुरानो पूँजीवादी विचारविरुद्ध सामूहिक स्वार्थको रक्षा गर्ने समाजवादी विचारको विकास भएका हो', उहाँले बताउनुभयो । सरकारमा को बस्छ भन्दा शासकले कस्तो काम गर्छ भन्ने कुरा महत्त्वपूर्ण हुने चर्चा गर्नुहुँदै उहाँले सङ्घीयता र प्रजातन्त्र बलियो बनाउन स्थानीय जनताका प्रत्यक्ष सहभागिता हुने स्थानीय तह बलियो हुनुपर्ने बताउनुभयो ।

'विडम्बना अहिले देशमा सङ्घीयताविपरीत काम भइरहेका छन्', उहाँले भन्नुभयो । नेमकिपाले नेपाली जनताको स्वाभिमानमा धक्का पुग्ने कुनै पनि सहयोग स्वीकार नगर्ने भन्नुहुँदै प्रमुख प्रजापतिले जनता सहभागितामा हुने विकास निर्माण दिगो हुने प्रस्ट पार्नुभयो ।

**मालिका एफएममा**

# स्थानीय तहको अधिकार खोसिँदै जाने यो कस्तो सङ्घीयता हो ? : प्रमुख प्रजापति



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पूँजीवादी संविधानले जनताको हित नगर्ने बताउनुभएको छ ।

पार्टी कार्यकर्ता प्रशिक्षण गर्न कैलाली पुग्नुभएका प्रजापतिसँग मालिका एफ.एम.का रमेश बजगाइँले संविधान दिवसको अवसरमा लिनुभएको अन्तरवार्ताको क्रममा उहाँले उक्त कुरा बताउनुभएको हो ।

नेपालको संविधान समाज विकास क्रमको एउटा पाइलामात्र हो । यो संविधानमा नेपाल मजदुर किसान पार्टीले थुप्रै संशोधन हालेको थियो । यद्यपि जनआन्दोलनको उपलब्धी स्वरूप प्राप्त उपलब्धीलाई संस्थागत गर्दै जनताको हितमा थप उपलब्धी प्राप्त गर्न निरन्तर सङ्घर्षको नीति नेमकिपाले लिएको छ – उहाँले भन्नुभयो ।

उहाँले सङ्घीयताका पक्षपाती शासक दलहरू 'नक्कली नागका शौखिन' भएको आरोप लगाउनुहुँदै भन्नुभयो– 'सङ्घीयताको नाउँमा शासक दलहरू स्थानीय तहको अधिकार केन्द्र र प्रदेशमा केन्द्रित गर्न खोज्दैछन् । कर्मचारी भर्ना, बढुवा गर्न स्थानीय तहको अधिकार खोसिएको छ । योजना छनोट प्रदेश र केन्द्रले गर्न थालिएको छ । प्रदेश गृहमन्त्रीभन्दा प्रमुख जिल्ला अधिकारी शक्तिशाली बनाइएको छ । स्थानीय तहको अधिकार खोसिँदै जाने यो कस्तो सङ्घीयता हो ?'

भक्तपुर नगरपालिका अन्य पालिकाभन्दा के कति कारणले फरक छ भन्ने एक प्रश्नको जवाफमा उहाँले शिक्षामा शिशुस्याहारदेखि कलेजसम्म सञ्चालन, गरिब विद्यार्थीलाई शैक्षिक ऋण प्रदान, भूगोल, इतिहास,

राजनीतिशास्त्र पढ्नेलाई पूर्ण छात्रवृत्तिको व्यवस्था नगरपालिकाले गर्दै आएको छ भने स्वास्थ्य क्षेत्रमा घर घरमा नर्सिङ सेवा, ख्वप अस्पताल सञ्चालन, निःशुल्क कोभिड उपचार सेवा, नगरवासीहरूलाई निःशुल्क अक्सिजन वितरणलगायत विकास निर्माणमा स्थानीय जनता परिचालन गरी सम्पदा संरक्षण र सरसफाइलगायतका कार्यमा मौलिक शैलीमा काम गर्दै आएको बताउनुभयो ।

विचार सानो ठूलो हुने गर्दैन, नेपाल मजदुर किसान पार्टी निर्वाचनलाई विचारको लडाइँको रूपमा लिन्छ । पूँजीवादी व्यवस्थाविरुद्ध नेमकिपा निरन्तर सङ्घर्षरत रहनेछ । नेमकिपा राजनीतिलाई देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने रूपमा लिन्छ । तर अहिले शासक दलका नेताहरू राजनीतिलाई छिटै पैसा कमाउने माध्यम बनाइरहेका छन्, व्यापारको रूपमा लिइरहेको छ – प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो ।

उहाँले देशघाती एमसीसीविरुद्ध नेमकिपा जिल्ला जिल्लामा सङ्घर्ष गरिरहेको बताउनुहुँदै संसदले अनुमोदन गरेमा देश उपनिवेश हुनेछ भन्नुभयो ।

नेपालमा राजनैतिक अस्थिरता आउनुमा भारतको हात रहेको आरोप लगाउनुहुँदै उहाँले भन्नुभयो –'नेपालको राजनैतिक दलका नेताहरू भारतीय विस्तारवादको गोटीचालमा फसेका छन् । सचेत नेपाली जनताले भारतीय विस्तारवादको सशक्त विरोध गर्नु आवश्यक छ ।'

## नगर प्रमुख प्रजापतिसँग दमक नपाका उपप्रमुख अधिकारीको भेट




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग दमक नगरपालिकाका उपप्रमुख गीता अधिकारीले असोज १४ गते भेट गर्नुभयो । भेटमा उहाँहरूबीच दुई नगरपालिकाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा गरिरहेको गतिविधिहरूबारे अनुभव आदानप्रदान गर्नुभयो । प्रमुख प्रजापतिले उहाँलाई खादा र मौलिक शैलीको थैलीसहित भक्तपुरमा स्वागत गर्नुभएको थियो ।

ख्वप इन्जिनियरिङ कलेजमा भएको भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुरको सङ्क्षिप्त परिचय र विशेषता, नगरपालिकाबाट सञ्चालित आवास योजना र शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायतका विकास निर्माणका कामहरूबारे अवगत गराउनुभयो । भक्तपुरको पुरानो सहरलाई सम्पदा सहरको रूपमा विकास गर्न नगरवासीहरूलाई ३५ प्रतिशत अनुदानको व्यवस्था गर्दै आइरहेको बताउनुहुँदै सांस्कृतिक संरक्षणमा निरन्तर लागेका संस्कृतिकर्मीहरूको योगदानलाई कदर गर्दै प्रत्येक वर्ष सांस्कृतिक गुरुहरूको सम्मान गर्दै आइरहेको उहाँले बताउनुभयो ।



भक्तपुरका सम्पदा पुनःनिर्माणमा विदेशी सङ्घ संस्थाहरूले निकै चासो देखाए तापनि भक्तपुर नपाले भूकम्पबाट क्षतिग्रस्त र जीर्ण सम्पदाहरू गुणस्तरीय ढङ्गले जनताको सहभागितामा उपभोक्ता समितिमार्फत निर्माण गरेको स्मरण गर्नुहुँदै सम्पदा पुनःनिर्माणमा जनताको उल्लेख्य श्रमदान पनि रहँदै आएको बताउनुभयो ।

दमक नपाका उपप्रमुख गीता अधिकारीले दमक नपा पूर्वी नेपालको मेची अञ्चलको झापा जिल्लामा पर्ने विकसित सहरहरूमध्ये भएको बताउनुहुँदै १० वडामा विभाजित यस नपामा विभिन्न जातजातिहरू बसोबास गर्दै आएको बताउनुभयो ।

दमक नपा बसोबासको लागि निकै उपयुक्त सहर भएको बताउनुहुँदै व्यवस्थित सहर निर्माणको क्रममा दमक नपाले आवास योजना सञ्चालनको तयारी थालेको र आवश्यक अध्ययनको लागि भक्तपुर नपा भ्रमणमा आएको उपप्रमुख अधिकारीले जानकारी गराउनुभयो । कोभिड महामारीबीच जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी निःशुल्क कोभिड अस्पताल सञ्चालन गर्नुका साथै स्थानीय पाठ्यक्रम निर्माण, पुस्तकालय सञ्चालन गर्दै हिंसामा परेका महिलाहरूको संरक्षण र व्यवस्थापनमा पनि जोड दिँदै आएको बताउनुभयो ।

यसैगरी भक्तपुर नपाका ईन्जिनियर ओमहरि थाले

नपाबाट सञ्चालित तुमचो दुगुरे, लिबाली, देको मिवा इतापाके योजनाको प्राविधिक विषयमा जानकारी गराउनुभयो । उपप्रमुख अधिकारीले भक्तपुर नपाको कार्यकक्ष, शाखा, उपशाखालगायतको स्थलगत निरीक्षण गर्नुका साथै ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेजको पनि अवलोकन गर्नुभयो । सोही क्रममा प्रमुख प्रजापतिले उहाँलाई भक्तपुरको मौलिक मयूरको झ्याल र नपाका केही प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभयो ।

भेटमा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, नपाका प्रशासकीय अधिकृत दामोदर सुवाल, ख्वप माविका प्राचार्य प्रकाश श्रेष्ठ, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, दमक नपाका प्राविधिक कर्मचारीको उपस्थिति रहेको थियो ।

**किपाग्राफीको छैटौं वार्षिकोत्सव**

## फोटो भनेको इतिहास र समाजको ऐना हो



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले किपाग्राफी भक्तपुरको छैटौं वार्षिकोत्सव कार्यक्रमको असोज १५ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले लोपोन्मुख सम्पदा संरक्षणमा विभिन्न कालखण्डमा खिचिएका फोटोहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै फोटो भनेको इतिहास र समाजको ऐना हो भन्नुभयो ।

पुराना तथा मौलिक फोटोहरूले भक्तपुरको इतिहास अध्ययन गर्न मद्दत पुऱ्याएको बताउनुहुँदै पुराना पुराना फोटोहरूको सङ्कलन र अभिलेखीकरण गर्नुपर्नेमा जोड दिनुभयो ।

नगर प्रमुख प्रजापतिले पुराना तस्बिरहरूकै कारण आजभन्दा ९० वर्ष अगाडि बनेको भक्तपुरको दरबार क्षेत्रमा अवस्थित फसी देग मौलिक शैलीमै पुन:निर्माण भइरहेको अवगत गराउनुहुँदै सोसँगै रहेको गुठी संस्थानको भवन पनि मौलिक शैलीमै पुन:निर्माण गर्ने तयारी भइरहेको बताउनुभयो ।

कार्यक्रममा किपाग्राफी भक्तपुरका सल्लाहकार एवम् भक्तपुर साकोसका अध्यक्ष बलराम प्रजापतिले विदेशिने युवाहरूलाई नेपालमै रोजगारी प्रदान गर्न विभिन्न सीपमूलक तालिमहरू सञ्चालन हुनुपर्नेमा जोड दिनुहुँदै नयाँ पुस्ता अझ समाजप्रति उत्तरदायी हुन जरुरी रहेको बताउनुभयो ।

किपाग्राफी भक्तपुरका अध्यक्ष अच्युत प्रजापतिले भक्तपुरको कला संस्कृति जगेर्ना गर्ने उद्देश्यले किपाग्राफीको स्थापना भएको बताउनुहुँदै विद्यालय तहदेखि फोटोग्राफीको कक्षाहरू लिनुपर्ने बताउनुभयो ।

वरिष्ठ फोटोग्राफर जगदीश तिवारीले फोटोग्राफरहरूले भक्तपुरलाई संसारभर चिनाउने काम गरिरहेको बताउनुहुँदै स्थानीय निकायले उनीहरूलाई हौसला प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा किपाग्राफी भक्तपुरका उपाध्यक्ष पद्मसुन्दर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने फोटोग्राफर रबिता किसी, सचिव बालकृष्ण प्रजापति र किरण सुवालले पनि आआफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले वरिष्ठ फोटोग्राफर तथा सिनेमाटोग्राफी केदारप्रसाद बनेपालीलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो । उहाँले किपाग्राफी आयोजनामा सम्पन्न भक्तपुरको नवदुर्गा नाचसम्बन्धी फोटो प्रतियोगिता २०७८ का उत्कृष्ट १० र प्रथम, दोस्रो, तेस्रो स्थान हासिल गर्न सफल फोटोग्राफरहरूलाई पुरस्कार, सम्मान पत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो ।

समाचारअनुसार किपाग्राफी भक्तपुरमा पदमसुन्दर शाक्यको अध्यक्षतामा नयाँ कार्य समिति गठन भएको छ ।

**श्रमजीवीको २३ औं साधारणसभा**

## युवाहरूमा प्रगतिशील विचार र सामूहिक भावना हुनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ६ याछेँस्थित श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि.को २३ औं साधारणसभा तथा छैटौं अधिवेशन असोज १५ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले एमसीसी सम्झौतामा भएका बुँदाहरूले देशलाई उपनिवेश बनाउने खतरा भएको बताउनुभयो । एमसीसी सम्झौता नेपालको संसदले अनुमोदन गरेको खण्डमा नेपाल अमेरिकी सैन्य गठबन्धनमा जाने बताउनुहुँदै उहाँले त्यो हाम्रो असंलग्न परराष्ट्रनीति विपरीत हुनेछ भन्नुभयो ।

समाज अगाडि बढाउन सहकारी संस्थाहरूले क्रियाशीलता देखाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले सहकारी संस्थाहरूले सीपमूलक तालिम सञ्चालन गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्छ भन्नुभयो ।

युवाहरूलाई प्रगतिशील विचारबाट प्रशिक्षित गर्नुपर्ने र सामूहिक भावनाको विकास उनीहरूमा गराउनुपर्छ भन्नुहुँदै प्रमुख प्रजापतिले नेपालको सम्पदा संरक्षणमा भक्तपुरले सांस्कृतिक क्रान्ति नै गरेको औंल्याउनुभयो । भक्तपुर नपाले शिक्षालाई प्राथमिकतामा राख्दै खोलेका कलेजबाट आज देशभरिका विद्यार्थीहरूले गुणस्तरीय शिक्षा पाइरहेको बताउनुहुँदै उहाँले नक्साबमोजिम घर निर्माण गर्न र नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिर्न उत्साहित गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले नाफा कमाउन र व्यक्तिगत हितको लागि खोलिएका बहुउद्देश्यीय सहकारी संस्थालाई निषेध गर्दै लाने उद्देश्य रहेको बताउनुभयो । देको मिवा इतापाके आवास योजनाको सन्दर्भ जोड्दै उहाँले जग्गाधनीहरूको जायज माग पूरा गर्ने कोसिस नगरपालिकाले गर्दै आइरहेको प्रष्ट पार्नुभयो ।

संस्थाका अध्यक्ष गणेशलाल फाँजुले विश्वव्यापी महामारी काभिड १९ का कारण संस्थाको व्यवसायिक तथा सामाजिक क्रियाकलापमा नकारात्मक असर पुगेको बताउनुहुँदै श्रमजीवी साकोसले जनताको हितमा आफ्ना गतिविधि अगाडि बढाइरहेको बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्या ग्वाखलका अध्यक्ष गणेशराम थुसाले ४१ औं नेपालभाषा साहित्य तःमुंज्या यस वर्ष ख्वप कलेजको प्राङ्गणामा भौतिक उपस्थिति र अनलाइनमार्फत हुने जानकारी गराउनुहुँदै साहित्य सम्मेलन भव्यताका साथ सम्पन्न गर्न सबैको साथ र सहयोगको अपेक्षा रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष विकुलाल सुवालले स्वागत गर्नुभएको थियो भने भक्तपुर जिल्ला बचत सङ्घका जगन्नाथ प्रजापतिले शुभकामना मन्तव्य, श्रमजीवी साकोसका लेखा सुपरीवेक्षण समितिका संयोजक वीणा त्यातले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष नारायणप्रसाद लागेले आर्थिक गतिविधि तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो । कार्यक्रमको सञ्चालन श्रमजीवी साकोसका सचिव पुन्यराम दुवालले गर्नुभएको थियो भने निवर्तमान अध्यक्ष मदन खाताखोले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले संस्थाका असल ऋणी श्यामकृष्ण ह्यौँमिखा, पुन्यश्वरी खर्बुजा र असल बचतकर्ता राधेश्याम अवाल र रमिला कुसीलाई सम्मान गर्नुभएको थियो ।

**श्वेत भैरवको १४ औं साधारणसभा**

# कृषि अनुदान धनाढ्यको पोल्टामा पर्नु भ्रष्टाचारकै उदाहरण




श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४ औं वार्षिक साधारणसभा भक्तपुर नगर पालिकाका प्रमुख सुनिल प्रजापतिले एक समारोहबीच असोज १६ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले प्रदेश सरकारले प्रदान गरेको कृषि अनुदान धनाढ्यलाई जानाजानी बाँडेको आरोप लगाउनुहुँदै वास्तविक किसानलाई अनुदान उपलब्ध नहुनु एक प्रकारको भ्रष्टाचार नै भएको बताउनुभयो ।

'जनताको सहयोगबाट निर्मित अक्सिजन प्लान्टको निम्ति सहकारी सङ्घ संस्थाको कदम अनुकरणीय रहेकोले देश र जनताले स्मरण गर्नेछ । सहकारी संस्थाले वाचनालय, पुस्तकालय, क्लब सञ्चालन गर्नेतर्फ ध्यान दिनु आवश्यक छ', उहाँले भन्नुभयो ।

सदस्यहरूको व्यक्तित्त्व विकास एवम् आर्थिक

विकासको लागि विभिन्न किसिमका तालिमहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'सभ्य र सुसंस्कृत समाज बनाउनेतर्फ संस्थाको ध्यान जानुपर्छ ।'

आर्थिक अभावको कारण उच्च शिक्षाबाट वञ्चित हुन नपरोस् भनेर नै भनपाले कम ब्याजमा शैक्षिक ऋण उपलब्ध गराइरहेको उहाँले जानकारी दिनुभयो ।

वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले स्थानीय नयाँ पुस्ताका युवा-विद्यार्थीहरू दुर्व्यसनमा फस्दै जानु चिन्ताजनक भएको बताउनुभयो ।

समाजमा आपराधिक गतिविधि बढ्दै गइरहेकोले यसको नियन्त्रणमा सबैको ध्यान जानुपर्ने र आ-आफ्नो परिवारमा यसबारे चासो लिनुपर्ने उहाँले बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका काजीबहादुर पञ्चले प्रदेश सरकारले बहुमुखी सहकारी संस्थालाई नियमन गर्नुपर्ने सुझाव दिनुभयो ।

संस्थाका अध्यक्ष रामप्रसाद खायमलीको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका सल्लाहकार नातिभाइ ह्योम्बा, कृष्णप्रसाद कोजु, जितेन्द्र खायमली, सत्यनारायण सुवाललगायतले बोल्नुभएको थियो ।

## प्याब्सनको दोस्रो नगर अधिवेशन




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले निजी तथा आवासीय विद्यालय सङ्गठन (प्याब्सन) को दोस्रो भक्तपुर नगर अधिवेशन २०७८ को भदौ ३१ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख जोशीले कम शुल्कमा भक्तपुरमै चिकित्सा शिक्षा प्रदान गर्न ख्वप विश्वविद्यालय स्थापना गर्न सरकारसँग स्वीकृतिको लागि माग गरिरहेको बताउनुभयो ।

कोभिडको कारण भौतिक उपस्थितिमा कक्षा सञ्चालन नभइरहेको अवस्थामा भक्तपुरमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने विषयमा सरोकारवालाहरूसँगको छलफल तथा राय सुझाव लिने क्रम जारी रहेको बताउनुहुँदै उहाँले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड कार्यान्वयन गरी सुरक्षित ढङ्गले विद्यालय सञ्चालनको लागि आग्रह पनि गर्नुभयो ।

भक्तपुर नगरपालिकाले जनताको साथ र सहयोग पाएकै कारण निकै छोटो समयावधिमा ख्वप अस्पतालमा अक्सिजन प्लान्ट निर्माण र नगरवासीहरूलाई निःशुल्क वितरण गरिरहेको बताउनुहुँदै उपप्रमुख जोशीले भक्तपुर नपाभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइरहेको बताउनुभयो ।

भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न विभिन्न स्थानहरूमा पर्यटन प्रवर्द्धनात्मक गतिविधिहरूमा जोड दिँदै आइरहेको बताउनुहुँदै उहाँले कोरोना भाइरसको तेस्रो भेरियन्ट आउन सक्ने सम्भावनालाई ध्यानमा राखी छुट्टै एकाइको बन्दोबस्त गरी १८ वर्षमुनिका बालबालिकाहरूका लागि समेत आइसीयू र भेन्टिलेटरको व्यवस्थाको तयारी गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नगर शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्यले कोभिडका कारण शिक्षा क्षेत्रमा ठूलो असर परेको बताउनुहुँदै भक्तपुरका विद्यालयहरू भौतिक उपस्थितिमा सञ्चालन गर्न नगर शिक्षा शाखा क्रियाशील रहेको बताउनुभयो । उहाँले भक्तपुर नपाले शैक्षिक क्षेत्रमा गरिरहेको गतिविधिबारे अवगत गराउनुभयो ।

कार्यक्रमका सभापति एवम् प्याब्सनका नगर अध्यक्ष रमेशचन्द्र श्रेष्ठले प्याब्सनमा बसी काम गर्दाका अनुभव आदानप्रदान गर्नुहुँदै शिक्षा क्षेत्रमा भक्तपुरले कायम गरेको गरिमा अझ बढाउँदै लानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्याब्सनका सल्लाहकार भक्त राजभण्डारी, इसान भक्तपुरका अध्यक्ष पुरुषोत्तम ग्वाछा, एनप्याब्सन भक्तपुरका अध्यक्ष पुण्यराम कवांले कार्यक्रमको सफलताको कामना गर्दै शुभकामना मन्तव्य राख्नुभयो । प्याब्सन भक्तपुरका सदस्यद्वय चन्दिका कायष्ठ र विजयन्द्रलाल ध्वजुले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा उपप्रमुख जोशीले प्याब्सन नगर कार्य समितिका पदाधिकारीहरू र नगर प्याबसनका सहभागी विद्यालयलाई मायाको चिनो प्रदान गर्नुभयो ।

## ख्वप्रिङमा बधाई तथा मार्गनिर्देशन




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा ख्वप्रिङ इङ्गलिस एकेडेमीका एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा मार्गनिर्देशन कार्यक्रम असोज २ गते विद्यालय प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रममा उपप्रमुख जोशीले स्थानीय स्तरमै उच्च शिक्षाको अवसर प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालनको माग गरिरहेको र ख्वप विश्वविद्यालयको विधेयक पास भए स्थानीय निकायले सञ्चालन गर्ने मुलुककै पहिलो विश्वविद्यालय हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले आफ्नै लगानीमा सातओटा शैक्षिक संस्थाहरू सञ्चालनमा ल्याएको बताउनुहुँदै उपप्रमुख जोशीले देशलाई आवश्यक दक्ष जनशक्ति उत्पादनमा ती शैक्षिक संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेको छ भन्नुभयो ।

भूकम्पबाट क्षतिग्रस्त अधिकांश सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका सम्पदा पुन:निर्माण सम्पन्न भइसकेको बताउनुहुँदै उहाँले लामो समयदेखि जीर्ण अवस्थामा रहेको भाजुपोखरी र भक्तपुरको रानी पोखरीको पुन:निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको अवगत गराउनुभयो ।

उहाँले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई अनुशासित र इमानदारीका साथ अगाडि बढ्न प्रेरणा दिनुहुँदै सामाजिक उत्तरदायित्व वहन गर्न युवाहरू अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

कुनै पनि विषय ठूलो र सानो महत्त्वको हुने गर्दैन भन्नुहुँदै ख्वप्रिङ इङ्गलिस एकेडेमीका सल्लाहकार ज्ञानसागर प्रजापतिले आफूले अध्ययन गरेको विषयमा सफलता हासिल गर्न मार्गनिर्देश गर्नुभयो । उहाँले भन्नुभयो, युवाहरू समाजबाट विमुख हुनुहुँदैन । एमसीसी नेपालको हितमा नभएको हुँदा यसको विरोध युवा तथा विद्यार्थीहरूले सशक्त ढङ्गले गर्नुपर्छ ।

ख्वप्रिङ एकेडेमीका प्रधानाध्यापक विनोद प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सही बाटोमा लाग्न प्रेरित गर्नुहुँदै विद्यार्थीको सफलता नै विद्यालयको सफलता भएको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामप्रसाद प्रजापतिले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने पूर्व अध्यक्ष दिपेन्द्र प्रजापति, सहायक प्रधानाध्यापक दिरन्जन प्रजापति र शिक्षक कृष्णसुन्दर प्रजापतिले पनि बोल्नुभएको थियो ।

सोही क्रममा उपप्रमुख जोशीले २०७६ र ७७ सालका एसईई उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभयो ।

## अमेरिकामा क्युवामाथिको नाकाबन्दीविरोधी अभियानले गति लिँदै



कनेक्टिकट, (टेलिसुर) । संरा अमेरिकाका विभिन्न राज्यमा संरा अमेरिकाले छिमेकी देश क्युवामाथि विगत ६ दसकदेखि लगाउँदै आएको एकपक्षीय नाकाबन्दीको विरोधको अभियानले गति लिन थालेको छ ।

ग्लोबल नो इम्बार्गो क्युवा मुभमेन्टले जनाएअनुसार संरा अमेरिकाले समाजवादी व्यवस्थासहितको क्यारिबियाली देश क्युवामाथि अत्याचारपूर्ण तवरमा थोपरिएको नाकाबन्दीको विरोध अभियानमा अमेरिकाका थप राज्य र सहरबाट मानिसहरू जोडिने क्रम बढेको छ ।

पहिलेदेखि गतिविधि भइरहेका शिकागो, डेट्रोइट, मिनियापोलिस, क्लेभल्यान्ड, न्युयोर्क, बोस्टनजस्ता सहरका अतिरिक्त उत्तरपूर्वी कनेक्टिकट राज्यको न्यू ब्रिटेनलगायत तटीय सहरहरूमा पनि क्युवामाथिको नाकाबन्दीविरुद्धका प्रदर्शनहरू आयोजना भएका छन् ।

'पहिले मानिसहरूले बुझेपनि आवश्यक महसुस गरेका थिएनन् र अहिले यस्ता विषयका गतिविधिहरूमा अमेरिकीहरूको सहभागिता बढ्न थालेको छ ।' – न्यू ब्रिटेनको नाकाबन्दीविरोधी समूहका नेता जोस ओरोले प्रेन्सा ल्याटिना समाचार संस्थासित भनेका छन् ।

त्यस्ता किसिमको गतिविधिको सुरुवात भने विश्वविद्यालयका प्रगतिशील विद्यार्थी समूहहरूले गरेका थिए, ती विद्यार्थीमध्ये धेरैजना ल्याटिन अमेरिकी मूलका थिए । ओरोका अनुसार अहिले अमेरिकी नागरिकहरूकै बीचमा अन्यायमा परेका विश्वका विभिन्न देश र जनताहरूप्रति ऐक्यबद्धता जनाउनुपर्छ भन्ने चेतना वृद्धि भएको ओरोको दाबी छ । त्यससँगै अमेरिकी सहरहरूका ऐक्यवद्धताका गतिविधिहरू बढ्न थालेका छन् ।

सेप्टेम्बर २६ का दिन न्यू ब्रिटेनमा भएको सवारी ऱ्यालीमा क्युवाली झन्डासमेत राखेर १८ ओटा गाडी सामेल थियो । त्यसबाहेक धेरै जना वक्ताले आर्थिक नाकाबन्दी र मानव अधिकारको हननको सम्बन्ध प्रस्ट हुने मन्तव्य राखेका थिए ।

अमेरिकी सहरहरूमा क्युवामाथिको अमेरिकी क्रुर नाकाबन्दीलगायत विभिन्न विषयमा ऐक्यबद्धता अभियानहरूको विस्तार उत्साहजनक रहेको त्यस क्षेत्रको क्युवा ऐक्यबद्धता समूहका नेता हेनरी लेवनडोर्फले बताए ।

उक्त ऐक्यबद्धता सवारी ऱ्याली तथा सभामा प्युर्टोरिकन मूलका चर्चित सङ्गीतकार तथा सामाजिक अभियन्ता जोयल साँचेज तथा ग्लोबल नो इम्बार्गो क्युवा मुभमेन्टका दुई सदस्यहरू पनि वक्ताका रूपमा रहनुभएको थियो ।

सभामा वक्ताहरूले कोभिड–१९ को महामारीको अवधिमा क्युवाली चिकित्सा ब्रिगेडको सहयोगात्मक अभियान, क्युवाले आफ्नै प्रयासमा खोपहरूको विकास गरेको र बालबालिकासहित अहिले जनसङ्ख्याको ठूलो भागलाई खोप लगाइसकेको र विभिन्न छिमेकी देशहरूलाई समेत कोभिड–१९ विरुद्ध लड्न क्युवाले पुऱ्याइरहेको सहयोगबारे चर्चा गरेका थिए ।

जोस ओरोका अनुसार अक्टोबर महिनाभर कनेक्टिकटका हिस्पानिक संस्कृति समूहलगायत संस्थाले क्युवा र ल्याटिन अमेरिकी देशहरूप्रति ऐक्यवद्धता जाहेर गर्ने ठूला सभा तथा सांस्कृतिक गतिविधिहरू गर्न गइरहेका छन् ।

## 'साइनिङ पाथ' का नेता गोन्जालोको निधन

दक्षिण अमेरिकी देश पेरूको सशस्त्र आन्दोलन साइनिङ पाथका ऐतिहासिक नेता अविमायल गुजमान गोन्जालोको ११ सेप्टेम्बर (भाद्र २६ गते) निधन भएको छ । सन् १९६९ मा स्थापना भएको पेरूको क्रान्तिकारी समूह 'साइनिङ पाथ' का



संस्थापक गोन्जालोको ८६ वर्षको उमेरमा उच्च सुरक्षा व्यवस्थासाथ कालाओ जलसेनाको आधारमा रहेको बन्दीगृहमै निधन भएको हो ।

राष्ट्रिय बन्दीगृह प्रतिष्ठान – आईएनपीईका प्रमुख सुसाना सिल्भाले स्थानीय समयअनुसार ६:४० बजे उक्त समाचार पुष्टि गरेकी थिइन् ।

पेरूको वामपन्थी राजनीतिमा कमरेड गोन्जालोको नामले प्रख्यात गुजमानको निधन इन्फेक्सनका कारण जलसेनाको अस्पतालमा भएको थियो । त्यहाँ उनको उमेरका कारण गिर्दो स्वास्थ्यको उपचार भइरहेको थियो ।

उनी सन् १९९२ देखि आतङ्कवाद र देशद्रोहको अभियोगमा आजीवन कारावास भोगिरहेका थिए । उनको रिहाइको माग विश्वभरका वामपन्थीबाट हुँदै आएको थियो र पेरूमा वामपन्थी राष्ट्रपति पेड्रो कास्टियो आएपछि उनको रिहाइको कानुनी प्रक्रिया अगाडि बढिरहेको थियो ।

पेरूमा एक दशकभन्दा लामो समय गुरिल्ला समूह 'साइनिङ पाथ' र पेरूको सुरक्षाकर्मीबीच चलेको युद्धको क्रममा झन्डै ७० हजार मानिस मारिएका वा बेपत्ता भएको बताइएको थियो ।

गोन्जालोलाई २८ वर्ष अगाडि सन् १९९२ को सेप्टेम्बर १२ मा राजधानी लिमाबाट पक्राउ गरिएको थियो । गएको जुलाईमा उनको स्वास्थ्यमा समस्या देखिएको थियो ।

गोन्जालोको जन्म पेरूको दक्षिणी तटीय क्षेत्रमा रहेको मोलेन्दो बजार नजिकै सन् १९३४ को डिसेम्बर ३ मा भएको थियो । सन् १९६०–७० मा उनी दर्शनशास्त्रका प्रोफेसर थिए र प्रगतिशील क्रान्तिकारी राजनीतिमा सक्रीय भए । सन् ७० को मध्यतिर भूमिगत भएर गतिविधि गर्न थाले । आमाको निधन भएपछि उनलाई एक धनी व्यक्तिले हुर्काएका थिए ।

## नेपालमा कोरोना सङ्क्रमण

**असोज १५ गते**

**परीक्षण प्रयोगशाला** : ९९ (सरकारी- ५८, निजी- ४१)
**परीक्षण सङ्ख्या** : ४२०५३८२
सरकारी- २४४७७७९/ निजी- १७५७६०३
**खोप** : कोभिशिल्ड: पहिलो- २७७०६८६/ दोस्रो- १५३३४४
भेरोसेल: पहिलो- ४८६०५०२/ दोस्रो- ३२७७९८७
जोन्सन: १५१६७९६
**कूल सङ्क्रमित** : ७९५९५९ (पु. ४७२५५९ / म. ३२३४००)
**निको भएका सङ्ख्या** : ७६६६९६
**मृत्यु भएको सङ्ख्या** : १११४८

### प्रदेशगत सङ्क्रमित विवरण (भाद्र १६ - असोज १५ गते)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | ३,८८२ | ३,७६५ | ७,६४७ |
| प्रदेश नं. २ | ५३२ | १४६ | ६७८ |
| बागमती | ८,९५० | ७,६९८ | १६६४८ |
| गण्डकी | २,२५८ | २,०२३ | ४,२८१ |
| लुम्बिनी | १,३६६ | १,१७२ | २,५३८ |
| कर्णाली | ४२२ | ३२२ | ७४४ |
| सुदूरपश्चिम | ४५६ | ३२० | ७७६ |
| जम्मा | १७,८६६ | १५,४४६ | ३३,३१२ |

### उमेरअनुसार सङ्क्रमित

| उमेर | पुरुष | महिला | जम्मा |
